# भीम क्षेत्रीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय,

पाटन संयुक्त क्याम्पस, नेपाली  विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको

दसौँ पत्रको

प्रयोजनका निम्ति

प्रस्तुत

## शोधपत्र


शोधार्थी

रीता पोखेल

पाटन संयुक्त क्याम्पस

पाटनढोका, ललितपुर

नेपाली विभाग


२०७३

# प्रतिबद्धता पत्र

यस शेध प्रतिवेदन भित्र सामग्रीहरु कही कतैबाट पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । तसर्थ यो सोध प्रतिवेदन नितान्त मोलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति: २०७३/०९/०३

शोधार्थी

रीता पोखेल

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय पाटन संयुक्त क्याम्पस मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पाटन संयुक्त क्याम्पस स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा श्री रीता पोखरेलले “**भीम क्षेत्रीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**” शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको छ । म वहाँको शोधकार्यप्रति सन्तुष्ट छु र यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग समक्ष सिफारिस गर्दछु ।

मिति २०७३/०९/०१

.........................................

प्रा.डा.जगदीश चन्द्र भण्डारी

शोध निर्देशक

त्रिभुवन विश्वविद्यालय,

मानविकी तथा सामाजिक शास्त्र सङ्काय,

पाटन संयुक्त क्याम्पस,

नेपाली विभाग

## स्वीकृति पत्र

त्रिभूवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत पाटन संयुक्त क्याम्पस, नेपाली विभागकी छात्रा रीता पोखरेलले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रका लागि प्रस्तुत गरेको **भीम क्षेत्रीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोध-पत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. सह प्रा. सुरेन्द्रवर सिंह थापा

संयोजक ...............................

२. प्रा.डा. जगदीशचन्द्र भण्डारी

शोधनिर्देशक ...............................

३. छायादत्त न्यौपाने ...............................

बाह्य परीक्षक

४. प्रा. डा. विश्वनाथ भण्डारी

विभागीय प्रमुख ...............................

२०७३/०९/१३

# कृतज्ञता ज्ञापन

साहित्यकार **भीम क्षेत्रीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र नेपाली विषय स्नातककोत्तर तह द्वितीय वर्षको दसौं पत्रको औपचारिक प्रयोजनको लागि अध्ययन, अनुसन्धानमार्फत तयार पारिएको हो । यस शोधपत्रको शीर्षक छनोट, यसको रूपरेखा तयार पार्नेसम्मका कार्य गर्न प्रेरित गर्ने र सल्लाह, सुझाव दिएर मार्ग निर्देश गर्ने सम्पूर्ण महानुभावहरूप्रति आभार प्रकट गर्न चाहन्छु । यसका अतिरिक्त यो शोधपत्र तयार पार्ने क्रममा देखा परेका विभिन्न समस्याहरूको निराकरणको लागि उचित सल्लाह दिँदै हौसला र थप प्रेरणा प्रदान गर्नुहुने शोध निर्देशक श्रद्धेय गुरु प्रा. डा. जगदीश चन्द्र भण्डारीप्रति  विशेष हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

यस शोधपत्रको प्रस्तावलाई स्वीकृति प्रदान गरिदिनु हुने नेपाली स्नातकोत्तर कार्यक्रम संयोजक सह प्राध्यापक सुरेन्द्रवर सिंह थापा, नेपाली शिक्षण समितिका विभागीय प्रमुख प्रा.डा. विश्वनाथ भण्डारीका साथै यस क्याम्पसका अन्य गुरुजनप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा सम्पूर्ण सामग्रीहरू उपलब्ध गराउनुको साथै अध्ययनको क्रममा देखा परेका समस्याहरूको समाधानको लागि विभिन्न व्यक्तिहरूसँग भेटघाट गराउनेदेखि सूचना तथा जानकारी दिलाई सहयोग पुऱ्याउनु हुने शोधनायक र अन्य जानकारी दिलाउने महानुभावहरूलाई पनि हार्दिकतापूर्वक धन्यवाद दिन चाहन्छु ।

यसै गरेर यस शोधपत्र तयार पार्ने क्रममा टाइपिङ् र सम्पादन गरी सहयोग गर्नुहुने रमा श्रेष्ठलाई पनि धन्यवाद दिँदै यस शोधकार्य सम्पन्न गर्दा आर्थिक, भौतिक

सहयोग गर्ने मेरा बुबा, आमा, श्रीमान्, भाइहरु, दिदीहरु, सबैप्रति मेरो हार्दिक माया, ममता र स्नेह सदा रहने वाचा गर्दछु ।

अन्त्यमा यस शोधकार्यको समूचित मूल्याङ्कन हुने आशा गर्दै पाटन संयुक्त क्याम्पस नेपाली शिक्षण विभाग समक्ष प्रस्तुत गर्दछु ।

मितिः २०७३/०९/०२

शोधार्थी

..........................

रीता पोखेल

नेपाली विभाग

पाटन संयुक्त क्याम्पस

पाटनढोका, ललितपुर

(२०७३)

# सङ्क्षेपीकृत सूची

| | |
|---|---|
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| प्रा. | प्राध्यापक |
| नं | नम्बर |
| त्रि.वि. | त्रिभूवन विश्वविद्यालय |
| वि.सं. | विक्रम सम्वत् |
| एम ए. | मास्टर अफ आर्टस |
| बि.ए. | ब्याचलर अफ आर्टस |
| ग.वि.स. | गाउँ विकास समिति |
| जिविस. | जिल्ला विकास समिति |
| जिशिअ. | जिल्ला शिक्षा अधिकारी |
| इस्टु | इन्सटिच्युशन स्कुल टिचर युनियन |
| प्रा.वि. | प्राथमिक विद्यालय |

# विषय सूची

## परिच्छेद : एक

## शोधकार्यको परिचय


| क.सं. | विषय शीर्षक | पृष्ठ |
|---|---|---|
| १.१ | विषय प्रवेश | १ |
| १.२ | शोध समस्या | ३ |
| १.३ | शोधको उद्देश्य | ३ |
| १.४ | पूर्वकार्यको समीक्षा | ३ |
| १.५ | शोधको औचित्य तथा महत्व | १० |
| १.६ | शोधको क्षेत्र तथा सीमा | ११ |
| १.७ | सामंग्री सङ्कलन विधि | १२ |
| १.८ | शोधपत्रको रूपरेखा | १२ |


## परिच्छेद : दुई

## भीम क्षेत्रीको जीवनीको अध्ययन


| | | |
|---|---|---|
| २.१. | विषय परिचय | १३ |
| २.२ | जन्म र बाल्यकाल | १५ |
| २.३. | उच्च शिक्षा र विवाह | १८ |
| २.४. | आर्थिक स्थिति र सङ्घर्ष | २० |
| २.५. | रुचि, विचार र स्वभाव | २२ |
| २.६. | युवा अवस्था | २५ |
| २.७ | साहित्यप्रति रुचि | २५ |
| २.८ | राजनीतिक जीवन | २६ |
| २.९ | पेसा र जागिर | २८ |
| २.१० | संघ,संस्थामा आबद्धता | ३० |

२.११. मान/सम्मान ३१

२.१२ निष्कर्ष ३२

## परिच्छेद : तिन

## भीम क्षेत्रीको व्यक्तित्वको अध्ययन

३.१ विषय प्रवेश ३५

३.२. साहित्यिक व्यक्तित्व ३६

३.२.१. गीतकार व्यक्तित्व ३७

३.२.२. नाटककार व्यक्तित्व ३८

३.२.३. कवि व्यक्तित्व ३९

३.२.४. कथाकार व्यक्तित्व ४०

३.२.५. समालोचकीय व्यक्तित्व ४१

३.२.६. लेखकीय व्यक्तित्व ४२

३.३. साहित्येतर व्यक्तित्व ४३

३.३.१. सम्पादक तथा पत्रकार व्यक्तित्व ४४

३.३.२. राजनीतिक व्यक्तित्व ४५

३.३.३. कृषक व्यक्तित्व ४६

३.३.४. समाजसेवी व्यक्तित्व ४७

३.३.५. शिक्षक व्यक्तित्व ४८

३.३.६. चिन्तनशील व्यक्तित्व ४९

३.३.७. प्रेरक व्यक्तित्व ५०

३.३.८. शारीरिक व्यक्तित्व ५१

३.३.९. गायन तथा साङ्गीतिक व्यक्तित्व ५२

३.४. निष्कर्ष ५३

## परिच्छेद : चार

## भीम क्षेत्रीका कृतिहरूको अध्ययन


| | | |
|---|---|---|
| ४. | विषय प्रवेश | ५५ |
| ४.१. | भीम क्षेत्रीको गीतिसङ्ग्रहका गीतहरूको अध्ययन | ५८ |
| ४.२ | अँध्यारामा बाँच्नेहरू गीतिसङ्ग्रहको अध्ययन | ५८ |
| | ४.२.१. जाल बुन्न छाडिदेऊ | ५९ |
| | ४.२.२. विरही किसान | ६१ |
| | ४.२.३. नारायणहिटी | ६२ |
| | ४.२.४. स्वार्थी मान्छे' | ६३ |
| | ४.२.५. पसिनाको धारा | ६४ |
| | ४.२.६. झुक्दैन कहिल्यै | ६६ |
| | ४.२.७. अँध्यारामा बाँच्नेहरू | ६८ |
| | ४.२.८. ल्यायौँ देशमा | ६९ |
| | ४.२.९. दशरा | ७० |
| | ४.२.१०. लाहुरेको पुकार | ७२ |
| | ४.२.११. होसियार है | ७४ |
| ४.३. | क्षेत्रीका पत्र-पत्रिकामा प्रकाशित गीतहरू | ७६ |
| | ४.३.१. चेलीको गीत | ७६ |
| | ४.३.२ सम्हाली राख | ७७ |
| | ४.३.३. घण्टा बज्यो मृत्युको | ७८ |
| | ४.३.४. चारैतिर अँध्यारो भो | ७९ |
| | ४.३.५. देशको लागि | ८० |
| | ४.३.६. झगडा' | ८१ |
| | ४.३.७ खत्तम भो | ८२ |
| ४.४. | निष्कर्ष | ८३ |

४.५. भीम क्षेत्रीको नाट्यसङ्ग्रहमा सङ्गृहीत नाटकहरूको अध्ययन ८४
४.५.१ बेवारिसे लाश नाटकको अध्ययन ८४
४.५.१.१ कथावस्तु ८५
४.५.१.२ पात्र विधान ८७
४.५.१.३ नाट्य परिवेश ८९
४.५.१.४ मञ्चन विधान ९०
४.५.१.५ भाषा शैली ९२
४.५.१.६ संवाद विधान ९३
४.५.१.७ नाट्य शीर्षक ९५
४.५.१.८ उद्देश्य वा सन्देश ९६
४.५.२ निष्कर्ष ९७
४.५.३. जनअदालत नाटकको अध्ययन ९७
४.५.३.१ कथावस्तु ९८
४.५.३.२ पात्र विधान १००
४.५.३.३ नाट्य परिवेश १०२
४.५.३.४ मञ्चन विधान १०३
४.५.३.५ भाषा शैली १०४
४.५.३.६ संवाद विधान १०५
४.५.३.७ नाट्य शीर्षक १०६
४.५.३.८ उद्देश्य वा सन्देश १०६
४.५.४. निष्कर्ष १०७
४.६. भीम क्षेत्रीको कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूको अध्ययन १०८
४.६.१ विषय प्रवेश १०८
४.६.२ मझेरीमा झरेको बिहानी कवितासङ्ग्रहको अध्ययन १०९
४.६.२.१ दिन खोस्ने विरुद्ध १११
४.६.२.२ शान्तिको द्वीप जल्दैन ११२

४.६.२.३ महल र भुप्राको युद्ध ११४
४.६.२.४ कहाँ थाक्छन् यात्रीहरू ११६
४.६.२.५ सभासदलाई चिठी ११९
४.६.२.६ सौखिनहरूको क्लब १२१
४.६.२.७ मभ्केरीमा भरेको बिहानी १२३
४.६.२.८ वर्तमान दुखिरहेछ १२६
४.६.२.९ पर्ख त्यो भुँवरीलाई १२९
४.६.२.१०. धमिलो पानीमा भ्यागुताको राज १३०
४.६.३. क्षेत्रीका पत्र-पत्रिकामा प्रकाशित फुटकर कविताहरूको अध्ययन १३२
४.६.१.१ हाम्रो समय १३४
४.६.३.२ नयाँ जेल र म १३६
४.६.३.३ हृदयहीन मान्छेको स्वर्ग १३८
४.६.३.४ खाली भित्ता १४१
४.६.३.५ अदना छिमेक १४३
४.६.४. निष्कर्ष १४६
४.७. भीम क्षेत्रीका कथासङ्ग्रहरूको अध्ययन १४७
४.७.१. तृष्णा र तृप्ति' कथासङ्ग्रह र त्यसभित्रका कथाहरूको अध्ययन १४९
४.७.१.१ फुटेको सपना १५१
४.७.१.२ अन्तिम प्रयास १५४
४.७.१.३ अभिशप्त जिन्दगी १५९
४.७.१.४ तृष्णा, तृप्ति र तनाव १६७
४.८. निष्कर्ष १७२
४.९. समय र मान्छे कथासङ्ग्रह र त्यसभित्रका कथाहरूको अध्ययन १७५

४.९.१. सच्चा नाता १७८

४.९.२. लोभीको भाँडो १८२

४.९.३. समय र मान्छे १८७

४.९.४ अपराध स्वीकार १९२

४.१०. निष्कर्ष १९८

४.११. क्षेत्रीका साहित्येतर लेख, रचनाहरूको अध्ययन २०६


## पाँचौ परिच्छेद

## उपसंहार तथा निष्कर्ष


५.१ उपसंहार २०९

५.२ निष्कर्ष २११


## परिशिष्ट


**परिशिष्ट–१,**

भीम क्षेत्रीसँगको संक्षिप्त कुराकानी २१६

**परिशिष्ट–२,**

भीम क्षेत्रीकी छोरी प्रतिमासँगको छोटो कुराकानी २१८

**परिशिष्ट–३,**

क्षेत्रीलाई नजिकबाट चिन्ने व्यक्तिहरूसँग गरिएको कुराकानी २२०

**परिशिष्ट–३.१**

भीम क्षेत्रीको विषयमा माधव घिमिरे 'अटल'सँग गरिएको

संक्षिप्त कुराकानी २२०

परिशिष्ट–३.२.

भीम क्षेत्रीको विषयमा  शेखर अर्यालसित गरिएको संक्षिप्त कुराकानी २२२

परिशिष्ट–३.३.

भीम क्षेत्रीको विषयमा भूपेन्द्र पराजुलीसित गरिएको संक्षिप्त कुराकानी २२३

**सन्दर्भ सामग्री सूची**

२२६

# परिच्छेद : एक

## शोधकार्यको परिचय

### १.१. विषय प्रवेश

स्रष्टा भीम क्षेत्रीको पुख्यौली घर इलामको गोर्खे गा.वि.स.मा पर्ने खोला गाउँ भन्ने ठाउँ हो । तर समयक्रमसँगै बुबा फिक्कल गा.वि.स. वडा नं.५ रम्फोक भन्ने गाउँमा सरेपछि क्षेत्रीकी आमासँग प्रेम विवाह भएको हो साथै त्यसपछि इलाम जिल्लाकै श्री अन्तु गा. वि.स.मा बसाईं सरी गएपछि वि.स. २०१७ साल असार ९ गते उनको जन्म भएको हो । उनको बुबाको नाम रत्नबहादुर क्षेत्री र आमाको नाम दिल कुमारी क्षेत्री (राई) हो । श्रीमानको देहान्त पछि आमाको दोस्रो बिहे गरेकी दिला राईको गर्भबाट जन्मिएका क्षेत्री श्री अन्तु गा.विस.सँग जोडिएको भारतको सिमानामा पर्ने बालासन खोलाको पुल निर्माण गर्ने काममा खट्ने बुबा-आमासँगै शिशु समय त्यही बिताएका थिए । यही समयमा जन्म भएको क्षेत्रीले शिशु समय करिब १ वर्ष त्यही बिताएर सिक्किमको पाक्किम भन्ने ठाउँमा उनका बुबा-आमा बसाइ सरेका थिए। सिक्किम, पाक्किम गएर क्षेत्रीले ४ वर्षको उमेरमा सेन्ट जोभियर्स स्कुलबाट शिक्षारम्भ गरेका हुन् । केही समयपछि बुबाले कान्छी आमा भित्र्याएपछि पारिवारिक किचलो शुरू भयो । यसपछि उनकी आमा बुबासँग सँगै बस्न नसक्ने भएपछि पुनः नेपाल फर्केकी थिइन् । सधैं पारिवारिक र आर्थिक सङ्कटमा पर्दै जीवन बिताउँदै र विभिन्न स्थानमा भौंतारिँदै कष्टकर जीवयापन गरेका क्षेत्री हाल काठमाण्डौंको बालाजुमा बसोबास गर्छन् । साधारण जीवनशैली र उच्च व्यक्तित्व भएका क्षेत्री साहित्यलाई समाज परिर्वतनको एउटा सशक्त माध्यमको रूपमा हेर्छन् ।

३ वर्षसम्म पाक्किम सेन्ट जेभियर्स स्कुलमा पढेका भीम क्षेत्री पारिवारिक तनावका कारण ७ वर्षको उमेरदेखि आमासँगै नेपालको इलाम, फिक्कल मावलीमा आई बसेका र त्यहीको फिक्कल प्रा. वि. बाट कक्षा पाँच सम्मको पढाई पूरा गरेका हुन् । पढाईमा अब्बल मानिने क्षेत्रीलाई आर्थिक कठिनाइ र बृद्ध आमाले खर्च धान्न नसकेपछि इलामकै करफोक मा.वि.मा कक्षा ८ पढ्दा-पढ्दै पढाइ स्थगित गर्नु परेको

तितो यथार्थ उनले भोगेका छन् । तापनि उनले आफ्नो स्वाध्ययनलाई छाडेनन् । यसै गरी कहिले पढाईलाई स्थगित गर्दै र कहिले पुनः पढदै पढाइलाई निरन्तरता दिँदै उनले स्नातकोत्तर (एम.ए.) डिग्री पुरा गरेका छन् । शिक्षक व्यक्तित्व पनि भएकाले उनले स्नातकोत्तर गरेपछि एकवर्षे बि.एड.पनि गरे । तीव्र इच्छा शक्ति भएकै कारण विभिन्न समस्याका बावजुद पनि उनले आफ्नो पढ्ने अभिलाशा पुरा गरेरै छाडेका छन् ।

करफोक मा.वि.मा कक्षा सातमा पढ्दै गर्दा नै "जुनेली" पत्रिकामा "आमा" शीर्षकको कविता प्रकाशन गरेर साहित्यतर्फ पाइला चालेका क्षेत्री वर्तमानमा आइपुग्दा प्रगतिवादी, क्रान्तिकारी विचारधारात्मक कविताहरू प्रशस्त मात्रामा लेख्दै आएका व्यक्तित्व हुन् । उनले हालसम्म ६ वटा पुस्तककार कृतिहरू प्रकाशित गरिसकेका छन् । उनको पहिलो प्रकाशित कृति "बेवारिसे लाश" नाट्यसङ्ग्रह-२०४९ हो । त्यस्तै उनका अन्य प्रकाशित कृतिहरू "अँध्यारामा बाँच्नेहरू" गितीसङ्गह (२०५२) "मझेरीमा झरेको बिहानी" कवितासङग्रह (२०६७) त्यस्तै गरी "समय र मान्छे" कथासङ्ग्रह(२०७०) र "तृष्णा र तृप्ति" कथासङ्ग्रह-२०७०) हुन् भने केही संशोधनसहित २०६७ मा "अँध्यारामा बाँच्नेहरू" पुनः प्रकाशन गरेका छन् । २०३७ सालदेखि राजनीतिमा प्रत्यक्ष, परोक्ष रूपमा संलग्न रहदै आएका भीम क्षेत्री कम्युनिष्ट शासनबाट मात्रै जनताको मुक्ति सम्भव छ भनेर कम्युनिष्ट आन्दोलनलाई सहयोग र समर्थन गर्दै आएका व्यक्तित्व हुन् । राजनीतिमा उनको तीन घुम्ती देखिन्छ पहिलो घुम्ती २०३७ देखि २०४६ सम्म, दोस्रो घुम्ती २०४६ देखि २०५६ र तेस्रो घुम्ती २०६० देखि हालसम्म । २०५६ देखि २०६० सालसम्म उनले राजनैतिक निष्क्रियता र शिथिलता बेहोरेर बसेको देखिन्छ । पहिलो घुम्तीमा ने.क.पा.मालेसँग आवद्ध भई काम गरे, दोस्रो घुम्तीमा एमालेसँग आवद्ध भई काम गरे अनि एमाले फुटेर फेरि जुट्ने काम भएपछि उनी निष्क्रिय बसेका थिए । त्यसपछि पुनः २०६०/०६१ देखि ने.क.पा माओवादीलाई सहयोग र समर्थन गर्दै आएका उनी हाल ने.क.पा माओवादी केन्द्रमा रही राजनैतिक गतिविधिमा संलग्न रहेको पाइन्छ । सुरूमा जनवादी गीत लेखनबाट साहित्यतर्फ आकृष्ट भीम क्षेत्री हाल साहित्यका विविध विधामा कलम चलाइरहेका छन् । उनले नाटक, गीत, निबन्ध,कविता र कथा आदिमा कलम चलाउँदै आएका

भएपनि कथा र कविता विधामा नै उनी सफल देखिन्छ । कथा र कवितामा उनको कलम विशेष शसक्त रहेको छ । आफू बसेको सामाजिक वातावरण र त्यही समाजमा देखा परेका समस्या, विकृति, विसङ्गति, अन्याय र अत्याचारलाई आफनो लेखनको प्रेरणास्रोतको रूपमा अङ्गीकार गर्ने क्षेत्री  साहित्यलाई न्यायपूर्ण मुक्त समाज तथा शोषणरहित समाज निर्माणका लागि जनचेतना जगाउने एउटा सशक्त कडीको रूपमा हेर्छन् । उनी मूलत : प्रगतिवादी साहित्यकार हुन् ।

## १.२ शोध समस्या

भीम क्षेत्रीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नामक शोधपत्रका सम्वन्धमा निम्न लिखित शोध समस्याहरू रहेका छन् :

क) भीम क्षेत्रीको जीवन वृत के कस्तो रहेको छ ?

ख) भीम क्षेत्रीको व्यक्तित्वका पाटा र पक्षहरू के कस्ता रहेका छन् ?

ग) भीम क्षेत्रीको कृतित्व के कस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्य

**यस शोधकार्यको उद्देश्य निम्नानुसार रहेका छन् :**

क) भीम क्षेत्रीको जीवन वृतको निरूपण गर्नु ।

ख) भीम क्षेत्रीको व्यक्तित्वका विभिन्न पाटा र पक्षहरू पहिल्याउनु ।

ग) भीम क्षेत्रीको कृतित्वको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

साहित्यका विविध विधामा कलम चलाउने साहित्यकार भीम क्षेत्रीको साहित्यक व्यक्तित्व निकै प्रखर र विशिष्ट रहेको छ । जनवादी गीत लेखनबाट साहित्य यात्रा सुरु गरेका क्षेत्रीले प्रगतिवादी नाटक र कविता पनि उतिकै सशक्त ढङ्गले लेख्ने गरेका छन् । यसका अतिरिक्त उनी हाल कविता र कथा लेखनमा निकै सक्रिय रहेका छन् साथै विभिन्न पत्र-पत्रिकामा साहित्येत्तर लेख-रचनाहरूमा पनि त्यतिकै सशक्त कलम

चलाउँदै आएका छन् । उनका साहित्यिक कृतिहरुको अध्ययन गरी विभिन्न विद्धानहरूले  निम्नानुसारको टिप्पणी गरेको पाइन्छ ।

१)	डम्बर पहाडीले “बेवारिसे लाश” (२०४९) शीर्षकको नाट्यसङग्रहको भूमिकामा “नाटककार भीम जी.सी.(क्षेत्री) आफै एउटा कठिन जीवन भोगाइको नमुना पात्र हुन् । उनी स्वयंले यो विसङ्गतिपूर्ण समाजले सिर्जना गरेका कठिन समस्यामय दिनहरू बिताउँदै आएका छन् । यस अर्थमा उनका यी नाटकहरूमा उनले भोगेका, देखेका अनि जीवन भोगाईका क्रममा सङ्गालेका तथा अनुभूत गरेका भावसङ्ग्रहलाई नाटकीकरण गरेर निकै सशक्त ढङ्गले प्रगतिवादी भावधारा र रोमाञ्चक शैलीमा प्रस्तुत गरेका छन् । “हामी सँगै रहेर राष्ट्रिय जनसाँस्कृतिक मञ्च नेपालमा आवद्ध भई काम गर्दै आएका छौं । वर्तमान समयमा आएर उनको जनपक्षीय गीत र नाटक लेखनको क्षेत्रबाट हेर्दा उनको सक्रियता निकै बढेको देखिन्छ उनको अध्ययन, मनन र चिन्तनमा केही कमजोरी रहे पनि उनी गीतको माध्ययमबाट मात्र होइन नाटकको माध्यमबाट पनि जनसमक्ष पुग्न सफल बनेका छन् । यो उनको लगनशीलतालाई मान्नै पर्दछ ।” भनेर साहित्यकार भीम क्षेत्रीलाई एउटा सङ्घर्षशील स्रष्टाको रूपमा हेरेको देखिन्छ ।

२)	प्रा.डा.जगदीशचन्द्र भण्डारी भीम क्षेत्रीको मझेरीमा झरेको बिहानी (२०६७) कवितासङ्ग्रहको भूमिकामा भीम क्षेत्रीको बारेमा भनछन् “नेपाली जनताको मुक्ति, स्वाधीनता र स्वतन्त्रता नै कविको काम्य विषय हो । यसलाई नै मूल विषय बनाई उनले कविताकलालाई सिँगारेका छन् । निर्दयी र क्रुर शासकहरूप्रति तीव्र प्रहार गरिएको छ र क्रान्तिको अनिवार्यता र निरन्तरताको निम्ति आव्हान गरिएको छ । सुषुप्त मानिसहरूलाई जगाउने र सङ्गठित गर्ने अभीष्टको अभिव्यक्ति गर्नुका साथै क्रान्तिकारी शक्ति र तिनका नायकहरूको प्रशंसा गरिएको छ । कविमा तीन युगबोध छ, जीवनका विरोधी तत्वप्रति प्रबल

रोष-आक्रोश छ, मुक्त जीवनका निम्ति विद्रोही स्वर बोल्ने सङ्कल्प र सङ्ग्रामी अठोट छ ।" यसरी प्रा. भण्डारीले भीम क्षेत्रीलाई क्रान्तिकारी विचार भएका कवि भनेका छन् । उनका कवितामा वैचारिक स्पष्टता, विद्रोही चेतना, सर्वहारा वर्गप्रतिको निष्ठा र समाजवादप्रतिको अभिलाशा जस्ता कवितात्मक प्रवृति रहेको कुरा दर्साएका छन् ।

३) साहित्यकार ईश्वरचन्द्र ज्ञवालीले भीम क्षेत्रीको कथासङ्ग्रह समय र मान्छे( २०७०) को भूमिका लेख्दै भनेका छन् "कथाकार भीम क्षेत्रीका कथाहरूको सौन्दर्यात्मक आदर्श संयमित र सन्तुलित ढङ्गको न्यायपूर्ण मुक्त समाज तथा शोषणरहित समाजको स्थापना हो ।" यै गरी अर्को ठाउँमा उनले भनेका छन् "विषयको र विचारको हिसाबले कथाकार भीम क्षेत्री एक प्रगतिशील सर्जक हुन् तथापि यहाँ रचनात्मक पक्षबाट हेर्दा नव कथाकारको रूपमा आलोकित भएका छन् । माथि भनिएझैँ अन्तर्वस्तुको हिसाबले कथा जति बलवान छ रूप पक्षका हिसाबले पनि त्यतिकै सशक्त भइदिएको भए सुनमा सुगन्ध हुने थियो । जे होस कथाकृति लिएर उपस्थित भीम क्षेत्रीको लेखन कार्यले निरन्तरता पाओस्, शुभकामना ।" यसरी साहित्यकार ईश्वरचन्द्र ज्ञवालीले पनि भीम क्षेत्रीलाई केही कमजोरीको बावजुद पनि उनलाई प्रगतिवादी भावधारामा कथालेखन गर्न सक्ने खुबी भएको स्रष्टाको रूपमा हेरेका छन् ।

४) प्रा.डा.गोपीन्द्र पौडेलले समय र मान्छे कथा सङ्ग्रहको आवरणपृष्ठको भूमिकामा भीम क्षेत्रीको बारेमा भन्नुहुन्छ "फड्के किनारामा साक्षी बसेर भन्नु पर्दा यस सङ्ग्रहभित्र "एउटा बालसंकल्प" र "अपराध स्वीकार" कथा मात्र मार्क्सवादी सौन्दर्यका दृष्टिले उपयुक्त मान्न सकिन्छ ।" भनेर केही आलोचनात्मक टिप्पणी पनि गरेका छन् ।

५) चलचित्र निर्देशक तथा नाटककार जगन भूसालले कवि भीम क्षेत्रको "मफेरीमा झरेको बिहानी" कविताको भूमिकामा "वर्तमान नेपाली राजनीतिले जनताको अपेक्षालाई धरापमा पार्दै लगेको बिम्ब टिपेर "मफेरीमा झरेको बिहानी" कवितासङ्ग्रहको शीर्षक अत्यन्तै आकर्षक बनाएका छन् । त्यसै गरी अर्को एक ठाउँमा भनेका छन् "सङ्ग्रहित कविताहरूभित्र राजनैतिक बेइमान, षडयन्त्र, देशी, विदेशी अराष्ट्रिय तत्वप्रतिको आक्रोश, जनतामारा दलाल, शोषक, सामन्तप्रति व्यङग्य प्रहार, वर्गमित्रप्रति सदभाव र सहानुभूति, क्रान्तिकारी आशावाद, दार्शनिक कवितासमेत रहेका छन् ।" यसरी निर्देशक भूसालले पनि भीम क्षेत्रीलाई सर्वहारा वर्गप्रतिको इमानदारिता र समर्पण भाव भएका स्रष्टाको रूपमा हेरेका छन् ।

६) माधव घिमिरे (अटल) ले "अँध्यारामा बाँच्नेहरू" (संशोधित२०६७) गितीसङ्ग्रहको भूमिकामा लेख्नुहुन्छ–"पछिल्लो समयमा प्रगतिवादी कित्तामा सिर्जनाको उरूङ लाग्ने गरेको छ, परिमाणात्मक रूपले तर गणात्मक फड्कोतिर जान अझै बाँकी नै छ भन्दा अत्युक्ति नहोला । यसका बावजुद गीतकार भीम क्षेत्रीले गरेका सिर्जनामा विचार र कलाको संयोजन भेटिन्छ । विचारकान दृष्टिले उनी स्पष्ट छन् र तिनै विचार उनका सिर्जनामा कला बनेर आउने गरेकोले धेरथो पृथकता पाइन्छ । यस्तो किन पनि छन् भने उनी आफै अन्याय, अत्याचार, गरिबी र विभेदको दारुण कथा भोगेका भुक्तभोगी स्रष्टा हुन् ।"

त्यसै गरी माधव घिमिरे (अटल) ले कथाकार भीम क्षेत्रीको "समय र मान्छे" कथासङ्ग्रहको टिप्पणी गर्दै भनेका छन्-"सिर्जनाको सट्टा सर्जकलाई विशेष महत्वका साथ बजारीकरण गरिरहेका मिडिया टाइकुनहरूको एकछत्र दबदबा चलिरहेको धमिलो वर्तमानमा थर्पहरूमा धिपधिपे दियो बाल्नुपर्ने विचारको पक्षपोषण गर्ने र वस्तुगत एवं तथयगत यथार्थतालाई प्रतिबिम्बित गर्ने प्रगतिवादी स्रष्टा भीम क्षेत्रीका कथाले कतिको महत्व पाउलान् त्यो त

भविष्यको गर्भमै छ, परन्तु, उनका कथाहरूले समग्रमा उत्पीडितहरूकोसकसका सुस्केरालाई प्रतिध्वनित गरेको कुरालाई भने निःसर्त स्वीकार्न सकिन्छ ।" यसरी साहित्यकार माधव घिमिरे "अटल"ले पनि साहित्यकार भीम क्षेत्रीलाई भुक्तभोगी, सङ्घषशील र एउटा फरक प्रगतिवादी कथाकारको रूपमा हेरेका छन् ।

७) समीक्षक धर्मेश पोखरेल (२०६८)ले गीतकार भीम क्षेत्रीको गितीसङ्ग्रह "अँध्यारामा बाँच्नेहरू" भित्रका समग्र गीतहरूको समीक्षा "शृङ्खला मासिक पत्रिका" मा गरेका छन् । समीक्षक धर्मेश पोखरेलले "अँध्यारामा बाँच्नेहरू"भित्रका गीतहरूको समीक्षा गर्दै भनेका छन्-"उनी जनवादी आन्दोलनका अथक साहित्यकार हुन् । कहिले गीत लेखेर त कहिले नाटक लेखेर अनि पछिल्लो समयमा बढीभन्दा बढी कवितामा हेलिन पुगेका स्रष्टा भीम क्षेत्री साहित्यका हरेक विधालाई टिपेर कलम चलाइरहेका एकजना ऊर्जाशील योद्धा हुन् । अर्को ठाउँमा शोधनायकको जीवनी कोट्याउँदै "बुबाको अंश जमिन सामन्तले कब्जा गरेर खेदेपछिको सुकुम्बासी जीवन भोगाई, बेरोजगारी र सानै उमेरदेखि कम्युनिष्ट विचारको प्रभाव सङ्गतले उनमा विद्रोही र क्रान्तिकारी भाव पैदा गराइदियो ।" भनेका छन् ।

त्यसै गरी धर्मेश पोखरेल (२०६८) ले कवि भीम क्षेत्रीको "मझेरीमा झरेको बिहानी" कवितासङ्ग्रह पुस्तकको समालोचना गर्दै भनेका छन्–"कवि भीम क्षेत्रीका कविताहरू धर्तीमा पसिना बगाएर पनि दुई छाक जुटाउन नसक्नेहरूको पक्षमा उभिएको प्रष्ट हुन्छ । त्यहाँ काम गरिखाने वर्गको सपना छ, हर्ष र विष्मात छ, पीडा र आक्रोश छ अनि समग्रमा घृणित वर्तमानको अभिव्यक्ति छ साथै नयाँ, नयाँ बिम्बको माध्यमबाट नयाँ यथार्थको उद्घाटन गरिएको छ ।" -(शृङ्खला मासिक पत्रिका, पूर्णङ्क ५४, २०६८ पौष) । यसरी समीक्षक धर्मेश पोखरेलले पनि साहित्यकार भीम क्षेत्रीलाई उत्पीडनमा परेका

वर्गको पक्षमा सशक्त उभिने एकजना विद्रोही र सङ्घर्षशील स्रष्टाको रूपमा मूल्याङ्कन गरेका छन् ।

८) प्रा. धरणी गौतम (२०७२) ले कवि भीम क्षेत्रीको मझेरीमा झरेको बिहानी कवितासङ्ग्रहमा सङ्ग्रहीत कविताहरूको समालोचना गर्दै मुन्धुम मासिक पत्रिकामा लेख्छन् "कवि भीम क्षेत्रीका प्रायः सबै कविताहरू कम्युनिष्ट तथा मार्क्सवादी प्रगतिवादी भावधारामा लेखिएका छन् भने उनले आफ्नो वर्गीय धरातललाई बिर्सेका छैनन् । यसरी प्रगतिवादी भावधारामा लेखिएका उनका रचनामा राज्यद्वारा उत्पीडनमा परेका वर्गको कथा,व्यथा र वेदनाहरू समेटिएका छन् । यसका अतिरिक्त उनले शृङ्खला मासिक पत्रिका, ज्ञानपुञ्ज द्वैमासिक पत्रिका, शैक्षिक ज्ञानमञ्च त्रैमासिक जस्ता साहित्यिक, बौद्धिक, राजनैतिक विचारधारात्मक पत्रिकामा प्रकाशक तथा सम्पादकको भूमिकामा पनि क्रियाशील रहँदै आएका छन् । यस अर्थमा उनी पत्रकार व्यक्तित्व पनि हुन् ।" भनेका छन् ।

त्यसैगरी प्रा. धरणी गौतम (२०७२) ले यही कवितासङ्ग्रहको समालोचना गर्दै "नेपालभूमि साप्ताहिक पत्रिका"मा उनले आफू कवि भीम क्षेत्रीको गुरु पनि भएको नाता लगाउँदै र कविको नालीबेली थाहा पाएको कुरासमेत दर्शाउँदै उनको जीवनवृतको निरूपण गर्दै भनेका छन् "इलाम क्याम्पसमा अध्ययन गर्दा,गर्दै क्षेत्रीले "बेवारिसे लाश" नामक एउटा दुःखान्त नाटक लेखेर म उनका नेपाली गुरु (प्राध्यापक) भएकाले मलाई पनि पाण्डुलिपि देखाएका थिए । उनले त्यो नाटकलाई मेची अञ्चलका प्रायः सबै जिल्लाका विद्यार्थी जमघट हुने इलाम क्याम्पसमा चार शोसम्म देखाएका थिए । यसबेलादेखि नै उनी विद्यार्थीमाझ एउटा कुशल नाटककारको रूपमा परिचित भइसकेका थिए । यति मात्र होइन यो नाटकलाई उनीलगायत उनका नाट्यसमूहले ताप्लेजुङ, पाँचथर, झापालगायत मेचीका प्रायः सबै जिल्लामा प्रदर्शन गरी ख्याति

कमाएका थिए ।" यसरी प्रा.धरणी गौतमले पनि साहित्यकार भीम क्षेत्रीको बारेमा धेरै कुरा पहिले नै जानकारी राखेको प्रष्ट पारेका छन् ।

९) समीक्षक शेखर अर्याल (२०७२) ले पनि कथाकार भीम क्षेत्रीको कथासङ्ग्रह तृष्णा र तृप्तिको समालोचना गर्दै भनेका छन्-"भस्म क्षेत्रीका कथासङ्ग्रह क्रान्तिकारी शिल्प शैलीलाई आत्मसात गरिएको कृति हो । यस कृतिमार्फत उनले क्रान्तिकारी आन्दोलन, वर्ग सङ्घर्ष र जनताको मुक्तिको लागि सशक्त आवाज उठाएका छन् । समाजमा रहेका विद्यमान परम्परा, कुलीन वा जडतायुक्त सोचाइलाई अन्त्य गरेर न्यायसङ्गत, समानतामूलक समाजको निर्माण गर्ने क्रान्तिकारी चेत उनको यस कथाङ्ग्रहमा देखिन्छ। यसमा मूलत : शासन व्यवस्थाका वृकृति, विसङ्गति, अन्याय, अत्याचार, दमन, शोषणको विरोध गर्दै अग्रगमनको अपेक्षा रहेको छ । कथाकारले व्यक्त गरेको क्रान्तिचेतलाई समाजवादी  यथार्थवादी चिन्तनसँग जोडेर अभिव्यक्त गरेका छन् । क्षेत्री क्रान्तिचेत अभिव्यक्त गर्न मन पराउने कथाकार हुन् । उनका कथामा अन्तरनिहित क्रान्तिचेतका बारेमा यस तृष्णा र तृप्तिलाई विश्लोण गरी उनको क्रान्त्चितलाई प्रस्तुत गरिएको छ ।" यसै गरी अर्को ठाउँमा भनेका छन्–"यस तृष्णा र तृप्ति कथामा समावेश भएका पात्र वर्ग सङ्घर्षसँग जोडिएका छन् । जनमुक्तिको कामना गर्दै नयाँ समाजको परिकल्पनासमेत गरिएको छ । समाजमा चलेको अन्याय, अत्याचार, शोषण र दमनप्रति क्रान्तिचेत भाव प्रकट भएको छ।"

१०) यस्तै साहित्यकार क्षेत्रीको बारेमा विभिन्न समालोचकी तथा संस्मरणीय पुस्तकहरू मा पनि कृतित्व र व्यक्तित्वको झल्को दिने टीका, टिप्पणी र वायोडाटा लेखन, प्रकाशन भएको पाइन्छ। **जस्तै :**

क) गोरखा सन्देश साप्ताहिक (प्रकाशक : कृष्ण बाउसे) ले "शिक्षासेवी परिचय कोश" (२०६९) नामक ३१२ पृष्ठको ग्रन्थमा क्षेत्रीलाई "भीम क्षेत्री शिक्षा सेवी तथा साहित्यिक व्यक्तित्व हुन्" भनिएको छ ।

ख) सङगीतकार बुलु मकारुङ (२०६८) ले "नेपालको राजनैतिक परिवर्तनको लागि स्रष्टाहरूले खेलेको भूमिकालाई उच्च मुल्याङ्कन गर्नुपर्ने" विचार व्यक्त गर्दै लेखेको "राजनैतिक परिवर्तन र सङ्गीतकर्मीको भूमिका" शीर्षकको लेखमा २०१४ सालदेखि २०६० सालभित्रका गितकारहरूले लेखेका गीत तिनका पुस्तकाकार कृतिहरूले राज्य विप्लव गर्न ठूलो योगदान दिएको उल्लेख गर्दै गीतकारहरूको लामो सुची तयार पारेका छन् साथै त्यसमा प्रगतिवादी गीतकारहरूको मूल्याङकन गर्दै ऐतिहासिक सूची तयार पारेर गीतकार भीम क्षेत्रीको "अँध्यारामा बाँच्नहरू" गितीसङ्ग्रहलाई पनि समावेश गरिएको छ । यसरी सङ्गीतकार तथा लेखक बुलु मुकारुङले समेत गीतकार भीम क्षेत्रीको नाम जनवादी गीतकारको रूपमा उल्लेख गरेका छन् ।

यसरी विभिन्न कालखण्डमा साहित्यकार भीम क्षेत्रीको विषयमा विभिन्न सर्जक तथा विद्वान वर्गले पूर्वकार्यको रूपमा चर्चा,परिचर्चा गरेका छन् । अझ सामग्री सङ्कलन कार्यमा समय अभाव र विभिन्न कठिनाइले सिर्जना गरेको सीमाका कारण यथेष्ठ जानकारी लिन सकिएन । अरू पनि उनको विषयमा धेरै छलफल भएको हुन सक्छ तथापि यहाँ सकभर यो कार्यलाई पुग्ने सामग्री सङ्कलन गरी समीक्षा गर्ने प्रयास गरिएको छ ।

## १.५ शोधको औचित्य तथा महत्व

इलाम जिल्ला फिक्कल -४ पान्दाममा घर भई हाल काठमाडौं बालाजुमा बसोवास गर्दै आएका साहित्यकार भीम क्षेत्रीको बारेमा अहिलेसम्म पनि खोज तथा अनुसन्धान गरिको पाइँदैन । नेपाली साहित्यको विविध विधा जस्तो गीत, कविता , नाटक, कथा र साहित्येत्तर विधामा सशक्त  ढङ्गले कलम चलाउन सक्ने स्रष्टा क्षेत्रीले

नेपाली साहित्यलाई थुपै योगदान दिइसकेका छन् तथापि उनको खाजी हुन नक्नु दुःखको कुरा हुन जान्छ । उनले प्रशस्त फुटकर रचनाहरूका साथै ५/६ वटा पुस्तककार कृतिहरू पनि दिइसकेका छन् तापनि अनुसन्धान क्षेत्रमा भने उनी पर्दा पछाडि नै रहेका छन् । साहित्य क्षेत्रमा उनले के कति योगदान गरेका छन् भन्ने कुरा अध्ययन, अनुसन्धान गरी नेपाली साहित्यका पाठकसमक्ष परिचय दिनु पर्ने व्यक्तित्वलाई कुनै हालतमा ओझेलमा पार्न हुँदैन भन्ने सर्वमान्य सिद्धान्त हो । त्यसैले यो शाधकार्यको औचित्य त्यसै पनि पुष्टि हुन जान्छ । अझै यसका अतिरिक्त भविष्यमा समेत साहित्यकार क्षेत्रीको बारेमा थप अनुसंधान गरी नेपाली साहित्यका पाठक तथा नेपाली जनतासामु परिचय दिनु हामी पछिल्ला पिढीको कर्तव्य र जिम्मेवारी दुवै हो भन्ने ठान्दछु । यसका साथै भविष्यमा उनको विषयमा अध्ययन,अनुसन्धान गर्न चाहने व्यक्तिलाई वा संस्थाहरूलाई प्रस्तुत शोध कार्यले यथेष्ट सहयोग पुऱ्याओस् भन्ने इच्छा र उद्देश्य रहेकोले प्रस्तुत शोधकार्यले महत्वपूर्ण भूमिका खेल्नेछ र यसैको औचित्यको लागि साहित्यकार भीम क्षेत्रीको जीवनी, व्यक्तित्व र कृतित्वमा शोधकार्य गर्ने काम भएको छ ।

## १.६ शोधको क्षेत्र तथा सीमा

प्रस्तुत अध्ययन स्रष्टा भीम क्षेत्रीको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययनमा आधारित छ । यसमा भीम क्षेत्रीको पुस्तकाकार कृतिबाहेक फुटकर रचनाहरूको उपलब्धता सहज नभएको कारण तिनको विषयमा त्यति धेरै चर्चा गर्न सकिएको छैन, जो उपलब्ध छन् तिनलाई सहज विश्लेषण मात्रले चित्त बुझाउनु पर्ने भएको छ । यसको साथै २०४९ देखि हालसम्म लेखिएका र प्रकाशन भएका सबै कृतिहरूसँग सम्बधित विभिन्न टीका, टिप्पणी, समालोचना वा समीक्षाहरू खोजी गर्न नसक्नु पनि यसको सीमा रहेको छ । यस शोध पत्रमा फुटकर गीत, कविताहरू र साहित्येत्तर रचनाहरूको खासै चर्चा गरिएको छैन । क्षेत्रीका कृतिहरूलाई कालक्रमिक रूपमा उल्लेख गर्दै उनको जीवनी र व्यक्तित्व र कृतित्वको संक्षिप्त अध्ययन र विश्लेषण गर्नुमा सीमित गर्नु यस शोधकार्यको सीमाको रूपमा लिन सकिन्छ ।

## १.७ सामंग्री सङ्कलन विधि

साहित्यकार भीम क्षेत्रीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्न आवश्यकता पर्ने सामग्रीहरूको अध्ययन गर्न तथा उनका कृति र  जीवनसँग जोडिएका, सम्बन्धित लेख, रचनाहरू विभिन्न व्यक्तिहरूबाट संकलन गरिएको छ भने स्रष्टासँग सम्बन्धित विभिन्न व्यक्तिहरूसँग भेटवर्ता, अन्तवार्ताका साथै विभिन्न विद्धानहरूले उनको विषयमा गरेका टीका, टिप्पणी, अनुसन्धानात्मक लेख आदिलाई प्रस्तुत शोधकार्यको स्रोतको रूपमा लिइएको छ ।

यस शोधपत्रलाई आवश्यक केही प्रकाशित ग्रन्थ र अन्य फुटकर लेख, रचनाहरू स्रष्टाबाटै पनि उपलब्ध गरी अध्ययन, अनुसन्धान गरिएको छ । शोधकार्यलाई विश्वसनीय, प्रमाणिक र तथ्यपूर्ण बनाउन निम्न दुई प्रकारका स्रोत साम्रागी सङ्कलन गरिएको छ ।

### क) प्रारम्भिक स्रोत

यस शोधकार्य तयार गर्दा स्रष्टाको जीवनसँग सम्बन्धित देखिएका व्यक्तिहरूसँगको कुराकानी र अन्तर्वातालाई शोधपत्रको प्रारम्भिक स्रोतको रूपमा लिइएको छ ।

### ख) सहायक स्रोत

यस शोधकार्यको मूल लेखनको स्रोत पुस्तकाकार कृतिहरूलाई मानिएको छ । यसको सङ्कलन सम्बन्धित स्रष्टाबाट र केही उनीसँग सम्बन्धित व्यक्तिहरूबाट लिइएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

यस शोधकार्यलाई वस्तुगत र प्रभावकारी बनाउन निम्नानुसारको परिच्छेदमा विभाजन गरी अध्ययन कार्यलाई पूर्णता दिइएको छ ।

परिच्छेद : एक, शोध परिचय

परिच्छेद : दुई, भीम क्षेत्रीको जीवनीको अध्ययन

परिच्छेद : तिन, भीम क्षेत्रीको व्यक्तित्व अध्ययन

परिच्छेद : चार, भीम क्षेत्रीको कृतित्वको अध्ययन

परिच्छेद : पाँच, उपसंहार तथा निष्कर्ष

क. परिशिष्ट

ख. सन्दर्भ सामग्री सूची

# परिच्छेद : दुई
# भीम क्षेत्रीको जीवनीको अध्ययन

## २.१. विषय परिचय

हरेक मानिसको समाजमा आफनै किसिमको पहिचान हुन्छ । मानिसको पहिचान भनेकै उनको व्यक्तित्व र उनले गर्ने काम हो । मूलत : मानिसलाई त्यस समाज या राष्ट्रले जे जस्तो रूपले चिन्दछ त्यो नै उनको व्यक्तित्व हो । नेपाली साहित्य जगतका विविध विधामा आफूलाई विचरण गराउने स्रष्टा भीम क्षेत्रीको व्यक्तित्व निर्माणमा विशेषत : उनको आचरण र व्यावहारिक क्रियाकलापका साथै परिवारिक, आर्थिक, सामाजिक, शैक्षिक, साहित्यिक र राजनीतिक आदि पक्षहरूले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । धेरै बाहिरी तडक-भडक र रवाफ नदेखाउने साधा जीवनशैलीका क्षेत्री लवाइ, खुवाइमा अत्यन्तै आधारभूत र आवश्यक कुरालाई मात्र प्राथमिकता दिने प्रवृतिका व्यक्ति हुन् । उनीभित्र जतिसुकै बौद्धिक क्षमता र गतिशील प्रवृति भए पनि साधारण देखिने क्षेत्रीले सानैदेखि सामन्ती राज्यबाट ठगिएर होला अहिले पनि उनी गरिब, दु:खी र पीडित मानिसहरू देखे भने आफूसँग भएको र आफूले सक्ने सहयोग गरिदिने विशेषता उनीमा छ । कतिपय उनका लेख, रचना र साहित्यको अध्ययनबाटै पनि उनको सहानुभूति ती पीडित मानिसहरूमा देखिन्छ । चिन्तनशील प्रवृतिका क्षेत्री मार्क्सवादी विचारलाई जीवनको आधार मान्दछन् । ‘व्यक्तिगत स्वार्थभन्दा माथि उठेर जीवनलाई सार्थक बनाउनुपर्छ’ भन्ने क्षेत्री बहुसंख्यक मानवको कल्याण कसरी गर्न सकिन्छ ? भन्ने उत्तरको खोजीमा सदा जीवन समर्पण गर्दै आएका व्यक्ति हुन् । सबैले मानव भएर जन्मिएपछि मानवताको रक्षार्थ लड्नु हाम्रो कर्तव्य हो, भन्ने पक्षमा उभिएका साहित्यकार क्षेत्रीले राष्ट्र र समाजको हितार्थ सेवाभावले काम गर्दै आएका छन् । सामाजिक कार्यकर्ताको रूपमा मात्रै होइन साहित्यिक, पत्रकारिता तथा राजनैतिक आदि धेरै क्षेत्रमा क्रियाशील र लगनशील भएर आफनो जीवनको पाइला अगाडि बढाइरहेका व्यक्ति हुन् ।

आफूले पाएको जिम्मेवारीलाई हृदयदेखि नै आत्मसात गरेर दिन-रात नभनी लाग्ने बानी भएका क्षेत्रीको जीवन कहानी भने अत्यन्तै मार्मिक र अत्यासिलो रहेको पाइन्छ । उनकै अनुसार  सानैबाट अर्ध टुहुरो जीवन गुजार्नुको पीडा अझै पनि ताजै छ । सानैबाट बुबाबाट टाँडिएका क्षेत्रीले १२/१३ वर्षको कलिलै उमेरदेखि नै आफ्नो र पारिवारिक दायित्व बहन गर्दै आएका हुन् तथापि उनले पढाइलाई र स्वाध्ययनलाई भने कहिल्यै बिर्सेनन् ।  यति मात्रै होइन आफ्नो पुख्यौली सम्पति गाउँले सामन्तीहरूले कब्जा गरिदिएपछि सुकुम्बासी जीवन बिताउनु परेको थियो । यसरी सामन्तीको कोपभाजनमा परेर घरवास उठेपछिको दर्दनाक कथा बोकेका क्षेत्रीको जीवनमा आर्थिक, सामाजिक भोगाईको मार्मिक व्यथाहरू पनि लुकेका छन् । तर दृढ इच्छाशक्ति भएका क्षेत्रीले ती सबै समस्या र पीडाहरू पचाउँदै वर्तमान अवस्थामा आइपुग्दा आफ्नो जीवनलाई सार्थक बनाउन सफल भएका छन् । यति हुँदाहुँदै पनि उनले आफूले गर्दै आएको जीवनसङ्घर्षमा कसैबाट पनि सहयोग र समर्थन नपाएको गुनासो पनि उनीसँग उतिकै नमिठो यथार्थ बनेर बसेको छ । दुःख, पीडा र समस्याका कारण पारिवारिक विघटनसम्मको समस्या भोगे पनि उनी अविचलित रूपमा देश, जनता र समाजको लागि मरिमेटेका छन् । एकातिर पारिवारिक सहयोग नपाउनु र अर्कातिर सधैँ आर्थिक कठिनाई भोगिरहनुको बिचबाट पनि स्नातकोत्तरसम्मको अध्ययनलाई पूरा गर्न सक्नु उनको लागि चानचुने कुरा थिएन तापनि अथकित रूपमा हाल पनि उनी जीवन सङ्घर्षमा होमिइ नै रहेका छन् । वर्तमानमा उभिएर भन्नुपर्दा उनी जीवनयापनका लागि एउटा विद्यालयमा बिहानको केही समय अध्यापनको काम गर्छन् भने दिनको समयमा अन्य सामाजिक, राजनैतिक र पत्रकारिताको काममा खट्छन् । हाल उनी ज्ञानपुञ्ज द्वैमासिक पत्रिका, शृङ्खला मासिक पत्रिका, शैक्षिक ज्ञानमञ्च त्रैमासिक पत्रिकाको प्रकाशक र प्रधान सम्पादकको रूपमा पनि क्रियाशील छन् भने "इस्टु" नामक सामाजिक संस्थाको महासचिव भएर शैक्षिक उन्नयनको लागि खटिरहेका छन् । त्यस्तै उनी राजनैतिक नेता तथा कार्यकर्तासमेत भएर यो देशको मुहार फेरी उत्पीडित जनताको सुदिन ल्याउनै पर्छ, भनेर सक्रियताको साथ दिन-रात खटिरहेका छन् । त्यति मात्रै होइन साहित्यिक रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन

गरेर चेतनाको दियो बालिरहेका छन् । आफूले पाएको जिम्मेवारी, दायित्व, कर्तव्य र कार्यप्रति कटिबद्धताका साथ लाग्ने क्षेत्री विश्वपरिवेश र समयअनुसार आफू, समाज र राष्ट्रको अवस्थालाई बदल्न सक्नुपर्छ, भनेर र लेखेर मात्र हुन्न जीवन व्यवहारमा लागु गर्नुपर्छ भन्ने पक्षमा दरोसँग उभिएका छन् । भन्ने एउटा गर्ने अर्कै बोकेको यो देशको राजनीतिक, सामाजिक कुरीतिलाई जरैबाट उखेल्नुपर्छ नत्र त्यसैलाई अपनाउने हो भने राष्ट्रिय राजनीति र सामाजिक फेरबदलको कुनै औचित्य छैन भन्छन् । उनी राजनीतिमा मार्क्सवादी चिन्तनका साथ प्रगतिवादी साहित्य सिर्जना गर्ने र यस्थास्थितिको खरो विरोध गर्ने व्यक्तित्व हुन् । हरेक व्यक्तिमा निहित यिनै विविध पक्षहरुको अध्ययन नै व्यक्तित्वको अध्ययन भनेर बुझिन्छ । जस अनुसार साहित्यकार भीम क्षेत्रीको व्यक्तित्वको अध्ययन पनि बुँदागत रुपमा निम्नानुसार चर्चा गर्न सकिन्छ ।

## २.२ जन्म र बाल्यकाल

साहित्यकार भीम क्षेत्रीको पुख्यौली घर इलाम जिल्ला, गोर्खे गा.वि.स.खोलागाउँमा हो, तर उनका बुबाको जमिन सामन्ती महतहरूले खोसेर उठिवास लगाएपछि ससुराली गाउँ इलाम जिल्लाकै पिक्कल गा.वि.स.वडा.नं. ५ रम्फाक भन्ने गाउँमा २०१५ सालमा बसाई सरेका थिए । त्यसपछि पनि क्षेत्रीका बुबा र आमा काम खोज्दै हालको श्रीअन्तु गा.वि.स.वडा न.७ मा पुगी भारतसँग जोडिएको सिमानामा पर्ने बालासन पुल निर्माण कार्यमा लागे । यही समयमा २०१७ साल असारमा साहित्यकार भीम क्षेत्रीको जन्म भएको थियो । बुबा रत्न क्षेत्री र आमा दिला क्षेत्री (राई) बाट जन्मेका क्षेत्री १ वर्ष पुग्दा, नपुग्दै त्यो ठाउँ पनि छाडेर भारतको सिक्किम, पाक्किम भन्ने स्थानमा बुबा-आमासँगै पुगे ।

यसरी स्थान सर्दै जाँदा पाक्किममै उनको बाल्यकालको ७ वर्ष बितेका थिए । त्यहीकै सेन्टजेभियर्स स्कुलमा ४ वर्षको उमेरमा उनले शिक्षा आरम्भ गर्ने मौका पाए । यसरी ३ वर्षसम्म लगातार पढ्दै जाँदा उनले कक्षा ३ सम्म अध्ययन पूरा गरेका थिए । त्यसबेला उनको पढाई निकै अब्बल दर्जाको रहेको कुरा उनका आफन्तहरू बताउँछन्

साथै ७ वर्षको उमेरसम्म उनको जीवनाचार्य एकदमै आनन्द र सुखमयमा बितेको थियो । त्यहाँ रहँदासम्म बुबा, आमा सबैले काम र मामको जोहो गर्न त्यति धेरै कष्ट झेल्नु परेको थिएन । क्षेत्रीका बुबा इँटा, ढुङ्गा र काठसमेतको मिस्त्री भएको कारण त्यसबेला सिक्किममा उनको माग धेरै थियो र अन्य कामदारले भन्दा बढी आर्जन गर्न सक्ने खुबी भएकोले घर चलाउन सहज थियो । तर त्यसपछि फेरि क्षेत्रीका बुबाले कान्छी आमा भित्र्याए, यसपछि भने घरमा अशान्ति र झगडा शुरू भयो ।

यसरी झगडा गर्दै बस्नुभन्दा माइतीमा गएर बस्नु उचित ठानी क्षेत्रीकी आमा दिला क्षेत्री एक छोरा र एक छोरी वा उनकी बहिनी देवकी क्षेत्रीलाई लिएर नेपालको इलाम, फिक्कल वडा.नं.४ मा रहेको माइती घरमा आई शरण लिएर बसे । त्यसपछि क्षेत्रीको दु:खको दिन शुरू भएको देखिन्छ । घर चलाउन, छोरा, छोरी पढाउन क्षेत्रीकी आमालाई अर्काको घरमा रोजगारी गर्न जानुपर्थ्यो । यसरी दिनभर अर्काको जमिनमा काम गर्ने अनि बिहान, बेलुकीको छाक टार्ने काम गर्न थालिन् । यसै गरी क्षेत्रीकी आमाले उनलाई फिक्कल प्रा.वि. (हाल मा.वि.) मा कक्षा ३ मा नै भर्ना गरिदिए । यसरी भर्ना पछिको पढाइलाई निरन्तरता दिँदै कक्षा ५ उतीर्ण त्यहीबाटै गरे । त्यसपछि गाउँबाट करिब २ घण्टाको बाटो हिँड्नु पर्ने कर्फोक मा.वि.मा कक्षा ६ मा भर्ना भई पढ्न शुरू गरेका थिए । तर पनि क्षेत्री तीब्र दिमाग र लगनशील व्यक्ति भएकै कारण साथै पढ्ने तीब्र इच्छा भएकोले उनी कक्षामा कहिले प्रथम त कहिले दास्रो भन्दा तल झरेनन् तथापि उनकी आमाले घर खर्च चलाउन सकेनन् साथै वार्षिक शुल्क पनि बुझाउन नसक्ने र छोरा-छोरकिो लागि कापी, किताबसमेत किन्न नसक्ने अवस्था आएपछि कक्षा ७ उतीर्ण गरेपछि उनले औपचारिक शिक्षा छाड्नु परेको तीतो यथार्थ भोगेका छन् । २०३० साल फागुनमा कक्षा ८ मा भर्ना गर्न भनी आमासँगै विद्यालयमा (कर्फोक मा.वि.) गए । तर उनीसँग भर्ना गर्ने पैसा थिएन, आफूसँग भर्नाको लागि पैसा नभएकोले नि:शुल्क पढाइदिनको लागि तत्कालीन प्रधानाध्यापकलाई क्षेत्रीकी आमाले निवेदन गरे तर प्र.अ.नमानेपछि विद्यालय छाड्नुको विकल्प रहेन, यसरी क्षेत्रीले विगतमा तीतो व्यथा भोगेको मार्मिक यथार्थ सुनाउँछन् ।

## २.३. उच्च शिक्षा र विवाह

भीम क्षेत्रीका बाल्यकालको पढाई दुःखद रहे पनि उनी ज्यादै मिहिनेती स्वभावको भएकाले उनले निरन्तर प्रगतिपथमा उक्लिरहे । उनले गरिबीकै कारण निरन्तर पढाइलाई अन्त्य गर्नु परेको तीतो यथार्थबिच पनि उनले स्वध्ययनलाई भने कहिल्यै छाडेनन् । अरू साथीहरू गुच्चा र तास खेलेर समय बिताउँथे तर उनी भने भेटिएजति सबै खालका पुस्तकहरू पढेर बस्थे । विद्यालय छाडेपछि क्षेत्रीले केही जग्गा लिजमा लिएर खेती-बालीको काम शुरू गरे, सानै (१३/१४ वर्षकै) उमेरदेखि दुःखमा परेका क्षेत्रीले  कष्टसाध्य जीवन भोग्दै अगाडि बढेका थिए तथापि उनको पढ्ने धोको भने मरेको थिएन । उनले विद्यालय छाडेपछि भने आमा दिला क्षेत्रीलाई पनि केही सहज महसुस भयो । उनले लगातार लगनशीलताको साथ खेतीमा निर्लिप्त भई काम गर्दै जाँदा जीवनलाई केही सहज त बनाए नै अझ आफ्नो पौरखकै कारण केही खेतीयोग्य जमिन जोड्न पनि सफल भए । यसपछि आफैले किनेको जमिनमा घर बनाएर बस्नु पाउँदा उनलाई असाध्यै खुसी लागेको कुरा उनी  बताउँछन् । यसपछि उनी १८ वर्ष पुग्दा-नपुग्दै आमाको आग्रहमा २०३६ सालमा अन्तर्जातीय विवाह (राई) गर्न पुगेका क्षेत्रीको मिहेनत र परिश्रम, लगनशीलता र दृढ इच्छा शक्तिकै कारण २७ वर्षको उमेरसम्म आइपुग्दा आफ्नो जीवनयापनलाई केही सहज बनाएका थिए ।  तर यस अवधिमा उनले अनेक हण्डर, धोका, विश्वासघात र अपमान सहँदै आए तापनि उनले पहिलेभन्दा आर्थिक रूपमा केही सहज महसुस गरे । यसबेलासम्म मावली जग्गामा आश्रय लिएर बस्दै आएका क्षेत्रीले २४ रोपनी जमिनसमेत जोडिसकेका थिए भने आफू बस्ने घर पनि बनाएका थिए । यसबेला उनलाई खान, लाउन र बस्न कुनै समस्या थिएन ।

उनी कुनै न कुनै कुरा दिनदिनै सिकिरहनुपर्छ र जीवनलाई सार्थक बनाउनको लागि उत्साहित भइरहनुपर्छ भन्ने व्यक्ति हुन् तर उनकी श्रीमतीसाधारण गृहस्थीकी निरक्षर महिला, त्यसैले उनीहरूबिचमा विचारमा बेमेल देखिन्छ । एकातिर एउटा उत्साहित युवा जो जीवनमा धेरै गर्नुको उद्देश्य बोकेर अगाडि बढिरहेका, “दुःख नै जीवनको सार” जसले अगाडि बढ्न प्रेरित गर्छ भन्ने विचार बोकेका भने अर्कातिर

सामान्य जीवनमा बाँच्ने, मिठो, सुकिलो बस्नु नै जीवनको सुख ठान्ने साधारण नारी पात्र,यिनै फरक विचारबिचको द्वरीले उनीहरूको जीवन यथार्थलाई अमिलो बनाइदिएको देखिन्छ । नयाँ,नयाँ कुरा सिक्नको लागि सधैँ उत्सुक भइरहने क्षेत्रीले यो बिचमा कार्पेन्टर, सिकर्मी, डकर्मी, काठ काट्ने, गारो लाउनेदेखि कुनै बेला बाटो-धारा, कुलो ठेककामा लिएर निर्माण गर्ने कार्य पनि गरेका थिए । यति मात्रै होइन, "कुनै पनि काम सानो र ठुलो हुँदैन, मानिसले सबैप्रकारका काम गर्नुपर्छ, काम गरेर मानिस सानो हुँदैन" भन्ने चेतना बोकेका क्षेत्रीले कुनै बेला पाले, चौकीदार भएर काम गरेको कुरा पनि निर्धक्कसाथ र गर्भको साथ भन्ने गर्दछन् । यसरी गाउँघरमा र खेतीबारीमा भिजेर पनि उनलाई जीवनमा केही गर्नै पर्छ, भन्ने भावनाले उत्साहित बनाइरहेको थियो । "बाँच्ने काम मात्रै ठुलो होइन, बाँच्ने, खाने र लाउने काम त चरा, मुसा, कुकुर, बिरालाले पनि गरेका छन्, हामी त मानिस हौँ त्यसैले ती जीवहरूभन्दा माथि उठ्ने कोसिस गर्नै पर्छ" भन्ने विचारले उनलाई सधैँ प्रोत्साहन गरिरह्यो ।

गाउँले सामन्तको शोषण र अपमान, मावलीको तड्पाई र हेलाभाव, गाउँलेको छुत व्यवहार र हेपाई जस्ता अनेक पीडामा बाँच्नु परेको कुराले उनलाई एउटा अनौंठो निर्णय गर्न बाध्य बनायो । त्यो अनौंठो निर्णय थियो विद्यालयमा भर्ना भएर फेरि पढाइलाई निरन्तरता दिने । दुई छोराहरू -(कान्छो छोरा २०४५ सालमा ५ वर्षको उमेरमा मृत्यु भएको) र एक छोरीसमेत भइसकेका क्षेत्री २७ वर्षको उमेरमा पढ्न भनी भारतको मिरिक गए, अनि मावली दिदी, भिनाज्युकोमा बसेर मिरिक हाइस्कुलमा कक्षा ९ नौ मा भर्ना भएर पढाई शुरू गरे । तर त्यहाँ पनि पढाइलाई निरन्तरता दिन कहाँ सजिलो थियो र ! कक्षा नौ को जाँच सकिनेबित्तिकै इलाम (फिक्कल) घरमा आएर फेरि आफ्नो खेतीपाती र अन्य व्यापार बिजिनेसतिर लागिहाले । केही समय घर सम्हाल्ने काम गरेपछि फेरि अध्ययनको भूत सवार भइहाल्यो । उनले तुरुन्तै अर्को वर्ष इलामकै बौद्धधाम माध्यमिक विद्यालयमा कक्षा १० मा भर्ना भई पढ्न शुरू गरे । उनकै भनाई अनुसार कक्षा २ मा पढ्ने छोरालाई नजिकैको प्रा.वि.मा पुऱ्याउने अनि आफू पनि बौद्धधाम माध्यमिक विद्यालयमा (१:३० घण्टा को बाटो) जाने गर्न थाले । त्यहाँ एक वर्ष पढ्दा उनी अब्बल दर्जाको विद्यार्थी ठहरिए । त्यो विद्यालयमा

लगातार पढ्ने विद्यार्थीलाई पनि उछिनेर एस.एल.सी.मा प्रथम भए । यहीवापत पाएको २०००।–रुपैयाँ पुरस्कार रकम बोकेर आइ.ए. पढ्न भनी क्याम्पस गएको खुशी पनि उनीसँग छ । यसरी २८ वर्षको उमेरमा एस.एल.सी. गरेका क्षेत्रीले त्यसपछि भने लगातार स्नातकोत्तर डिग्री हासिल गरेका छन् । (शोधनायकबाट जानकारी)

उनले अन्तर्जातीय विवाह गरेर हो वा परिवारले उनको भावना नबुझेर हो अथवा उनले परिवारलाई समय दिन नसकेर हो, उनको पारिवारिक जीवन भने कहाली लाग्दो देखिन्छ । केही समयदेखि एक्लो जीवन व्यतीत गर्दै आएका क्षेत्रीका एक छोरा र एक छोरी छन् । छोरा, छोरी दुवैको विवाह भइसकेको छ । श्रीमतीसँग सम्बन्ध केही बिग्रेको अवस्था रहेको छ भने छोरोले बुबाको पदचाप पछ्याउन नसक्दा अत्यन्तै दुख लागेको बताउँछन् । यसरी पारिवारिक बेमेलको अवस्थाबाट गुज्रिरहेको क्षेत्रीको सोचाइसँग परिवारको सोचाइमा भिन्नता आउनु, परिवारले क्षेत्रीको भावनालाई कदर नगर्नु वा भावना नबुझ्नु नै पारिवारिक बेमेलको मुख्य कारण हो भन्न सकिन्छ ।

### २.४. आर्थिक स्थिति र सङ्घर्ष

साहित्यकार भीम क्षेत्रीले आर्थिक कठिनाईको सामना सानै उमेरबाट गर्दै आएको देखिन्छ । उनको बुबाको इलाम गोर्खे गा.वि.स.मा रहेको पुख्यौली घर, जग्गा सामन्ती महत थरका क्षेत्रीहरूले उनका बाजे कमानसिँहले ऋण खाएको निहुँमा कब्जा गरिदिएपछि सुकुम्बासी बनेका बुबा रत्न क्षेत्रीले बसाई सर्नु परेको तितो यथार्थले गर्दा साहित्यकार क्षेत्री जन्मँदै सुकुम्बासी बनेर जन्मेका थिए । यसरी बाउ, बाजेको घर, जग्गा,र सम्पतिबिहीन भएर बाल्यकाल बिताएका क्षेत्रीकै भनाइअनुसार उनको जुत्ता लगाउने धोको १६ वर्षको उमेरमा मात्रै पूरा भएको थियो । १ वर्षको उमेरमा सिक्किम छिरेका क्षेत्रीको ७ वर्ष उतै बितेको र ८ वर्षदेखि उनी इलाम, फिक्कल, पान्दाम मावलीमा आएर बसेका थिए । यसबेलाको आर्थिक अवस्थाको कहाली लाग्दो घटना उनी सम्झन पनि सक्दैनन् । उनी भन्छन् “आमाले बोहनी -(पारिश्रमिक) गरेर ल्याएको आलु र भुटेको मकै खाएर ५ वर्ष कटाएका थियौं ।” आर्थिक कठिनाइकै कारण पढाइ छाडेका क्षेत्री भने असाध्यै मिहिनेती व्यक्ति हुन् । उनको यही मिहिनेती

स्वभावले गर्दा नै उनले विद्यालय छाडेको ७ वर्षभित्र आफूले कमाउने जमिन किनेको बताउँछन् । यसबिचमा उनले सिकर्मी, डकर्मी, काठ काट्ने, घर बनाउने, घडी, रेडियो मर्मत गर्ने पशुपालनदेखि हलीको कामसमेत गरे । संसारमा मानिसले गर्न हुनेजति सबै काम उनले गरेका थिए । तर पनि उनको पढ्ने धोको भने पूरा भएको थिएन । यही धोको पूरा गर्नको लागि २८ वर्षको उमेरमा एस.एल.सी. पास गरे ।

यसरी दुःखमा भिजेका क्षेत्रीका सङघर्षका दिनहरू कहाली लाग्दो र रोमाञ्चक कहानीजस्तो बनेर अगाडि बढेको देखिन्छ । यसरी नै दुःख भोग्दै र सङ्घर्ष गर्दै आउँदा उनले मिहिनेतकै भरमा आर्थिक अवस्था केही सुधारेको देखिन्छ साथै आफ्नो पढाईलाई पनि अगाडि बढाउँदै उनले २७ वर्षको उमेरसम्म आइपुग्दा आफूलाई पुग्ने जमिन र घरसमेत निर्माण गरिसकेका थिए । यसपछि उनी पढ्न भनी विद्यालय जान थालेका देखिन्छ । यसरी घरपविारलाई पुग्दो गरी आर्थिक अवस्था सुदृढ बनाएर पढ्न थाले पनि उनको परिवारमा कोही पनि शिक्षित मानिस नहुनुको कारण छोरा-छोरीलाई उचित संस्कार र शिक्षा दिलाउने काममा कमी आयो जसले गर्दा क्षेत्रीले आफ्नो सन्तानलाई भनेजस्तो बनाउन नसकेको गुनासो व्यक्त गर्छन् । यो कुरा उनका कतिपय लेख, रचनामा पनि परोक्ष व्यक्त भएको पाइन्छ । (शोधनायकबाट प्राप्त जानकारी)

यसरी हेर्दा एकातिर उनले जति नै साहित्यिक, सामाजिक, राजनैतिक र शैक्षिक प्रगति गरे पनि पारिवारिक दृष्टिले उति नै विखण्डनतिर गइरहेको महसुस गर्न सकिन्छ । अलिक भावुक र एकान्तिक प्रवृतिका र केही न केही सोचिरहने विशेषता बोकेका क्षेत्रीको भावनालाई परिवारले नबुझिदिँदा वर्तमानमा प्रायः एक्लो जीवन बोकेर बिताइरहेको अवस्था रहेको पाइन्छ । तापनि उनको लगन र मिहिनेतमा कमी आएको छैन भन्ने कुरा हाल पनि करिब ६/७ वटा संघ/संस्थाहरूमा आवद्ध भएर काम गरिरहेको यथार्थले पुष्टि गर्दछ । यसरी मिहिनेत र सङ्घर्ष गर्न नडराउने क्षेत्रीको आर्थिक अवस्था अहिले पनि सुदृढ र समृद्ध हुन सकेको छैन तापनि उनकै भनाइमा "खान, लाउन र बस्नको लागि आफूलाई पुग्ने मात्रै कमाउने हो, बाँकी समय सामाजिक सेवामा लगाउनुपर्दछ, नत्र मानिस र पशुमा के अन्तर छ र ।" यही वाणीलाई उनले व्यवहारमा उतारिरहेका छन् भन्दा अत्युक्ति हुनेछैन ।

## २.५. रुचि, विचार र स्वभाव

हरेक मानिसको फरक, फरक रुचि र स्वभाव हुने गर्दछ, यही फरक रुचि, विचार र स्वभावकै कारण मानिसले भिन्न, भिन्न प्रकारले प्रतिभाको विकास गर्न सफल भएका हुन् नत्र त एउटै कारखानाबाट उत्पादन हुने वस्तुभन्दा मानिस फरक हुने थिएन होला । त्यस्तै फरक रुचि, फरक स्वभाव र फरक विचार बोकेका साहित्यकार भीम क्षेत्रीमा भिन्न, भिन्न आयामहरू देखिन्छ । साहित्यकार क्षेत्री सानैबाट अर्ध टुहुरो जीवन बिताएकाले होला उनलाई यो मिठो र यो नमिठो भनेर खाने कुरालाई विभाजन गर्दैनन् । घरमा जे पाक्यो त्यसैमा चित्त बुझाउने क्षेत्रीले नहिच्किचाइकन सानो छँदा दुःखको समयमा आलु र भुटेका मकैको भरमा कैयौं दिन काटेको यथार्थ सुनाउँछन् । नेपालका अधिकांश जनताको दुःखको तितो यथार्थ भोगेका क्षेत्रीले सानो छँदा वर्षमा एक पटक दशैंमा मात्रै चामलको भात देख्न पाइने कुरा बताउँछन् । वर्षभरिमा दशैंमा चामलको भात खान पाउँदाको रमाइलो अहिले पनि याद आउँछ । यसैले होला उनी हुर्केपछि जे खाए पनि पेटभरि खान पाउँदा आफैलाई सुखी सम्झने गर्थे । सायद अन्य मानिसलाई यो कुरा खाने रुचि, त्यो कुरा खाने रुचि भनेर गन्ती गर्छन् तर क्षेत्रीलाई यही कुरा खाने रुचि भन्ने छैन । उनलाई सबै अन्नको स्वाद र त्यसको क्यालोरी शक्ति उही लाग्छ । त्यसैले खाने कुरामा यही कुरा रुचिकर भन्ने छैन । त्यसैले साहित्यकार क्षेत्री अरुभन्दा फरक छन् भन्ने लाग्छ ।

त्यसै गरी उनलाई लगाउने कुरामा पनि यो राम्रो र यो नराम्रो भन्ने रुचिको कुरा छैन । शरीरमा लगाउने सर्ट र प्यान्ट अनि गर्मी लागेपछि त्यसमाथि ज्याकेट लगाउने बानी परेका क्षेत्री कपडा छानेर किनेर गर्दैनन् । उनलाई कपडाको खाँचो भयो भन्ने लागेपछि कपडा पसलमा जाने अनि यसो हेरेपछि किनिहाल्ने स्वभावका छन् । कस्तो कपडा किन्ने भन्ने अग्रिम योजना उनी बनाउँदैनन् । उनलाई आवश्यक पर्ने कपडा देखेपछि किनिहाल्ने स्वभावले गर्दा कति पटक त उनले किनेको कपडा नमिलेर अरूलाई सित्तैमा दिनु परेको कुरा पनि बताउँछन् । पहिला काठमाडौं आउँदा एकपटक जुत्ता किनेर कोठामा ल्याएछन् तर कोठामा आएर हेर्दा त जुत्ता दुई खालको परेछ, भोलि पल्ट साट्न जाँदा कुन पसलबाट ल्याएको हो भन्नेसमेत ठम्याउन नसकेपछि

त्यतिकै फाल्नु परेको यथार्थ पनि उनले सुनाएका थिए । यसरी खाने र लगाउने कुरामा अत्यन्तै बेवास्ता गर्ने क्षेत्रीको यही लगाउने रुचि भन्ने पनि केही छैन भन्ने कुरा माथिको घटनाबाट पनि थाहा हुन्छ । त्यसैले यी कुरामा पनि अन्य व्यक्तिहरू भन्दा फरक रुचि भएको व्यक्तित्व हुन् भन्न सकिन्छ ।

सधैँ केही न केही गरिरहने समयलाई खेर फाल्न नचाहने क्षेत्रीको स्वभाव पनि अनौंठो खालको रहेको पाइन्छ । हरेक कुरामा त्याग देखाउन सक्ने उनी कम बोल्ने, धेरै सुन्ने, कसैसँग धेरै विवाद गर्न नरुचाउने, आफैलाई लागेका कुरा प्रष्टसँग खुल्ला दिलले राख्न सक्ने व्यक्ति हुन् । अरुलाई व्यर्थै चिडाउँने काम गर्दैनन् र आफैलाई पनि मन नपर्ने कुरा नभनी देओस् भन्ने स्वभाव बोकेका क्षेत्री साथीभाइसँग हतपत्त रिसाइहाल्ने गर्दैनन् तर कुनै जनतालाई सेवा दिने कार्यालयतिर, कुनै संघ-संस्थातिर वा जनताको सेवा गर्न भनेर बसेका कुनै निकायले जनतालाई दुःख दिने नियतले काम गर्न लागेको देख्नेबित्तिकै जाइलाग्ने स्वभावका छन् । एकपटक पञ्चायत कालमै इलामको नापी शाखामा जग्गा पास गर्ने सिलसिलामा अमिनीले कित्ताकाट गर्नको लागि घुस माग्दा तुरुन्तै जाइलाग्दा कार्यालयमै कुटाकुट परेको घटना उनी सम्झन्छन् । कहिलेकाही मन मिल्ने साथीहरूसँग हँसिमजाक पनि गर्ने क्षेत्री "जानीजानी अरुलाई दुःख दिनुहुन्न" भन्ने गर्छन् र आफैलाई पनि दुःख दिने काम गर्‍यो भने उनकोतुरुन्तै रिसाउने बानी छ । साथै त्यो दिनदेखि कुन कुरामा चित्त दुखेको हो र कसले दुखाएको हो, त्यसबाट टाढै रहने प्रयास गर्छन् ।

"आफूलाई मन नपर्ने कुरा अरुलाई पनि मन पर्दैन" भन्ने राम्ररी बुझेका क्षेत्रीको अरुलाई घोचपेच गर्ने बानी छैन । मिलनसार, मृदुभाषी, भावुक, सहनशील, तर अन्याय सहन नसक्ने स्वभाव बोकेका क्षेत्रीलाई एकाग्र चित्तले पढिरहेको समय वा केही कुरामा डुबेर लेखिरहेको बेलामा कसैले नबोलाइदिए हुन्थ्यो भन्ने लाग्छ । पहिले, पहिले हातैले लेख्ने बानी बसेको क्षेत्री अहिले घरैमा कम्प्युटर राखेर केही न केही लेखिरहने गर्दछन् । स्वास्थ्यमा अति ध्यान दिने क्षेत्रीलाई ग्यास्टिकबाहेक हालसम्म कुनै पनि रोग छैन । "मानिसको धन नै स्वास्थ्य शरीर हो" भन्ने राम्ररी बुझेका क्षेत्री साधा

खाना, स्वस्थ पानी अनि प्रायः बाहिर पसलमा बेच्न राखिएको खाने कुरा खान रुचाउँदैनन् ।

उनको नराम्रो बानी पनि छ, उनी कसैले आफैलाई नराम्रो लाग्ने काम वा कुरा गरिरहेको देख्यो भने तुरुन्तै प्रतिक्रिया दिइहाल्ने बानीले कतिपय अवस्थामा आफैलाई हानी पुऱ्याएको बताउँछन् । त्यसै गरी परिवारका सदस्यहरूले आफूले हिँडेको बाटोमा वा देखाएको बाटोमा नहिँड्दा अलि खरो भएर प्रस्तुत हुने बानीले परिवारसँग मेल हुन नसकेको उनी बताउँछन् । उनी अलिक दयालु स्वभावका पनि छन् । गरिब, दुःखी र पीडामा परेका साथै घटना, दुर्घटनामा परेका मानिस, बालबच्चा, महिला, केटाकेटी देखे भने आफै सहयोगको लागि तम्सिहाल्ने बानी छ । यस स्वभावले गर्दा कतिपटक त उनी आफै अप्ठ्यारोमा परेका घटनाहरू सुनाउँछन् । आफैलाई मन नपर्ने कुरा तुरुन्तै त्याग्न सक्ने बानीले गर्दा अति मिल्ने साथी, सहयोगी मान्छे गुमाएको घटना पनि उनीसँग रहेको छ । उनी कसैसँग चाकरी, चाप्लुसी गर्न नजान्ने हुनाले राजनीतिमा पछि परेको बताउँछन्, कोही उनकै दवाँली साथीहरू नेताको चाकरी गरेर पैसा कमाएको, माथिल्लो पद हत्याएको घटना सम्झँदै उनी भन्छन् "मानिसले आफ्नो योग्यता, क्षमता र कामले माथि उक्लने हो तर यहाँ यसको ठिक उल्टो भइरहेको छ ।" यिनै कमजोरी पक्षहरू औल्याउन सकिन्छ ।

यी विविध प्रवृति बोकेका क्षेत्री युवा अवस्थामा आर्थिक, पारिवारिक र सामाजिक तनाव र डिप्रेसनमा परेको बेला जाँड, रक्सी, चुरोट, बिँडी, जस्ता मादक पदार्थ सेवन गर्ने गर्थे । तर विगत २६ वर्षदेखि हालसम्म ती सम्पूर्ण लतहरू त्यागेर साहित्यिक, सामाजिक, राजनैतिक क्रियाकलापमा संलग्न रहँदै सक्रियताका साथ लाग्दै आएका छन् । आफूलाई जस्तोसुकै दुःख, पीडा र अभाव आइलागे पनि अरूलाई सहयोग माग्नका लागि हात पसार्न मन नगर्ने स्वाभिमानी स्वभाव भएका क्षेत्री जस्तै दुःख पनि सहन सक्ने एक अनौंठो व्यक्तित्व हुन् । सक्दो आफू सहयोग गर्न तम्सने क्षेत्री शरीरका सम्पूर्ण अङ्ग ठिक भएर पनि अरूमा निर्भर रहने, अत्मनिर्भर नहुने व्यक्तिलाई "परजीवी" ठान्छन् ।

## २.६. युवा अवस्था

साहित्यकार भीम क्षेत्रीको युवा अवस्थामा आर्थिक कठिनाई, पारिवारिक तनाव र सामाजिक अपमानर हेपाइका कारण अत्यन्तै दु:खदायी अवस्थाबाट गुज्रेको देखिन्छ । उनी भन्छन् "मैले २५ वर्षको उमेर पुग्दै गर्दा एकपटक आत्महत्या गर्ने सोच बनाएको थिएँ तर के को आशाको डोरीले बाँधेर यहाँसम्म ल्यायो मलाई नै थाहा छैन ।" दुई छोरा-छोरी र एक श्रीमतीसहित परिवारको दायित्व बोकेका क्षेत्री कुनै पनि कुरा चाँडै सिक्न सक्ने खुबी भएकाले हार्मोनियम, गितार, मादल, बाँसुरी, बेञ्जोबाजा आदि सङगीत सामग्रीहरू पनि राम्ररी बजाउन सक्छन् । दु:ख र तनावकै बिचमा पनि युवा अवस्थामा कामबाट फुर्सद निकालेर गीत लेख्ने, गाउने र साथी-भाइको टोली नै बनाएर गाउँ-गाउँ गाउदै हिँड्ने गर्थे । यसक्रममा उनी इलामका हरेक गा.वि.स. पुगेका छन् ।

यसै गरी उनी युवा छँदा गाउँमै "अँलैची विकास योजना" सरकारले स्थापना गरेकाले त्यहाँ अलैंची बगान हेर्ने मालीको काम गरे । यही बेला उनको जीवनले नयाँ, नयाँ कुरा सिक्ने मौका पाएको बताउँछन् । मानिसहरू नयाँ, नयाँ विचार, नयाँ, नयाँ काम, कुरा ल्याएर आउने हुनाले क्षेत्रीले उनीहरूबाट हरेक पल नयाँ कुरा सिक्ने मौका पाए । यसबाट पढेर नै मानिसले नयाँ काम गर्न सक्नेरहेछ भन्ने कुरा पनि सिके । त्यसपछि नै उनमा पढ्ने बलियो इच्छा जाग्यो । यही समयमा उनले फुटबल खेल्ने, भलिबल खेल्ने अभ्यास गर्दै गए । यो कार्यालय र गाउँकै टिममा उनी सामेल भएर धेरै ठाउँमा खेलहरू पनि खेलेका थिए । उनी फुटबल खेलप्रति रुचि राख्छन् त्यसैले अहिले पनि फुटबलका अन्तराष्ट्रिय खेलहरू हुँदा टि.भी.मा नछोडिकन हेर्ने गर्छन् ।

(शोकनायकसँगको अन्तर्वार्ता, २०७२/४/१६)

## २.७ साहित्यप्रति रुचि

स्रष्टा भीम क्षेत्रीको बाल्यकाल र युवाकाल दु:खको भुँवरीबाट गुज्रेको हुनाले सानैबाट भावुकतामा रमाउने बानी परेको थियो । त्यसैले केही कुरा सोचिरहने बानी थियो र अहिले पनि छ । यसले उनलाई अनेक कुराहरू चिन्तन, मनन गर्न

सिकायो । यसर्थ उनको साहित्यिक मनको मुना यहीबाट टुसाएको देखिन्छ । यसरी साहित्यप्रतिको रुचि सानैबाट पलाएको थियो भन्ने कुरा १३ वर्षकै उमेरमा “आमा” शीर्षकको कविता लेखेर पत्रिकामा प्रकाशन हुनुले पनि पुस्टि गर्दछ । तर उनीभित्र साहित्यप्रति असाध्यै रुचि जगाउने र बढाउने काम भने २०३६ सालमा भएको बहुदलीय र निर्दलीय व्यवस्थाको निर्वाचनले हो, भन्दा फरक नपर्ला । त्यसबेला खुल्ला रूपमा कम्युनिष्ट र काँग्रेसले जनतामा भोट माग्न जाँदा जनवादी गीतहरू गाउँदै र जनतालाई आकर्षण गर्नको लागि देश, विदेशले गरेको उन्नतिका अनेक घटना, परिघटनाका पुस्तकहरू ल्याएर जनतालाई बाँडेका थिए । उनले यो मौकामा धेरै पुस्तकहरू बटुलेर अध्ययन गरे । यी पुस्तकहरूमध्ये कतिपय पुस्तकहरू चिनियाँ लेखकहरूले लेखेका त्यहाँका क्रान्ति र त्यसका नायकहरूको कथा, निबन्ध, र उपन्यासहरू थिए । उनलाई दिएका ती समग्र पुस्तकहरूको अध्ययन अँलैची विकासमा काम गर्दै गर्दा नै गरेका थिए । यहीबेलादेखि उनले जनवादी गीतहरू लेख्दै र गाउँदै हिँड्न शुरू गरे । कालन्तरमा उनको यो रुचि फैलिँदै र झ्याँगिदै गयो र अन्तत : २०४९ सालमा “बेवारिशे लाश” नाट्यसङ्ग्रह, अनि २०५२ सालमा “अँध्यारामा बाँच्नेहरू” गितीसङग्रह पुस्तकाकार कृति निकाल्न सफल भए । त्यसपछि उनले लगातार कुनै न कुनै रूपमा साहित्य लेखिरहेकै देखिन्छ ।कहिले भीम जीसी, कहिले भीष्म क्षेत्रीको नामबाट समेत गीत, कथा, कविता आदि साहित्यमा कलम चलाउँदै आएका भीम क्षेत्रीले “भीम जीसी” “गोतामे कान्छा” “भीष्म क्षेत्री” “अन्तरे काका”,बी.जीसी, “अजन्त गौतम” आदि उपनामबाट पनि केही लेख, रचनाहरू लेखेर प्रकाशन गरेका छन् र गर्दै आएका छन् ।

## २.८ राजनीतिक जीवन

स्रष्टा भीम क्षेत्रीको राजनैतिक जीवनको शुरुवात पनि २०३६ सालको “बहुदलीय कि निर्दलीय व्यवस्था ?” भन्ने निर्वाचनको बेलादेखि नै भएको देखिन्छ । हुन त उनको संस्मरण अनुसार त्योभन्दा अगाडिदेखि नै कम्युनिष्ट कार्यकर्ता (नेता पनि) नर्बु किँरातसँगको सामिप्यताले गर्दा १५/१६ वर्षकै उमेरबाट कम्युनिष्ट

सिद्धान्तप्रति झुकाव बढेको देखिन्छ तापनि उनको सशरीर संलग्नता २०३६ सालबाट नै राजनीतिमा रहेको पाइन्छ । त्यसपछिदेखि हालसम्म पनि निरन्तर रूपमा कुनै न कुनै रूपमा क्षेत्री कम्युनिष्ट आन्दोलनमा लागिरहेकै छन् ।

स्रष्टा क्षेत्री २०३७/०३८ सालतिरै मालेको साधारण सदस्य बनेका थिए । त्यसपछि लगातार कम्युनिष्ट पार्टीको सम्पर्कमा रहेर नेपालको सामन्ती समाजको विरुद्ध लाग्दै आएका व्यक्तित्व हुन् । यसरी कम्युनिष्ट पार्टीको सदस्य लिएका क्षेत्रीले अनेकौँ उतारचढाव सहेर, झेलेर अगाडि बढ्दै जाँदा २०३८ सालको असारमा इलाममा भएको किसान आन्दोलनको क्रममा पक्राउ परी १०१ दिन जेल सजाय पनि भोगेका छन् । यसपछि पनि उनी सक्रियतापूर्वक राजनीतिमा जोडिँदै आएका छन् भने २०४६ सालको जनआन्दोलनमा क्याम्पसबाट अनेरास्व.वि.यु.मा जोडिएर समेत उनले राजनैतिक परिवर्तनको लागि योगदान दिएका थिए । यसपछि माले पाटी एमाले बनेको पार्टीको सक्रिय सदस्य भएर क्याम्पसस्तरमा राजनीति गरेका क्षेत्रीले यही समयदेखि साहित्यतर्फ पनि एककदम अगाडि फड्को मारेको देखिन्छ ।

यसपछि २०४६ देखि २०५६ सम्म एमालेमै रहेर काम गर्दै आएका क्षेत्री एमाले विभाजनपछि पुनः मालेलाई सहयोग र समर्थन गरे पनि पुनः माले, एमालेमै मिसिन पुगेपछि उनले केही समय निश्क्रिय रहने निर्णय गरे । यही योजना अनुरूप उनले अर्थशास्त्र विषयमा एम.ए.गर्न भनी २०५९ सम्म निश्क्रिय रहे तर उनले विविध कारणले यो अध्ययन पूरा गर्न भने सकेनन् । त्यसपछि पुनः युद्धरत कम्युनिष्ट पाटी माओवादीलाई सहयोग र समर्थन गर्न थाले । त्यसपछि ने.क.पा.माओवादीलाई सहयोग र समर्थन गर्न शुरू गरेका क्षेत्रीकै पहलमा २०५९ सालमा नेपालमा निजी विद्यालयले शिक्षक, अभिभावक दुवैको शोषण गर्दै ब्रम्हालुट मच्चाइरहेको अवस्थामा एउटा बिद्रोहको आँधी सिर्जना गर्न भनेर “संस्थागत विद्यालय शिक्षक युनियन” नामक संगठन सञ्चालनमा ल्याए । तर यसलाई १ वर्षसम्म दर्ता गर्नसमेत मानेन तापनि एकातिर संगठनको बल र अर्कातिर प्रजातान्त्रिक कानुनलाई हतियार बनाएर मुद्धा लड्दै जाँदा सरकारले यस युनियनलाई २०६० साल माघ १ गते दर्ता गर्न बाध्य भएको थियो । त्यसै गरी २०६२/०६३ सम्म आइपुग्दा ने.क.पा.माओवादीसमेत

शान्तिकालमा आइपुगेपछि यो “संस्थागत विद्यालय शिक्षक युनियन” र “अखिल नेपाल शिक्षक संगठन” को पहलमा विशेष गरी अखिलका अध्यक्ष गुणराज लोहनी र इस्टुको महासचिव भीम क्षेत्रीको पहलमा “शैक्षिक गणतान्त्रिक मञ्च” नामक संयुक्त शिक्षक संगठन निर्माण गरी यस संस्थाको पनि क्षेत्री महासचिव नै रहेर १३ दिनसम्म शैक्षिक हडताल गरी सरकार र राज्यविरूद्ध बिद्रोह गरेका थिए । यसबेला शैक्षिक व्यापारीको धरहरा भत्केको थियो भने शैक्षिक परिवर्तनको ढोका खुलेको अवस्था थियो । तर यसलाई संस्थागत गर्न नसक्दा पुनः यो क्रम दोहोरिँदै गएको कुरा स्रष्टा क्षेत्री बताउँछन् ।

यसपछि पनि क्षेत्री निरन्तर रूपमा राजनैतिक गतिविधिमा पनि संलग्न छन् । हालसम्म उनी पार्टीको जिल्ला तहको नेतृत्व गर्दै क.बादल,क.देव गुरुङ, क. पम्फा भुषाल लगायतले एमाओवादीसँग एकता गरेपछि बनेको ने.क.पा.माओवादी केन्द्रका केन्द्रीय सदस्यसमेत भइसकेका छन् । यसरी क्षेत्रीको राजनैतिक सक्रियता पनि उतिकै सशक्त रूपमा अगाडि बढिरहेको देखिन्छ । उनी भन्छन् “मेरो स्वास्थ्य र शरीरले सकेसम्म म कुनै नै कुनै रूपमा जनताको मुक्तिदिलाउने आन्दोलनमा सरिक भइरहनेछु, यसबाट आफू कहिल्यै बिचलित हुनेछैन” । भन्दछन् । (शोधनायकसँगको अन्तर्वार्ता, २०७२/४/१६)

## २.९ पेसा र जागिर

स्रष्टा क्षेत्री सानैबाट काममा भिजेका व्यक्ति भएकाले उनी कुनै काम ठूलो कुनै काम सानो भन्ने हुँदैन भन्छन् । त्यसैले उनले जीवनमा धेरै प्रकारका पेसा अङ्गालेका छन् । १३/१४ वर्षकै उमेरमा विद्यालयको पढाई छाडेर गाउँमा जग्गा ठेक्कामा ( आफ्नो जमिन थिएन) लिएर खेती, किसानीलाई मूल पेसा बनाए । मूल पेसा खेतीपातीलाई बनाए पनि बिचबिचमा उनले काठ काट्ने, सिकर्मी, डकर्मी, घर बनाउने, बाटो बनाउने, कुलो बनाउने जस्ता ठेक्कापट्टाको काम गर्ने,साथै माली, चौकीदारको काम गर्ने जस्ता सहायक पेसा पनि अङ्गोलेर आर्थिक रूपमा सबल बनाउँदै लगेका थिए । यही १३ देखि २७ वर्षको बिचमा उनले गरेको सङघर्ष र

मिहिनेतलाई परिवारले नबुझीदिँदा पारिवारिक, मानसिक तनाव अत्यन्तै चर्को रूपमा भोग्नु परेको तितो यथार्थ उनीसँग रहेको छ । यसरी अनेक दुःःख र पीडाको बिचबाट गुज्रेका क्षेत्रीको जीवनले किसानी पेसामा रहेर १४ वर्ष बिताए अनिआर्थिक आर्जनको लागि अनेकौं प्रयासहरू र दुखहरू बेहोरे तर सामन्ती तथा पुँजीवादी शोषणमुलक समाजले उनलाई केही पनि नदिएको अनुभूति गरे । उनले यसरी जतिसुकै दुख र कष्ट बेहोरे पनि राज्य व्यवस्था ठिक नभएसम्म जनताको मिहिनेत र परिश्रमको फल तिनै शोसक वर्गको पोल्टामा जाने रहेछ, भन्ने कुरा व्यवाहारबाटै अनुभव गरे । यसरी आर्थिक आर्जनको कामबाट मानसिक र शारीरिक सुखको अनुभूति पटक्कै नभएको अनुभूत गरेपछि उनी केही ज्ञान हासिल गरेर जनमुक्तिको बाटोमा दर्बिलै ढङ्गले नलागी नहुने रहेछ भनी घर,व्यवहार सारा त्यागेर शिक्षा आर्जनतर्फ लागेका थिए ।

उनले एस.एल.सी. उतीर्ण गरेपछि क्याम्पस पढ्न भनी सदरमुकामतर्फ लागे तर पैसा नहुँदा कैयौँ दिन भोकभोकै बस्नु परेको यथार्थ पनि उनीसँग छ । तर उनलाई मिहिनेत गर्न नडराउने बानी बसेकाले क्याम्पस पढ्दा बिहान क्याम्पस जाने दिनमा ( साथीहरूको आँखा छलेर भएपनि) इलाम बजारको होटलमा काम गर्न जान्थे । साथीहरूबाट लुकीछिपी होटलको भाँडा माझ्थे, खाना पकाइदिन्थे कहिले काँही साहुसँग गाउँमा लगाएको ऋण उठाउन जान्थे । तर अभाव र दुःखले थिचिएका निरीह गाउँलेहरूलाई साहुले गाली गर्दा भने नराम्ररी क्षेत्रीको मन कुँडिन्थ्यो । यस्तै कामबाट आएको पैसाले उनी आफ्नो खाने, बस्ने र क्याम्पस खर्च जुटाउँथे । साथीहरूबाट छलिनुपर्दा अति कष्ट लाग्ने गर्थ्यो, एकदिन भाँडा माझिरहेको दृश्य एकजना केटी विद्यार्थी साथीले देखेर "यो होटल तपाईको हो ?" भन्दा उनी अक्क न बक्क परेको घटना पनि उनी सुनाउँछन् । यसै गरी उनले क्याम्पस पढ्दा बेलुका ट्युसन पनि पढाउने गर्थे, एवम् रितले उनले इलाम क्याम्पसबाट ब्याचलर डिग्री हासिल गरिसकेपछि उनी एम.ए. पढ्न भनी काठमाडौं आए । काठमाडौंमा पनि उनले यस्तै अनेकौं हण्डरहरू धेरै झेल्नु परेको तितो अनुभव उनीसँग रहेको छ । काठमाडौंमा ३/४ वटा निजी बोर्डिङ स्कुलहरू चाहर्दा पनि उनले कुनै पनि स्कुलमा सहज अनुभूति नभएपछि सबै ठाउँमा उही रहेछ, मैले यसैलाई सहज बनाउने कार्य गर्नुपर्छ, यहीबाट

संघर्षको बिज रोप्नुपर्छ, त्यही नै उचित हुन्छ, भन्ने ठानेर उनी हाल कार्यरत विद्यालयमै २०५३/०५४ देखि अड्डी लिएर बसेका छन् । हालसम्म पनि त्यही कार्यरत उनी एम.ए.उर्तीणपछि केही निजी क्याम्पसहरूमा पनि पढाउने काम गर्छन् । कहिले पढाउँछन् त कहिले छाड्छन् तापनि उनले अध्यायपन पेसालाई अङ्गाल्दै आएका छन् । यसरी उनको पेसागत सवालहरू पनि उनको जीवनको घुम्तीजस्तै उकाली र ओराली बन्दै आएको पाइन्छ ।

## २.१० संघ,संस्थामा आबद्धता

स्रष्टा भीम क्षेत्री सानैबाट सामाजिक सेवामा लाग्दै आएका व्यक्तित्व हुन् । उनले समाजको महत्व सायद सानैमा बुझेकोले होला, अर्ध टुहुरो बन्नु परेकाले वा असहाय र निरीह जीवनबाट आफ्नो भविष्य खोज्नु परेकोले होला, समाजको महत्व र आवश्यकता सानैबाट महसुस गरे, अनुभूत गरे । त्यसैले उनी हरेक सामाजिक क्रियाकलाप र गतिविधमा संलग्न हुने गर्दछन् । उनीसहित गाउँका धेरै साथीहरू मिलेर पञ्चयात कालमै “चारपाते क्लब” नामको संस्था खोलेर सामाजिक, सांस्कृति कार्यक्रमहरू गर्ने गर्थे, भने २०४७ सालमा उनी संस्थापक सदस्य रहेको सामाजिक संस्था इलाम फिक्कलमै “श्री सूर्योदय सामाजिक समिति” नामक संस्था खोलेर समाज कल्याण मन्त्रालयमा दर्ता गरेर त्यसमार्फत धेरै काम गरेका छन् । महिलाहरूलाई सिलाइ, बुनाइको काम सिकाउने, गाउँ सफाई अभियान सञ्चालन गर्ने, आदि काम गरेर उदाहरणीय बनेको छ । हाल उनले त्यो संस्था अरूलाई नै जिम्मा दिएर आएपछि त्यसमा संलग्नता छैनन् तापनि त्यो संस्थामा उनको लगानी छ । तर त्यै नामबाट हाल त्यस क्षेत्रको नगरपालिकाको नाम पनि “श्री सूर्योदय नगरपालिका” राखिएकोमा भने उनी ज्यादै खुशी व्यक्त गर्छन् ।

यसरी उनको सामाजिक संघसंस्थाप्रतिको झुकावले काठमाडौं बसाइपछि नयाँ मोड लिएको छ । अलिक वृहत बन्न गएको छ, इलामबाट काठमाडौं आएपछि इलाम जिल्ला त्यै पनि आफू हुर्केको, बढेकोठाउँ फिक्कलको लागि केही गर्न सकिन्छ कि भनेर केही साथीहरूसँग मिलेर “फिक्कल सरोकार समाज” नामक संस्था खोलेर २०५८ देखि

नै केही कार्यहरू सम्पादन गर्दै आएका छन् । त्यसै गरी २०५९/०६० मा (निजी विद्यालयमा काम गर्ने शिक्षकहरूको संगठन) “इस्टु” नामक संस्था खोलेर शैक्षिक उन्नयनको लागि र शैक्षिक व्यापारको विरुद्धमा सामाजिक सञ्जालसँग सहकार्य गर्दै आएका छन् । उनी संस्थापक सदस्य रहेको इस्टुको हाल उनी महासचिवसमेत रहेका छन् । अहिले यो संस्था अन्तराष्ट्रिय शिक्षक मञ्च, दक्षिण एशियाली शिक्षक फेडेरेसन, नेपाल शिक्षक महासंघमा समेत आबद्ध भई शैक्षिक उन्नतिको लागि र देशमा बढ्दै गइरहेको शैक्षिक व्यापारविरुद्ध काम गर्दै, श्रमशोषणको विरुद्ध आवाज उठाउँदै आएको छ । यस्तो गरिमामय संस्थाको महासचिवजस्तो पदमा रहेर काम गर्नुलाई कम आँक्नुहुन्न भन्नुपर्दछ ।

त्यसै गरी उनी एकीकृत अखिल नेपाल लेखक संगठन, एकीकृत अखिल नेपाल लेखक महासंघका सदस्य साथै एकीकृत अखिल नेपाल शिक्षक संगठनका उपमहासचिवको पदमा समेत रहेर उनी शिक्षक हक, अधिकारको लागि लडिरहेका छन् । त्यसै गरी उनी प्रगतिशील लेखकहरूको साझा संस्था “प्रगतिशील लेखक संघ” को काठमाडौं सचिव पदमा पनि क्रियाशील रहेका छन् । यसका अतिरिक्त उनी शृङ्खला साहित्यिक मासिकको प्रधान सम्पादक, ज्ञानपुञ्ज द्वैमासिकको प्रकाशक/सम्पादक, शैक्षिक ज्ञानमञ्च त्रैमासिक पत्रिकाको संयोजक सम्पादक पनि हुन् । यसरी हरेक क्षेत्रका संघसंस्थामा आवद्ध रही क्रियाशील रहेका क्षेत्रीलाई नेपाली समाजको एक ऊर्जाशील व्यक्तित्व हुन् भन्न सकिन्छ ।

### २.११. मान/सम्मान

साहित्यकार भीम क्षेत्रीको स्वभाव “कर्म गर, फलको आशा नगर” भन्ने गीताको पाठमा भएको उद्धरणसँग मेल खान्छ । उनी “बोल्नुभन्दा बढी काम गर्नुपर्छ” भन्छन् । त्यसैले उनी काम गर्ने तर फलको आशा कम गर्ने प्रवृतिका छन् । त्यसैले उनी हरेक क्षेत्रमा सक्रीय भई काम गर्छन् तर मुल्याङ्कनको आशा कम गर्छन् ।त्यसैले उनले आजसम्म ठुला पुरस्कार पाएका पनि छैनन् “आशा पनि गर्दिनँ” भन्छन् । तापनि उनले २०४८ सालमा “बेवारिसे लाश” नाटक लेखेर देखाएपछि त्यसबाट प्रभावित

भएर इलाम क्याम्पसको तर्फबाट पुरस्कार र सम्मान प्राप्त गरेका थिए । त्यसै गरी अनेरास्व वि.यू.को तर्फबाट पनि सम्मान प्रदान गरिएको थियो । त्यसै गरी उनलाई २०६६ सालमा लीलाबल्लभ-राधिका प्रतिष्ठानको तर्फबाट “स्रष्टा अभिनन्दन” पुरस्कार र सम्मान-पत्र प्रदान गरिएको थियो ।

त्यसै गरी नेपाल सरकारको तर्फबाट राम्रो अध्यापन गरेवापत दिइने “असल शिक्षक सम्मान” २०६७ मा प्राप्त गरेका थिए । यसरी नै अरू पनि भिना, मसिना सम्मान र पुरस्कारहरू प्राप्त गरेका छन् तर उनले “यस शोधकार्यको लागि उल्लेख नगर्नु नै राम्रो हुन्छ” भन्ने सल्लाह दिएकाले यसमा ती साना-साना पुरस्कार र रकमहरू उल्लेख गरिएको छैन । केही नगन्य मान/सम्मान प्राप्त गरे पनि सिर्जनातर्फ लागेका उनको मूल्याङकन समयले गर्ने नै छ, । उनको भनाइ अनुसार यसमा उनलाई न गुनासो छ न त हतारो नै । उनी भन्छन् “यसमा मलाई कुनै गुनासो छैन र हतारो पनि, अभ्कै मैले गर्न धेरै बाँकी छ, अरू गर्दै जानुपर्छ” । यसप्रकारको प्रवृति भएका क्षेत्री यस स्थानमा उभिएर भन्नुपर्दा मान र सम्मान गर्न लायक व्यक्तित्व हुन् ।

## २.१२ निष्कर्ष

साहित्यकार भीम क्षेत्री इलामको विकट ठाउँमा जन्मेर भारत, सिक्किम चाहर्दै पुनः मावली घरमा शरण लिएर बसेका व्यक्ति हुन् । उनले सानैबाट दुःखको सामना गर्नु परेकोले जस्तोसुकै दुःख, कष्ट र सङ्घर्षबाट विचलित नहुने प्रवृतिका व्यक्ति हुन् । मिहिनेत गर्न नडराउने क्षेत्री सुकुम्बासी जीवनबाट माथि उठेर घर, जग्गा जोडेर अनि छोरा, छोरी हुर्काउँदै प्रवेशिका उर्तीणका साथै एम.ए, बि.एड.सम्मको शिक्षा हासिल गर्न सक्नु सबैका लागि प्रेरणप्रद व्यक्तिको रूपमा मान्न सकिन्छ । “काम भनेको सानो र ठूलो हुँदैन, कुशलतापूर्वक गरिने जुनसुकै काम उतिकै सम्मानजनक हुन्छ” भन्ने क्षेत्रीका एक छोरा, एक छोरी छन् भने हाल दुवैको बिहे भइसकेको छ । पारिवारिक बेमेल भेल्न विवश क्षेत्रीले गरेको दुःख, सहेको पीडा र भोगेका समस्याहरूको जीवन सङ्घर्षको कथा सुन्ने र बुझ्ने जो सुकैलाई कहाली लाग्न सक्छ । यसरी अगाडि

बढ्दै जाँदा बिच बाटामा आएका अवरोधहरूपार गर्दै हालसम्म आउन सफल भएका छन् ।

सानैबाट भावुक प्रवृति बोकेका क्षेत्री सामाजिक कार्यमा संलग्न हुन रुचाउँछन् भने साहित्यिक, राजनैतिक क्षेत्रमा पनि उतिकै सक्रिय हुँदै आएका छन् । गीत, कविता, नाटक र कथा लेख्न कुशल क्षेत्रीले हालसम्म पाँच वटा पुस्तकाकार कृति प्रकाशन गरिसकेका छन् भने सयौंको संख्यामा फुटकर साहित्यिक रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन गर्दै आएका छन् । उनी शिक्षा क्षेत्रमा पनि संलग्न रहिआएकाले उनी नेपालको शैक्षिक क्षेत्रको विकृति, विसङगतिप्रति पनि उतिकै जानकार छन् । त्यसैले शैक्षिक विषयका लेख, रचनाहरू पनि प्रशस्त लेखेकेका छन् । यसरी साहित्येत्तर लेख, रचनामा पनि चासो दिने क्षेत्रीले राजनैतिक, सामाजिक र शैक्षिक विषयका लेखहरू पनि पत्रपत्रिकामा प्रकाशन गर्दै आएका छन् ।

मार्क्सवादी दर्शनलाई जीवनको आधार मान्ने क्षेत्री प्रगतिवादी साहित्यकार हुन् । उनले प्रगतिवादी साहित्यको क्रान्तिचेतन भावधाराको खोजी गरेर ८४ पृष्ठ लामो अनुन्धनात्मक लेखसमेत लेखेका छन् । यसरी अध्ययनशील स्वभावका क्षेत्री पत्रकार पनि हुन् । उनले शृङ्खला साहित्यिक मासिक पत्रिका, ज्ञानपुञ्ज द्वैमासिक पत्रिका, शैक्षिक मञ्च त्रैमासिक पत्रिकाको प्रकाशक, प्रधान सम्पादक रूपमा रही काम गर्दै आएका छन् । जीवनयापनको लागि उनी हाल अध्यायपन कार्यमा पनि संलग्न छन् । यसरी बहुमुखी आयाम बोकेका क्षेत्री कम बोल्न, धेरै सुन्ने प्रवृतिका छन् भने चर्चा, परिचर्चामा रमाउने बानी छैन । साधारण खान,पान, भेषभुषा र साधा र सरल जीवनशैलीका क्षेत्रीलाई समग्रमा भन्नु पर्दा "साधा जीवन,उच्च विचार" को सैद्धान्तिक प्रभाव ग्रहण गरेका व्यक्तित्वको रूपमा लिन सकिन्छ ।

उनी हाल काठमाडौंको बालाजुमा डेरा गरी एक्लै बस्छन् भने बिहान निजी कलेज, दिनमा (१ बजेसम्म) निजी विद्यालय र अन्य समय साहित्यिक, सामाजिक र राजनैतिक कार्यमा संलग्न रहँदै आएका छन् । कहिले भीम जीसी त कहिले भीष्म क्षेत्री त कहिले गोतामे कान्छा त कहिले अन्तरे काका, कहिले बी.जीसी त कहिले अजन्त गौतम उपनामबाट गीत, कविता, र अन्य लेख, रचनाहरू लेख्दै आएका साहित्यकार

भीम क्षेत्रीले प्रकाशित, अप्रकाशित गरी एक दर्जनभन्दा बढी पुस्तकहरू सिर्जना गरिसकेका छन् । उनको व्यक्तित्व चारैतिर फैलिए पनि उनलाई राजनीतिमा भन्दा सामाजिक कार्यमा र सामाजिक कार्यमा भन्दा बढी साहित्यिक कार्यमा बढी रुचि र सफलता मिलेको देखिन्छ ।

# परिच्छेद : तिन

## भीम क्षेत्रीको व्यक्तित्वको अध्ययन

### ३.१ विषय प्रवेश

साहित्यकार भीम क्षेत्री बहुआयमिक प्रतिभा भएका एकजना जल्दा-बल्दा स्रष्टा हुन् । क्षेत्रीले सानैबाट केही न केही कार्य गर्दै आएको देखिन्छ । उनले विद्यालयीय शिक्षा आर्जन गर्दै गर्दा नै आफ्नै विद्यालयका भित्ते पत्रिका र विद्यालयको मुख पत्रहरूमा कविताहरू लेख्ने गर्थे । उनले कक्षा ७ मा पढ्दै गदा “आमा” शीर्षकमा एउटा कविता लेखेर जुनेली नामको पत्रिकामा छपाएका थिए । त्यसै गरी उनले आफ्ना विद्यालयका ठुला कक्षाका विद्यार्थीहरूसँग मिलेर नाटकमा अभिनय गर्ने काम पनि गर्थे । यसबाट उनमा सानैदेखि साहित्यप्रति रुचि थियो भन्ने कुरा प्रस्ट हुन्छ । अलिक भावुक प्रवृतिका क्षेत्री एकान्तिक वातावरणमा एक्लै रमाउन मन पराउँछन् तर एकान्तिकको फाइदा उठाउँदै उनी समाजका हरेक गतिविधिलाई अन्तर्मनले हेरिरहेका हुन्छन् । यही हेराइबाट उनी समाजको विसङ्गतिलाई टपक्क टिपेर साहित्यलेखनमा रमाउन पुग्छन् । उनका हरेक साहित्यिक रचनामा ग्रामिण समाजको चित्रण पाइन्छ ।

व्यक्तिगत स्वार्थमा भन्दा बढी सामाजिक कार्यप्रति रुचि राख्ने र हरेक पीडित मानिसहरू देख्दा सक्दो सहयोग गरिहाल्ने प्रवृतिका क्षेत्रीको व्यक्तित्व साहित्यिक, सामाजिक, शैक्षिक र राजनैतिक क्षेत्रमा फैलिएको पाइन्छ । प्रगतिवादी साहित्य लेखनमा लागी परेका क्षेत्रीले कथा, कविता, गीत, नाटक लेखेर जनतालाई सचेत बनाउने काम गरेका छन् भने उनको सामाजिक कार्यबाट समाजका उत्पीडित वर्गले प्रत्यक्ष, अप्रत्यक्ष फाइदा पनि लिने गरेका छन् । तर क्षेत्रीको आफ्नै जीवन कथा भने मार्मिक अवस्थाबाट गुज्रिरहेको पाइन्छ । हुनतः “समाजको कल्याण गर्न भनेर लाग्ने मानिसहरू स्वपीडक हुन्छन्” भनिन्छ सायद यही प्रवृतिले होला साहित्यकार क्षेत्रीको जीवनले भोगेका कथा, व्यथा पनि यस्तै रहेको पाइन्छ । साहित्य लेखन, पत्रकारिता, विभिन्न संघ-संस्थामा आबद्धताले क्षेत्रीको बहुआयामिक व्यक्तित्व हुन् । यस अर्थमा

उनको मूल्याङ्कन गर्दा उनको व्यक्तित्वलाई साहित्यिक र साहित्येत्तर गरी दुई भागमा विभाजन गरेर विश्लेषण गर्न सकिन्छ जुन निम्न अनुसार छन् ।

### ३.२. साहित्यिक व्यक्तित्व

साहित्यलाई  समाज परिवर्तन कडीको रूपमा हेर्ने क्षेत्री बहुआयामिक व्यक्तित्व हुन् । क्षेत्रीले साहित्यका विभिन्न विधा जस्तो कविता, गीत, कथा, नाटक र छिटफुट निबन्धमा पनि सशक्त रूपले कलम चलाउँदै आएका छन् । कक्षा ७ मा पढ्दै गर्दा नै “आमा” शीर्षकको कविता “जुनेली” पत्रिकामा लेखेर साहित्यमा प्रथम पाइला टेकेका क्षेत्रीले विद्यालय जीवनमा छँदा नाटकमा अभिनय पनि गर्थे । कर्फोक मा.वि.मा पढ्दै गर्दा नै ठुला कक्षाका विद्यार्थीहरूसँग नाट्यमञ्चमा उत्रेका क्षेत्री आफैले २०३८/३९ सालतिर “डाक्टरको विश्वास” शीर्षकको नाटक लेखेर आफ्नै गाउँ फिक्कल पान्दाममा लक्ष्मी पूजाको दिन लक्ष्मीप्रसादको जन्मजयन्ती मनाउने क्रममा प्रदर्शन गराएका थिए । यो नाट्य प्रदर्शनमा उनी आफैले पनि अभिनयमा भाग लिएका थिए । यसको अतिरिक्त उनले त्यहीबेलादेखि नै जनवादी गीत लेख्ने र आफै सङ्गीत भर्दै गाउँतिर गाउँदै र सुसेल्दै हिँड्न गर्थे । यही २०३८ सालमा उनले लेखेर गाउँदै हिँडेका “जाल बुन्न छाडिदेऊ,” बोलको गीत

“घर–घर जाल थापी हिँड्छ माकुरा,
जाल च्यात्न भनी घरमा आउँछ च्याँखुरा
झिँगा बच्छ्युँ आउँछन् लड्न सुर्की पाखुरा
जाल बुन्न छाडिदेऊ जाली माकुरा ॥

(“अँध्यारामा बाँच्नेहरू” गीतिसङ्ग्रह–२०५२,पृष्ठ-१)

भन्ने गीत निकै लोकप्रिय बनेको थियो ।  यहाँ माकुरालाई एकतन्त्री राजतन्त्रको प्रतीक र च्याँखुरा,  झिँगालगायतलाई जनताको प्रतीकको रूपमा राखेर गीत लेखिएको छ । यसरी समयमै यो देशको सामन्ती व्यवस्थालाई  चिनेका क्षेत्रीको चेतना सानैबाट खुलेको देखिन्छ ।

यसरी १३/१४ वर्षकै उमेरबाट साहित्यको रस चाखेका साहित्यकार क्षेत्रीका अन्य कृतिहरूका सन्र्दभमा हेर्ने हो भने उनको दृष्टि र विचारको कोण भनेको जनवादी, प्रगतिशील र प्रगतिवादी धारा रहेको छ । उनको साहित्यिक प्रवृति भने समसामयिक समाािजक यर्थाथवादी र मूख्य रूपमा प्रगतिवादी साहित्यिक सिद्धान्तभित्रका क्रान्तिकारी भावधारा रहेको पाइन्छ । शोधनायकसँग अर्न्तवार्ता २०७२/०४/०५ ।

वि.सं २०२९/०३० सालमा नै "आमा" नामक कविता प्रकाशित गरी औपचारिक लेखनतिर मोडिएका क्षेत्रीको पहिलो पुस्तकाकार कृति भने "बेवारिशे लाश" नाट्यसंम्रह (२०४९) हो, एवम रितले "अँध्यारामा बाँच्नेहरू" गीतिसङ्ग्रह (२०५२) "मझेरीमा झरेको बिहानी" कवितासङ्ग्रह (२०६७) "अँध्यारामा बाँच्नेहरू"(पुनःप्रकाशन) गीतिसङ्ग्रह (२०६७) "तृष्णा र तृप्ति" कथासङ्ग्रह (२०७०) र "समय र मान्छे" कथासङ्ग्रह-(२०७०) आदि प्रकाशित भइसकेका छन् । उनका यी सबै कृतिहरूमा प्रगतिवादी चेत र क्रान्तिकारी भाव पाइन्छ । यसका साथै उनले अनगिन्ती साहित्यिक र साहित्येत्तर लेख, रचनाहरू प्रकाशित गरिसकेका छन् र गर्दै रहेका छन् । यसरी हेर्दा उनीभित्र गीतकार व्यक्तित्व, नाटककार व्यक्तित्व, कवि व्यक्तित्व र कथाकार व्यक्तित्व रहेको पाइन्छ । यसमध्ये पनि नाटककार व्यक्तित्वभन्दा गीतकार व्यक्तित्व, गीतकार व्यक्तित्वभन्दा कवि व्यक्तित्व अझ कवि व्यक्तित्वभन्दा पनि कथाकार व्यक्तित्व बढी प्रखर रहेको देखिन्छ । यसलाई क्रमशः यसप्रकार व्याख्या गर्न सकिन्छ ।

### ३.२.१. गीतकार व्यक्तित्व

साहित्यकार भीम क्षेत्रीको गीतकार व्यक्तित्वको शुरूवात वि.सं. २०३६/०३७ बाट भएर आजसम्म पनि रहेको पाइन्छ । उनले २०३८ सालदेखि लेख्दै आएको र गाउँघरतिर गाउँदै आएका गीतहरूको सङ्गालो २०५२ सालमा आएर मात्र पुस्तकाकार कृतिको रूपमा "अँध्यारामा बाँच्नेहरू" नामक गीतिसङ्ग्रह प्रकाशन गरेका थिए । तर त्यसपछि लेखिएका फुट्कर रूपमा पत्रपत्रिकामा प्रकाशन गर्दै आए

पनि पुस्तकाकार कृतिको रूपमा निकाल्ने काम भने भएको छैन । त्यसलाई पुस्तकाकार रूप दिने काम भएको छैन । यस अर्थमा २०५२ पछि लेखिएका थुप्रै गीतहरू छन् र कतिपय गीतहरू एल्बमको रूपमा पनि आइसकेका छन् तर त्यसलाई सङ्ग्रह गरी पुस्तकाकार रूपमा निकाल्ने काम भने भएको देखिन्न । अझ यसो भनौं, त्यसपछि उनले नाट्य लेखन र कविता लेखनतर्फ बढी समय खर्चेको देखिन्छ । त्यसैले साहित्यको अन्य विधाका साथै गीतकार व्यक्तित्व पनि उनीभित्र रहेको छ भन्न सकिन्छ ।

### ३.२.२. नाटककार व्यक्तित्व

नाटक अन्य साहित्यिक विधाभन्दा अलि पृथक र रोचक विधा हो । यो किन पनि पृथक विधा हो भने अन्य विधा कि त श्रव्य मात्रै हुन्छ कि त दृश्य मात्रै हुन्छ तर नाटक भनेको श्रव्य र दृश्य दुवै दृष्टिले उपयुक्त विधा हो । त्यसैले श्रोता या दर्शकलाई मनोरञ्जन प्रदान गर्नका साथै यसको मुख्य उद्देश्य दर्शकलाई परिवर्तनकारी सन्देश तथा नवीन चेतनाको छलाङ दिने खालको हुनुपर्दछ । यही विचारधारामा टेकेर नाटककार क्षेत्रीले नाटकहरू लेख्ने गरेका छन् । २०३९ सालमा “डाक्टरको विश्वास” नामक नाटक लेखेर धामी झाँक्रीको विश्वासमा रमाउने गाउँलेलाई झाँक्रीको विश्वासमा ज्यान गुमाउनुभन्दा डाक्टरलाई देखाएर उपचार गर्नु उपयुक्त हुन्छ भन्ने सन्देश दिएका थिए । यो नाटकलाई गाउँमै मञ्चनसमेत गरेर सन्देश दिने काम गरेका क्षेत्रीले “बेवारिशे लाश” शीर्षकको नाट्यसङ्ग्रह २०४९ सालमा प्रकाशन गरेका छन् । उनका नाटकले जनचेतना जगाउने र अन्धविश्वास हटाउने भूमिका खेलेको कुरा नाटक अध्ययनबाटै पनि थाहा पाउन सकिन्छ । क्षेत्री आफैले २०३८/३९ सालतिर लेखेको नाटक “डाक्टरको विश्वास” लाई आफ्नै गाउँ फिक्कल पान्दाममा लक्ष्मी पूजाको दिन लक्ष्मीप्रसादको जन्मजयन्ती मनाउने क्रममा प्रदर्शन गराएर गाउँले जनतालाई सचेत बनाउने काम गरेका थिए भने २०४८/४९ मा इलाम क्याम्पस पढ्ने क्रममा लेखेको नाटक “बेवारिशे लाश” प्रा. धरणी गौतमका अनुसार मेची अञ्चलभरिका विद्यार्थी भेला हुने इलाम क्याम्पसमा चार शोसम्म प्रदर्शन गराएर क्षेत्री

विद्यार्थीमाझ लोकप्रिय बनेका थिए । यस नाट्य सङ्ग्रहभित्रको अर्को नाटक "जनअदालत" पनि अत्यन्तै रोचक र घोचक नाटकको रूपमा लिन सकिन्छ ।यसको साथै यो नाटकलाई झापा, पाँचथर, ताप्लेजुङ, तेह्रथुमसम्म पनि लगेर प्रदर्शन गरेका थिए । त्यसैले नाटककार क्षेत्री जनपक्षीय नाट्य लेखनमा पनि कुशल देखिन्छन् तथा नाटककार क्षेत्री नाट्य लेखन र  अभिनयमा समेत सिपालु व्यक्तित्व हुन्,  भन्न सकिन्छ ।

### ३.२.३. कवि व्यक्तित्व

स्रष्टा क्षेत्रीले औपचारिक रूपमा साहित्य लेखनको शुरूवात कर्फोक मा.वि. पढ्दादेखि नै गरेका थिए । त्यसबेला अर्थात वि.सं. २०२९/०३० तिर देखि नै उनले कविता लेखेर विद्यालयको मुखपत्रप्रकाशन गराएका थिए । यो आमा शीर्षकको कवितामा आफनी आमाको मायालु भाव र आमाको दुःख र वेदनाका भावनात्मक अभिव्यक्ति दिएको पाइन्छ । केही भावुक प्रवृतिका सधैँ केही कुरा सम्झिरहेझैँ गर्ने साहित्यकार क्षेत्रीको भावना, संङ्कल्प र अठोटलाई सशक्त रूपमा राख्न सक्ने खुबी क्षेत्रीमा रहेको पाइन्छ साथै उनी स्वाधीनता, स्वतन्त्रता, जनजीविका र उच्च चेतनाबिना नेपाली जनताको मुक्ति सम्भव छैन भन्दै आफ्नो एक मात्र उद्देश्य नेपाली जनताको सुखमय जीवन हेर्ने अभिलाशा हो, भन्ने ठान्दछन् । क्षेत्रीको साहित्य वा कवित्वको मुख्य विषय पनि यही नै हो भने उनका प्रायः कविताहरूले सामन्ती राज, दलाल पुँजीवादी शासन र शोषणमय नियम, कानुनको साथै श्रमको शोषणबाट हुने लाभको असमान वितरण प्रणालीप्रति तीब्र प्रहार गरेका छन् । उनाले लेखेका कविताहरूमा "दिन खोस्ने विरुद्ध" "शान्तिको दीप जल्दैन" "महल  झुप्राको युद्ध" "कहाँ थाक्छन् यात्रीहरू" "नाङ्गै नाच्नु मनासिब छैन"  "सभासदलाई चिठी" "वर्तमान दुखिरहेछ"  "छत्रे टोपीको ओत""पर्ख त्यो भुँवरीलाई" जस्ता कविताहरूमा राजनैतिक बेइमान बोकेका शासक वर्गप्रति तीव्र आक्रोस व्यक्त गरिएको छ भने "के दिन सक्छु र" "साथी" "बलेको बाको सपना" "अर्घेला चाहहरू" "एकादेशको कथा" "सफा गर्दै गर" "भीरमा फलेको चिन्डो" "कठपुतलीको दृश्य" "अधीर पखाई"

"निकास" "वर्तमान दुखिरहेको छ" जस्ता कविताहरूमा सामाजिक विसङगतिको भण्डाफोर गरिएको छ । त्यसै गरी "नयाँ बाटाहरू" "धमिलो पानीमा भ्यागुताको राज" "मणि गुमेका मतुलाहीहरू" "मझेरीमा झरेको बिहानी" आदि कविताहरूमा गरिबी, अभाव र उत्पीडनमा छटपटिएका जनताको कथा, व्यथाको उदघाटन भएको पाइन्छ ।

उनका कविता प्रगतिवादी सैद्धान्तिक अवधारणमा आधारित क्रान्तिकारी भावधारामा आधारित छन् । गरिबी, शोषण, अन्याय र अत्याचारविरूद्ध उनको कवितामा आगो ओकलिएको छ भने जनयुद्ध गर्नु वा राज्यविप्लब गर्नु जनताको रहर नभई बाध्यता हो र शोषणको रूप चरम अवस्थामा पुगेपछि जनताले हतियार उठाउनु न्यायसङ्गत हुन्छ भन्ने पक्षमा कवि क्षेत्रीको कलम सशक्त रूपमा चलेको देखिन्छ । यस सङ्ग्रहमा शोषण र शोसक वर्गप्रति घृणाभाव व्यक्त गर्नुको साथै वर्गभेदको अन्त्यको लागि प्रहार गरिएका कविताहरू प्रशस्त मात्रामा रहेका छन् । समग्रमा उनका कविताले वर्गीय मुक्ति र स्वाधीनताको लडाइलाई पेचिलो तर सहज रूपमा व्यक्त गरिएका छन् भने क्रान्तिनायकहरूलाई देश परिवर्तनको लागि नहडबडाई अघि बढ्न र वर्ग शत्रु चिनेर मात्र जाइलाग्न सुझाएका छन् । यस अर्थमा कवि भीम क्षेत्रीमा तीव्र युगबोधका साथै कवि व्यक्तित्व पनि प्रखर रूपमा रहेको पाइन्छ ।

### ३.२.४. कथाकार व्यक्तित्व

साहित्यिक रचनाहरूका विविध पाटाहरूमध्ये कथा एक महत्वपूर्ण साहित्यिक विधा हो । यो कथा विधामा पनि सशक्त रूपमा कलम चलाउँदै आएका कथाकार क्षेत्रीका कथाहरू प्रशस्त छन् । यी कथाहरू पढ्दै जाँदा उनीभित्र अन्य विधामा भन्दा पनि कथा विधामा सफल देखिन्छन् । पत्रिकामा धेरै जस्तो कथा बि.जीसीको नामबाट प्रकाशन गर्दै आएका क्षेत्रीको कथाकार व्यक्तित्व प्रखर भएकै कारण उनले २/२ वटा कथासङ्ग्रह एकै समयमा प्रकाशन गरेका छन् भने विभिन्न पत्रपत्रिकामा अरू पनि धेरै कथाहरू प्रकाशन हुँदै आइरहेका छन् । उनका कथासङ्ग्रहहरूमा प्रगतिवादी भावधारा प्रस्ट रूपमा प्रयोग भएको पाइन्छ । क्षेत्रीका "सच्चा नाता, लोभीको भाँडो, छिमेकीको छोरा, होलि, श्राप र संयोग, समय र मान्छे, दिदीको बुट्टे झोला, एउटा बाल-संकल्प,

संन्देशको विद्रोह, पुकुलीको सङ्घर्ष, हराएको विश्वास जस्ता लामा कथाहरू “समय र मान्छे”-२०७० कथासङ्ग्रहभित्र सङ्ग्रहित छन् भने क्षेत्रीको अर्को कथासङ्ग्रहभित्र “रामे र उसको पेटी, निष्ठूरी साइनो, फुटेको सपना, अन्तिम प्रयास, विपिन सरको डायरी, तृष्णा, तृप्ति र तनाव, फैसलाको दिन, मुक्ति र क्रान्ति, सहिदकीश्रीमती, आदि कथाहरू “तृष्णा र तृप्ति”-२०७०, कथासङ्ग्रहमा सङ्ंग्रहित छन् । यति मात्रै होइन शृङखला, नेपाल भूमि, ज्ञानपुञ्ज द्वैमासिक, जनजिब्रो साप्ताहिक आदि अन्य पत्रपत्रिकामा पनि फुटकर कथाहरू प्रकाशित छन् । कथाकार क्षेत्रीले आफ्ना कथाहरूमा जीवन भोगाइका विभिन्न पक्षहरूको चित्रण गरेका छन् भने नेपाली समाजको अन्धविश्वास, सामाजिक विभेद र विसङ्गतिप्रति तीव्र प्रहार गर्दै समाज परिवर्तनको लागि चेतनाको ढोका खोल्ने काम गरेका छन् । उनको मूल विषय भनेको नै नेपालका गरिब बस्ती र त्यहाँ रहेका निमुखा, सोझा र सरल जनताको मनोभावना हो र टाठा, बाठाको सिकार बन्ने गरेका जनताप्रतिको सहानुभूति हो । नेपाली जनताले भोग्नु परेका पीडा, शोषण, दमन, अन्याय, अत्याचारलाई कथा विधामा ढाल्न निकै कुशल कथाकार क्षेत्रीले राजनैतिक बेइमानप्रति पनि तीव्र आक्रोस व्यक्त गरेका छन् साथै जनताको मनोविज्ञानलाई बुझ्न सक्ने खुबी उनीसँग छ, । त्यसैले उनी शोषित जनताको पक्षपोषण गर्दै जनतालाई ‘अब सहेर होइन डटेर अधिकारको खोजी गर, भन्ने सन्देश उनका हरेक कथाको विषयवस्तु बनेको पाइन्छ ।  यसैले कथाकार क्षेत्रीको अन्य विधागत व्यक्तित्वभन्दा पनि कथाकार व्यक्तित्व निकै खारिएको देखिन्छ र नै उनी कुशल कथाकारको रूपमा स्थापित हुन पुगेका छन् ।

### ३.२.५. समालोचकीय व्यक्तित्व

साहित्यकार क्षेत्री साहित्यिक लेख, रचनाहरू लेख्ने, प्रकाशन गर्ने मात्र होइन अन्य स्रष्टाहरूको साहित्यिक रचनाहरूको सैद्धान्तिक चिरफार गरेर विश्लेषण गर्न सक्ने कुशल समालोचक पनि हुन् । अन्य थुप्रै स्रष्टाहरूले लेखेका कथा, कविता, उपन्यास र काव्य जस्ता साहित्यका विविध विधामा देखा परेका सबल र दुर्बल पक्षको चिरफार गरी सैद्धान्तिक रूपमा सो कृतिले समाजलाई दिने सन्देशको सकारात्मक र

नकारात्मक असर बारे समालोचकीय विश्लेषण गर्ने काम पनि गर्दै आएका छन् । उनी प्रगतिवादी भावधारालाई आधार मानेर 'सर्वहारा वर्गीय पक्षधरता कृतिमा छ कि छैन ?समाज रूपान्तरणको पक्षमा कृतिको सन्देश उभिएको छ कि छैन ?'अनि सारतः कृतिको सन्देश कुन वर्ग पक्षधरतामा आधारित छ ? भन्ने निष्कर्ष निकाल्ने काम क्षेत्रीको समालोचकीय विशेषता रहँदै आएको छ । उनी सामान्ती तथा पुँजीवादी व्यवस्था र त्यसले सिर्जना गरेका बेथितिका घोर विरोधी हुनाले उनको कृतिगत विशेषता "कृतिको रूप पक्ष गौण हुनु र उनी साहित्यको विषयवस्तुको सारतत्वमा केन्द्रित हुनु मुख्य हो," भन्दछन् ।

त्यसै गरी नयाँ, नयाँ कृति निस्कनसाथ क्षेत्रीले अध्ययन, अनुसन्धान गरी टीकाटिप्पणी गर्ने, समीक्षा लेख्ने र आफ्नै पत्रिका शृङ्खला साहित्यिक मासिकमा प्रकाशन गर्ने काम पनि सहज रूपमा गर्दै आएको पाइन्छ । उनले आजसम्म दर्जनौ पुस्तकहरूको समालोचना, समीक्षा गरिसकेका छन् । त्यसैले उनीभित्र समालोचकीय व्यक्तित्व पनि प्रखर रूपमा रहेको पाइन्छ ।

### ३.२.६. लेखकीय व्यक्तित्व

साहित्यकार भीम क्षेत्रीले साहित्यिकबाहेक अन्य क्षेत्रमा पनि कलम चलाउँदै आएका छन् । हाम्रो समाज र देशभित्र रहेका व्यवस्थापकीय कमी,कमजोरी, विकृति, विसङगति साथै शैक्षिक विसङगत नीति,नियमका विरुद्ध आलोचना गर्न खरो रूपमा प्रस्तुत हुने क्षेत्रीका साहित्येत्तर लेखहरूमा परिवर्तनका प्रस्ट मार्गचित्र देख्न सकिन्छ तर नेपालमा एउटा वर्गको हाली, मुहाली चलिरहेको यो बेला उनका कतिपय लेखहरू कतिपयलाई असान्दर्भिक पनि लाग्न सक्छ । यसरी उनी साहित्यभन्दा भिन्न क्षेत्रमा पनि उतिकै सशक्त कलम चलाउँदै आएका व्यक्तित्व हुन् ।

साहित्यकार क्षेत्री मूलतः  राजनैतिक सुझबुझ राख्ने र राजनीतिमा प्रत्यक्ष संलग्न हुँदै आएका व्यक्तित्व हुनाले पनि उनी मार्क्सवादी, भौतिकवादी सैद्धान्तिक दृष्टिकोणलाई लेखकीय आधार मान्ने गर्दछन् । द्वन्द्वात्मक भौतिकवाद उनको मूल आधार हो भने आर्थिक, सामाजिक र शैक्षिक परिवर्तनको मुख्य आधारभूमि मार्क्सवादी

दृष्टिकोण नै हो । यसैलाई आधार मानेर उनले लेखनकार्य गर्दै आएका छन् तापनि उनी पुँजीवादी व्यवस्थामै पनि सुधारका अनेक उपायहरू देख्छन् जसले गर्दा बृहत विकृतिलाई रोक्न सक्ने उपायहरूको खोजी उनका लेखमार्फत आउने गरेका छन् ।

यसै गरी उनी शिक्षा क्षेत्रमा धेरै लामो समय काम गरेको र त्यसैमा जीवनका अधिक समय व्यतीत गरेको हुनाले उनले असाध्यै धेरै विसङ्गतिहरू देखेका छन् । उनका शैक्षिक लेखहरूमा सुधारका सुझावहरू पनि प्रशस्त मात्रामा आएको पाइन्छ तथापि सत्ताका हकदारहरू सो कुरा सुन्ने पक्षमा देखिएको छैन । “शैक्षिक ज्ञान जीवनसँग जोडिएको हुनुपर्छ” भन्ने धारणा राख्ने क्षेत्रीका लेखहरू यसैमा परिलक्षित छन् भने उनी अर्थशास्त्रको अध्येता पनि हुनाले नेपाली अर्थव्यवस्थाको आलोचना गरेर लेखेका लेखहरू पनि प्रशस्त छन् । यसरी समग्रमा भन्नुपर्दा साहित्यकार क्षेत्री साहित्यको अलवा साहित्येतर लेख, रचना लेखनमा पनि उतिकै सक्रिय रहँदै आएका छन् ।

## ३.३. साहित्येतर व्यक्तित्व

साहित्यकार व्यक्तित्वमा प्रखर रूपमा प्रस्तुत हुने क्षेत्री साहित्य विधाभन्दा अलक धारमा पनि लेख, रचनाहरू प्रकाशित गर्दै आएका व्यक्ति हुन् । उनले राजनीतिक, शैक्षिक र सामाजिक विषयमा पनि उतिकै सशक्त रूपमा कलम चलाउँदै आएका छन् । उनी शिक्षक तथा अध्यापक व्यक्तित्व पनि भएकाले उनी शैक्षिक विषयवस्तुलाई पनि नजिकबाट नियाल्न सक्ने खुबी राख्छन् । “देशको भविष्य शिक्षाले निर्धारण गर्दछ” भन्ने सोँच राख्ने क्षेत्री संस्थागत विद्यालय शिक्षक युनियनको संस्थापक सदस्य हाल महासचिवको जिम्मेवारीमा पनि उतिकै सक्रियतापूर्वक लागिरहेका छन् । वर्तमान नेपालको शिक्षा नीतिमा व्यापारीकरण हाबी भएको दाबी गर्ने क्षेत्रीले शैक्षिक सुधारको लागि लेखमार्फत अनेक सुझावहरू राज्यलाई दिँदै आएका छन् । त्यसै गरी उनी मार्क्सवादको अनुयायी भएकाले उनी कम्युनिष्ट राजनीतिमा समेत संलग्न रहँदै आएका छन् । “नेपालमा कम्युनिष्ट शासनबाट मात्र जनताको मुक्ति र सुदिनको मार्ग खुल्नेछ” भन्ने क्षेत्री राजनीतिक गतिविधिमा पनि उतिकै

सशक्त भूमिका निर्वाह गर्दै आएका छन् । उनी आफै प्रकाशक रहेको “ज्ञानपुञ्ज द्वैमासिक पत्रिका” निकाल्ने प्रकाशक हुन् भने विगत आठ वर्षेदेखि “शृङ्खला मासिक पत्रिका”को प्रधान सम्पादकको भूमिका निर्वाह गर्दै आएका छन् । त्यसै गरी राजनीतिकै मुखपत्रको रूपमा निस्कने “शैक्षिक ज्ञानमञ्च त्रैमासिक” “एकीकृत शैक्षिक आह्वान” जस्ता पत्रिकाको संयोजक र प्रधान सम्पादक उनी आफै हुन् । यसरी हरेक क्षेत्रमा क्रियाशील क्षेत्रीको व्यक्तित्व छरपष्ट रूपमा बहुआयामिक बनेर पोखिएको पाइन्छ ।

### ३.३.१. सम्पादक तथा पत्रकार व्यक्तित्व

क्षेत्रीको व्यक्तित्व २०६२ देखि नै कुनै न कुनै रूपमा पत्रकार व्यक्तित्वसँग जोडिएर आएको देखिन्छ । भीम क्षेत्रीको पत्रकार व्यक्तित्व पनि उच्च रहेको छ । उनी विं.स २०६१/०६२ देखि नै मुकुन्द गौतम प्रकाशक रहेको “सारथी बाल पत्रिका”सँग सम्बन्धित रहेर सम्पादनको काम गर्दै आएका थिए । यहीबाट पत्रकारिता शुरू गरेका क्षेत्री २०६५/०६६ सालमा आइपुग्दा उनमा निखरता आएको देखिन्छ । यसै बेलादेखि शृङ्खला मासिक पत्रिकामा रहँदै प्रधान सम्पादकको भूमिका कुशलपूर्वक निर्वाह गर्दै आइरहेका छन् । उनी अथकरूपमा वर्तमानसम्म निरन्तर प्रधान सम्पादकको रूपमा क्रियाशील छन् भने २०६६/०६७ मा आफ्नै नाममा दर्ता गरी “ज्ञानपुञ्ज द्वैमासिक पत्रिका” प्रकाशन गर्दै आइरहेका छन् । यो पत्रिका पनि उनले निरन्तर रूपमा प्रकाशन गर्दै आइरहेका छन् । यसै गरी २०७२ सालदेखि राजनैतिक परिवर्तनका चेतनमय शैक्षिक खुराकको रूपमा राजनैतिक/शैक्षिक दर्शन, सुझबुझ र दृष्टिकोणलाई जनतासमक्ष पुऱ्याउने उद्देश्यले भीम क्षेत्रीकै पहलमा शुरू भएको “शैक्षिक ज्ञानमञ्च” नामक त्रैमासिक पत्रिकाको संयोजक र सम्पादक रहेर काम गरेका छन् भने अ.ने.शि.सं.को प्रकाशन विभाग प्रमुखको हैसियतले “शिक्षक आह्वान” को प्रमुख सम्पादक भएर पनि पत्रिका प्रकाशन गर्दै आएका छन् । यसरी आजको हाम्रो नेपालमा एउटा पत्रिकालाई पनि निरन्तरता दिने वातावरण बन्न नसकेको बेला क्षेत्रीले ३/४ वटा पत्रिका चलाउनु कम जोखिमपूर्ण र कठिन कार्य होइन तर पनि उनले आफै जोखिम मोलेर सामाजिक, राजनैतिक, शैक्षिक तथा चेतनमय ज्ञान,विज्ञानका खुराक

जनतासमक्ष पुऱ्याइरहेका छन् । यसलाई उनको देश र जनताप्रतिको समर्पण मान्दा फरक नपर्ला ।

### ३.३.२. राजनीतिक व्यक्तित्व

मानिस एक विवेकशील प्राणी हो । आम मानिसले आफू बाँचेको समाजमा हुने गरेको अन्याय, अत्याचार, शोषण, उत्पीडनको अन्त्य चाहन्छन् । तर चाहेर मात्रै हुँदैन, त्यसको लागि लड्न, भिड्न र अथक रूपमा लाग्न र क्रियाशील हुन जरुरी छ । आम मानिस समृद्ध चाहन्छन्, शोषणमुक्त समाज होस् भन्ने चाहन्छन् तर त्यसमा लागी पर्ने मानिस थोरै मात्र हुन्छन् । ती थोरै मानिसमध्ये साहित्यकार भीम क्षेत्री पनि पर्दछन् । देश र समाजलाई शोषणमुक्त बनाउने कार्यमा जुट्नेमध्येका साहित्यकार भीम क्षेत्री पनि एक हुन् । क्षेत्री पनि २०३७ साल देखि नै ने.क.पा.मालेको साधारण सदस्य भएर बामपन्थी आन्दोलनमा लागेका व्यक्ति हुन् । त्यसपछि २०४६ सालमा बहुदलीय व्यवस्था आएपछि ने. क. पा. माले २०४७ मा एमाले बनेपछि पनि उनी क्रियाशील नै रहे । तर २०५५/५६ सालमा एमाले पार्टी फुटेर पुनः माले र एमाले बन्दा माले पार्टीका बनेका क्षेत्री पछि फेरि माले पार्टी एमालेसँग जोडिन पुगेपछि गुट र फुटले वाक्क र निराश बनेका क्षेत्री केही समय निस्कृय रूपमा (२०५९ सम्म) रहे । त्यसपछि युद्धरत पार्टी ने.क.पा.माओवादीलाई सहयोग र समर्थन गर्न शुरू गरेका क्षेत्रीकै पहलमा २०५९ सालमा नेपालमा निजी विद्यालयले शिक्षक,अभिभावक दुवैको शोषण गर्दै ब्रम्हालुट मच्चाइरहेको अवस्थामा एउटा बिद्रोहको आँधी सिर्जना गर्न भनेर "संस्थागत विद्यालय शिक्षक युनियन" नामक संगठन सञ्चालनमा ल्याए । तर यसलाई तात्कालीन सरकारले १ वर्षसम्म दर्ता गर्नसमेत मानेन तापनि एकातिर संगठनको बल र अर्कातिर प्रजातान्त्रिक कानुनलाई हतियार बनाएर मुद्धा लड्दै जाँदा सरकारले यस युनियनलाई २०६० साल माघ १ गते दर्ता गर्न बाध्य भएको थियो । त्यसै गरी २०६२/०६३ सम्म आइपुग्दा ने.क.पा.माओवादीसमेत शान्तिकालमा आइपुगेपछि यो "संस्थागत विद्यालय शिक्षक युनियन" र "अखिल नेपाल शिक्षक संगठन" को पहलमा विशेष गरी अखिलको अध्यक्ष गुणराज लोहनी र इस्टुको महासचिव भीम क्षेत्रीको

पहलमा “शैक्षिक गणतान्त्रिक मञ्च” नामक संयुक्त संगठन निर्माण गरी यस संस्थाको पनि क्षेत्री महासचिव नै रहेर १३ दिनसम्म शैक्षिक हडताल गरी सरकार र राज्यविरूद्ध बिद्रोह गर्न सफल भयो । यसबेला शैक्षिक व्यापारीको धरहरा भत्केको थियो भने शैक्षिक परिवर्तनको ढोका खुलेको अवस्था थियो ।

यसपछि पनि क्षेत्री निरन्तर रूपमा राजनैतिक गतिविधिमा पनि संलग्न रही आएका छन् । हालसम्म उनी पार्टीको जिल्ला र राज्य तहको नेतृत्व गर्दै क.बादल, देव गुरुङ, पम्फा भुषाल लगायतले एमाओवादीसँग एकता गरेपछि बनेको ने.क.पा.माओवादी केन्द्रका केन्द्रीय सदस्यसमेत भइसकेका छन् । यसरी क्षेत्रीको राजनैतिक सक्रियता पनि उतिकै सशक्त रूपमा अगाडि बढिरहेको देखिन्छ । ( शोधनायकसँगको अर्न्तवार्ताबाट २०७२/४/१)

### ३.३.३..कृषक व्यक्तित्व

नेपाल एक कृषि प्रधान देश हो । अधिकांश नेपालीहरू कृषि पेशामा आबद्ध छन् । बाल्यकालदेखि नै कृषि पेशामा संलग्न रहेका क्षेत्रीको कृषि व्यक्तित्व पनि एक हो । उनले १३/१४ वर्षको उमेरदेखि नै कृषिलाई जीविकाको माध्यम बनाउँदै आएका हुन् । कृषि पेशामा नै आफ्नो जीवनको अधिकांश समय व्यतीत गरेका क्षेत्रीले कृषि पेशा र पशुपालनबाटै घर,जग्गा खरिद गरेको देखिन्छ । “खान र लाउन त जुनसुकै काम गरेर पनि पुऱ्याउन सकिन्छ तर केही गतिलो काम गर्न पढेर मात्रै सम्भव हुन्छ” भन्ने सोँच बोकेका क्षेत्रीले २८ वर्षको उमेरमा एस.एल.सी.उतीर्ण गर्नुले पनि उनको अधिकांश समय कृषि र पशुपालनमा बितेको देखिन्छ । यति हुँदा हुँदै पनि कृषि पेशामै लागेर जीवन सहज बनाउने नेपालीहरू कमै होलान् । यसको कारण हो, कृषि र पशुपालन गर्दा ध्यान पुऱ्याउन नसक्नु र कृषि पेशालाई वैज्ञानिक ढङ्गले उतार्न नसक्नु हो । तर क्षेत्रीको सन्दर्भमा यो कुरा लागु हुँदैन किनकि उनी सानैदेखि चतुर र मिहिनेती साथै नयाँ, नयाँ कुरामा जिज्ञासा राख्ने र सिक्ने स्वभाव भएकैले उनले कृषि र पशुपालन गर्दासमेत नयाँ, नयाँ विधिको उपयोग गर्थे । उनकी छोरीको भनाइ अनुसार एक रोपनी बारीमा क्षेत्रीले ५०/५५ मन सम्म आलु फलाउँथे ताकि अरूले

त्यति नै जमिनमा २०/२५ मन भन्दा बढी उत्पादन गर्न सक्दैनथे । यसको कारण क्षेत्री कृषिमा पनि आधुनिकता चाहने व्यक्ति हुन् भन्ने कुरा यसबाट बुझ्न सकिन्छ । यस अर्थमा हेर्दा क्षेत्रीको कृषक व्यक्तित्व पनि कम रोचक छैन भन्ने बुझ्न सकिन्छ । ( शोधनायककी छोरी प्रतिमासँगको कुराकानी २०७२/४/३)

### ३.३.४.समाजसेवी व्यक्तित्व

समाजबिना मानिसको जीवन अधुरो रहन्छ । विवेकशील मानिसहरू सामाजिक हितका लागि विभिन्न कार्यहरू गर्दछन् । उनले समाज सेवालाई एउटा कर्तव्यका रूपमा लिएका हुन्छन् र सामाजिक उत्तरदायित्व बोध गरेर जीवनलाई सार्थक बनाउने कोसिस गर्दछन् । उनी सधैँ समाजको उन्नति र प्रगतिमा नै आफ्नो जीवनको सार्थकता देख्छन् । उनैलाई हामी सामाजसेवी व्यक्तिको रूपमा सम्मान गर्दछौँ । हो, साहित्यकार भीम क्षेत्री पनि यस्तै समाजसेवामा रमाउने एक व्यक्ति हुन् । पहिलेदेखि नै उनी गाउँका अन्यभन्दा केही पढालेखा भएका व्यक्ति थिए, उनीकहाँ गाउँलेहरू अन्याय, अत्याचार र सरकारी झै-झमेला परिआउँदा सहयोगको लागि आउने गर्थे । उनी निस्वार्थ भावले गाउँलेको सहयोग गर्थे । यसैले त अहिले पनि गाउँलेले उनको माग गरिरहन्छन् तर उनकै भनाइ अनुसार "मानिसलाई सधैँ गाउँमै सीमित हुन पनि गाह्रो पर्दोरहेछ" उनलाई काठमाडौं बस्दा जति काम गर्न सकिन्छ गाउँमा बसेर त्यति गर्न सकिन्न भन्ने सोँचले काठमाडौंको बसाइलाई लम्ब्याइदिएको छ ।

उनी समाजमा रहेका कुरीतिहरू हटाउन सधैँ लागी पर्थे, कहिले नाटक देखाएर गाउँलेलाई सचेत बनाउँथे त कहिले जनवादी गीतहरू सुनाएर चेनताको ढोका खाल्ने प्रयत्न गर्थे । गाउँका हुने, खाने वर्गले गाउँलेलाई तमसुक बनाएर निमुखा जनतालाई ठगी गरेको देख्दा त्यसको विरुद्धमा उत्रने गर्थे । यसले गर्दा उनले धेरै दुःख पनि भोग्नु परेको यथार्थ उनले भोगेका छन् । पढाइलाई महत्व दिने क्षेत्री पढ्ने उमेरका गरिब केटाकेटी पढ्ने खर्चकै अभावमा विद्यालय छोड्नु नपरोस् भन्ने चाहना राख्छन् । त्यसैले होला अहिले पनि उनी समाजको दुःखी, गरिब देखे भने "केही कुरा सहयोग गरौँ" भन्ने लाग्ने गरेको बताउँछन् साथै उनले हालसाल पनि २/३ जना गरिब विद्यार्थीको लागि किताब, कापी र कपडा किनिदिने र शुल्क तिरिदिने गरेका छन् । उनले सहयोग गरेका २

जनाले एस.एल.सी. पनि पास गरिसकेका छन् भने एक जना आइ.ए. पास गरेर पनि शिक्षिका भइसकेका छन् । आफूले अध्यापन गरेर आएको केही रकम उनी गरिब, दुःखीको लागि भनेर छुट्याउने अनि सहयोग गर्ने उनको बानी नै छ । तर आफ्नै छोरा-छोरीले उच्च शिक्षा हासिल गर्न नसकेकोमा भने उनी दिक्क छन् अनि "बत्तीकै मुनि अँध्यारो" भन्ने टुक्का चरितार्थ भएको ठान्दछन् ।

त्यसै गरी उनी "इस्टु" नामक शैक्षिक, सामाजिक संस्थाको हाल महासचिवको रूपमा काम गर्दै श्रम शोषणमा परेका निजी विद्यालयका उत्पीडित शिक्षक तथा कर्मचारीहरूलाई न्याय दिलाउने काममा दिनरात नभनी खटिरहेको अवस्था नै उनको समाजसेवाको ज्वलन्त उदाहरण हो । नेपालमा निजी विद्यालय खोलेर श्रमिकको शोषण गर्ने मुख्य थलो बनेको मानव शोषणको रूपलाई ध्वस्त नबनाई र यसमा राज्यको नीतिमा फेरबदल नल्याई नथाक्ने कसम खाएर लागेको बताउने क्षेत्री लगातार १३/१४ वर्षदेखि यसै क्षेत्रमा निरन्तर लागिरहेका छन् । यो पनि एउटा समाजसेवाको नमुना हो । यति मात्रै होइन, केही वर्ष अगाडि मात्रै "अन्तराष्ट्रिय शिक्षक संगठन" र "दक्षिण एशियाली शिक्षक फेडेरेशन"सँग आबद्ध भएको इस्टुले भूकम्पले क्षति पुऱ्याएको शिक्षक समुदायको घर बनाइदिने, पीडित शिक्षक, कर्मचारीलाई आर्थिक, भौतिक सहयोग गर्ने काममा पनि क्षेत्री उतिकै खटेर लागेको देखिन्छ । यसरी सामाजिक सेवामा पनि उतिकै सक्रियताका साथ लागी पर्ने क्षेत्री आफ्नो लागि सोच्ने फुर्सद नै नभएको कारण हाल उनी  एक्लो जीवन बिताइरहेको अवस्थामा देख्न सकिन्छ । (शोधनायकबाट प्राप्त जानकारी)

### ३.३.५. शिक्षक व्यक्तित्व

भीम क्षेत्रीको जीवनका विधिन्न पाटामध्ये शिक्षक व्यक्तित्व एक प्रमुख विषय हो । जीवन यापनको मुख्य स्रोत नै उनको शिक्षण पेशा हो । गाउँमै रहँदा पनि उनले बेलुकीको स्कुल खोलेर दुई वर्षसम्म गाउँले बाल-बालिककालाई निःशुल्क रूपमा पढाउने काम गरेका थिए । यहीबेला केही अशिक्षित युवा, युवतीहरूलाई उनले साक्षर बनाउने काम गरेर उदाहरण बनेको कुरा उनकै छिमेकीहरू बताउँछन् । २०५३

सालमा काठमाडौं आएपछि भने विभिन्न निजी बोर्डिङ स्कुलहरूमा पठाउँदै आएका छन् भने उनले स्नातकोत्तर उतीर्ण गरेपछि निजी क्याम्पसहरूमा पनि अध्यापन गर्दै आएका छन् । उनले स्नातकोत्तर उतीर्ण गर्दा उनको उमेरले हद नाघेपछि सरकारी कलेजमा अध्यायपन गर्ने उनको धोको भने पूरा गर्न सकेन। यसरी  शुरू भएको उनको अध्यायपन कार्य हालसम्म पनि निरन्तर चलिरहेको छ । बिहान निजी क्याम्पसमा जाने, दिनमा एउटा निजी हाइस्कुलमा जाने अनि १ बजेपछिको समय सामाजिक, राजनैतिक, पत्रकारिता आदिमा खर्चने क्षेत्रीको दैनिकी अति व्यस्त रहेको पाइन्छ । यसरी क्षेत्रीको शिक्षक व्यक्तित्व पनि उतिकै सशक्त रहेको छ ।

### ३.३.६. चिन्तनशील व्यक्तित्व

सचेत मानिसभित्र कुनै न कुनै चिन्तनले जीवनको दिशा निर्देश गरिरहेको हुन्छ जसरी मानिस सोँच्दछ उसरी नै जीवन व्यवहार पनि अगाडि बढ्दछ । स्रष्टा भीम क्षेत्री पनि एक सचेत व्यक्तित्व भएको हुनाले उनीभित्र पनि चिन्तनशील व्यक्तित्व रहेको पाइन्छ । मुलतः उनी मार्क्सवादी चिन्तनबाट प्रभावित व्यक्तित्व हुन् । उनलाई भौतिकवादी दृष्टिकोणले प्रभावित बनाएको र तिनै भौतिकवादको जगमा उभिएर उनी ईश्वरप्रति अनास्था व्यक्त गर्दछन् । उनको विचारमा “यदि ईश्वर भइदिएको भए, यो संसारमा कोही धनी र कोही गरिब हुने नै थिएन, कोही शोषक र कोही शोषित हुनु पर्ने नै थिएन, ईश्वरको नजरमा मानिस समान हुन् भने किन यो विभेद आयो ?” त्यसैले ईश्वरीय शक्ति कल्पना मात्र हो, र यसकै माध्यमबाट मानिसले मानिसलाई दबाउने हतियार बनाएको छ, भन्ने उनको बुझाइ छ ।  यसका साथै उनीभित्रको चिन्तनशील व्यक्तित्वकै कारण उनले प्रगतिवादी साहित्यभित्र क्रान्तिचेतनाको खोजी गर्दै “क्रान्तिचेतना एकः सन्दर्भ” शीर्षकको साहित्यिक सिद्धान्तमा आधारित ८४ पृष्ठको सैद्धान्तिक लेख शृङखला मासिकको अङ्क ३० देखि ४१ सम्म लगातार प्रकाशन गरेका छन् । उनले यसलाई पनि पुस्तकाकार कृतिको रूपमा चाँडै प्रकाशन गर्ने बताएका छन् । यसरी सौन्दर्य चिन्तनमा पनि दखल राख्ने क्षेत्री एकातिर नास्तिक प्रवृतिका छन् भने अर्कातिर भौतिकवादी दृष्टिकोणमा स्पष्ट छन् । उनको

भनाइ अनुसार ईश्वर डर देखाएर नैतिकवान बनाउनुभन्दा सानैबाट नैतिक आचारण र व्यवहार सिकाउनु उत्तम हुन्छ । यसरी नवीन कुराको खोजी गर्न रुची राख्ने क्षेत्रीको चिन्तनशील व्यक्तित्व पनि माझिँदै गएको पाउन सकिन्छ ।

### ३.३.७.. प्रेरक व्यक्तित्व

समाजको हामी मान्छे, सधैँ अगाडि बढ्न चाहन्छौँ तर अगाडि बढ्ने प्रेरणा कुनै न कुनै प्रेरक तत्वबाट हुनुपर्दछ । तिनै नमुना व्यक्तिको प्रेरणा पाएर समाजका सदस्यहरू अगाडि बढेको पाइन्छ । त्यसै गरी समाजमा कुनै न कुनै व्यक्ति प्रेरणादायक हुन सक्छन् र तिनको सिको भावी पुस्ताले गर्ने गर्दछ, समाज गतिशील छ, तर यदि समाजमा प्रेरक व्यक्तित्व नहुने हो भने र असल र सफल व्यक्तिको प्रेरणा लिएर अगाडि नबढ्ने हो भने समाजको गतिमा अवरोध आउँछ र त्यो समाज नवीनतातिर नभई पुरातनतर्फ धकेलिन थाल्दछ । यसर्थ प्रेरक व्यक्तित्वको प्रभाव समाज परिरहेको हुन्छ । यस अर्थमा साहित्यकार भीम क्षेत्री पनि एक प्रेरक व्यक्तित्वका रूपमा खडा भएका छन् । अञ्जान बस्तीमा जन्मेर हुर्केका एउटा निरीह बालक १३ वर्षको उमेरदेखि सङघर्षको मैदानमा उत्रेर कठोर सङ्घर्ष गर्दै यो अवस्थामा आउनु चानचुने कुरा होइन । उनको जीवन कहानी साँचै कहाली लाग्दो छ, उनले जीवनलाई सफल बनाउन के के गरे र के के गरेनन् ? यहाँ उल्लेख गरेर साध्य हुँदैन । उनैले लेख्दै गरेको उनको संस्मरण (अप्रकाशित)  मा उल्लेख भएको घटनाक्र हेर्दा उनै साँच्चै प्रेरणाका स्रोत हुन् भन्ने लाग्दछ ।

संघर्षमै जीवन बिताउँदै आएका क्षेत्री “बिना सङ्घर्ष जीवनलाई सफलताको कसीमा ढाल्न सकिन्न” भन्छन् । उनका अनुसार एकातिर इच्छा शक्ति तीब्र हुनुपर्छ र अर्कातिर इच्छालाई मिहिनेतको बलले पार लगाउनुपर्छ भन्ने गर्दछन् । परिश्रमी व्यक्तिलाई कुनै पनि बाधा र समस्याले रोक्न सक्दैन,  पश्चिमा साहित्यकार शेक्सपियरले भनेझैँ “फुर्सदको समय निकालेर समय खेर नफाल, यदि फुर्सदै भइहाले पनि झिँगा मारेर भए पनि समयको सदुपयोग गर” भन्ने विचारबाट अभिप्रेरित क्षेत्रीको आफै पनि कहिल्यै फुर्सदिला समय निकालेर रमाउने बानी छैन । उनी कुनै न

कुनै काममा व्यस्त भइरहने उनको बानी छ । यसैले उनी परिश्रम, सङ्घर्ष, सेवाभाव, चिन्तन र धैर्यताका एउटा ज्वलन्त उदाहरण हुन् , प्रेरणका स्रोत हुन् भन्न सकिन्छ ।

### ३.३.८.शारीरिक व्यक्तित्व

कुनै पनि मानिसको आचरण, व्यावहारिक क्रियाकलाप र शारीरिक सुसङ्गठनले पनि उनको व्यक्तित्व झल्काउँदछ । यसका साथै पारिवारिक, आर्थिक , सामाजिक, शैक्षिक, साहित्यिक, राजनीतिक पक्षहरूमा उनको लगानी वा योगदान कति हो ? भन्ने कुराले अझ बढी व्यक्तित्व निर्धारण गर्ने गर्दछ । कुनै पनि व्यक्तिको व्यक्तित्व निर्धारणको पहिलो कसी भनेको उनले गरेको काम नै हो, वा उनले गरेको सामाजिक, राजनैतिक र साहित्यिक योगदान र उनले आर्जन गरेको शैक्षिक उपलब्धी हो भने दोस्रो निर्धारक तत्व शारीरिक सुसङ्गठन पनि हो । यस दृष्टिले हेर्दा साहित्यकार भीम क्षेत्रीको साहित्यिक, राजनैतिक र सामाजिक योगदान वा पहिलो निर्धारक तत्वको अलवा दोस्रो निर्धारक तत्वमा पनि कमी छैन भन्ने कुरा निम्न तथ्यले पुष्टि गर्दछ । बाहिरी रूप वा  बनोटले पनि व्यक्तिको व्यक्तित्वको निर्धारण हुन्छ भने उनको आचारण, हाउभाउ, बोली, वचनको साथै मानवीय संस्कारले पनि व्यक्तित्व निर्माणमा थप महत्व राख्दछ ।

मूलतः मानिसको बाहिरी व्यक्तित्व भनेको शारीरिक बनावट नै हो । झलक्क हेर्दा स्पष्ट रूपमा देखिने शारीरिक संरचना नै व्यावहारिक व्यक्तित्व हो । यसरी हेर्दा साहित्यकार क्षेत्रीको शारीरिक व्यक्तित्व पनि निकै मजबुद देखिन्छ । उनीसँग लगभग ५ फिट ५ इन्च उचाई रहेको छ भने ७५/७६ किलो ग्राम तौल भएको, गहुँ गोरो वर्णको मोटाघाटा र खाइलाग्दा देखिन्छन् । उनको शारीरिक बनोट हेर्दा सानोमा त्यस्तो धेरै दुःख भोगेका जस्तो देखिन्न तर सानोमा निकै कसरत र व्यायाम गर्नाले नै उनको शारीरिक बनोटमा निखारता  आएको हो,  भन्ने कुरा बुझ्न कसैलाई गारो पर्दैन । अत्यन्त मृदुभाषी र शालीन व्यक्तित्वको धनी क्षेत्री मझौला कद ठूलो निधार, परिपुष्ट शरीर भएका पातलो दाह्री आउने हुनाले सधैं खौरिने बानी उनमा छ साथै अलिकति जुङ्गा राख्ने गरेका क्षेत्रीको मिलेको शरीरमा प्रायः सर्ट र प्यान्ट लगाउन

रूचाउँछन् । प्रायः साधारण पोशाकमा देखिने क्षेत्री गर्मी याममा प्यान्ट,  सर्ट र जाडोमा त्यसमाथि ज्याकेट लगाउँछन् । सबैसँग सदभावपूर्ण व्यवाहार गर्ने, सबैलाई मुस्कानले अभिवादन गर्ने तर धेरै नहाँस्ने, मृदुभाषी क्षेत्री अनावश्यक कुरामा वादविवाद नगर्ने प्रवृतिका छन् । उनमा धेरै अरूको कुरा सुन्ने र थोरै मात्र आफ्नो कुरा राख्ने बानी छ, उनी कुरा खाँटी र स्पष्ट राख्छन् तर थोरै राख्छन् । बिना हिचकिच्याई आफनो विचार प्रष्ट रूपमा राख्न सक्ने, सौम्य र शान्त स्वभावका क्षेत्री “साधा जीवन र उच्च विचार” भएको प्रगतिवादी तथा क्रान्तिकारी व्यक्तित्व हुन् । यो देशमा शोषणरहित समाज निर्माणमा जुटिरहेका एक व्यक्तित्व हुन् ।

### ३.३.९. गायन तथा साङ्गीतिक व्यक्तित्व

साहित्यकार क्षेत्रीको गायन कला पनि उत्तिकै मिठो र राम्रो छ । युवा अवस्थामा जनवादी गीत लेख्दै र गाउँदै हिँडेका क्षेत्रीको स्वर पनि मिठो र सुमधुर रहेको छ ।  उनले आफै रचेर गाउँघरमा गाउँदै हिँडेका जनवादी गीतहरू पनि धेरै छन् । उनले आफै लेखेर गाउँदै हिँडेका गीतहरू मध्ये “जाल बुन्न छाडिदेऊ जाली माकुरा” बोलको गीत, “परदेशी दाइ” “हिँड्ने बेला नरोऊ है बैनी, हाम्रो सुदिन ल्याउनु छ चाँडै नै ।” “गाउँ,गाउँ र वस्तीहरूमा चेतना दियो बालेर” “हे मेरी आमा परदेशी छोरो सम्झेर नरुनू” “स्वागतम्, स्वागतम्, स्वागतम्” जस्ता गीतहरू उनले आफै रचेर गाएका छन् । क्षेत्री आफै पनि हार्मोनियम, गितार, मादल र बाँसुरी बजाउन सक्छन् र गीतमा सङ्गीत भर्न पनि सक्छन् । तर उनको प्रतिभाको क्षेत्र अलिक फराकिलो बन्दै गएकाले त्यसैलाई व्यावशायिक बनाएर भने लैजान सकेनन् । उनका थुप्रै गीतहरू आफै सङगीत भरेर गाइए पनि विडम्बना भनौं आर्थिक अभावको कारण उनका यी गीतहरू तात्कालीन समयमा रेकर्ड हुन सकेनन् । उनले २०५५ सालमा लेखेका “माया भन्ने कुरा नि कस्तो हुँदोरैछ” “आफू हिँड्ने गोरेटोमा”बोलका गीतहरू सागर गौतमको सङ्गीतमा कार्साङलामाले स्वर दिएर रेकर्ड गरिएको छ भने २०६३ तिर लेखेका “दौरा, सुरुवाल,गुन्युचोली नेपाली यो भेषमा, गौरवशाली प्रकृति छिन् नेपालीको देशमा” बोलको गीत वरिष्ठ सङगीतकार बुलु मुकारुङले सङ्गीत

दिएका छन् भने गायक बिर्खराज लिम्बुको स्वरमा रेकर्ड गरिएको छ । त्यसै गरी "देशको रक्षा गर्ने यो शक्ति, नेपालको गोर्खाली" बोलको गीतमा ओमप्रकाश राईको सङ्गीतमा कुशल बरामको स्वरमा  रेकर्ड भई एल्बमको रूपमा बजारमा आइसकेको छ । यसरीगीति क्षेत्रमा पनि लागी परेका क्षेत्रीका यी गीतहरूले समग्र नेपालीको गौरव गाथा, वीरताको प्रशङसा र गरिबी, उत्पीडन र परिवर्तनको सन्देश दिएको पाइन्छ ।यस अर्थमा उनको व्यक्तित्व गीति क्षेत्रमा पनि फक्रन गएको छ र लेखनमा मात्रै होइन गायन र साङ्गीतिक क्षेत्रमा पनि उतिकै प्रतिभाको प्रस्फुटन भएको छ ।

## ३.४. निष्कर्ष

साहित्यकार क्षेत्री आफनो लक्ष्य र कर्तव्यलाई राम्ररी अङ्गालेर निरन्तर रूपमा सामाजिक, राजनीतिक, साहित्यिक, पत्रकारिता र शैक्षिक क्षेत्रमा लागी परेका बहुमुखी आयामिक प्रतिभाका धनी हुन् । मार्क्सवादी जीवन दर्शनका साथै प्रगतिवादी साहित्यकारका रूपमा परिचित क्षेत्री सरल जीवनशैली मन पराउँछन् । बाहृय रूपमा तडक-भडक मन नपराउने भावुक प्रवृतिका क्षेत्री भद्र तथा मृदुभाषी साहित्यकार हुन् । सधैँ भावुक देखिने तर हँसिलो स्वाभावको क्षेत्री शारीरिक रूपमा पनि आर्कषक व्यक्तित्व छन् । मझौला कद भएका क्षेत्रीले कविता, नाटक, गीत, कथा, सामीक्षा, टिप्पणी,समालोचना आदिमा सशक्त कलम चलाउँदै आएका छन् । नेपालका प्रगतिशील साहित्यकारको सूचिमा नाम  राख्न सफल क्षेत्री साहित्यिक प्रतिभाहरू मध्येका एक हुन् । कक्षा ७ मा पढ्दै गर्दा देखि नै कविता, गीत लेख्दै आएका क्षेत्रीको पुस्तकाकार कृति भने २०४९ सालमा आइपुग्दा प्रकाशन भएका "बेवारिशे लाश" नाट्यसङ्ग्रहबाट शुरू भयो ।  यस कृतिपछि मात्रै उनी स्थापित  साहित्यकार बन्ने क्रम शुरू भएको हो । समाज तथा देशभित्र देखिएका विसङगति, विकृति र राजनीतिक निरङकुशताका विरूद्ध सशक्त प्रहार गरिएका साहित्यिक लेख,रचना र साहित्यहरूमा उनले प्रगतिवादलाई अङ्गालेका छन् । मार्क्सवादी साहित्यक चिन्तनको प्रभाव ग्रहण गरेका क्षेत्री सामाजिक सेवाभावले प्रेरित छन् भने चिन्तनशील प्रवृति पनि उनमा उतिकै छ । प्रगतिवादी कवि तथा कथाकारका रूपमा स्थापित बनेका क्षेत्रीका, "बेवारिसे लाश" (

२०४९) नाट्यसङ्ग्रह, “अँध्यारामा बाँच्नेहरू” (२०५२) गीतीसंङ्ग्रह, “मझेरीमा झरेको बिहानी” (२०६७) कवितासङ्ग्रह, “अँध्यारामा बाँच्नेहरू” (पुनः प्रकाशन २०६७), “समय र मान्छे” (२०७०) कथासङ्ग्रह र “तृणा र तृप्ति” (२०७०) कथासङ्ग्रह आदि प्रकाशित भइसकेका छन् भने अझ कैँयौ पुस्तकारकार कृतिहरू अप्रकाशित रूपमा रहेका छन् । साहित्य सिर्जनाका साथै उनी राजनैतिक र पत्रकारिता क्षेत्रमा पनि उतिकै सक्रियताका साथ लागिरहेका छन् । यसका साथै क्षेत्री एक सफल पत्रिका प्रकाशक, सम्पादक र संवाददाता पनि हुन् । उनले नेपालका नाम चलेका मोहन वैध “किरण” “सि.पी.गजुरेल, मणी थापा, एकराज भण्डारी,देव गुरुङ जस्ता राजनैतिक व्यक्तित्वहरूसँग पत्रकारिता सम्वाद पनि गरिसकेका छन् । २०६३ मा सारथी बाल पत्रिकादेखि पत्रकारिता शुरु गरेका क्षेत्री हाल शृङ्खला साहित्यिक मासिक पत्रिकाको प्रधान सम्पादक र ज्ञानपुञ्ज द्वैमासिकको प्रकाशक, शैक्षिक ज्ञानमञ्च, शिक्षक आह्वान जस्ता राजनैतिक पत्रिकाको प्रमुख सम्पादक रहेर पनि उनले काम गरिरहेका छन् । एउटा सफल कथाकारको रूपमा नेपाली साहित्यको इतिहासमा आफनो छुट्टै पहिचान बनाउन सफल क्षेत्री प्रगतिवादी साहित्यकार हुन् । बहुसंख्यक जनताका आवाजलाइ लिएर राजनीतिक, सामाजिक, आर्थिक, प्रशासनिक, विकृतिप्रति व्यङग्य प्रहारका साथै क्रान्तिचेतमय सन्देश प्रवाह गर्नु क्षेत्रीको विशेषता हो ।

निस्वार्थ भावले साहित्यिक सिर्जना गर्दै झण्डै साडे दुई दशक बिताइसकेका क्षेत्रीको साहित्यिक यात्रा भने अझै टुङ्गिएको छैन । मार्क्सवादी दर्शनबाट प्रभावित क्षेत्री बहुसंख्यक जनता मुक्तिको खोजिमा रहेकाले नेपाललाई गरिबमुक्त क्षेत्र बनाउन सकिने धारण व्यक्त गर्छन् । यही उद्देश्य बोकेर लागी परेका क्षेत्री अविराम रूपमा साहित्य लेखन तथा राजनीतिक यात्रामा उत्रिएका एक अथक साहित्यकार हुन् । यसरी भीम क्षेत्री निश्चल भावनाले समाज, देश र जनताको कल्याणको लागि शिक्षा क्षेत्रको साथै, विभिन्न लेख, रचना मार्फत जनचेतना फैलाउने काममा व्यस्त एक परिश्रमी प्रगतिवादी साहित्यकार हुन् । भीष्म क्षेत्री, बि.जीसी, गोतमे कान्छा, भीम जीसी, अन्तरे काका, कहिले अजन्त गौतम आदि उपनामले विभिन्न क्षेत्रमा कलम चलाउँदै भीम क्षेत्री वर्तमान समयमा नेपाली समाजमा एक चर्चित साहित्यकार बन्न पुगेका छन् ।

# परिच्छेद : चार

## भीम क्षेत्रीका कृतिहरूको अध्ययन

### ४. विषय प्रवेश

साहित्यकार भीम क्षेत्रीले सानैदेखि साहित्यमा रुचि राख्ने गरेको देखिन्छ । कर्फोक मा.वि. पढ्दादेखि नै गीत, कविता लेख्ने र गाउने कार्यक्रममा भाग लिएर उनले साहित्यतर्फको बाटो रोजेको देखिन्छ । उनले औपचारिक अध्ययन पुनः नजोड्दै उनीसँग माले पार्टीका कार्यकर्ताको सम्पर्क बढेपछि मार्क्सवादी दार्शनिक पुस्तकहरूदेखि पुष्पलाल, मोहनविक्रम सिँह, मोहन वैद्य 'किरण' मोदनाथ प्रश्रित, र विश्वेश्वरप्रसाद कोइरालाका राजनीतिक र साहित्यिक पुस्तकहरू पढ्न भ्याइसकेका थिए । यसबाट खास गरी उनलाई लक्ष्मीप्रसाद, गुरुप्रसाद मैनाली, मोदनाथ प्रश्रित, भुपि शेरचन र विश्वेश्वरप्रसाद कोइरालाका साहित्यिक कथा, कविता र उपन्यासहरूको अध्ययनले नै साहित्यप्रतिको झुकाव अझ बढेर गएको थियो । यसका अतिरिक्त उनले रसिया र चिनियाँ क्रान्तिकारी लेखकहरू गोर्की, लुसुन, आदिको पुस्तक पनि पढ्न भ्याएका थिए । यसरी एकचित्त भई अध्ययन गर्ने उनको बानीकै कारण औपचारिक अध्ययन गर्न सुरू गर्नुभन्दा अगाडि नै उनले 'डाक्टरको विश्वास' भन्ने नाटकदेखि 'अँध्यारामा बाँच्नेहरू' गीतिसङ्ग्रहभित्र रहेका अधिकांश गीतहरू लेखिसकेका थिए । त्यसपछि उनले औपचारिक अध्ययनको क्रमलाई जब २०४५ सालदेखि जोडे । त्यसपछि भने अध्ययनको डिग्री बढाउँदै उनले 'बेवारिसे लाश' (नाट्यसङ्ग्रह–२०४९) 'अँध्यारामा बाँच्नेहरू' (गीतिसङ्ग्रह–२०५२) 'मझेरीमा झरेको बिहानी' ( कवितासङ्ग्रह–२०६७) 'समय र मान्छे' (कथासङ्ग्रह–२०७०) त्यसै गरी अर्को कथासङ्ग्रह 'तृष्णा र तृप्ति' (२०७०) जस्ता निकै उत्कृष्ठ रचनाहरू सिर्जना गरिसकेका छन् । उनी हाल पनि सिर्जनामै व्यस्त रहन्छन् र उनी पत्रकारको भूमिका पनि निर्वाह गर्छन् । उनले २०६२ सालदेखि हालसम्म निरन्तर पत्रकारिताको भूमिका पनि निभाइरहेका छन् । मूलतः उनी साहित्यिक पत्रकार हुन् । उनले हालसम्म **सारथी** मासिक पत्रिका, (सह-सम्पादक)**शृङ्खला मासिक पत्रिका** (प्रधान सम्पादक)**चन्द्रागिरि**

**त्रैमासिक पत्रिका**(सम्पादक) **ज्ञानपुञ्ज द्वैमासिक पत्रिका** (प्रकाशक,सम्पादक) र **जनजिब्रो साप्ताहिक** (सम्पादक, केही अङ्क) र **शैक्षिक ज्ञानमञ्चमा**(संयोजक सम्पादक) र **एकीकृत शिक्षक आह्वान**को (प्रधान सम्पादक) जस्ता पत्रिकामा रहेर सम्पादकीय भूमिका निर्वाह गरिसकेका छन् भने हाल पनि यी केही पत्रिकाबाहेक शृङ्खला, ज्ञानपुञ्ज, एकीकृत शिक्षक आह्वान, जस्ता पत्रिकामा रही आफ्नो कामलाई निरन्तरता दिँदै आएका छन् भने राजनीतिक,सामाजिक संगठनहरूमा पनि क्रियाशील छन् । यसै गरी उनले नाटक, गीत, कथा, कविता, निबन्ध, आदि साहित्यिक विधाहरूमा कलम चलाइरहेका छन् विभिन्न पत्र-पत्रिकामा उनका लेख-रचनाहरू प्रकाशित भइरहेका छन् ।

उनको सम्पर्क तात्कालीन माले पार्टीको कार्यकर्तासँग हुन पुगेपछि २०३८ सालदेखि नै गीतहरू लेख्दै र गाउँ-गाउँमा गाउँदै हिँडेका थिए । मूलतः उनी जनवादी गीतकार पनि हुन् तथापि शृङगारिक गीत पनि उनले नलेखेका भने होइनन् तर उनी जनताको कलाकार बन्ने प्रेरणा भने उनी २०३७/०३८ मा मार्क्सवादी-लेनिनवादी ( भूमिगत माले) पार्टीको सम्पर्कमा पुगेपछि पाएका थिए । त्यसपछि देखि नै उनले लगातार जनवादी गीतहरू लेखेको देखिन्छ । हुनत उनले “माया भन्ने कुरा नि कस्तो हुँदो रैछ, जति टाँढा हुन्छिन् उनी उति बढ्दो रैछ ।“विछोड भयो शारदी फूलझैँ फर्केर आएन, आशाको दियो झपक्क निभ्यो जल्न नै पाएन ।” “आफू हिँड्ने गोरेटोमा अड्चन धेरै भो,तिमी बिनाको जिन्दगी बाँच्नै गाह्रो भो ।” त्यसै गरी “सम्झ्यौता न हो प्रेम कुनै दुई मुटुको मिलन, टुट्न सक्छ फेरि पनि बल्झिन्छ मनको जलन ।” जस्ता शृङ्गारिक गीतहरू पनि बिगतका दिनहरूमा लेखेका थिए र यीमध्ये कतिपय गीतहरू रेकर्डिङ भएर एल्बमको रूपमा पनि निस्किसकेका छन् । तर उनी खास गरी मार्क्सवादमा विश्वास राख्ने स्रष्टा भएको हुनाले मार्क्सवादी सिद्धान्तमा आधारित श्रमजीवी वर्गले जतिसुकै रगत र पसिना बगाउँदा पनि एक पेट राम्रो खान र एक शरीर राम्ररी ढाक्न नपाउनुको पीडा र कारणको खोजी गर्नु उनको उद्देश्य रह्यो । उनले यही खोजीको सिलसिलामा सामन्ती राज्य व्यवस्था र दलाली पुँजीवादको विकृत राज्य व्यवस्थालाई दुःखको कारणको रूपमा पाए, त्यसपछि भने उनले शृङगारिक

भावलाई श्रम पसिना बगाउने उत्पीडित जनताको मर्मस्पर्शी कथा, व्यथालाई बोक्ने भावमा रूपान्तरण गरी आफ्नो सिर्जना कर्मलाई अगाडि बढाउँदै लगे जुन हालसम्म पनि निरन्तर जारी रहेको छ ।

गीतको परिभाषा अनेक विद्वानहरूले आ-आफ्नै तरिकाले दिने गरेका छन् । कसैले गीत भनेको मनको तीता-मीठा अनुभव पोख्ने माध्यम भनेका छन् भने कसैले गीत भनेको मनभित्रका रतिभाव प्रकट गर्ने माध्यम हो भनेका छन् त कसैले समाजलाई कुनै विषयमा सन्देश प्रवाह गर्ने माध्यम ठानेका छन् तर भीम क्षेत्रीको भनाई अनुसार "गीत भनेको समाजका मानव समुदायलाई सचेत बनाउँदै जीवन र जगतको विसङ्गत समाज रूपान्तरणको लागि जनमानसमा क्रान्तिकारी विचार प्रवाह गर्ने चेतनाको ढोका खोल्ने माध्यम हो" उनको भनाइ अनुसार 'कविता (गीत) पनि अन्य कला-साहित्यको अन्य विधाजस्तै कला-साहित्यको एउटा विधा हो र यसको सिर्जना र विकास पनि अन्य साहित्यिक विधाकै सैद्धान्तिक आधारमा हुने गर्दछ तर कविताका संरचनागत स्वरूप अन्य विधाभन्दा भिन्न हुने भएकाले यसमा लयात्मकता, सङ्गीतात्मकता र भावानुभूतिका संवेगात्मक प्रस्तुति अधिक रहने गर्दछ ।" (भीम क्षेत्रीको शोधकार्य-२०६५,पृष्ठ-९ बाट) यसरी कवितालाई परिभाषा गर्ने साहित्यकार क्षेत्रीले गीतलाई पनि यही दर्जामा राखेका छन् । कविता र गीतको संरचनात्मक ढाँचा भिन्न भए पनि अन्य गद्य विधाको तुलनामा कविता र गीतको साइनो नजिक रहने हुनाले पनि यसो भन्न सकिन्छ । उनलेगीतिसङ्ग्रहको मन्तव्यमा भनेका छन्"यो देशको राज्य व्यवस्थाले छुट दिएका नेपाली स्वार्थी प्रवृति, भ्रष्टता, कुलीन संस्कार र त्यसले भित्राएको विकृति, गरीबमारा नियम, रीति, संस्कृति आदिले मलाई पटक-पटक चिमोटी रहन्छ अनि त्यही चिमोटिएको नील डामहरू गर्भवती बनेर गीतको रूपमा जन्म हुन्छ ।" यस अर्थमा उनको विचारमा गीत भनेको समाजको विकृतिले जन्माएको भावनाको पोखाइ हो भन्न सकिन्छ ।

## ४.१. भीम क्षेत्रीको गीतिसङ्ग्रहका गीतहरूको अध्ययन

साहित्यकार भीम क्षेत्रीले २०२९/०३० तिर विद्यार्थी कक्षा ७ मा पढ्दादेखि नै कविताबाट साहित्य यात्रा सुरू गरे पनि२०३८ सालमा आइपुग्दा गीत लेखनमा रमाउन थालेको देखिन्छ । उनले "जाल बुन्न छाडिदेऊ जाले माकुरा" बोलको गीत लेखेर राजतन्त्रात्मक व्यवस्थाप्रति घोचपेच गर्दै त्यसको विरुद्ध जनता लड्न सुरू गरेका छन् भन्ने सन्देश दिएका छन् । यसपछि लगातार रूपमा क्षेत्रीले गीतहरू लेख्दै र गाउँदै आएका छन् । यही १०/११ वर्षभित्र लेखिएका र गाइएका गीतहरू संकलन गरेर २०५२ सालमा "अँध्यारामा बाँच्नेहरू" नामक गितीसङ्ग्रह प्रकाशन गरेका थिए । जनवादी गीतलेखन र गायनमा समेत कुशल क्षेत्रीले मार्क्सवादी सौन्दर्य दृष्टिलाई आत्मसात गरी थुप्रै गीतहरू लेखेका छन् । निम्न वर्गीय जनताको पक्षमा उभिएका क्षेत्रीले आफूले देखेका, भोगेका र अनुभूत गरेका वैचारिक धरातलमा टेकेर गीतहरू सिर्जना गरेका छन् । उनका यी सबै गीतहरू सरल र सहज भाषाको प्रयोग गरी प्रायः सबै गीतहरू जनताको बुझ्झाइस्तर अनकूल हुने गीतहरू छन् ।

यसरी उनको भावना र विचार अनुसार लेखिएका गीतहरू २०५२ सालमा सङ्ग्रहका रूपमा उनले प्रकाशन गरेका छन् भने यसैलाई परिमार्जनसहित १२ वटा जति अन्य गीतहरू थपेर २०६७ मा पुनःप्रकाशन पनि गरेका छन् । समग्रमा भन्नुपर्दा उनका गीतहरूमा सर्वहारा, दुःखी,पीडित जनताको सुख, सुविधा र समानताको कामना गरिएको छ । उनका गीतिसङ्ग्रहमा रहेका गीतह"को अध्ययन क्रमशः यसप्रकार गर्न सकिन्छः

## ४.२. अँध्यारामा बाँच्नेहरू गीतिसङ्ग्रहको अध्ययन

साहित्यकार भीम क्षेत्रीले २०५२ सालमा पूर्णकुमारी क्षेत्री प्रकाशक रहेको सम्झना प्रेस काठमाडौं ठमेलबाट प्रकाशन गरिएको 'अँध्यारामा बाँच्नेहरू' गितीसङ्ग्रहमा जम्मा ४९ वटा गीतहरू समाविष्ट गरेका छन् भने त्यसमा चार वटा शृङ्गारिक गीतहरू पनि रहेका छन् । उनले २०६७ सालमा आएर यो सङ्ग्रहमा रहेका ४ वटा शृङ्गारिक भावधाराका गीतहरू हटाएर जनयुद्ध कालमा लेखिएका १२ वटा गीतहरू थपेर आफ्नै पारिवारिक प्रकाशकीय आफ्नै पारिवारलाई राखेर युनिक प्रेस,

हनुमान ढोका टोल, काठमाडौंबाट पुनः प्रकाशन गरेका छन् । यसमा जम्मा ५७ वटा गीतहरू रहेका छन् । यो गीतिसङ्ग्रहमा 'परें म जेलमा' 'परदेशी दाइ' 'भन्नु के छ र' 'चरीको गीत' 'हेर्नु है छोरो' 'फूल फुल्यो' 'जाली दाइ' 'प्रजातन्त्र' आमा' 'ज्यान खाने बाघ' 'हिमाल हाँसे' 'छैन भगवान' 'गाउँ-गाउँ' 'आमालाई चिठी' 'बल्ल आयो' 'चम्कन्छ भाग्य' 'हेर है साथी' 'खोइ त जीवन' 'लाहुरेको पुकार' 'न देवता' देशमा नयाँ' 'छोरीको जन्म' 'हाम्रो देश, राम्रो देश' 'देशको खबर' 'अब देख्ने भो' ( परिमार्जनसहित थपिएका) (२०५३) 'रातो लाली' (२०५४) 'गीत फेरियो' 'किन सुत्छौ ?' (२०५७) 'गुरुलाई गोरु' आदि गीतहरू समावेश गरिएका छन् ।

ती सबै गीतहरूले कुनै न कुनै सन्देश बोकेका छन् तर यहाँ ती सबै गीतहरूको अध्ययन, विश्लेषण गर्न सम्भव नरहेको र आवश्यक पनि नरहेको हुँदा यो सङग्रहभित्र रहेका समय सान्दार्भिक प्रवृतिहरू तथा बिम्ब, प्रतीक, अलङ्कार र भाषा-शैलीको हिसाबले मुख्य गरी वैचारिक सन्देशको प्रवाहको नमुना रहेका तपसिलमा उल्लेखित ११ वटा प्रतिनिधि गीतहरू **जाल बुन्न छाडिदेऊ, विरही किसान, नारायणहिटी, स्वार्थी मान्छे,, पसिनाको धारा, झुक्दैन कहिल्यै, अँध्यारामा बाँच्नेहरू, ल्यायौं देशमा, दशरा, लाहुरेको पुकार, होसियार,** आदि छनोट गरी यसको अध्ययन, विश्लेषण गर्ने कोसिस गरिएको छ । यहाँ ती सबै गीतहरूको विषयवस्तुगत, भाषागत, शैलीगत, बिम्ब, प्रतीक र अलङ्कारकोमात्र सामान्य अध्ययन गरिएको छ ।

"अँध्यारामा बाँच्नेहरू" गितीसङ्ग्रहभित्रका निम्न प्रतिनिधि गीतहरूको अध्ययन यसप्रकार गरिएको छ ।

### ४.२.१ जाल बुन्न छाडिदेऊ

यो गीत २०३८ सालतिरै लेखिएको गीत हो, तत्काल राजसंस्थालाई "माकुरा"को बिम्ब दिएर लेखिएको यो गीतले राजसंस्थालाई हतियार बनाएर देशका ठुला-बडा भन्नेहरूले गरिब,दुःखी र निमुखाहरूलाई जालमा पारेर दुःखमाथि अझै दुःख थप्ने प्रवृतिको भण्डाफोर गरिएको छ । यस गीतमा झिँगा, साङ्ला, फट्याङ्ग्रा, बछ्युँ र च्याँखुराहरू उत्पीडित जनताका प्रतीकहरू रहेका छन् । यसरी बिम्ब र प्रतीकको बाग्लो प्रयोग गरी लेखिएको यो गीतले अब जनता सचेत हुँदै आएका छन् अब

राजसंस्था र पञ्चायती व्यवस्थाको विरुद्ध लड्नको लागि जनता एकजुट हुँदैछन् भन्ने सन्देश दिएको छ ।

पञ्चायती व्यवस्था मन नपराउने कतिपयलाई जेल-नेल र हत्या गरिरहेका त्यो अवस्थामा उनले व्यङ्ग्यात्मक तरिकाले त्यसको विरोध यसरी गरेका छन्–

कति झिँगा-साङ्लालाई पाऱ्यौ जालमा
बच्चा तिनका मर्छन् नभई अन्न थालमा
लाउँछौ तिम्रो दरबारमा सुनको टाकुरा
जाल बुन्न छाडिदेऊ अब जाले माकुरा ।
माकुराको सिकार खेल्न जुटे फट्याङ्ग्रा
बोकी आउँछन् लड्न रे हँसिया–हतौडा
बाटो-घाटो,झोडी-जङ्गल नछोऊ कटेरा
जाल बुन्न छाडिदेऊ अब जाले माकुरा ॥ (पृ.१,)

यसरी २०३८ सालमै पञ्चायती व्यवस्थाको धज्जी उडाउँदै लेखिएको गीतले तत्कालीन जनताको चेतनाको ढोका खोल्ने काम भएको थियो, भन्न सकिन्छ ।

त्यसै गरी उक्त गीतमा अलङ्कारको प्रयोग पनि बाग्लै भएको पाइन्छ । खास गरी वृत्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग बढी भएका छन् जस्तैः

तिम्रो पेटको पापी जालो फ्याँक अब त,
तिम्रै नीति,बुद्धि सबले बिग्रे जगत । (पृ.१,)

यहाँ 'नीति' र 'बुद्धि' वृत्यानुप्रासको रूपमा आएको छ भने 'अब त' र 'जगत' अन्त्यानुप्रासको रूपमा प्रयोग भएका छन् । त्यस्तै 'माकुरा'लाई राजतन्त्रवादीलाई प्रतीक बनाइएको छ भने फट्याङ्ग्रा, च्याँखुरा, झिँगा, बछ्यूँ आदिलाई जनताको प्रतीक मानिएको छ । तसर्थ यो गीतले वर्गसङ्घर्षको लागि जनताहरू राजतन्त्रविरुद्ध लागिरहेका छन् भन्ने वैचारिक सन्देश प्रवाहलाई सरल र सहज ढङ्गले अभिव्यक्ति दिएका छन् ।

### ४.२.२. विरही किसान

गीतकार भीम क्षेत्रीको यस गीतमा नेपालमा कृषि क्षेत्रमा लागेर जीवन चलाउनेहरूको दयनीय अवस्थाको चित्रण गरिएको छ साथै यसको मुख्य कारण चाहिँ राज्य व्यवस्था नै हो भन्ने मूल सन्देश रहेको छ । दिनरात खेतबारीमा पसिना बगाउने किसानहरू  भोकभोकै बस्नु पर्ने  अवस्थाको चित्रण अत्यन्तै मार्मिक ढङ्गले गरिएको छ । किसानहरूले बाँचिन्जेलरगत र पसिना बगाएर उत्पादन भएको अन्न खाएर सारा मानिसहरू बाँच्चिरहेका हुन्छन् तर तिनै पसिनाको धारा बगाएर अन्न फलाउने किसानहरूको जीवन भने कहिल्यै पनि सुखमय बन्न सकेको छैन भन्ने सन्देश यसरी दिएका छन्–

"जिउँदाको रगत-पसिना सबै सुकेर अन्न भो
अमूल्य श्रम खर्चिंदा पनि जिन्दगी नर्क भो ।
किसानी काम गरेर जीवन धानेको युगौं भो
हातमा छैन श्रमको मूल्य खोई कुन्नि कता गो ?" (पृ.६)

यसरी क्रान्तिमय भावमा गीतकारले किसानको पसिनाको मूल्य खोजेका छन् ।

त्यसै गरी उनी किसानहरूको यस्तो हालत बनाउनुमा सामन्ती व्यवस्था मूख्य कारण हो । त्यसैले अब यो शासन व्यवस्थाको अन्त्य हुनुपर्छ भन्ने सन्देश दिन चाहन्छन् । उनी लेख्छन्–

"भालेको डाकमा उठेर हिँड्छु, मेला र पातमा,
खोइ ! कल्ले खान्छ, श्रमको मूल्य शून्य छ हातमा,
सामन्ती शासन रहिन्जेलसम्म कर्मले साथ दिन्न,
यवस्था राम्रो भए पो यहाँ हट्दथ्यो यो भिन्न ।"

यसरी प्रत्यक्ष-परोक्ष रूपमा उनले २०३० को दशकमै लेखिएको यो गीतमा राजतन्त्रात्मक पञ्चायती व्यवस्थाको अन्त्य चाहेका छन् ।

यस गीतको अन्त्यमा उनी अग्रगामी क्रान्तिचेतनाको उद्घोष गर्दै उनी लेख्छन्–

"मागेर भन्छ, पाइन्न हक लिनलाई लड्नु छ,

गरिब चुस्ने व्यवस्था फेर्न अगाडि बढ्नु छ ॥" (पृ.६)

यस गीतमा अन्त्यानुप्रासको प्रयोग भए  पनि बिम्बको प्रयोग भने कम भएको छ । यस गीतमा गीतकारले "झर्दछ माटीमा, नारायणहिटीमा" "मेला र पातमा, शून्य छ हातमा" जस्ता शब्द चयन गरी अन्त्यानुप्रास मिलाउने प्रयास गरेका छन् ।

### ४.२.३ नारायणहिटी

यस गीतिसङग्रहको पृष्ठ-७ मा सङ्ग्रहित (२०४२ मै लेखिएको) गीत "नारायणहिटी" मा दरबारको चकचकी र जनताको बेहाललाई उदाङ्गो पारेर देखाइएको छ । उनले यो गीत प्यारोडीजस्तो बनाएर गाउने गरी लेखेको भए पनि यसका भावार्थ वा सन्देश निकै नै क्रान्तिमय बनाएर प्रस्तुत गरेका छन् । प्रगतिवादी भावधारामा लेखिएको यस गीतमा राजारानीको साथै उनका आसेपासे महलमा राज गर्ने तर दुःख गर्ने जनता भने भोकमरीले मर्दै गरेको यथार्थको उद्घाटन गरेका छन् । उनी लेख्छन्–

"नारायणहिटी सुनैको दरवारमा हाम्रा राजा-रानी,
जनताहरू मर्दै छन् धमाधम, भोकमरीमा परी ।"
गरिब खट्छन् दिनरात काममा
असिन्-पसिन् त्यो तातो घाममा
तिनका किन हुन्न त भलाई
बुझाइ देऊ न अर्थ त्यो मलाई ॥ (पृष्ठ ७)

यसरी काम गर्ने वा श्रम गर्ने जनताको भलाई किन हुँदैन ? भन्दै परोक्ष रूपमा राज्यसत्ता र तिनका सञ्चालकहरूलाई दोष लगाइएको छ ।  त्यसै गरी जनताहरूले यस्तो व्यवस्था फालेर नयाँ प्रजातान्त्रिक वा लोकतान्त्रिक व्यवस्था ल्याउनु पर्ने हो, र यस्तो व्यवस्था ल्याउनको लागि सङ्घर्ष गर्नुपर्ने हो, तर जनताहरू आजसम्म सहेर बसेकोमा व्यङ्ग्य प्रहार गर्छन् अनि जनताहरूलाई जति नै सचेत बनाउने काम गर्दा पनि मरेतुल्य भएर बस्छन् भन्दै उनी लेख्छन्–

"नारायणहिटी सुनैको दरवारमा हाम्रा राजा-रानी,

मारे पनि ब्युँझन्न जनता, कति राम्रो बानी ॥

यसरी कतै व्यङग्य त कतै घृणाको अभिव्यक्तिले भरिएको यो गीतले जनतालाई जागरुक बनाउने काम गरेको छ, भन्न सकिन्छ ।यस गीतमा पनि अन्यमा जस्तै “हाम्रो राजा-रानी,न त धारा पानी”, “अन्न पात, हाम्रो जात, भलाई, मलाई” जस्ता अनुप्रासको प्रयोग गरिएका छन् ।

### ४.२.४. स्वार्थी मान्छे

यो सङ्ग्रहभित्र पृष्ठ-१४ मा सङ्ग्रहित गीत ‘स्वार्थी मान्छे’ मा मान्छे स्वभावैले स्वार्थी हुने रहेछ, नीच र धूर्त पनि हुनेरहेछ तर मरेपछि पनि आफैसँग लगेर जानेझैं गरेर लोभको मोहमा फँस्दै जाँदा एकदिन त्यसले बिलापको स्थितिमा पुऱ्याउनेछ भन्ने सन्देश दिन चाहेका छन् ।  तर यो स्वार्थी प्रवृतिलाई रोक्ने राज्यसत्ता र राज्यसंयन्त्र हो । यी राज्यसत्ता र राज्यसंयन्त्र नै भ्रष्ट भएपछि पवित्र मन भएकाहरूको लागि जीवन नै नर्क हुन पुग्ने रहेछ भन्ने सन्देश यस गीतमा दिइएको छ । उनी मरेपछि के लगेर गइन्छ र लोभ गर्नु, अरुलाई लुट्नु (लुट्नुको अर्थ यहाँ श्रम शोषण गर्नु, राज्यद्वारा ठगिनु र धन हुनेले नहुनेलाई कज्याएर खानुलाई लिइएको छ) एकदिन त सबैले यो संसार छाडेर जान

“कति नि स्वार्थी मान्छे, कति नि नीच,
छाड्नु छ एक दिन यो संसार !
बाँचुन्जेलसम्म नि हौ, अरुलाई लुट्छ,
मरेको दिन हजुर, लम्पसार ॥

जसले जे सक्छ नि हौ, उसैले लुट्छ
छैन झैं लाग्छ नि हौ सरकार ।
सोझा र सिधा नि हौ, मरेको मऱ्यै
कसैलाई छैन नि हौ दरकार ॥
(पृष्ठ-१४)पर्छ भन्दै, उनी लेख्छन्–

यसरी राज्य र सरकारको मनपरीतन्त्रले गर्दा गरिब, निमुखाहरू मरेको मऱ्यै तर सत्ताधारीहरू र त्यसमा पहुँच हुने र राज गर्नेहरू लुटेका लुट्यै गर्ने स्थिति रहेको यथार्थलाई उद्घाटन गर्दै अब यसको अन्त्य जरुरी छ भन्ने सन्देश दिएका छन् । उनी यसको अन्त्यमा आफ्नो सुभाव र सन्देश दिँदै अरू थप्छन्–

लोभी र स्वार्थीलाई, मलजल गर्ने,

यही पापी हौ हजुर शासन !

न दिन्छ यल्ले नि हौ, खान र लाउन,

न दिन्छ हौ हजुर ! हाँस न ॥-पृ.१४)

यसरी २०४४ सालतिरै उनले राजतन्त्रको विरुद्ध बुलन्द आवाज उठाएको देखिन्छ । त्यसबेलाको क्रुर शासन विरुद्ध गाउँदै हिड्ने गीतकार भीम क्षेत्रमा क्रान्तिकारी क्षमता देखिन्छ भने उनले गीतकै माध्यमबाट समाजलाई जागरुक पार्ने हैसियत राखेका छन् । तर उनले ढिलो गरी औपचारिक शिक्षा आर्जन गर्न थालेको हुनाले गीतमा अति सरल भाषा र ग्रामिण शैलीको प्रयोग गरेका छन् ।

यस गीतमा पनि अन्यमा जस्तै अनुप्रासहरूको प्रयोग भएका छन् । खास गरी अन्त्यानुप्रासको प्रयोग छन् जस्तै–“संसार, लम्पसार” “सरकार,दरकार” “विकास, निकास” आदि अन्त्यानुप्रासको प्रयोग भएका छन् । यसमा बिम्ब र प्रतीकको प्रयोग नभए पनि स्थायी भाव “नि हौ, भन्नेले गीतको भाका,शैलीलाई अति सुन्दर र सुमधुर बनाएको छ ।

### ४.२.५.पसिनाको धारा

यो सङ्ग्रहको पृष्ठ-२२ मा सङ्ग्रहहित ‘पसिनाको धारा’ शीर्षकको गीतमा जमिनदार, साहु र पैसावालहरूले गरिब जनतालाई ठग्ने काम गरेका छन् । जनताले जति नै पसिना बगाए पनि उनीहरूको जीवन कहिले पनि माथि उठ्न सकेको छैन भन्ने सन्देश दिएका छन् । काम गरिखानेहरू सधैं पछि पर्ने, अभावग्रस्त जीवन बाँच्नुपर्ने अनि श्रमजीवीले गरेको कामको मूल्य काम नगरी ठगिखानेहरूले लिने हुनाले श्रमजीवीहरू सधैं दु:खको जीवन बिताउने गरेको यथार्थलाई यसमा उद्घाटन गर्ने

काम भएको छ । यति मात्रै छैन यहाँ यस्तो शासन व्यवस्थाको अन्त्यका लागि सबै श्रमजीवीहरू अब उठ्ने बेला आएको छ, सङ्घर्षको मैदानमा जुट्ने बेला भएको छ भन्ने सन्देश यस गीतमार्फत गीतकार दिन चाहन्छन् । उनी अधिकार भन्ने कुरा मागेर पाइन्न खोसेर लिन सक्नुपर्छ भन्दै लेख्छन्–

"पसिनाको धारा बग्यो, यही धर्तीमा हाम्रो
शोसकले दिएन नि गरिखान राम्रो,
कति बग्यो रगत हाम्रो यही देशका लागि,
पाइँदैन रहेछ क्यारे ! अधिकार मागी ॥(पृ.२२)

यसरी गीतकारले मागेर अधिकार नपाइने कुरा जनतासामू पस्केर सचेत बनाउने काम गरेका छन् भने अर्को अनुच्छेदमा नेपालका अधिकांश भूमि जमिनदारको कब्जामा छन् भने खेतमा काम गर्ने किसानहरूसँग जमिन छैन, त्यसैले जिमनदारका खेत खनेर जीविका चलाउनु पर्ने बाध्यतालाई यसरी लेख्छन्–

"काम गरी खाने धर्ती जमिनदारको पेवा,
जोत्ने धर्ती मागे उनको गर्नुपर्छ सेवा,
बाँझो जमिन रहोस् भन्छ केही गरी दिन्न,
अब भने चुक्नु हुन्न शत्रु-मित्रु चिन्न ॥ (पृ.२२)

यसरी वर्गीय शत्रु चिनेर यो प्रवृतिको विरुद्ध आवाज उठाउनु पर्ने सन्देश दिन चाहन्छन् । यसको अतिरिक्त उनी यो देशलाई अधोगतितिर लाने भ्रष्टाचार प्रवृति नै हो, केही मुठीभर मानिसहरूले राज गरी रहेको यो देशलाई मुक्तिको मार्गमा डोऱ्याउनु पर्ने र सङ्घर्ष गर्नै पर्ने खाँचोलाई यसरी व्यक्त गर्छन्–

"भ्रष्टाचारी मिली देशलाई पाऱ्यो अधोगति,
एकमुठी सुखी मान्छे, मुरी जनता दुःखी,
गरिब-दुःखी एक भई उठ्ने बेला आयो,
सङ्घर्षको मैदानमा जुटने बेला भयो ॥ (पृ.२२.)

यसरी गीतकारले आफूभित्रको क्रान्तिकारी भावधारालाई गीतको माध्यमबाट जनतासामु पस्कने काम गरेका छन् । यसमा पनि अनुप्रासको भरमर प्रयोग भएका

छन्, भाषा शैली अत्यन्तै सरल र सहज छ भने “माटोमा हाम्रो, गरिखान राम्रो” “जमिनदारको पेवा, गर्नु भन्छ सेवा” “उसकै राजाइँ, पर्छ बसाई” जस्ता अन्त्यानुप्रासले गीतलाई सङगीतमय र भाकामय बनाउने काम गरेका छन् ।

### ४.२.६. झुक्दैन कहिल्यै

यो सङ्ग्रहको पृष्ठ-२५ मा सङ्ग्रहित गीत ‘झुक्दैन कहिल्यै’ शीर्षकको गीत पञ्चायतविरुद्ध आन्दोलन घनीभूत हुँदै गर्दा २०४६ मा लेखिएको देखिन्छ । यसमा पनि राजतन्त्र र पञ्चायतविरुद्ध आवाज बुलन्द भएको छ । खास गरी मार्क्सवादी दृष्टिकोणबाट अभिव्यञ्जना भएको उनका अन्य गीतमा जसरी अग्रगामी चेतना प्रवाह हुने गरेको छ, यस गीतमा पनि त्यही प्रवृतिलाई उनले अँगालेका छन् । साथै क्रान्तिचेतको भरमर प्रयोग भएको छ । उनी क्रान्तिकारी विचार प्रवाह गर्दै गोली र बन्दुकको भरमा टिकेको राज्यसत्ताका अगाडि कहिल्यै पनि श्रमजीवी जनता नझुक्ने सन्देश दिने गर्छन् भने यहाँ जब मार्क्सवादी शिक्षाले ओतप्रोत हुन्छ अनि कुनै पनि खतराबाट झुक्ने गर्दैनन् मार्क्सवादीहरू भन्ने निडरता र वीरताको भाव सम्प्रेषण भएको पाइन्छ ।

उनी लेख्छन्–“झुक्दैन कहिल्यै यो रातो झण्डा
दुश्मनको धम्काइले,
गगनचुम्बी पहाड काँप्छ
जनताको आवाजले ॥” (पृष्ठ–२५)

यसरी वर्गीय समाजमा शोषक वर्ग र शोषित वर्गबिचको द्वन्द्व अनवरत रूपमा चली रहने छ र शोषित वर्गलाई दबाएर राख्ने काममा शोषक वर्गले बन्दुकको प्रयोग गर्ने गर्छन् तर जब जनता जाग्छ तब कुनै पनि मानेमा रातो झण्डा झुक्ने छैन वा जनता झुकेर आत्मसमर्पण गर्नेछैनन् भन्ने सन्देश दिन चाहन्छन् । यसै गरी उनी यसै गीतको अर्को अनुच्छेदमा लेख्छन्–

“मरेर जिउने कसम खाई
हिँड्दछन् वीरहरू,

मुक्तिको खातिर जिन्दगीभरि,

रोज्दछन् पीरहरू ॥(पृ.२५)

यसरी गीतकार भीम क्षेत्रीले जनताको मुक्ति त्यति सजिलै छैन, तापनि मुक्तिकामी वीरहरू पीर र व्यथादेखि नडराइकन अगाडि बढी रहन्छन् भन्ने सन्देश दिन्छन् । मुक्ति यात्रामा निस्केका वीरहरू मर्नदेखि डराउँदैनन् बरु उनीहरू मरेर जिउने अभिलाशा बोकेर हिँडेका हुन्छन् भन्ने भावमा क्रान्तिचेतनामूलक सन्देश प्रवाह गरेका छन् ।

यसरी नै उनले सामन्ती संस्कार र पुँजीवादी नीतिले थिलथिलो पारेका जनतालाई मुक्तिको आशावाद प्रकट गर्दै भन्छन्–

"मुक्तिको बाटो रोजेको आशा,

एकदिन त मिल्नेछ,

सामन्ती संस्कार पुजीँवाद थिति,

माटोमा बिल्नेछ ॥ (पृ.२५)

यसरी गीतकार भीम क्षेत्रीले कुनै पनि दिन मुक्तिकामी जनताको जित हुने नै छ भन्ने आशावादी विचारलाई यहाँ प्रस्तुत गर्दै निरन्तर मुक्तिमार्गमा जनतालाई खटी रहनको लागि आह्वान गरेका छन् । यस गीतमा पनि अन्यमा जस्तै अनुप्रासको प्रयोग भएको छ, खास गरी अन्त्यानुप्रासको मिलनले गीतलाई सुमधुर बनाउने काम गरेको छ । जस्तै–"पाएर यातना,यो हाम्रो याचना" "हिँड्दछन् वीरहरू, रोज्दछन् पीरहरू" "यो मातृभूमिमा, एकबारको जुनीमा" "एकदिन त मिल्नेछ, माटामो बिल्नेछ" जस्ता अन्त्यानुप्रासको अति उत्तम प्रयोग भएको पाइन्छ ।

### ४.२.७. अँध्यारामा बाँच्नेहरू

यस सङ्ग्रहको पृष्ठ-२६ मा सङ्ग्रहित गीत 'अँध्यारामा बाँच्नेहरू' बाटै यस गीतिसङ्ग्रहको नाम पनि राखिएको छ । यस गीतमा पनि भरमर प्रगतिवादी वैचारिक सन्देश प्रवाह भएको पाइन्छ । अधिकांश जनता अँध्यारो जिन्दगी भोगी रहेको यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ । मुठीभर मानिस  धेरै खाएर अजीर्ण भएर मरी

रहने र असङ्ख्या धेरै मानिसहरू भोक, रोग र शोकले मरी रहनु पर्ने अवस्थाको अन्त्य गर्ने चाहना नै यस गीतको मूल सन्देश हो । २०४६ सालमै लेखिएको यो गीतमा जनतालाई आन्दोलित बनाउँदै उनी लेख्छन्–

"अँध्यारामा बाँच्नेहरू उठ, जाग अब त,
सुत्ने बेला छैन बन्धु ढुक्क भएर ।
देशका शत्रु चिन्यौँ सब विरोध गरौँ अब त,
बस्नु हुन्न साथी अब लाछी बनेर ॥ (पृ.२७)

यसरी जनतालाई जागृत भएर अब देशको शत्रुमाथि हमला गर्नको लागि सबै साथी-भाइ, बन्धुहरूलाई आह्वान गर्दछन् । अब लाछी अथवा डरपोक भएर बस्ने दिन होइन, मुक्तिको लागि उठ्नुपर्छ र सबै जना जुट्नुपर्छ भन्ने सन्देश दिँदै जागरुक हुनको लागि आह्वान गरेका छन् ।

यसै गरी उनी क्रान्तिबिना शान्तिको कल्पना गर्नुहुन्न, सबै जनतालाई अँध्यारो शासन व्यवस्थाले भोका, नाङ्गा बनाएको छ, अब जनताहरू उज्यालो संसार खोज्नको लागि मसाल बोकेर हिँड्नै पर्छ नत्र उज्यालो दिन, शान्ति र समृद्धिको दिन सम्भव छैन भन्ने सन्देश दिँदै उनी लेख्छन्– "बिल्लीबाठ भए जनता अँध्याराले खाएर,
कति बस्नु पाखण्डीको अन्याय हेरेर ।
उज्याला दिन ल्याउनै पर्छ हिँडौँ साथी मिलेर,
मसालसँगै क्रान्तिको ध्वाजा बोकेर ॥ (पृ.२७)

यसरी उनले उज्यालाको खोजी गर्न जनतालाई आह्वान गर्दै यो सामन्ती शासनको अन्त्य गर्न जरुरी देखाएका छन् । यसर्थ यस गीतमा पनि उनले क्रान्तिचेतनाको राम्रै प्रयोगगरेका छन् ।

यसै गरी यस गीतमा क्रान्तिचेतनामूलक सन्देशको साथै बिम्ब, प्रतिक र अनुप्रासको समेत उपयुक्त ढङ्गले प्रयोग गरेका छन् । जस्तो उनले यस गीतमा अँध्यारो दिनलाई राजतन्त्रात्मक पञ्चायती व्यवस्थाको प्रतीक बनाएका छन् भने उज्यालो दिन भनेर जनमुक्ति र समानतालाई प्रतिक बनाएका छन् । त्यसै गरी "उदाएको सूर्यलाई हत्केलाले छेकिन्न,पञ्चायती पानीले तिर्खा मेटिन्न ।" जस्ता

वाक्याङ्श राखेर समग्र क्रान्तिको बिम्बको रूपमा पनि प्रयोग गरेको पाइन्छ । यसरी नै अनुप्रासमा अन्त्यानुप्रासहरूको राम्रो मिलन गराएर गीतलाई ध्वन्यात्मक र सङ्गीतात्मक पनि बनाउका छन् । जस्तो "ढुक्क भएर, लाछी बनेर" "अँध्याराले खाएर, अन्याय सहेर" "केही चल्दैन, शासक गल्दैन" जस्ता अन्त्यानुप्रासले गीतलाई सङ्गीतात्मक ध्वनि प्रदान गरेको छ ।

### ४.२.८. ल्यायौँ देशमा

यस सङ्ग्रहको पृष्ठ-३२ मा सङ्ग्रहित गीत 'ल्यायौँ देशमा' शीर्षकको गीतमा पनि खराब राजनैतिक व्यवस्थाको अन्त्य गर्न २०४६ सालको आन्दोलन भयो । यो यसपछिको अवस्थालाई विषय वस्तु बनाएर लेखिएको गीत हो । देशमा प्रजातन्त्र ल्यायौँ, भनेर आन्दोलनको नेतृत्व गर्ने नेताहरूले भने पनि यो आन्दोलनपछि पनि गरिब, दुःखी र सिमान्तकृत जनतालाईप्रजातन्त्रको कुनै अनुभूति हुन नसकेको अवस्थामा जनअसन्तुष्टिको भाव यसमा प्रस्तुत भएको छ । देशमा जनताको सहयोगले २०४६ सालका आन्दोलन सफल भएर एकतान्त्रिक पञ्चायती व्यवस्था अन्त्य गरी बहुदलीय राज्य व्यवस्था स्थापना भए पनि पीडित जनताको जीवनस्तरमा कुनै नयाँ परिवर्तन भएको छैन भन्ने सन्देश दिँदै उनी लेख्छन्–

"ल्यायौँ देशमा बहुदल लडेर, जनताको अधिकार खोज्नलाई
उर्ले जनता आँधी झैँ बनेर,शोषकको अत्याचार रोक्नलाई ।
देशमा तर फेर बदल भा'छैन,अन्याय र अत्याचार गा'छैन,
रक्सी उही छ बोतल नयाँ भो,ठालुहरू दायाँ र बायाँ भो ।(पृ.३२)

यसरी गीतकारले जनताले ज्यानको बाजी लगाएर लडे पनि, जीवनलाई खतरामा पारेर बहुदल ल्याए पनि गरिब जनताको जीवनस्तर उही र शासन पद्धति र नेतृत्वहरू पनि उही नै भएकोमा क्षोभ प्रकट गर्दै उनले फेरि पनि लड्नको लागि तयार रहनु पर्ने अवस्था आउन सक्छ भन्ने आशय प्रकट गरेका छन् ।

यो २०४६ सालको आन्दोलन एउटा धोकामा गएर सम्झौता भएको कुरालाई गीतकारले औल्याएका छन् । उनले राजा,प्रजा सबैको जितको रूपमा लिने नेताहरूलाई पनि व्यङ्ग्य प्रहार गरेका छन् । उनी लेख्छन्–

"भोट भयो सांसद उही भा'का छन्,मन्त्री खाने उही चन्द, थापा छन्
गरिबको बिल्लीबाठ उस्तै छ, बिचबाटैमा आन्दोलन तुहेछ ।
बल्ल बुझे निमुखा जनताले, ठालुहरूको धोकेबाज सम्झौता,
राजा, प्रजा एकै हौँ भन्नेले, मार्ने भए झन गरिब जनता ॥ (पृ.३२.)

यसरी गीतकारले तात्कालीन यथार्थको भण्डाफोर गर्दै गरिब जनतालाई सचेत बनाउने काम गरेका छन् । यसै गरी यस गीतमा रक्सी र बोतलको बिम्ब प्रयोग गरी गीतलाई ध्वन्यात्मक बनाइएको छ । रक्सीलाई पुरानो सत्ताकै नियम, कानून र परिपाटीको साथै बोतललाई नयाँ व्यवस्थाको प्रतिक रूपमा प्रयोग गरिएको छ । त्यस्तै "भा'का छन्,गा'का छन्" "उस्तै छ, तुहे छ" जस्ता वृत्यानुप्रास र "सम्झौता,जनता" जस्ता अन्त्यानुप्रासको पनि प्रयोग गरी गीतलाई माधुर्य, र सङ्गीतात्मक बनाउने काम भएको पाइन्छ ।

### ४.२.९. दशरा

यसै सङ्ग्रहभित्र सङग्रहित गीत "दशरा" मा गरिबी र दशैँबिचको अन्तर्सम्बन्धको चर्चा गरिएको छ । दशरा नेपाली हिन्दू संस्कृतिको एउटा रमाइलो चाँड भए पनि समाजको भड्किलो संस्कार र विकृतिले ढपक्कै ढाक्दै लगेपछि गरिबहरूको जीवन नै कष्टकर बन्दै गएको यथार्थको चित्रण यस गीतमा पाइन्छ । दशरामा धनाढ्यहरूको रवाफ र भड्कावले अपमानित हुनु परेको यथार्थबिचमा गरिबहरूले यो दशैंको चलनलाई नै अन्त्य गर्नु पर्ने अवस्था आउँदै गएको सन्दर्भलाई यो गीतमार्फत जानकारी गराइएको छ । धनीहरूको अगाडि गरिबहरूको यो दशराको समयमा अपमान बोध हुने गरेको यथार्थ उद्घाटन गर्दै अब गरिबजनले दशैं मान्नै नसक्ने अवस्था छ मानिहाले पनि ऋणको भार टाउकाभरि बोक्नुपर्ने अवस्था रहेको छ भन्दै उनी लेख्छन्–

"आउँछ हामी गरिबको दशरा,

जान्छ ऋण थाप्लोमा राखेर,

दशराले धनीलाई धाएको

गरिबको घरमा खोइ आएको ?"

दश दिनको दशराले खोइ त खुसी ल्याएको ?

उमङ्ग र आनन्दी मन, छैन आमा, बाबाको ।(पृ.४०)

यसरी गीतकार दशैंले गरिबको घरमा खुसी ल्याउन नसक्ने गरेको तर धनीमानीहरूको मात्रै यो दशैं आएको भन्ने कुरालाई सन्देशको रूपमा प्रस्तुत गीतको अर्को अनुच्छेदमा क्रान्तिकारी भावमा व्यक्त गर्दै लेख्छन्–

"क्रान्ति गरी मनाऔं दशरा

फ्याँक्नै पर्छ यो अन्याय कसर,

गरिबकै श्रम चुसी कमाउँछन्,

शोषक र सामन्ती रमाउँछन् ।

धनी, गरिब समान हुने शासन ल्याउनुपर्छ

मागी त्यसै पाइँदैन क्रान्ति गर्नुपर्छ ॥(पृ.४०)

यसरी उनले जनताको श्रमबाटै धन हुनेले धन थुपार्छन् र दशरामा मोज गर्छन् तर त्यही श्रमजीवी जनता भने दशैंको बेलासमेत रमाउन नपाउने अवस्थाको चित्रण गरेका छन् । उनले त्यसकारण अब फेरि पनि धनी र गरिबको समान हैसियत बनाउनको लागि क्रान्ति गर्नैपर्छ, मागेर अधिकार र न्याय नपाइने हुनाले त्यो अधिकार खोसेरै लिनुपर्छ भन्ने जनचेतनाको लागि आह्वान गर्दछन् । यस गीतमा पनि अन्यमा जस्तै अन्त्यानुप्रासको प्रयोग गरिएको छ  तर बिम्ब र प्रतीकको प्रयोग भने भएको पाइँदैन । अन्त्यानुप्रासमा "दशराको चाँड, मुखमा लाउने माँड" "दशरामा दुर्गाबास, बालबच्चाको रुवाबास" जस्ता मिल्दो अन्त्यानुप्रासले गीतलाई सुमधुर बनाएको छ ।

४.२.१०. लाहुरेको पुकार

यस सङ्ग्रहको पृष्ठ-४४ मा सङ्ग्रहित गीत "लाहुरेको पुकार" मा नेपालको राज्य व्यवस्थाले रोजगार सिर्जना गर्न नसकेको कारण बेरोजगार भएर विदेशिन बाध्य भएका एक लाहुरेले देशमै मुक्तिको लडाई लड्नको लागि फर्केर आउने बाचा गरेका छन् । शुरूको अनुच्छेदमा विरह, वेदनाको भावमा प्रस्तुत भएको गीतको अन्तिम अनुच्छेदमा क्रान्तिमय भाव सम्प्रेषण गर्दै अब देशमै फर्केर बलिदानी लडाई लड्ने विचारको अभिव्यक्ति दिइएको छ । देशभित्र शासन गर्नेहरू जनताको पसिनामा राज गर्ने तर जनतालाई विदेश जान बाध्य बनाउने यथार्थलाई यस गीतको माध्यमबाट परिवर्तनको लागि क्रान्ति गर्नै पर्ने भाव व्यक्त गरेका छन् । आम गरिब नेपालीहरूको विवशता र राष्ट्रिय भाव पोख्दै उनी लेख्छन्–

"ती मातृभूमि नेपाल छाडी आएँ म विदेशमा,
काम र माम पाएको भए रमाउँथे स्वदेशमा ।
जन्म भयो कुन दिनमा मेरो गरिबको गाउँमा
किन हो कुन्नि आएछु फेरि बिरानो ठाउँमा ॥ (पृ.४४)

यस गीतमा राष्ट्रिय भावना व्यक्त भएको छ । नेपाल र नेपालीप्रतिको माया झल्किएको छ अनि बिरानो देशप्रतिको घृणाभाव अभिव्यक्त भएको छ । त्यसै गरी नेपाललाई एकतन्त्री राणा शासनले बिगारेको, जानेबेलामा पनि नेपालमा लुटेका सारा सम्पत्ति बोकेर भारत छिरेको यथार्थको पनि उद्घाटन छ । जस्तो–

"नेपाल खायो राणाले धेरै शासन गरेर
भारत छिरे ती पापी क्रोधी धन कुम्लो पारेर
नेपाली धनले कलकता गई किनेछ कारखाना
अर्को लुट फेरि गर्दै छन् तिनले बेचेर सामान ॥(पृ.४४)

यसरी नेपालमा लुटेको सम्पत्ति भारतमा लगेर कारखाना खोलेर बसेका राणाहरूलाई क्रोधी, अपराधीको संज्ञा दिएका छन् । यसमा नेपालको ऐतिहासिक लुटको यथार्थ विवरण प्रस्तुत भएको छ भन्न सकिन्छ ।अर्को ठाउँमा उनी लेख्छन्–

"ती कुरा सबै जानेको मैले विदेशमै बसेर

सामन्ती सर्प अझै छ बाँकी मार्दै छ डसेर,

अझै नि एकतन्त्रीय शासन जगमा बाँकी छ,

यसैको आड्मा शोषण,दमन अझै नि काफी छ ॥(पृ. ४४)

यहाँ प्रस्तुत हरफमा पुँजीवादी व्यवस्थामा पनि गरिबको श्रम चुस्ने वर्गले एकतन्त्रीय ढङ्गले शासन गर्ने गरेको यथार्थको उद्घाटन गर्दै सामन्ती शासनको अन्त्य भइनसकेको यथार्थता प्रस्तुत गरेका छन् । अन्तिम अनुच्छेदमा उनले लाहुरेको पीडा पोख्दै अब देशमै फर्केर आइ मुक्ति लडाईमा लाग्ने प्रण गरेका छन् । उनी लेख्छन्–

"परदेशमा रगत बगाउनुभन्दा देशमै मर्नेछु,

मुक्तिको खातिर यो जीवन बरु बलिदान गर्नेछु ।

व्यवस्था राम्रो भइदिए सुन नेपालमै फल्दछ,

ब्रुनाइको लाहुरे हुन्डाइबाट यही पुकार गर्दछ । (पृ.४४)

नेपाली धर्तीमा नै राज्य व्यवस्था राम्रो भए नेपालमै सुन फलाउन सकिने आशा व्यक्त गर्दै अब सुन फलाउने वातावरण बनाउनको लागि एकपटक फेरि मुक्तिक्रान्ति गर्न नेपाल फर्केर आउने बाचा लाहुरेको मुखबाट गराई गीतकारले आफ्नो क्रान्तिचेतनामूलक अभिव्यक्ति प्रकट गरेका छन् ।

यस गीतमा बिम्ब र प्रतिकको प्रयोग पनि भएको छ । यहाँ "सामन्ती सर्प" भनेर सर्पलाई प्रतिक बनाएर नेपालको सामन्तहरूले सिर्जना गरेको शोषकीय राज्य व्यवस्थालाई बुझाउने काम भएको छ । "डसेर मार्नु" जस्ता प्रतीकले शोषणको मारमा जनतालाई पारेर भोकै र नाङ्गै बस्नुपर्ने विवशतालाई जनाइएको छ । त्यसै गरी अन्त्यानुप्रासको प्रयोग पनि गरिएका छन् । जस्तो "गरिबको गाउँमा, बिरानो ठाउँमा" "शासन गरेर, धन कुम्लो पारेर" "विदेशमै बसेर, मार्दै छ डसेर" "स्वदेश फर्केर, फाल्नु छ खुर्केर" जस्ता अनुप्रासको भरमर प्रयोग भएका छन् । यसर्थ यस गीतमा विदेशिनुको पीडा एकातिर छ भने अर्कातिर स्वदेशको माया र ममता देखाएर राष्ट्रिय भावनाको समेत अभिव्यक्ति दिइएको छ ।

४.२.११. होसियार है !

यस गीतिसङ्ग्रहको पृष्ठ-४७ मा सङ्ग्रहित गीत "होसियार हैं" २०५२ सालमा ने.क.पा.माओवादीले वर्गसङ्घर्षको निर्मम क्रान्ति, जनयुद्धको सन्देश दिन खोजिएको छ । जनयुद्धको समर्थन गर्दै लेखिएको उक्त गीतमा पटक-पटक जनताले गरेको सङ्घर्षबाट प्राप्त प्रजातन्त्रले जनतालाई सुख दिन नसकेकोले अब भने जनताको राज्य स्थापनाको लागि बन्दुकको भरमा टिकेको राज्य व्यवस्थाको अन्त्यको लागि जनताले पनि बन्दुक नै उठाउन थालेका छन् । हामी जनताले २०४६ सालमा लडेर पञ्चायती व्यवस्थालाई मुर्दाघाटमा पुऱ्याएर प्रजातन्त्र ल्याएका थियौँ तर नेताहरूको चालले पुरानै शोषकीय व्यवस्था लाद्न थालेको छ, । त्यसैले हामी जनता होसियार रहनुपर्छ । हामीले होसियारको साथ अगाडि बढ्नु पर्ने दिन आएको छ, भन्दै सामन्ती शोसकहरू होसियार बन, सच्चा क्रान्तिको लागि अब जनता जागेका छन् भन्ने सन्देश दिइएको छ । गीतकारले जनतालाई सचेत बनाउँदै अब होसियार भएर क्रान्तिको पक्षमा उभिनुपर्छ, भन्ने सन्देश दिएका छन् । उनी लेख्छन्–

"होसियार है दाजु-भाइ, दिदी-बहिनी
जागे फेरि मुर्दाहरू लाजै नमानी ।
दुष्ट शासन फर्किएर आउला जस्तो छ,
लडाईं त फेरि पनि पर्ला जस्तो छ ॥
झोपडीमा बितायौँ धेरै काल
अब हुन्न मनपरी यो नेपाल ॥(पृ.४७)

यसरी यस गीतमा 'दुष्ट शासन फेरि फर्किएर आउला जस्तो छ' भनेर एकातिर पञ्चायती सामन्ती व्यवस्था नै फर्केर आएको सङ्केत दिएको छ भने अर्कातिर 'लडाई त फेरि पनि पर्लाजस्तो छ' भनेर जनयुद्धको थालनी भएकोप्रति सङ्केत गरिएको छ । यस गीतमा गणतन्त्रको स्थापना र नयाँ संविधानको चाहना लिएर थालिएको जनयुद्धलाई समर्थन गर्दै उनले धन हुनेले नहुनेलाई लुट्ने यो व्यवस्थाको अन्त्यको लागि अब जनता जागेर उठ्दै छन् भन्ने सन्देश दिएका छन् । उनी लेख्छन्–

"धन हुनेले नहुनेलाई लुट्ने चेस्ने विधान,

चाहिँदैन हामीलाई गरौँ यही आह्वान ।
शोषित-पीडित जनताले तिम्रो कानून त्यागे,
नयाँ संविधानका लागि जनता फेरि जागे ॥
क्रान्तिकारी वीरहरू जन्मेछन्
जनता अब त्यसैमा रम्नेछन् ॥ (पृ. ४७)

यहाँ जनयुद्ध शुरू भइसकेको सङ्केत गर्दै अब क्रान्तिकारी वीरहरूले मुक्ति लडाई थालेकाले आशावादी बन्दै शोषित, पीडित जनताले नयाँ संविधान, जनताको संविधानको लागि युद्ध थालिसकेको उद्घोष गरेका छन् । अब जनताले यो शोषणमूलक समाजको अन्त्य चाहेका छन् त्यसको लागि नयाँ संविधानको खाँचो छ, त्यसको लागि जनता जागे, भन्ने सन्देश प्रवाह गरेका छन् ।

यस गीतमा बिम्ब र प्रतिकको पनि प्रयोग भएका छन् । "जागे फेरि मुर्दाहरू लाजै नमानी" जस्ता वाक्यांश प्रयोग गरेर मुर्दालाई पञ्चायती शासनको प्रतीक बनाइएको छ भने "बित्यो धेरै काल, मनपरी यो नेपाल" "देशको बोझलाई, सिधा र सोझालाई" वीरहरू जन्मेछन्, त्यसैमा रम्नेछन्" जस्ता अनुप्रासहरूको भरमर प्रयोग भएका छन् । यस्तै प्रकृतिका गीतहरू "देशमा नयाँ,"खोइ त समान" आदि पनि रहेका छन् ।

यसरी गीतकार भीम क्षेत्रीले यो गीतिसङग्रहमा लेखेका सम्पूर्ण गीतहरू प्रगतिवादी धारामा लेखेका छन् भने यसमा सङ्ग्रहित गीतहरू दुईहजार पचासको दशकमा घटेका राजनैतिक घटनाहरूमा आधारित विषयलाई समावेश गरेका छन् । यसभित्रका गीतहरूमा राजनैतिक विषयवस्तु मूल भाव बनाइएको भए पनि यसमा राष्ट्रिय, अन्तराष्ट्रिय र सामाजिक विषयवस्तुहरू पनि समावेश भएका छन् ।

## ४.३. क्षेत्रीका पत्र-पत्रिकामा प्रकाशित गीतहरू

गीतकार भीम क्षेत्रीले २०३८ देखि २०५२ सालसम्म लेखेका गीतहरूको सङ्ग्रह 'अँध्यारामा बाँच्नेहरू' नाम दिएर २०५२ सालमै प्रकाशन गरेका थिए भने त्यसलाई परिष्कार, परिमार्जन र केही गीतहरू थपेर पुनः २०६७ सालमा संशोधित अंशसहित

प्रकाशन गरेका छन् । यसका साथै उनी साहित्यका अन्य विधाहरूमा केही बढी सक्रिय रहे पनि गीतहरू पनि लेख्न छाडेका छैनन् । उनले लेखेका गीतहरू विभिन्न पत्रपत्रिकामा अतिरिक्त गीतहरू प्रकाशन हुँदै आएका छन् । यसरी उनले वर्तमान अवस्थामा लेखेका थुप्रै गीतहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन छन् । तीमध्ये यो अध्यताले अध्ययन गरेका गीतहरू **चेलीको गीत, सम्हाली राख, घण्टा बज्यो मृत्युको,चारैतिर अँध्यारो भो,देशको लागि, झगडा,खत्तम भो, सन्देश, अन्धो मान्छे, रमाना,अजीर्ण मान्छे,,हाम्रो संविधान**,आदिहुन भने उनले यस अतिरिक्त पनि प्रशस्तै गीतहरू लेखेका छन् । तर ती सबै गीतहरूको अध्ययन, विश्लेषण गर्न यसमा सम्भव नभएकोले ती गीतहरूमध्ये **चेलीको गीत, सम्हाली राख, घण्टा बज्यो मृत्युको, चारैतिर अँध्यारो भो, देशको लागि, झगडा, खत्तम भो**, आदि शीर्षकका केही प्रतिनिधि गीतहरूको मात्रै यसमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ४.३.१ चेलीको गीत

गीतकार भीम क्षेत्री एक परिवर्तनकारी तथा क्रान्तिकारी स्रष्टा भएकोले उनी समाजमा आधा आकाश ढाकेर रहेका नारी जातिलाई निरीह प्राणी जस्तो भएर नबस्नको लागि सुझाव दिन्छन् । तर आफ्नो कर्तव्य र दायित्वबाट नपन्छिन पनि सल्लाह दिन्छन् । नारी जातिको कमजोरी अल्छी, जाँगर मरुवा र परजीजी प्रवृति हो भन्ने क्षेत्रीले 'चेलीको गीत' शीर्षकको गीतमा नारी तथा महिलाहरूलाई नक्कल,झक्कल पारेर जीवन खेर नफाल्ने सल्लाह दिँदै लेख्छन्–

"रूपको प्यास भुली जब ज्ञान बाँढौली,
तिमी पनि शिखर चुम्ने नारी बनौली ।
जहिले तिमी विश्व माझ्ने स्थान चुमौली,
त्यतिबेला संसारकै सुन्दर बनौली ॥
(तीजगीत सङ्ग्रह–२०६७-भाद्र, पृष्ठ-३२)

यहाँ रूप देखाएर नारीहरू आफूलाई नै कमजोर बनाइरहेका छन् भन्ने सन्देश दिँदै ज्ञान, क्षमता र कौशल बढाइ विश्वकै सुन्दर बन्न सकिने सुझाव दिएका छन् । त्यसै गरी यस गीतमा अन्त्यानुप्रासको अति सुन्दर संयोजन गरिएको छ ।

### ४.३.२ सम्हाली राख

गीतकार क्षेत्री क्रान्तिकारी व्यक्तित्व भएको कारणले यो **सम्हाली राख** शीर्षकको गीतमा सामन्ती तथा पुँजीवादी शासनले जनतालाई सुख दिन सक्दैन भन्ने विचार व्यक्त गरेका छन् । दस वर्षे जनयुद्धबाट जनताले चाहेको शासन आउन नसकेको विचार व्यक्त गर्दै **सम्हाली राख** शीर्षकको गीतमा वर्ग प्रेमलाई नभुलीकन क्रान्तिलाई जोगाएर राख्ने सल्लाह दिँदै उनी लेख्छन्–

"सम्हाली राख, सहिदको नासो धर्तीको वीर हो,
लिने छ जसले आदर्श जिम्मा उही नै शीर हो ।
दस वर्षे वर्ग, युद्ध त्यो व्यर्थै खेर पो गयो कि ?
दस हजार सहिद,भएको रगत खेर पो गयो कि ।
(शृङ्खला मासिक पत्रिका,पूर्णाङ्क–५३, र ६६, पृष्ठ–२२, २०६८)

यहाँ गीतकार क्षेत्रीले दस वर्षको जनयुद्ध तथा जनक्रान्तिमा सहिदले पोखाएको रगत खेर पो जाने हो कि ? भनी शङ्का व्यक्र गर्दै जनताको नासो अर्थात क्रान्तिको आदर्शलाई सम्हालेर राख्ने सुझाव दिएका छन् । त्यसै गरी यस गीतमा पनि 'वीर हो,' 'शीर हो' जस्ता अनुप्रासले गीतको भाका हाल्नको लागि पर्याप्त सहयोग पुगेको छ । त्यस्तै नासोजस्ता बिम्ब दिएर क्रान्तिको सङ्केत गरेर गीतलाई बिम्बात्मकता दिने प्रयास पनि भएको छ । यस्तै अर्को अनुच्छेदमा उनी लेख्छन्–'क्रान्ति कसैको पेवा होइन जनता जाग्दो छ,

शोषित,पीडित सबै जागे शोसक भाग्दो छ ।
आफ्नै भित्र फुटे हामी कमजोर बन्ने छौं,
दाइ-भाइ फुटे गँवार लुटे, उखान हुनेछौं ॥(ऐ.ऐ)

यसरी हामी कम्युनिष्ट क्रान्तिकारीहरूभित्रैको फुटले कमजोर भएर हामी पछाडि परिरहेको यथार्थको उद्घाटन गर्दै फुटेर होइन, जुटेर नै परिवर्तन सम्भव छ, भन्ने सन्देश दिएका छन् । यहाँ पनि वृत्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग गरी गीतलाई सुमधुर बनाउने काम भएको छ ।

### ४.३.३. घण्टा बज्यो मृत्युको

गीतकार क्षेत्रीले जीवनभर लोभ गरेर जाने लोभीहरूलाई यो **घण्टा बज्यो मृत्युको** शीर्षक गीतमा व्यङ्ग्य प्रहार गरेका छन् । मानिसको मृत्यु त अवश्यम्भावी छ तर किन मानिस लोभको मोहमा फस्छन् ? राज्यको सत्तामा पहुँच राख्ने जो कोही पनि आजसम्म यो कलङ्कबाट मुक्त हुन नसकेको यथार्थलाई उनले व्यङ्ग्यात्मक तवरबाट यस गीतमा लोभी, स्वार्थीहरूप्रति लक्षित गर्दै 'तिमी मरेर जाँदा पनि सबै सम्पत्ति सँगै लिएर जानेजस्तो किन लोभ गर्छौ ?' भनेका छन् । देशमा भ्रष्टाचार, शोषण अनि घुसीया प्रवृति बढ्दै गएको यथार्थलाई मध्यनजर गर्दै उनी लेख्छन्–

"सक्दो चुस्यौ त दीनहरूलाई,
लोभ गरी बटुल्यौ सम्पति,
जाने बेला भो, के लान्छौ कठै !
पश्चताव चित्तमा भयो ठूलो खति ॥
(ज्ञानपुञ्ज द्वैमासिक, पूर्णङ्क-१५, २०७०)

यहाँ दीन,दुःखी मानिसहरूको रगत र पसिना जीवनभर चुसेर सम्पति आर्जन गर्ने अनि मर्ने बेलामा पश्चताव गर्ने प्रवृतिले मृतकको साथै देश र जनताको पनि भलो नगर्ने सङ्केत गरेका छन् । त्यसै गरी उनी अर्को ठाउँमा लेख्छन्–

"किन गर्‍यौ तिमीले लोभ हेर,
मृत्यु आखिर त साथमै रहेछ ।
दुनिँया लुटी कमायौ रे धन,
सम्पति सबे बेकार भएछ । (ऐ.ऐ.)

यस गीतमा सन्देश प्रमुख र अलङकारित बिम्ब र प्रतीकको कमजोर प्रस्तुती भए पनि विचार पक्ष प्रबल रूपमा रहेको पाइन्छ । तर पनि 'रहेछ, भएछ जस्ता अन्त्यानुप्रासले गीतलाई सङ्गीतमय बनाएको छ ।

### ४.३.४. चारैतिर अँध्यारो भो

गीतकार भीम क्षेत्री मार्क्सवादी दर्शनमा आधारित समाज निर्माणको पक्षमा खरो ढङ्गले उभिएका स्रष्टा हुन्, त्यसैले उनी समाज परिवर्तनको अपेक्षा राख्छन् । तर नेपालमा जति, जति परिवर्तनकारी क्रान्ति र आन्दोलनहरू हुन्छन् त्यति नै समाजमा विकृतिहरू बढ्दै गरेको देखिन्छन् । नेपालमा दस वर्षे जनयद्धपछि जनताले परिवर्तनको ठुलै आशा गरेका थिए तर त्यसो हुन सकेन । अझै पनि चारैतिर अँध्यारो लाग्न थालेको छ क्षेत्रीलाई, त्यसैले उनी यस गीतमा लेख्छन्–

"घनघोर बादल छायो झरी, वर्षा पऱ्यो,
वर्षापछि प्रकाश छैन, झनै अँध्यारो भो ।
नेपाललाई खुसी दिन्छु भन्छन् सबै सन्तान,
कुरा ठुलो काम सानो, मात्रै गर्छन् गन्थन ॥
(शृङ्खला मासिक,पूर्णाङ्क-५५,२०६८)

यसरी क्षेत्री नेपाली समाज परिवर्तन गर्छु, भनेर आन्दोलन र क्रान्ति गर्नेहरूप्रति सन्तुष्टि छैनन् । कुरा ठुलो गर्ने तर काम भने सिन्को पनि नभाँच्ने प्रवृतिको घोर विरोध गरिएको यस गीतमा बिम्ब, प्रतीक र अलङ्कारको पनि भरपुर प्रयोग भएको छ । यहाँ दस वर्षे जनयुद्धको बिम्बको रूपमा 'घनघोर बादल छायो, वर्षा पऱ्यो, आएको छ भने वर्षापछि अर्थात वर्षा वा पानी परिसकेपछि घाम लाग्नु थियो, अथवा क्रान्तिपछि त जनताको आफ्नो जीवनमा समेत परिवर्तन आउनु पर्ने हो तर सो हुन सकेन । त्यसैले उनी भन्छन् 'वर्षापछि प्रकाश छैन, झनै अँध्यारो भो, अर्थात महङ्गी, भ्रष्टाचार, घुसीया प्रवृति, बेथिति झनै बढेर गएको प्रति सङ्केत गरेका छन् । यसरी राजतन्त्रको अन्त्यपछि पनि जनताको जीवनमा कुनै फेरबदल नआएकोमा क्षेत्री आक्रोस व्यक्त गर्छन् ।

त्यसै गरी उनले यस गीतमा हजार मान्छे भोक, भोकै बस्नु पर्ने तर कोही एकाद व्यक्ति बढी खाएर डकार्ने अर्थात अकुत सम्पति थुपार्दै जाने यो समाजको प्रवृतिको भण्डाफोर गर्दै उनी लेख्छन्–

"क्रान्ति जति बढ्छ उति,विकृत समाज बन्छन्,
एउटा खाई डकार्दछ, हजार मान्छे मर्छन् ।
चारैतिर अन्धकारले राज गर्न थाल्यो,
हिमालको हरिणले मासु खान थाल्यो ॥ (ऐ.ऐ)

यसमा क्षेत्रीले 'हिमालको हरिणले मासु खान थाल्यो' भनेर अति उत्कृष्ठ बिम्ब र प्रतीकको प्रयोग गरी दस वर्षको जनयुद्धमा आफ्नो जीवन समर्पण गर्नेहरू नै राज्यसत्तामा साझेदारी बनी जनताको सेवा गर्नुको सट्टा राज्यमा पहुँच पुगेपछि आफै मात्र सम्पत्ति थुपार्ने काममा व्यस्त रहनेहरूको यथार्थतालाई उद्घाटन गर्ने काम गरेका छन् । यसमा व्यङ्ग्यात्मक तरिकाले क्रान्तिकारी हुँ भन्नेहरूलाई गीतमार्फत झापट हान्ने काम भएको छ । यस गीतमा रूप र सार पक्षको संयोजन भएको भएता पनि विचार पक्ष बढी प्रबल र सशक्त बनेको छ ।

### ४.३.५. देशको लागि

गीतकार क्षेत्री निराशावादी साहित्यकार होइनन् किनकि मार्क्सवादीहरू सधैँ परिवर्तनको पक्षमा उभिने हुनाले आशावाद उनीहरूको विशेषता रहेको हुन्छ । त्यसैले गीतकार क्षेत्रीमा पनि आशावादी प्रवृति प्रबल रहेको पाइन्छ । यही आशावादी विचारलाई आत्मसात गर्दै क्षेत्री यो देशको मुहार फेर्नको लागि सबैलाई आ-आफ्नो ठाउँबाट देशको मुहार फेर्नको लागि जिम्मेवारीका साथ लाग्न आह्वान गर्दै यस गीतमा लेख्छन्–

"दिनेछ मोती,देशले मागे जति,विकासको साथी, हुन सक्छ खेती ।
पानी धेरै बगे, सागरतिर लागे, उज्यालो भागे, आशा सबले त्यागे ।
यसैले साथी, ढिलो भयो अति, चाँडो गरौँ अलि, घाम पुग्यो माथि ।
जुटौँ अघि सर्न, काम फत्ते गर्न, उठौँ दुःख हर्न, देशको लागि मर्न ॥

(ज्ञानपुञ्ज द्वैमासिक पत्रिका, पूर्णाङ्क-२१,पृष्ठ-६०)

यसरी यस गीतमा देशको लागि मर्न परे पनि नडराउन आह्वान गर्दै क्षेत्रीले हरेक व्यक्तिले देशको लागि सोच्ने हो भने देश बनाउन सकिन्छ तर ढिलो भइसकेकोले अब कसैले पनि जाँगर मारेर बस्ने समय छैन, भन्ने सन्देश दिएका छन् । अझ अन्तिम हरफमा उनले क्रान्ति फत्ते गर्नको लागि सबै जनता उठ्नुपर्ने र मर्न परे पनि देशको लागि मर्ने, भनी क्रान्तिचेतनामूलक भाव पनि व्यक्त गरेका छन् । यसमा मोती, घाम, उज्यालोलाई नेपाल समृद्धिको प्रतीक मानिएको छ भने अन्यानुप्रासको प्रयोग राम्रैसँग भएको पाइन्छ ।

### ४.३.६. झगडा

यस गीतमा क्षेत्रीले पैसाकै लागि दाजुभाइमा बैमनश्यता उत्पन्न हुने, एकले अर्कोलाई शोषण गर्ने, दमन गर्ने र पैसाकै लागि हत्या, हिँसा र भ्रष्टाचार गर्ने र समग्र समाज नै दुर्गन्धित हँदै जाने प्रवृतिको भण्डाफोर गर्दै मरेर जाने जीवनमा पैसा मात्रै ठुलो होइन । मिलेर शान्तिसँग बस्नको लागि सुझाव दिएका छन् । यसै गरी विश्वमा जति पनि लडाइ र झगडा भएका छन् ती सबै वैयक्तिक समृद्धिको स्वार्थी प्रवृति कै कारण एकले अर्को माथि दमन गर्ने, शोषण गर्ने गर्दछन् । यस गीतमा त्यो प्रवृति त्यागेर अगाडि बढ्न सबैलाई सुझाव र सन्देश दिँदै उनी लेख्छन्–

“एकले खान्छ शोषेर सबै शोषित संसारमा,  
झगडा, लडाई चलेका छन् है बेला र बखतमा ।  
अर्काको खाने शोसक हुन्छ, नखाऔँ है सित्तैमा,  
श्रमको मूल्य उचित दिऊँ उसैको हातमा ॥  
झगडा, लडाई रहर हुन्न, बाध्यता नबनाऔँ,  
श्रमिकको श्रम चुसेर धेरै, आफैले नखाऔँ ॥  
(ज्ञानपुञ्ज द्वैमासिक, पूर्णाङ्क-२३, पृष्ठ-५०)

यहाँ श्रम गर्ने एउटा तर अतिरिक्त मूल्य संकलन गरेर अर्कोले अकुत सम्पति आर्जन गर्ने प्रवृतिको विरोध गर्दै, सबैलाई श्रमको उचित मूल्य दिनको लागि सल्लाह

रसुझाव दिँदै श्रमिकहरूलाई पनि सचेत गराएका छन् । यसका साथै यदि श्रमिकहरूलाई दबाएर राखियो र शोषणको रूप यथावत राखे त्यहीबाट लडाई, झगडा, आन्दोलन र क्रान्ति अपरिहार्य हुन जान्छ । त्यसैले त्यो बाध्यता सिर्जना नगरियोस भनी सबैलाई सचेत गराउने काम भएको छ ।

### ४.३.७. खत्तम भो

नेपाली समाजलाई पश्चिमा संस्कार र संस्कृतिले गाँज्दै लगेको यथार्थलाई हाँस्यव्यङ्ग्य तरिकाले यो गीतको माध्यमबाट प्रस्तुत गरिएको छ । पश्चिमा संस्कृतिले हाम्रो लोक परम्परा र संस्कृतिहरू धरापमा पार्दै लगेको यथार्थतालाई मध्यनजर गर्दै गीतकार क्षेत्रीले 'खत्तम भो'शीर्षकको गीत सिर्जना गरी मोबाइलमा फेसबुक संस्कृतिमा आएको विकृति र विसङ्गतिबाट आजित भएका मानिसहरूको मनोवृतिलाई उतार्ने काम गरेका छन् । मोबाइलको फेसबुकबाट सम्पर्क बढाई अर्कोसँग पोइला जाने, दुई, चार वटासम्म भित्राउने, लोग्ने विदेशमा दुःख गर्ने, स्वास्नी पैसा पोको पारेर पोइला हिँड्ने जस्ता विकृतिप्रति सङ्केत गर्दै लेखिएको छ । यस प्रवृतिले कतिपयको घरबार बिग्रेको यथार्थलाई यस गीतमा व्यङ्ग्यात्मक प्रहार गर्दै उनी लेख्छन्–

"मोबाइल आयो ए हजुर, एकप्रकार त राम्रै थ्यो,
मोबाइलमा फेसबुक, आइदिएर पो खत्तम भो ।
मोबाइलमा गफ गर्दा, गर्दै हुने, नहुने सारा भो,
फेसबुकमा सम्पर्क गरी घरकै रानी खत्तम भो ॥
(ज्ञानपुञ्ज द्वैमासिक, पूर्णाङ्क-२६,पृष्ठ-२७)

यसरी नेपाली समाजको हरेक क्षेत्रलाई नियाली रहेका क्षेत्रीको गीतिकलम हरेक विकृति र विसङ्गतिको भण्डाफोरतिर दौडी रहेको पाइन्छ । उनले यस गीतमा मोबाइल सेवाको दुरुपयोग भई रहेको प्रति चिन्ता व्यक्त गर्दै मोबाइल सेवालाई उचित कार्यमा मात्र लगाउनको लागि सबैलाई सचेत गराएका छन् । साहित्यकार क्षेत्रीका गीतहरूको विषयवस्तुमा विविधता पाइन्छ तथापि उनको मूल प्रवृति भनेको

मार्क्सवादी जीवन दृष्टि नै हो, र प्रगतिवादी भावधारामा आधिारित सिर्जना नै हो भन्ने कुरा माथि उल्लेखित गीतहरूबाट पनि बुझ्न सकिन्छ ।

## ४.४. निष्कर्ष

साहित्यकार तथा गीतकार भीम क्षेत्रीको समग्र गीतको अध्ययन गर्दा उनी प्रगतिवादी गीतकार हुन् । विद्यार्थी तिसको दशकबाट गीत लेखनमा सक्रिय हुन थालेका क्षेत्री निम्नमाध्यमिक विद्यार्थी कालमा नै कविता लेखन शुरू गरेको देखिन्छ । तयसपछि "जाल बुन्न छाडिदेऊ जाले माकुरा" बोलको गीत लेखेर राजतन्त्रात्मक व्यवस्थाप्रति घोचपेच गर्न थालेका उनले यस्ता धेरै जनवादी शैलीका गीतहरू लेखे । जनताको पक्षमा आवाज उठाएकै आरोपमा अलैंची विकासमा रहेको आफ्नो जागिरबाट हात धुनु परेको थियो । प्रगतिवादी, जनवादी गीतकारको रूपमा क्षेत्रीले इलामका गाउँघरतिर गीतहरू लेख्दै र गाउँदै आएका थिए । यहीबेला लेखिएका र गाइएका गीतहरू संकलन गरेर २०५२ सालमा "अँध्यारामा बाँच्नेहरू" नामक गितीसङ्ग्रह प्रकाशन गरेका थिए । निम्न वर्गीय जनताको पक्षमा उभिएका क्षेत्रीले आफूले देखेका, भोगेका र अनुभूत गरेका वैचारिक धरातलमा टेकेर गीतहरू सिर्जना गरेका छन् । उनका यी माथिका गीतहरूले पनि उनी देशका समग्र गरिब जनताको पक्षमा र देशको स्वाभिमानको पक्षमा उभिएको प्रष्ट हुन्छ ।

यसरी उनी देश र जनताको पक्षमा उभिएर तात्कालीन राजतन्त्र,पञ्चायती शासनको विरुद्धमा उभिँदै देशभक्तिभाव प्रकट गर्ने र जनताको चेतना अभिवृद्धि गर्ने उद्देश्यले यी गीतहरू लेखिएको पाइन्छ । यसपछि पनि उनले धेरै गतिहरू लेखेका र गाएका पनि छन् तर उनले ती गीतहरूलाई पुस्तकाकारको रूपमा भने प्रकाशित गरेका छैनन् । यसरी मार्क्सवादी साहित्यिक सिद्धान्तलाई आत्मसात गर्दै उनले अरू पनि गीतहरू हाल पनि लेख्दै आएका छन् ।

## ४.५. भीम क्षेत्रीको नाट्यसङ्ग्रहमा सङ्गृहीत नाटकहरूको अध्ययन

साहित्यकार भीम क्षेत्रीको कलम नाट्य क्षेत्रमा पनि सशक्त रूपमा चलेको पाइन्छ । उनी नाट्यलेखनमा पनि प्रगतिवादी धारालाई नै आधार बनाउने गर्छन् । २०४८/०४९ सालमै लेखेर धेरै ठाउँमा प्रदर्शन गरिसकेका नाटकहरूको सङ्ग्रह त्यही वर्ष प्रकाशन गर्न भ्याएका नाटककार क्षेत्रीले यसमा दुई वटा मात्रै लामा, लामा नाटक समावेश गरेका छन् । यसको आयामको लम्बाई हेर्दा यसलाई औपन्यासिक नाटक भन्नु पर्ने हुन्छ किनकि यो **बेवारिसे लाश** नामको नाटकले एउटा सिङ्गो जीवन र युगको प्रतिनिधित्व गरेको छ । यस सङ्ग्रहको नाम पनि यसमा समावेश भएका नाटक **बेवारिसे लाश**बाटै राखिएको छ । उक्त नाटकमा क्षेत्रीले निम्न वर्गीय जनतालाई धनीमानी, साहु, महाजनले कसरी बिल्लीबाठ पार्छन् भन्ने कुराको सन्देश दिनुका साथै क्षेत्रीले घरबार नै बिल्लीबाठ भएपछि विदेशी भूमिमा रगत र पसिना बगाउन जानेहरूले अझ धेरै सास्ती भोग्नु परेको यथार्थतालाई पनि उजागर गरेका छन् । यसका अतिरिक्त अर्को नाटकमा आइपुग्दा अर्थात **जन अदालत** मा आइपुग्दा क्षेत्रीले ती शोसक, सामन्ती, भ्रष्ट मालिक, साहु र ठगहरूलाई जनताको जनअदालतले कारबाही गरेर बदला लिएको उदाहरण प्रस्तुत गरेका छन् । सानैदेखि नाटक हेर्न र अभिनय गर्नसमेत रुचि राख्ने क्षेत्रीले २०३८ सालतिर नै **डाक्टरको विश्वास** नामक नाटक लेखेर गाउँमै मञ्चन गरेको इतिहास अहिले पनि गाउँमा चर्चाको विषय बन्ने गरेको पाइन्छ । यसरी नाटक लेखनमा पनि सक्रिय क्षेत्रीले यस अवधिमा अन्य विधालाई प्राथमिकता दिने गरेकाले यी नाटकहरूबाहेक अरु केही नाटक लेखे पनि प्रकाशन भने गरेको देखिन्न तापनि उनका कथाहरूमा नाटकीय रूप र प्रवृतिहरू देखा पर्ने गरेका छन् । तिनै नाटकहरूमध्ये यहाँ 'बेवारिसे लाश' र 'जनअदालत'को अध्ययन यसप्रकार गर्ने प्रयास गरिएको छ ।

### ४.५.१ बेवारिसे लाश नाटकको अध्ययन

नाटककार भीम क्षेत्रीले २०४८/०४९ सालमा इलाम बहुमुखी क्याम्पसमा अध्ययन गर्दै गर्दा उनले यो "बेवारिसे लाश" नामक नाटक लेखेर क्याम्पसमै २/३

पटक र पूर्वका पाँचथर, तेह्रथुम, ताप्लेजुङ र झापालगायतका जिल्लाहरूमा समेत प्रदर्शन गरेका थिए । यो कुरालाई उनकै गुरु प्रा. धरणीप्रसाद गौतमले समेत केही लेखमा उल्लेख गरेका छन् । त्यसपछि लगतै पूर्णकमारी क्षेत्री प्रकाशक रहेर यसमा अर्को नाटकसमेत थपेर त्यही वर्ष उनले पुस्तकाकार कृतिको रूपमा प्रकाशन गरेका हुन् । यो नाटकसङ्ग्रहमा दुई वटा नाटकहरू मात्रै रहे पनि लामो विषयवस्तु समेटिएकोले यसलाई औपन्यासिक नाटक भन्न सकिनेछ । यो नाटकभित्रका नाट्यतत्वको आधारमा यसको अध्ययन यसरी गर्न सकिन्छ ।

### ४.५.१.१. कथावस्तु

यस नाटकको कथावस्तु नेपालको पूर्वी इलामकै सेरोफेरोमा घट्ने घटनामा आधारित रहेको छ । पूर्वी इलामका एकजना सामन्त साहु अमरध्वजले बाबुबाजेकै पालादेखि राईंदाईं गर्दै आएको देखिन्छ भने उनले पहिलेदेखि नै एकजना गरिब सानैबाट दुःखमा परेका धनवीर र उनको परिवार (श्रीमती सेती, छोरी आशा र छोरा सन्ते) समेतलाई आफ्नो खेतबारीको काममा लगाएर श्रमको शोषण मात्रै होइन, ऋण दिने नाममा घरबारी नै आफ्नो कब्जामा पारेर राखेको अवस्थाबाट कथावस्तु शुरू हुन्छ । अमरध्वजले घरबार कब्जा गरेपछि दिनदिनै धनवीरलाई मानसिक तनाव दिने काम शुरू हुन्छ र अन्ततः कम्युनिष्टलाई भोट हालेको र कम्युनिष्ट कार्यकर्ता भूवनसँग नजिक भएको निहुँमा तिहारको भाइटीकाकै दिन धनवीरलाई आफूले कब्जा गरेर राखेको घरबाटै निकाला गरिदिन्छ । यसपछि धनवीर ससुराली गएर बस्छ तर ससुरालीमा पनि जग्गा,जमिनको अभाव, काम गरेर खाने ठाउँको अभाव र रोजगारी नै नभएपछि धनवीर विदेश (भारतको दरभङ्गा) मा रोजगारीको खाजीमा जान्छ ।

यता नेपालमा २०४६ सालको जनआन्दोलनपछि खुल्ला राजनीतिमा आएको नेपाल कम्युनिष्ट पार्टीको सदस्य तथा कार्यकर्ताको रूपमा भूवन भन्ने पात्रलाई उभ्याइएको छ भने उनले गाउँले दाजुभाइलाई कम्युनिष्ट सिद्धान्त र मुक्तिको कुरा सिकाउँदै आएको अवस्था रहेको छ । उनलाई गाउँले सामन्तहरूले मन पराई रहेको हुँदैन, यही मौकामा घरकै रक्स्याहा स्वास्नी (माया) लाई प्रयोग गरेर भूवनको घर,

परिवार लथालिङ्ग र भताभुङ्ग बनाउन सफल हुन्छ । यसको साथै कलङ्कित नारी चरित्रको रूपमा रहेकी मायाले दिनदिनै रक्सी खाएर श्रीमान्  भूवनलाई निहुँ मात्र खोज्ने अनि तड्पाई रहने गरेकी हुन्छे । यहाँ अर्थात यो राज्य व्यवस्थामा पुरुषबाट मात्र नभएर महिलाबाटै पनि पुरुषहरू पड्ताडित र पीडित छन् भन्ने यथार्थताको उद्घाटन पनि यसमा भएको पाइन्छ । अझ यसोभन्दा फरक नपर्ला कि हाम्रो देशको वर्तमान राज्य व्यवस्थामा जसले राम्रो काम गर्न खोज्छ, जो सोझो मनले काम गर्छ, उसले यहाँ पीडाबोध गर्नु पर्ने अवस्था रहेको छ । देशका सामन्तहरूबाट मात्रै होइन परिवर्तनकारी तथा मुक्तिकार्यमा लाग्नेहरू धेरैको घरबार बिग्रनुको कारण असचेत महिलाहरूसँगको सहकार्यलाई पनि यसमा देखाइएको आभास हुन्छ । यहाँ माया जस्ती दुष्ट स्वभावकी महिलाको कारणले भूवनजस्ता होनहार पुरुषले घर छोड्नु परेको घटनाले के देखाउँछ भने असचेत र शङ्कालु नारी नै समाजको कलङ्क बन्न गएको छ , यो प्रवृति नै वास्तावमा नारीमुक्तिको बाधक हो, नारीको यसप्रकारका चरित्र नै नारी उत्थान र पतनको विषय हो, भन्ने सङ्केत यसमा पाइन्छ ।

त्यसै गरी जिउ, ज्यान छाडेर वर्गमुक्तिको काममा लागेका भुवनले पनि आखिरमा गाउँ र देश नै छोडेर विदेशिनु बाध्य पारिएको घटनाले देशमा २०४६ सालपछिको आन्दोलनबाट पनि देशले केही नपाएको र पुराना सामन्तहरू पुराना हैकम कायमै राखेर बसेको यथार्थतालाई पनि उजागर गरेको छ । अर्कातिर धनवीर जहान,बच्चा पाल्नकै लागि विदेश भारतको दरभङ्गा पुगेर काम गर्न थाल्छ तर त्यहाँ पनि उनले चाहेजस्तो काम पाउँदैन । यता धनवीरको घरमा अर्को घटना फेरि घट्न पुग्छ । धनवीर विदेश हिँडेको ३ वर्ष नपुग्दै छोरो सन्तेलाई रगत, मासीजस्ता हैजाले मारिदिन्छ भने चौँथो वर्षमा छोरी आशालाई पनि शुक्रे भन्ने दलालले बम्बैको कोठीमा लगेर बेचिदिन्छ यस घटनाले नेपालका गरिब जनताको दुर्दशाको प्रतिनिधित्व गराएका छन् । धनवीरले भारतमा गएको ४ वर्षसम्म पनि घर फर्कने मौका र पैसा पाएको हुँदैन । केही पैसा र बालबच्चा, परिवारको लागि लत्ताकपडाको जोहो गरेर घर जानको लागि तयार भएको धनवीरको डेरामै डकैत हुन्छ, जसले गर्दा उसको घर जाने सपना पनि त्यही तुहिन्छ । यसबाट भारतीय भूमिमा नेपाली कामदारको बिजोग हुने गरेको

यथार्थलाई पनि प्रस्ट पार्ने काम भएको छ ।  अर्को वर्ष आफ्‌ना छोरो मरेको र छोरीलाई चिनजानकै शुक्रे दलालले बम्बै लगेर बेचेको समाचार सुनेपछि मुर्छा परेको धनवीर त्यही पीरले बिरामी बन्ने गर्छ र अन्त्यमा विदेशमै प्राण छाडेको मर्मस्पर्शी घटनाले पाठकको मन पनि विदीर्ण बनाइदिन्छ ।

यसपछि कथावस्तुको अन्त्य भएको यस नाटकले नेपालको वस्तुस्थितिलाई छर्लङग पार्ने काम भएको छ । यहाँ मुख्य गरी तीन वटा कथा समेटिएको देखिन्छ । पहिलो कथा धनीमानीहरूले गरिब जनतालाई गर्ने शोषणको रूप, दोस्रो गरिबको जीवन कथा र तेस्रो नेपालको सामाजिक, राजनैतिक परिवेश रहेको छ भने अन्य सहायक विषयहरूमा घर बिग्रनुमा नारीको ठूलो भूमिका, अविकसित र विकासन्मुख देशमा धर्मको नाममा साम्राज्यवादीको घुसपैठ, इमानदारहरूको बिल्लीबाठ हुने परिस्थितिको सिर्जना, आदि सन्देश दिनु यस नाटकको विषय रहेको छ ।

### ४.५.१.२. **पात्र-विधान**

नाटककार क्षेत्रीले २०४८ सालमै लेखेर धेरै ठाउँमा प्रदर्शनसमेत गरिसकेका **बेवारिसे लाश** नामक नाटकमा धनी, सामन्तहरूले गरिब, दुःखीहरूमाथि कसरी अन्याय र अत्याचार  थोपरी रहेका छन् भन्ने कुरालाई यसमा अति यथार्थिक घटनाको रूपमा प्रस्तुत गरेका छन् ।  यस नाटकमा गरिब परिवारमा जन्मिएर दुःख, सुखको जीवन भोगाइबाट अगाडि बढी रहेको गरिब पात्र धनवीर पन्दाक (लिम्बु) को जीवन सङ्घर्षको कथा, व्यथालाई विषयवस्तु बनाइएको छ । एकातिर धनवीरको आफ्‌नै जन्मभूमिमा कहालीलाग्दो जीवन भोगाइलाई प्रस्टाइएको छ भने अर्कातिर राज्य व्यवस्थाले धनी, सामन्तहरूको पक्षमा नियम, कानून बलियो बनाइएकोले विदेशिन बाध्य बनाइएको घटनालाई यसमा देखाइएको छ । अझ बिडम्बना के देखाइएको छ भने विदेशी भूमिमा रगत र पसिना बगाउने हाम्रा नेपाली दाजुभाइको विदेशमै लुटिने, चोरिने र आखिरमा बेहालको अवस्था रहने गरेको यथार्थलाई पनि यसमा सही ढङ्गले उठान गरिएको छ ।

यस नाटकमा मुख्य र सहायक पात्र अनि मञ्चीय तथा दृश्य पात्र र अदृश्य पात्रहरू पनि रहेका छन् । मञ्चीय मुख्य पात्रहरूमा एक जना गरिब परिवारको धनवीर, साहु अमरध्वज र कम्युनिष्ट कार्यकर्ता भुवन रहेका छन् भने धनवीरकी श्रीमती सेती, उनकी छोरी आशा, छोरो सन्ते, अमरध्वजको नोकर बैदार काका, धनवीरकी सासू आशरानी, भुवनकी श्रीमती माया र उनका दाजुभाइ पुरुष न.१, २ र ३ आदि स्वदेशमा रहेका सहायक पात्रहरू हुन् । त्यसै गरी विदेशी भूमि (भारत) मा रहेका सहायक पात्रहरूमा भूवनसँगै गएका राकेश, अनिल, दिनेश, दिवश र भारतीय पात्रहरू ठेकदार, भारतीय कुल्ली आदि रहेका छन् । यसका साथै कतै, कतै व्याख्यामा आउने तर दृश्यमा देखा नपर्ने राजनैतिक नेता शङ्कर, जीवन जस्ता पात्रहरू पनि रहेका छन् ।

यसरी बहुआयामिक तथा बहुचारित्रिक पात्रहरू रहेको यस नाटकमा गाउँले परिवेशका पात्रदेखि विदेशी बुर्जुक परिवेशमा हुर्किएका धनाढ्य पात्रहरू समेतको प्रयोगले नाटकले एउटा सिङ्गो युगको वातावरणलाई बोकेको छ । पात्रहरूको बोलीचाली पात्र अनुसारकै बनाइएकोले नाटक जीवन्त जस्तो बनेको छ । यसका अतिरिक्त हाम्रो सामाजिक व्यवस्थाले सिर्जना गरेको सङ्कुचित घेराभित्रका पात्रहरूको कमी कमजोरीकै कारण घरबार कसरी बिग्रदै गएको छ र पारिवारिक विखण्डन कसरी भएको छ भन्ने कुरालाई देखाउनको लागि भूवन जस्ता पात्रहरूको प्रयोग गरिनुले यो नाटक अत्यन्तै प्रभावशील बन्न पुगेको छ ।

नेपाली भूमिमै धनीमानी, सामन्त, जमिनदारहरूले गरिब, दुःखीमाथि कसरी अन्याय, अत्याचार गरिरहेका छन् भन्ने कुरा देखाउनको लागि यस नाटकमा अमरध्वजजस्ता पात्रलाई उभ्याइएको छ जसले एकजना गरिब तथा निमुखा नागरिक धनवीरलाई उठिबास लगाएको दृश्य देखाएर नेपाली समाज र नेपालको राज्यव्यवस्थाको यथार्थता छर्लङ्ग पारिएको छ । त्यसै गरी धनीमानी, सामन्तको कोपभाजनमा परेर विदेखिएका नेपालीहरूले विदेशी भूमिमा दबाइ, औषधि र उपचार नपाएर कसरी मृत्यु वरण गर्नु पर्दैछ ?भन्ने यथार्थको उद्घाटन गर्न धनवीरजस्ता पात्रलाई उभ्याएर नाटकलाई मार्मिक बनाइएको छ भने विदेशी भूमिमा जाँदा त्यहाँका

ठेकेदार तथा काम लगाउनेहरूले नेपाली कामदारहरूलाई कतिसम्म शोषण र दमन गर्दारहेछन् भन्ने कुरा देखाउनको लागि हिन्दी बोली मात्र जान्ने त्यहाँका ठेकेदारजस्ता पात्रलाई उभ्याएर नाटकलाई सम्प्रेषणीय बनाइएको छ । यसरी हेर्दा यस नाटकको पात्रविधानको व्यवस्थापन उचित ढङ्गले गरेको देखिन्छ ।

### ४.५.१.३. नाट्य परिवेश

यस नाटकमा रहेको परिवेश नेपालको पूर्वी पहाडी जिल्ला (इलाम) को रहेको छ भने यस नाटकको उठान मङ्सिर महिनामा वेशीबाट धानबाली भित्राउने समयदेखि भएको छ । पहाडको परिवेशमा उकालो, ओरालो गाउँ, वेशी र भ्mोडी, जङ्गल यहाँको भौगोलिक परिवेश हो भने मौसम चिसो भए पनि घमाइलो दिनबाट शुरू भएको भौगोलिक वातावरणमा कहालीलाग्दो र उराठलाग्दो सामाजिक परिवेशले मानसपटलमा हलचल ल्याउने प्रकारको परिवेश रहेको छ । यसरी नाटकीय व्यवस्थापन गर्नु नाटककारको सफलता मान्नुपर्दछ । यहाँ नेपालीहरूको महान चाँड दसैँ र तिहारको परिवेश पनि आएको छ तर गरिब नेपालीले दसै, तिहार कसरी मनाउँछन् र धनीमानीले कसरी मनाउँछन् भन्ने सन्दर्भलाई वार्ताबाट पनि स्पष्ट पार्ने काम भएको छ । साथै गरिब नेपालीले धनीमानीको कोपभाजनमा पर्दा दसै, तिहार पनि दशा बनेर देखा पर्ने गरेका यथार्थलाई पनि यसमा देखाइएको छ । २०४६ सालमा पञ्चायती व्यवस्थाको अन्त्य भए पनि धनीमानी सामन्तहरूको समाजमा उतिकै हैकम कायम नै रहेको देखाइएको छ भने गरिब, दुःखीको अवस्था पहिले जस्तो छ त्यस्तै रहनु, त्यसमा कुनै सुधार नहुनु, नेपाली समाजको यथार्थ परिवेश हो । राजनैतिक परिवेशमा नेता र राज्य सञ्चालकहरू फेरिएको अवस्था छ तर राज्यले जनतालाई गर्ने शोषण, दमन उही रूपमा रहेको यथार्थता पनि उतिकै ज्वलन्त रहेको छ । राज्यले तिनै धन हुनेको पक्षमा वकालत गर्ने र गरिबको खोजीनीति नगर्ने परिपाटी कायम नै रहेको छ । यो कुरा धनवीरलाई उठिबास लगाउने अमरध्वजले “भोलिसम्म यो घरबाट निस्केर गइहाल नत्र तँलाई पुलिस ल्याएर ठिङ्ग्राउन लगाउँछु,” भन्ने वाक्याङ्शले

पुष्टि गर्दछ भने धनवीरको छोरी आशालाई बम्बैमा लगेर बेचिदिँदा पनि शुक्रेजस्ता अपराधीलाई कारबाही नहुनुले यो देखाउँछ ।

यो नाटकको उठान भएदेखि भारतको दरभङ्गामा धनवीरको मृत्यु भइञ्जेलसम्मको समय अवधि करिब ८ वर्षको रहेको छ । यो अवधिमा घटेका घटनाहरू क्रमैसँग सिलसिलाबद्ध तरिकाले एकपछि अर्को गर्दै अगाडि बढेको पाइन्छ । यसकारण मौसमको आधारमा हेर्दा यो नाटकमा जाडो, गर्मी, शीतल, भावर सबैखाले मौसम देखा पर्ने गरेको पाइन्छ । यस नाटकको अन्त्यमा भारतीय भूमिमा धनवीरले प्राण त्याग गर्दाको परिवेश निकै मार्मिक र दर्दनाक रहेको छ । त्यहाँका हिन्दी भाषीको हेपाई, अनि बेवास्ताले गर्दा एकजना निरीह पात्र नेपाली कुल्लीको मृत्युमा सम्वेदनाहीन रूपमा प्रस्तुत हुने ठेकेदारहरूको प्रवृतिले समग्र दयाहीन मानिसको प्रतिनिधित्व गराइएको छ । यही परिवेशमा मृत्यु वरण गरेको धनवीरको लाशलाई भारतीयहरू जसले बल छउञ्जेल कुल्ली बनाएर श्रम खायो, जब बल सकियो अनि बेवास्ता गर्दै एउटा पाटीमा बेवारिसे अवस्थामा छाडिदिने मानवताहीन मानिसहरूको प्रवृतिलाई यसमा उतारिएको छ । यसरी हेर्दा यो नाटकमा रहेको घटना अनुसारको परिवेश, परिवेश अनुसारको बोलीचाली मिलाएर तयार पारिएकोले यो एउटा सफल नाटकको रूपमा लिन सकिन्छ ।

### ४.५.१.४ मञ्चन विधान

मञ्चीय ढङ्गले हेर्दा पनि यो नाटक धेरै हदसम्म उपयुक्त रहेको छ । यो बेवारिसे लाश नाटकलाई पाचौँ अङ्क र सातौँ दृश्यसम्मलम्ब्याइएको छ । तेस्रो अङकसम्मका दृश्यहरू नेपालकै विभिन्न स्थानमा रहेका छन् । पहिलो दृश्यमा देखा पर्ने साहु अमरध्वज शुरूमै मञ्चमा आउँछ त्यसपछि धनवीर र छोरो सन्ते आउँछन् । उनीहरूको वार्तालापपछिको परिवेशमा धनवीरकी श्रीमती सेती र छोरी आशा देखा पर्छन् । यसबिचमा हुने वार्ताले दर्शकलाई दृश्यात्मक आनन्द दिलाउने मात्रै नभई अन्याय, अत्याचार अनि दुःख र पीडाको समीश्रणले दर्शकको सम्वेदनालाई एकपछि

अर्को गर्दै घच्घच्याउने काम पनि गर्दछ । तसर्थ यो पहिलो दृश्य सार्थक दृश्यको रूपमा लिन सकिन्छ ।

त्यसै गरी दोस्रो अङ्कको पहिलो दृश्यमा धनवीरको झुप्रो घर मञ्चीय परिवेशमा देखिन्छ भने भुवनको उपस्थिति यहीबाट शुरू हुन्छ । राजनैतिक भेटघाट गर्ने क्रममा धनवीर र भुवनको भेट हुने गरेको यस दृश्यले दर्शकलाई राजनैतिक सचेतता जगाउने काम गरेको छ । उनीहरूबिचको सहज वार्ताले यसको औचित्य पुष्टि गर्दछ । यसको अतिरिक्त यस दृश्यमा सेती,धनवीर, भुवनबिचको वार्तालाई यसको पहिलो दृश्यमा देखाइएको छ भने दोस्रोमा (पर्दा बन्द नगरी) अमरध्वज साहु आएर धनवीरलाई भुवनसँग मिलेकोमा गाली गर्दै 'घरबाट निस्केर गइहाल' भनेर घर निकाला गरेको घटना देखाइएको छ । तेस्रो अङ्कको दोस्रो दृश्यमा धनवीरको लागि ससुरालीले बनाइदिएको झोपडीभित्रको दृश्य छ । यहीबाट धनवीरले नेपाल छोडेर भारतीय भूमितिर प्रस्थान गरेको दृश्य सफलतापूर्वक देखाउन मिल्ने गरी मञ्चीय प्रबन्ध गरिएको छ । यी घटनाहरूलाई सहज रूपमा देखाउन मिल्ने गरी नाटककार भीम क्षेत्रीले सफल मञ्चीय प्रबन्ध गरेका छन् ।

दरभङ्गामा पुगेर भुवनले सानो कोठा भाडामा लिएर बसेको दृश्य रहेको छ । यहीबाट भुवनले आफ्नो राजनैतिक र पढाइको कामलाई अगाडि बढाउने परिदृश्य छ । यही नै राकेश, दिवश, दिनेशबिचको भेट र वार्ताबाट धनवीरको अवस्था, अनि सेती भाउज्यू, आशा र सन्तेको विषयमा छलफलकै क्रममा उनीहरूको अवस्था बुझ्ने काम हुन्छ । यसरी अदृश्य कुरालाई पनि बुझाउने थलोको रूपमा रहेको भुवनको भाडाको कोठा मञ्चीय हिसाबले निकै नै उपयुक्त बनेको छ ।

त्यस्तै पाँचौ अङ्कको पहिलो दृश्यमा धनवीरले काम गर्ने गरेका स्थान रहेको छ । जहाँ घर बनाउने इँटा बोक्ने काम गरी रहेको हुन्छ । उसले इँटाको भारी उठाउँदै गरेको दृश्यबाट शुरू भएको मञ्चीय दृश्यमा घर बनाउने ठेकेदारले धनवीरलाई हेपेको दृश्यले दर्शकको मन छुने गर्दछ । तर्तरी पसिना बगाउँदै काम गर्दा पनि जस नदिने ठेकेदारको अमानवीय व्यवहारलाई सबैले घृणा गर्ने परिवेश सिर्जना हुन्छ । यो दृश्य पनि अति सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ । यसै गरी यस नाटकको अन्तिम पाचौं

अङ्कको दोस्रो दृश्य एउटा धर्मशालाको रहेको छ, जहाँ धनवीर रोग, भोक र तनावले छटपटाउँदै बेवारिसे अवस्थामा मृत्युवरण गरेको दृश्य देखिन्छ भने मञ्चमा केही समयपछि देखा परेका भारतीय पुलिस र अन्यहरूको अमानवीय व्यवहारले दर्शकको मन कुडिन्छ । यही समयमा अचानक धेरै समयपछि त्यहाँ आइपुगेका भुवनले लाशलाई हेरेर चिनेपछि "यी हमरा दादाजी हो सक्ता है, इसले हाम आरहा हुँ" भनेपछि पुलिसहरूले बाटो छोडिदिन्छ । लाश साँच्चै दादाजी अर्थात धनवीरकै भनेर चिनेपछि भुवनले सदगत गर्ने जिम्मा लिन्छ, त्यसपछि भारतीय पुलिससहित भुवन, राकेश, दिनेश र दिवश भएर धनवीरको लाशलाई धर्मशालाबाट बाहिर निकाल्छन् । यसरी धर्मशाला खाली हुन्छ, धर्मशाला खाली हुनु भनेको मञ्च खाली हुनु हो । यसरी मञ्चीय हिसाबले पनि यो नाटक उपयुक्त रहेको पाइन्छ ।

### ४.५.१.५. भाषाशैली

यस नाटकको भाषशैली ठेट नेपालीदेखि हिन्दी अंग्रेजीसम्म पुगेर टुङ्गिएको पाइन्छ । यस नाटकमा गाउँले परिवेशमा बोलिने सहज शैलीका भाषाले नाटकको ग्रामीण जनताको प्रतिनिधित्व गरेको छ भने भुवनको भाषामा केही राजनैतिक र परिष्कृत भाषा पाइन्छ जसले नेपाली पढालेखा गरेका क्रान्तिकारी युवाहरूको प्रतिनिधित्व गरेको छ । सेती, आशरानी, धनवीरजस्ता ग्रामीण जनताले बोल्ने भाषामा ठेट नेपाली पाइन्छ । जस्तो धनवीरले बोलेको "मुङ्लानमा पैसा कमाएर छोरीलाई घागी किनेर ल्यादिउँला, आशरानीले बोलेकी "चाँडो गर है ज्वाई भरै रात परेर बाटोमै बित्यास पर्ला" त्यस्तै गरी "गरी साध्ये न भनी साध्ये" जस्ता ग्रामीण भाषाको प्रयोगले नाटकलाई बोधगम्य बनाएको छ । त्यसै गरी नेपालका धनीमानीले बोल्ने बुर्जुक भाषाको प्रयोग र तिनलाई सम्बोधन गर्ने चाकरीबाजहरूको भाषाको पनि प्रयोग भएको छ । बैदारको "जो आदेश, हजुरको इच्छा, आज्ञा होस," जस्ता सामन्ती भाषा प्रयोगले नाटकलाई जीवन्त बनाउने काम गरेको छ ।

त्यस्तै भारतमा पुगेपछि आम नेपालीले बोल्ने टुटेफुटेको हिन्दी भाषाको प्रयोगले साँच्चै नै नेपालीको दयनीय अवस्थाको चित्रण गरेको छ । धनवीर थकाइले

लखतरान भएपछि एकछिन् थकाई मार्न बस्दा, तयसरी बसेको देखेर ठेकेदार "हे, बहादुर तुम क्यूँ के लिए इधर आरहा हो ? बैठनेके लिए ?" भन्दा धनवीरले "नही, मालिक, थकाइ मारा हो, हमले सम्झे, मालिक हम काम कर्छु," जस्ता अस्पष्ट हिन्दी बोलीले नेपालबाट भारत पस्ने आम नेपाली अशिक्षित कामदारको प्रतिनिधित्व गर्दछ भने भुवनले धनवीरको लाश वरपर रहेका मानिसहरूलाई हटाउँदै बोलेको "एकसक्युज मी, समटायम वेट करो, यी हमरा दादा हो सक्ता," जस्ता केही सुधारिएको हिन्दी भाषाको साथमा अंग्रेजी मिसिएको भाषाले शिक्षित युवाहरूको प्रतिनिधित्व गर्दछ ।

यसरी भाषाशैलीको दृष्टिले पनि उपयुक्त रहेको यो नाटकमा राजनैतिक, सामाजिक र भौगोलिक परिवेश अनुसारको भाषा प्रयोग गर्न सक्नु नाटककार क्षेत्रीको योग्यता, क्षमता, योग्यता र विशेषताको उपज हो भन्न सकिन्छ ।

### ४.५.१.६. संवाद विधान

साहित्यका अन्य विद्याहरूभन्दा छुट्टै विशेषताको रूपमा रहेको तत्व 'संवाद विधान' नाटककार भीम क्षेत्रीले कुशलतापूर्वक प्रयोग गरेका छन् । उनले संवादमा ग्रामीण परिवेशमा अशिक्षित अथवा पढालेखा नभएका मानिसहरूले बोल्ने भाषिक शैलीको संवाददेखि शिक्षित मानिस र हिन्दी भाषामा समेत पात्रहरूद्वारा संवाद गराएका छन् । नाटककार भीम क्षेत्रीले नेपाली ग्रामीण जनताको भावना, विचार र आकांक्षा सबै बुझेर त्यही अनुसारको संवाद प्रयोग गर्नु उनको परिपक्वता, विचार, बुद्धि र व्यवहारिक ज्ञानको उपज हो, भन्न सकिन्छ । यस **बेवारिसे लाश** नाटकमा धनवीर एक अशिक्षित नेपालीको प्रतिनिधि पात्र हुन् । उनले बोल्ने भाषा सरल र ठेट नेपाली रहेको छ भने पूर्वी पहाडीयाहरूले बोल्ने भाषा प्रयोग गर्ने गर्छ । अमरध्वज साहुले बास उठाउने भएपछि आफ्नी श्रीमती सेतीलाई सम्झाउँदै उनले भनेको बोलीको संवाद "आ ! लडेको ढुङ्गाले त ठाउँ पाउँछ भन्छन्, हामी त मान्छे पो त, जे पर्ला उही टर्ला ! भोलि बिहानै बाटो लाग्नुपर्छ, त्यो पापीको मुख हेरेर के बस्नु ! पापीले बसिखान नदिने भो त !" यसरी संवादमा पात्र अनुसारको गाउँको अनपढ

मानिसहरूले बोल्ने सहज र सरल भाषा प्रयोग गर्न सक्नु नाटककार क्षेत्रीको सुझबुझ पूर्ण प्रयोग हो,भन्न सकिन्छ ।

त्यसै गरी क्षेत्रीले विदेशिएका दाजुभाइहरू अर्थात नेपालीले जानी नजानी भए पनि रोजगारदाता देशको भाषा बोल्नै पर्ने बाध्यता पनि बुझेर देशमा साहु, सामन्तले उठिबास लगाएको धनवीर भारतमा पैसा कमाउन जाँदा त्यहाँका ठेकेदारसँग हिन्दीमा कुरा गरेको संवाद पनि रोचक छ । काम गर्दागर्दै थाकेर धनवीर एकैछिन् बिसाउँदा ठेकेदारले–"हे बहादुर, क्यूँ डेर कररहा हो ? बिलम्ब नाकरे, आपको कर्तव्य से भूल चुका हो ? यदि काम के इच्छा नही, तुम मकानमे जा सक्ते हो, बदमास !" भनेर गाली गर्छ । यसबेला धनवीरले–"हवस्, वापु जी ! हम काम कर्छु, हम नही हो मालिक बदमास ।" (पृ.७८) भन्दै आफ्नो बचाउ गरेको संवाद रोचक र मार्मिक पनि छ । यहाँ एकातिर हिन्दी भाषी ठेकेदारको हिन्दी संवाद र हिन्दी बोल्न नजान्ने नेपालीको संवादले पात्र अनुसारको संवादको प्रयोगको रूप दिनु क्षेत्रीको नाट्यकला हो, भन्न सकिन्छ ।

यसरी यस नाटकमा क्षेत्रीले नाटकको अन्य तत्वभन्दा फरक तर अनिवार्य तत्वको रूपमा प्रयोग हुने **संवाद विधान**लाई उपयुक्त किसिमले प्रयोग गरेको देखिन्छ । यसको साथै शिक्षित मानिसहरूले बोल्न भाषिक संवाद पनि भुवनजस्ता पढालेखा गरेको एक शिक्षित पात्रको माध्यमबाट प्रयोग गरेका छन् । कतै कतै मार्क्सवादी दर्शनको कुरालाई आफ्नै शैलीमा भुवनको माध्यमबाट व्यक्त गर्नु, गराउनु क्षेत्रीको मार्क्सवादप्रतिको तीव्र आकर्षण र निम्न वर्गीय जनताको मुक्तिप्रतिको झुकाव हो भन्न सकिन्छ । यसमा धनवीरको घरमा भुवन आएको मन नपराउने अमरध्वज साहुले धनवीरलाई कम्युनिष्टमा नलाग, भनेर बारम्बार भन्ने गरेको गुनासो धनवीरले सुनाएपछि भुवनले भनेको संवाद यस्तो छ–"हाम्रो दुश्मनी अमरध्वजसँग छैन, बरु हाम्रो वर्गहित विपरीत थिति र पद्धतिसँग हो, समग्रमा परिवर्तन नगरी हाँगाबिँगा छिमलेर मात्र हुँदैन ।" (पृ.११) यसरी सबै प्रकारका पात्रहरूको प्रयोग रहेको य नाटकमा पात्रअनुसारको संवाद प्रयोग गर्न सक्नुले **योबेवारिसे लाश** नाटक संवाद

सविधानको दृष्टिले एक सफल नाटक हो भन्न सकिन्छ। यसको अतिरिक्त यही कुशल संवाद प्रगोगले गर्दा क्षेत्रीको नाट्यकारिता सफल भएको मान्न सकिन्छ।

यस नाटकमा संवादबाट पनि सन्देश प्रवाह गर्न नमिल्ने अभिव्यक्तिलाई शुत्रधारको रूपमा प्रयोग गरेर गम्भीर प्रकृतिको सन्देश प्रवाह गरिएको पाइन्छ । शुत्रधारले पर्दा बन्द भई सकेपछि पनि नाटकले प्रस्तुत गरेको नाट्य सन्देशलाई प्रष्ट्याउने गरी अभिव्यक्ति दिनु नाटकको अर्को महत्वपूर्ण तत्व हो । यसलाई नाटककार क्षेत्रीले दृश्यैपिछे प्रयोग गरेका छन्। उनले पर्दा खोलिनु अघि र पर्दा बन्द भएपछि पनि यसप्रकारको शुत्रधारका प्रयोग गरेका छन्।

### ४.५.१.७नाट्य शीर्षक

यस नाटकको शीर्षक 'बेवारिसे लाश' सटिक र उपयुक्त हुने गरी राखिएको छ । धनवीरलाई गाउँका ठालु, साहुहरूले उठिबास लगाएपछि आफ्ना प्राण प्यारी पत्नी र चिचिला बच्चाहरू छाडेर भारतीय भूमिमा पेट पाल्न र परिवारलाई सुख दिउँला भन्ने आशाले गएको हुन्छ। तर विदेशमा न धनवीरको दाजुभाइ, न त इष्टमित्र न त नेपाली छिमेकी नै। भारतमा उनको कोही हुँदैन। उनले भारतमा जे जस्तो दुःख गर्छ, त्यसबाट केही आमदानी गरे पनि उनले कमाएको पैसा डेराबाटै चोरी भएपछि बिल्लीबाठ भएका उनी ६ वर्षसम्म घर जान सक्ने स्थिति रहँदैन। गाउँमा धनवीरको छोरी आशालाई गाउँकै शुक्रे भन्ने दलालले वेश्याखानामा लगेर बेचिदिनु,छोरो सन्ते पनि रगतमासीले मर्नु,जस्ता घटना सुनेपछि धनवीर अचेत हुन्छ र यही पीरले र रोगले ग्रस्त हुँदै भारतको एउटा धर्मशालामा मृत्यु हुन्छ। यस समयमा धनवीरको समीपमा कोही हुँदैन। कसैले बेवारिसे अवस्थामा रहेको लाश देखेपछि पत्रिकामा खबर गर्छ र तयो समाचार छापिन्छ। यो समाचार पेपछि भुवनलाई शंका लाग्छ र धनवीरलाई भेट्न दिनेश, रोकशलाई लिएर जान्छ । भुवन त्यो स्थानामा पुग्दाकेही पुलिस र स्थानीयबाहेक कोही आफन्त हुँदैन। यसैले यो नाटकको शीर्षक 'बेवारिसे लाश' राख्नु अत्यन्तै सार्थक रहेको मान्न सकिन्छ।

### ४.५.१.८. उद्देश्य वा सन्देश

यस नाटकको आधारभूमि प्रगतिवादी साहित्य सिद्धान्त हो भने यसमा रहेका वर्गीय चरित्रको उद्घाटनले धनीमानी, सामन्तहरूप्रति घृणा पैदा गरी दिएको छ भने गरिब, दुःखी र निमुखाप्रति सहानुभूतिका साथै चेतनाको अभावमा कुनै न कुनै रूपबाट ठगिनुको बिकल्प छैन भन्ने सन्देश पनि दिएको छ । यसमा नेपालमा २०४६ सालमा भएको जनआन्दोलनबाट कुनै पनि मानेमा जनताको उपलब्धी हात नलागेको यथार्थतालाई उजागर गरिएको छ भने भुवनको सङ्घर्षले अबको आन्दोलन र क्रान्ति जनताको तहबाट माथि उठ्ने संकेतको रूपमा देखा परेको छ । भुवनको मुखबाट "हाम्रा दुश्मन यस्तै प्रवृतिहरू हुन् । दुश्मनी मान्छेसँग होइन, यसलाई बँचाई राख्ने व्यवस्थासँग हो, हाम्रो वर्गहित विपरीतको थिति र पद्धतिसँग हो, समग्रमा परिवर्तन नगरी, यो अमरध्वजलाई मात्र सिध्याएर हाम्रो दुःखको निराकरण सम्भव छैन । मूल जरो नै उखालेर नफ्याँकेसम्म हाँगा छिमलेर समस्या समाधान हुँदैन । त्यसैले जरो उखाल्ने अभियान पार्टीले ल्याउँदै छ ।" भन्ने वाक्यहरूले कुनै पनि समयमा राजतन्त्रको अन्त्य गर्दै जनवादी व्यवस्थाको सुत्रपात हुने कुरालाई नाटककारले संकेत गरेका छन् ।

यसरी नेपालको राजनैतिक, सामाजिक र सांस्कृतिक उन्नयनको लागि सबै युवाहरूले सचेततापूर्वक लाग्नुपर्ने कुराप्रति ध्यान आकर्षण गर्दै नाटककार क्षेत्रीले यस नाटकमा दिनेश, राकेश, दिवशजस्ता युवाहरूलाई भुवनमार्फत प्रशिक्षित गराउने काम गरेर एउटा नवीन सन्देश दिने कार्य भएको छ । भुवनले धनवीरदेखि ती सारा युवाहरूलाई राजनैतिक प्रवचन दिनु भनेको सारा नेपाली युवाहरूलाई मार्क्सवादी दर्शनप्रति अकर्षण बढाउनु हो भन्ने कुरा यस नाटकको अद्योपान्त अध्ययनपछि छर्लङ्ग हुन्छ । यसकारण यो नाटकको मुख्य उद्देश्य वा सन्देश नेपाली भूमिमा राईदाई गर्दै आएको सामन्ती व्यवस्थाको अन्त्य गरी नव जनवादी राज्य व्यवस्थाको परिकल्पना हो भन्न सकिन्छ ।

४.५.२ .निष्कर्ष

यस नाटकले नेपाली भूमिमा एकलौटी राज गर्दै आएको समन्तवादी राज्य व्यवस्थाको अन्त्यको लागि साहु अमरध्वजजस्ता कुपात्र र धनवीर, भुवनजस्ता सुपात्रलाई स्थान दिएर यिनीहरूकै क्रियाकलापबाट नेपाली सामाजिक, राजनैतिक परिवेशलाई उदाङ्गो पार्ने काम भएको छ । २०४६ सालमा जनताको बलमा स्थापित बहुदलीय व्यवस्थाले पनि जनताको रहनसहन र जीवनचार्यमा कुनै फेरबदल नल्याएको यथार्थतालाई देखाउँदै अमरध्वजहरूको अत्यचार उसरी नै बढी रहेकोप्रति नाटककारको घृणा चुलिएको छ । जसले गर्दा यो नाटक पढ्ने वा हेर्ने जोसुकैले जमिनदार धनीमानीप्रति घृणा व्यक्त गर्नेछन् । त्यसै गरी नेपाली गरिब जनले भोग्दै आएको तितो यथार्थको रूपमा रहेका सामन्तीहरूको कोपभाजनमा परेर विदेशी भूमिमा रगत र पसिना बगाउँदै मर्नु पर्ने परिस्थितिलाई पनि यसमा छर्लङ्ग पारिएको छ ।

त्यसै गरी भुवनजस्ता शिक्षित युवाहरू जनताको पक्षमा लडेकै आधारमा राज्यले अपहेलना गर्दै जागिरबाटै निष्काशन गरिदिने परिपाटीलाई पनि यहाँ प्रस्तुत गरिएको छ भने अर्कातिर उनीजस्ता शिक्षित मान्छेले प्रगतिशील हुनकै लागि अन्तर्जातीय विवाह गर्न पुगेको तर भुवनको भावना नबुझी सरलताको फाइदा उठाउँदै कलङ्कित श्रीमतीहरू कसरी श्रीमान्विरुद्ध उभिँदा रहेछन् र त्यसको परिणाम के हुँदा रहेछ ?भन्ने कुरालाई पनि यसमा कुशलतापूर्वक प्रस्तुत गरिएको छ । अन्त्यमा धनवीरकी श्रीमती सेतीको बिचल्ली हुनु, उनकी छोरी आशालाई शुक्रेजस्ता दलालले बम्बैमा लगेर बेच्नु, धनवीरको छोरो सन्ते झाडापखालाले बित्नु र विदेशी भूमिमा मृत्यु हुनुको पीडाको सामान्यीकरण हुँदा पाठक वा दर्शकहरूको हृदय नै छियाछिया पार्ने घटनाक्रमलाई जोड्न सक्नु नाटककार क्षेत्रीको नाट्यकलाको ज्वलन्त उदाहरण हो भन्न सकिन्छ ।

४.५.३. **जनअदालत नाटकको अध्ययन**

यो **जनअदालत**नाटक नाटककार भीम क्षेत्रीको 'बेवारिसे लाश" नाट्यसङ्ग्रहमा सङ्गृहीत नाटक हो । नटककार क्षेत्रीको यो **जनअदालत**बेवारिसे लाश नाट्यसङ्ग्रहको

दोस्रो नाटक हो । यो नाटकको परिवेश हेर्दा नेपालमा पहिलो पटक कम्युनिष्ट (एमाले) को नौ महिने शासनकालको सेरोफेरोलाई आधार बनाएर लेखिएको हुनाले २०४६ सालदेखि २०४९ सालभित्र लेखिएको देखिन्छ । क्षेत्रीले यसमा नाटकमा नेपालका गाउँ, समाज र देश भँडुवाहरूलाई राज्यको अदालतबाट जनताले न्याय पाउन नसकेको हुँदा जनअदालतको कारबाहीबाट मात्र जनताको न्याय हुने सन्देश प्रवाह गरेर नवीन समाजको परिकल्पना गरेका छन् ।नेपालमा जनयुद्ध शुरू नहुँदै यो नाटकमार्फत जनकारबाहीको कल्पना गर्नु क्षेत्रीको क्रान्तिकारी मनोविज्ञानको उपज हो, भन्न सकिन्छ ।

पहिलो नाटक **बेवारिसे लाश**भन्दा छोटो नाटक यो **जनअदालतमा** ३ वटा अङ्क र ४ दृश्य मात्र रहेका छन् । पहिलो र तेस्रो अङ्क १/१ दृश्यमा समेटिएको छ भने दोस्रो अङ्कमा २ दृश्य राखिएका छन् । यसरी हेर्दा यो नाटक पहिलोभन्दा ४ गुणा छोटो रहेको छ, भन्न सकिन्छ । यसरी क्षेत्रीले यस नाटकलाई छोटो रूपमा प्रस्तुत गरे पनि यसको विषय वा कथावस्तु भने निकै लामो र मार्मिक बनाएका छन् । तसर्थ यो नाटक छोटो तर मिठोको भावमा प्रस्तुत भएको छ, भन्न सकिन्छ ।

यो जनअदालत नाटकमा क्षेत्रीले देश र जनताको मुक्ति जनताकै सहभागितामा मात्र सम्भव छ, सत्ता र सरकारको भरमा मात्र जनताले मुक्ति पाउन सक्दैन भन्ने चाहना राखेका छन् । यसका साथै उनले नेपालमा राजातन्त्र, प्रजातन्त्रभन्दा पनि कम्युनिष्ट राज्य नै श्रमजीवी जनताको मुक्तिको लागि अपरिहार्य मार्ग हो र यसले मात्र निम्नस्तरीय श्रम गरेर खाने जनताको मुक्ति गर्न सक्छ भन्ने सन्देश प्रवाह गरी जनचेतना अभिवृद्धि गर्ने ध्येय राखेको मान्न सकिन्छ । यसर्थ यो नाटक पूर्ण रूपमा प्रगतिवादी नाट्कसिद्धान्तमा आधारित भएर लेखिएको हो, भन्न सकिन्छ ।

### ४.५.३.१ कथावस्तु

यो जनअदालत नाटकको आधारभूमि नेपालकै कुनै पहाडी ग्रामीण इलाका हो । यसमा मुख्य पात्र गंगा सभ्य, शालीन र प्रगतिशील विचारले ओतप्रोत भएको पात्रको

रूपमा उभ्याइएको छ । अर्कोतिर पर्शे नामको पहिले पञ्चे र अहिले काँग्रेस बनेर जनतालाई २०४६ सालपछिको प्रजातन्त्रमा पनि उसै गरी दुःख दिइरहेको सन्दर्भ रहेको छ । यसमा पहिले पञ्चायतकालमा पञ्च बनेर जनतालाई दुःख दिनेहरू र प्रजातन्त्र आएपछि पन काँग्रेस बनेर दुःख दिने गरेको यथार्थलाई उद्घाटन गरी सार्थक सन्दर्भ प्रस्तुत गरिएको छ । एकातिर पर्शेको परम्परावादी गुण्डा दल र अर्कोतिर गंगाको शालीन र सभ्य, प्रगतिशील दलबिचको द्वन्द्व र भिडन्तलाई देखाइएको छ ।

गंगा नेपालको कम्युनिष्ट पार्टीको प्रतिनिधि पात्र हुन् भने पर्शे पहिले पञ्चे र पछि काँग्रेस सामन्तको प्रतिनिधि पात्र हुन् । नेपालमा भर्खरै मात्र कम्युनिष्ट सरकार बनेको सन्दर्भमा लेखिएको यो नाटकमा गंगाको सकारात्मक भूमिकालाई अब जनताले साथ दिन थालेको सन्दर्भ छ भने अर्कोतिर पर्शेजस्ता समाजको कलङ्कहरूप्रति जनताको घृणाभाव पैदा हुँदै गएको सन्दर्भ रहेको छ । एमालेको नौ महिने शासनकालमा वृद्ध भत्ता दिइनु, “आफ्नो गाउँ आफै बनाऔँ” जस्ता कार्यक्रम ल्याएर प्रत्येक गा.वि.स.मा पाँच लाख छुट्याउनु सकारात्मक हो, भन्ने कुरालाई पुष्टि गराउनको लागि गाउँमा बाटो, कुलो आदि विकासको काम जनताकै सहभागितामा गर्ने परिपाटीको थालनी गर्नु सकारात्मक कुरा हो, भन्ने सन्दर्भ रहेको छ ।

यस नाटकको पहिलो अङ्कमै गाउँका बुढापाका मानिसहरूलाई वृद्ध भत्ता खुवाएर कम्युनिष्ट पार्टीले प्रशंसा बटुलेको सन्दर्भ रहेको छ । आजसम्म काँग्रेसलाई सहयोग गर्दै आएको भद्रमानसमेत यो वृद्धभत्ताबाट प्रभावित भएर यसै दनदेखि कम्युनिष्ट बनेको र अबदेखि पर्शे समुहको कुरा नसुन्ने प्रतिज्ञा गरेको छ ।

यस नाटकमा गंगाले कम्युनिष्ट कार्यकर्ताको रूपमा असल भूमिका निर्वाह गरेको छ भने पर्शेले गाउँमा  आएको पैसा खाएर नकारात्मक भूमिका निर्वाह गरेको छ । यहाँ पहिलो वर्षको बजेटलाई गंगाहरूले बाटो खन्ने काममा प्रयोग गरेको छ, तर पर्शेले बजेटको केही हिस्सा आफूलाई छुट्याउनु पर्ने माग्दा गर्दा नदिएको निहुँमा पर्शेको गुण्डा समुह मिलेर बेस्सरी कुटेको सन्दर्भ छ । अर्को दोस्रो वर्ष आएको विकास बजेट पाँच लाखमा एक लाख गंगाको गाउँमा छुट्याइएकोले गाउँमा कुलो ल्याउने योजना अनुसार गाउँलेहरू मिलेर कुलो खन्न थाल्छन् ।  तर यो कुरा पर्शेलाई मन

पर्दैन । पर्शेले आफूलाई नभनी किन कुलो खन्न थालिस् ? भनेर निहुँ खोज्न थाल्छ । तर भुवन कुनै पनि हालतमा पर्शेलाई यो बजेट हात पार्न नदिने प्रतिवद्ध व्यक्त गर्दै आफ्नो काममा लागी रहन्छ ।

यस नाटकको तेस्रो अङ्क पहिलो अङ्कमा एकदिनको घटना समावेश गरिएको छ । यहाँ गंगाले गाउँमा कुलो खन्ने योजना अनुसार ल्याएको बजेटबाट सबै गाउँलेलाई बोलाएर धमाधम काम गर्न थालेको हुन्छ । यो कुरा पहिलेदेखि नै पर्शे समुहलाई मन परेको हुँदैन । त्यसैले पर्शेको समुह (शुक्रे, भेन्टे, डम्बरे, रुन्चे साइला) आदि गंगालाई काम गरिरहेकै ठाउँमा गएर, पहिलेजस्तै गरी हिर्काउन थाल्छन् । तर गाउँलेलाई यो कुरा सह्य हुँदैन । अब सबै गाउँले गंगाको पक्षमा मनोबल उच्च पारेर लागी सकेका हुन्छन् । यस बेलासम्ममा यता गंगाको पनि समुह (कमल, दिवश, सन्तलाल अदि) तयार भई सकेका हुन्छन् । यो कुरा पर्शेले छेउभेउ पनि पाएको हुँदैन । पर्शेले आफ्नो हैकम कायम नै छ भन्ने ठानेको हुन्छ । यही अवसरमा कुटाकुट पर्न थालेपछि सबै गाउँले मिलेर पर्शे र उसको समुहका सबैलाई कुटेर लखतरान पारेपछि हरियो बाँसमा बाँधेर झुण्डाएर प्रहरी चौकीतिर लान्छ । गाउँलेले जिउँदो लाशजस्तै गरु बाँसमा पर्शेलगायत चार जनालाई बोकेर प्रहरी चौकीतिर लगेको दृश्य मञ्चबाट निस्कन्छ । तर प्रहरीले के गर्छ ? भन्ने कुरा यसमा देखाएको छैन । यसले गर्दा अझै पनि राज्यसत्ताको भत्ता खानेहरूप्रति क्षेत्रीको विश्वास नरहेको प्रस्ट हुन्छ । यसरी यो न अदालत नाटकको कथानक समाप्त हुन्छ ।

### ४.५.३.२ पात्र विधान

साहित्यको अनिवार्य तत्वको रूपमा रहेको पात्र विधान नाटकमा पनि अपरिहार्य रहन्छ । नाटकको लागि पनि नभई नहुने महत्वपूर्ण तत्व पात्रतत्व हो । यस नाटकमा उपयुक्त पात्रहरूको छनोट गरिएका छन् । नाटकमा मुख्य पात्र  र सहायक पात्रहरू विद्यमान रहन्छन् । यस नाटकमा पनि त्यसरी नै पात्रहरूको समायोजन गरिएको छ । यस नाटकमा मुख्य पात्रको रूपमा गंगा नामको पात्र रहेको छ । जो एक शिक्षित र विकास प्रेमी पनि छन् साथै यो नाटक २०४६ पछिको नेपाली परिवेशमा लेखिएको र

नेपालमा नेकपा.एमालेको सरकारले सुरू गरेको वृद्ध भत्ताको सन्दर्भलाई जोडेर कथानक अगाडि बढेको छ । यस सन्दर्भमा **गंगा**नामको पात्र त्यही एमाले कार्यकर्ताको रूपमा बढी नै सहनशील, सजग र सरल तथा गाउँको विकासको लागि जीउ ज्यान फालेर लाग्ने एक आदर्श पात्रको रूपमा उभ्याइएको छ । गंगाकम्युनिष्ट कार्यकर्ता भएको नाताले उनीभित्र निम्न पुँजीवादी चिन्तनको लेस पनि देखिन्न । यसैले गंगालाई सच्चा कम्युनिष्ट कार्यकर्ताको रूपमा हेरिनुको साथै यस नाटकको नायकको रूपमा देखा परेको छ । त्यसै गरी नाटकको खलनायकको भूमिकामा **पर्शे** नामको पात्र खडा गरिएको छ । उनी पूर्व पञ्च र बहुदलीय व्यवस्थापछि काँग्रेस कार्यकर्ताको रूपमा अगाडि आएको छ । काँग्रेसका कार्यकर्ताहरूमा जसरी आफ्ना विरोधीहरूप्रति घृणित चलखेल गर्ने प्रवृति देखिन्छ, त्यसको प्रतिनिधि पात्रको रूपमा पर्शेलाई राखिएको छ, भन्दा फरक नपर्ला ।

यसरी हेर्दा मुख्य नायकको रूपमा **गंगा** आएको छ भने खलनायकको रूपमा **पर्शे** मुख्य पात्र बनेको छ । यसै गरी सहायक पात्रहरूमा सकारात्मक सोंच राखेर अघि बढ्ने अर्थात समाजमा सही काम गर्ने पात्रहरू दिवश, सन्तलाल, कमल, मानवीर आदि छन् भने नकारात्मक सोचका अर्थात खलपात्रको मतियार भएर शुक्रे, भेन्टे, रुन्चे, डम्बरे आदि आएका छन् । यसै गरी समाजमा तटस्थ रहने पात्रहरू पनि हुन्छन् । यसप्रकारका पात्रहरू पनि क्षेत्रीले यस नाटकमा समावेश गरी नेपाली समाजको यथार्थता देखाउने प्रयास गरेका छन् । यसप्रकारका पात्रहरूमा हस्तमान, भद्रमान, वृद्ध बुबा, मानवीर आदि रहेका छन् ।

यसरी गाउँले परिवेशमा सुहाउने पात्र छनोट गरी नाटकलाई समसामयिक बनाउने काममा क्षेत्रीले निकै विवेकपूर्ण तरिका अपनाएका छन्, भन्दा अत्युक्ति हुने छैन । क्षेत्रीले यस नाटकमा कथावस्तुले माग गरे अनुसारको पात्र चयन गरी आ-आफ्नो भूमिकामा सक्षम र सहज तवरले अगाडि बढाउने काम गरेका छन् । यसरी हेर्दा क्षेत्रीको नाटकमा पात्र विधानको दृष्टिले हेर्दा सफल नाटकको रूपमा यो **जनअदालत** नाटक उत्कृष्ठ नाटक रहेको छ, भन्न सकिन्छ । यस नाटकमा अदृश्य

पात्रहरू पनि छन् । त्यसमा गाउँले छिमेकीहरू रहेका छन् तर उनीहरूको बोली र रूप देख्न सकिन्न । यसरी हुर्दा अदृश्य पात्रको भूमिका न्यून रहेको पाइन्छ ।

### ४.५.३.३ नाट्य परिवेश

यस नाटकमा रहेको परिवेश नेपालको पूर्वी क्षेत्रकै कुनै जिल्लाको एक ग्रामीण इलाका रहेको छ । यस नाटकको उठान गाउँले मानवीरको थोत्रो झुप्रो घरको आँगनबाट भएको छ । घरको दायाँतिर गोठ र आँगनमा कुखुराहरू चरी रहेको र छेउमा एउटा गाई, बाख्राहरू बाँधिएको परिवेशबाट शुरू भएको छ । पहाडको परिवेशमा उकालो, ओरालो गाउँ, वेशी र झोडी, जङ्गल यहाँको भौगोलिक परिवेश हो भने घमाइलो दिनमा कुलो खन्ने, बाटो खन्ने काम गाउँलेहरूबाट हुँदै गरेको परिस्थिति हेर्दा यो मौसम फागुन/चैत्र महिनाको अनुभूत हुन्छ ।

जस्तोसुकै घामपानी सहेर पनि समाजको सकार पात्रहरू विकासको कामका खट्ने गरेको तर गाउँको विकास नचाहने नकार पात्रहरू त्यसको विरोधमा उत्रने गरेको हाम्रो देशको यथार्थलाई यस नाटकमा उद्घाटन गरिएको छ । यसले सामाजिक परिवेश धुमिलिएको छ, समाजमा लडाई, झगडा र तनावको वातावरण सिर्जना भएको छ । नेपालमा पहिलो पटक एमाले सरकारले वृद्ध भत्ता बाँड्दा काँग्रेसलाई खपी नसक्नु भएको यथार्थलाई यहाँ प्रस्तुत गर्ने काम भएको छ । यसले गर्दा यस नाटकमा त्यो बेलाको राजनैतिक वातावरण जसरी तनावग्रस्त थियो, त्यसै गरी यस नाटकमा पनि समाजको राजनैतिक जीवनसँग सरोकार राख्ने मानिसहरूबिचमा तनावको स्थिति सिर्जना गरी क्षेत्रीले नाटकलाई जीवन्तता दिने काम गरेका छन् ।

'वास्तवमा यस नाटकमा जनताको लागि कम्युनिष्ट पार्टी नै उपयुक्त हुन्छ' भन्ने जनतालाई लाग्न थालेपछि काँग्रेसमा हलचल मच्चिएको यथार्थतालाई नाटकमार्फत व्यक्त गर्ने काम भएको छ । यही परिवेशलाई क्षेत्रीले मध्यनजर गरी राजनैतिक वातावरणलाई नाट्य रङ दिने काम गरेको भान हुन्छ । यसर्थ यस नाटकको परिवेश राजनैतिक, सामाजिक र ग्रामीण विकास सम्बन्धी तनावै तनावको बिच रहेको छ, भन्दा फरक नपर्ला । गाउँले परिवेश कटुवाको धुँवा, झुप्रा घरहरू, डाँडा, पाखामा

रम्ने नेपाली जनता र वृद्ध भत्ताको रकम पाउँदा फुरुक्कै हुने गरिब मानसिकता आदिले यस नाटकको परिवेश साँच्चै मर्मस्पर्शी रहेको पाइन्छ ।

### ४.५.३.४ मञ्चन विधान

यो 'जनअदालत' नामको नाटक मञ्चीय दृष्टिकोणले पनि उपयुक्त मान्न सकिन्छ । यस नाकलाई ३ अङ्क ४ दृश्यमा समेटिएको छ । यसरी प्राय प्रत्येक अङ्कमा एक/एक दृश्य मात्रै राखेर दोस्रो अङ्कमा मात्र दुई दृश्य राखेको यस नाटकलाई छोटो रूपमा प्रस्तुत गरिएको भए पनि यसमा वृहत विषयवस्तु समेटिएको छ । चार वटा दृश्य फरक,फरक स्थानमा देखाइएको यस नाटकको पहिलो मञ्चीय दृश्य मानवीर नामक पात्रको गाउँको घर,आँगन र आँगन छेउमै गाईको गोठ, आँगनमा बाखा, कुखुरा आदि देखिन्छ । यो दृश्यलाई सामग्री जुटाउन केही गाह्रो पर्ने भए पनि डोको, कुखुराजस्ता वस्तुहरू मञ्चमा ल्याउन सकिनेछ । यही परिदृश्यमा भद्रमान, वृद्ध बुढा मानिस, मानवीर र अन्य गाउँले मानिसहरू देखिन्छ । यसको अतिरिक्त केही समयपछि यसै पहिलो दृश्यमा मुखय पात्र गंगा र दिवश पनि देखापर्छ । उनीहरूबिचको संवादपछि यो पहिलो दृश्यको अन्त्य हुन्छ । यसरी मञ्चीय दृश्यलाई देखाउन मिल्ने गरी यो नाटक लेखिएको छ, भन्न सकिन्छ ।

यसै गरी दोस्रो मञ्चीय स्थान दोस्रो अङ्कको पहिलो दृश्य मुख्य पात्र गंगाको घर आँगनलाई बनाइएको छ । आँगनमा बाटो, कुलो जस्ता विकासकार्य गर्दा आवश्यक सामग्रीहरू आँगनभरि राखिएका छन् । यो दृश्यलाई मञ्चमा प्रस्तुत गर्न सकिनेछ भने अर्कातिर गंगा, कमल, सन्तलाल, दिवशजस्त सकार पात्र र अन्य मानिसहरूको उपस्थितिमा एउटा बैठक बस्न पुगेको यो दृश्यलाई मञ्चमा सहजै देखाउन मिल्नेछ । दोस्रो मञ्चीय स्थान, दोस्रो अङ्कको दोस्रो दृश्यमा नकार पात्रहरूको समुहमा बसेको बैठकको देखाइएको छ । हस्तमानको घर जो पूर्व पञ्च हो, उनको घर आँगनमा पर्शे, भेण्टे, शुक्रे, हस्तमान, रुञ्चेजस्ता पात्रहरूको उपस्थितिमा बैठक चली  रहेको छ ।  यो दृश्यलाई सहजै देखाउन मिल्ने गरी यो नाटक लेखिएको छ । अर्को चौथो स्थान जहाँ कुलो खन्ने काम भई रहेको छ । त्यही स्थानमा पर्शेको

समुह र गंगाको समुहबिच ठूलो झगडा हुन्छ । यो झगडालाई पनि देखाउन मिल्ने गरी प्रस्तुत गरिएको छ । अन्त्यमा पर्शेको समुहलाई गाउँले मिलेर डोरीले बाँधेरबाँसमा झुण्डाएर बोकेको दृश्य मन छुने खालको छ । यी सारा दृश्यलाई मञ्चमा प्रस्तुत गर्न सकिनेछ । यसरी यो जनअदालत नाटक मञ्चीय दृष्टिले पनि उपयुक्त छ, भन्न सकिन्छ ।

### ४.५.३.५ भाषाशैली

यस नाटकको भाषशैली ठेट नेपाली रहेको छ । जहाँ हाम्रो देश नेपालका ग्रामीण इलाकातिर बाल्ने गरिन्छ । सबै पात्रहरूग्रामीण बस्तीतिरको रहेको हुँदा उनीहरूले बोल्ने भाषा पनि ठेट नेपाली रहेको छ । उदाहरणको लागि मानवीर भन्ने पात्रले बोलेको “काँग्रेसका मै हुँ भन्नेले पनि उनको (गंगा) को अगाडि कुनै टेक लाउन सक्दैन ।” जस्ता ठेट नेपाली भाषाको प्रयोग भएको छ । यस्तै गरी कतै बिम्ब त कतै उखान, टुक्काको प्रयोग गरेर भाषालाई सम्प्रेषणीय बनाएका छन् । जस्तो दिवश भन्ने पात्रले कम्युनिष्टको विरोधी भद्रमानलाई “कम्युनिष्टले धर्म मान्दैन, बुढाबुढीलाई मार्छन्,” भनेर विरोध गर्नुहुन्थ्यो । अब त कम्युनिष्टको सरकार आएको छ, के त्यसो गरे त ?” भनेर पुरानो कुरा सम्झाउँदा भद्रमानले माफीको भाषामा “नरिसाना हौ काइँला, तयो पर्शे भेण्टेहरूले भनेर पो मैले पनि भनेको, जसोजसो बाहुन बाजे उसो उसै स्वाहा, भनेजस्तो गरिदिन्थेँ, त्यै हो ।” (पृष्ठ–९४) जस्ता  ठेट ग्रामीण सरल भाषाको प्रयोग भएको छ । अरू पनि धेरै ठाउँमा जस्तो “कागले कान लग्यो भन्दा कान छाम्ने लाग्छन् गाउँलेहरू, उखानको प्रयोग भएका छन् भने “हातमा दही जमाएर बसिन्न, छाला कार घामा सुकाउनुपर्छ,”  जस्ता टुक्काहरूको प्रयोग पनि भएको पाइन्छ ।

अर्कातिर गंगाको भाषाशैली केही परिष्कृत र राजनीतिक पाइन्छ जसले नेपाली पढालेखा गरेका युवाहरूको प्रतिनिधित्व गरेको छ । जस्तो गंगाले-“यो गाउँको आधारभूत कुराहरू पुरा गरिदिएर विकासको लहरै ल्याउने पार्टीको योजना छ ।” भन्ने संवादमा परिष्कृत र राजनीतिक भाषा प्रयोग भएको छ । पन्ध्रसाले, साँडे गोरु, जस्ता

बिम्बहरूको प्रयोग पनि भएका छन् । त्यसै गरी क्या रे,आबुइ, जस्ता थेगो अनि मानवीरले बोलेको 'म नादान हुन चाहन्न काजी" गाउँका फटाहा पर्शेले बोलेको "तुरुक्क मुताई दिन्छु" जस्ता वाक्यहरू ग्रामीण अशिक्षित मानिसहरूको ठेट बोलीको प्रतिधिनधि भाषाशैली हुन् । यसरी मानिसको स्वभाव र शिक्षास्तरलाई ख्याल गरी भाषालाई सम्प्रेषणीय बनाउनु नाटककार क्षेत्रीको नाटकीय कौशल तथा दक्षता माननुपर्दछ ।

### ४.५.३.६ संवाद विधान

यस नाटकको संवाद विधान पनि ग्रामीण परिवेशमा बोलिने भाषामा गरिएको सरल संवादमा आधारित रहेको छ । कतै गाउँलेहरूबिचको सदभावपूर्ण संवाद छ भने कतै तनावपूर्ण स्थितिमा बोलिने संवाद पनि छ । जस्तो पहिलो दृश्यमा भद्रमानले "त्यो पर्शेले मलाई हामी त पुँजीवाद मान्छौं, कम्युनिष्ट त पुँजी नचाहिने जात भन्थे, पुँजी भनेको चाईं के नि ?" भनेर सोद्धा मानवीरले  बुझक्कड हुँदै "पुँजी भनेको रुपैयाँ, पैसा, त होला नि ।" भनेको संवाद सरल बुझाईमा आधारित सदभावपूर्ण रहेको छ ।

यसै गरी तनावपूर्ण स्थितिमा बोलिने संवाद पनि यस नाटकमा रहेको छ । कुलो खन्ने काम भई रहेको ठाउँमै गएर पर्शेको समुहले गंगामाथि हातपात गर्न थालेपछिको संवाद एकदमै तनावपूर्ण स्थितिको संवाद हो । जस्तो : पर्शेले गंगालाई हेर्दै "ए मूर्ख हो, यो कसको आदेशले कुलो खन्यौ हँ ?" भन्दा दिवशले "होइन हौ पर्शे दाइ, यो विकासको काम गर्नु पनि कसैलाई सोधिरहनु पर्छ र ?" भन्ने सवाल, जवाफ सामानय भए पनि तयही समयमा पर्शेले दिवशलाई "तँ बाठो हुन्छस् दिवशे ?" देखि गंगाले होइन, काम गरिरहेको मान्छे, तपाईले भनेको ठाउँमा किन आउनु ?" जस्ता संवादले तनाव र झगडाको स्थिति पैदा गरिदिएको छ । यसप्रकारको संवादले यस नाटकलाई पूरै नाटकलाई नै तनवामय बनाएको स्थिति रहेको पाइन्छ । साथै यस नाटकको अन्त्यसम्मै खरो, रुखो संवादबाट नाटक अन्त्य भएको पाइन्छ ।

### ४.५.३.७ शीर्षक

यस नाटकको शीर्षक जनअदालत सार्थक रहेको छ । हुनतः क्षेत्रीको स्वीकारोक्ति के छ भने उनले पहिले यस नाटकको शीर्षक 'नौलो दण्ड" राखेका थिए । तर यस नाटकको भाषाशैली, शुद्धाशुद्धी हेर्ने उनैका गुरूहरू सह प्रां डम्बर पहाडी र कुलप्रसाद निरौलाले जनअदालत राखे राम्रो भनेकोले यही शीर्षक राखेको भन्ने छ । यसर्थ यो नाटकको शीर्षक धेरै सोचविचार गरेर राखेको देखिन्छ ।

जनअदालत अर्थात जनताको अदालत, यो नाटकको शीर्षक उपयुक्त रहेको छ । २०४६ अघिका सत्ता, सरकारको प्रशासनबाट फटाहाहरूलाई कारबाही गर्ने अधिकार राख्थ्यो तर पञ्चे सरकारको पुलिस प्रशासन जसको सत्ता, शक्ति र पहुँच छ उसैको मात्र सेवा गर्ने गर्थ्यो । यो परिपाटीलाई बहुदलीय व्यवस्थाले पनि निरन्तरता दिएको महसुस गरी क्षेत्रीले अब जनताले नै जाली, फटाहाहरूलाई कारबाही नगरी हुँदैन, भन्ने आशयले यो नाटक लेखेका हुन् । त्यसो भएकोले नै उनले विकास निर्माण कार्य भइ रहेको ठाउँमा निहुँ खोज्न आउने पर्शे, भेण्टे, शुक्रे जस्ता जाली, फटाहाहरूलाई गाउँले जनताले कुटपिट गरी हरियो बाँसमा बाँधेर सुँगुरको पाठोलाई जस्तो डल्लो पारेर पुलिस चौकीतिर लाने योजनासहितको कारबाही मुलतः नेपालको तात्कालीन अवस्थाको जनताको अदालतले गरेको पहिलो फैसलासरह हो । तसर्थ यो नाटकको शीर्षक सार्थक रहेको छ, भन्ने सकिन्छ ।

### ४.५.३.८ उद्देश्य वा सन्देश

यस नाटकको सन्देश अथवा उद्देश्य जनतालाई विकास निर्माण कार्यतिर डोऱ्याउनु रहेको छ भने आफ्नो देशको विकास अरू कसैले होइन हामी आफैले गर्न सक्नुपर्छ, भन्ने सन्देश दिनु रहेको छ । अर्को उद्देश्य भनेको पहिले,पहिले जनतामा कम्युनिष्टप्रति घृणाभाव उत्पन्न गराउनको लागि "कम्युनिष्टले धर्म मान्दैन, छोरा-छोरीबिचमै बिहे गराउँछ, मान्छे बुढाबुढी भएपछि मारिदिन्छ, भनेर भ्रम सिर्जना गरेर पुरै कम्युनिष्ट विरोधी बनाएको परिस्थिति थियो । तर नेपालमा २०४६ सालको जनआन्दोलनपछि खुल्ला राजनीतिक वातावरण त बन्यो, तर गाउँघरमा अझै त्यही

भावनाले कम्युनिष्ट विरोधी गतिविधि हुने गरेको थियो । यसर्थ यसलाई चिर्नु जरुरी थियो । यही उद्देश्यका साथ लेखिएको यो नाटकमा वार्ता, संवाद र सुझावको माध्यमबाट यो कम्युनिष्ट विरोधी भावनालाई चिर्दै कम्युनिष्टहरूप्रति सकारात्मक भावको प्रवाह गरी जनचेतना अभिवृद्धि गर्ने काम भएको छ ।

यस नाटकको माध्यमबाट गाउँघरतिर कम्युनिष्टप्रति सहानुभूति मात्रै नभएर आस्था र आदर्श पार्टीको रूपमा उभ्याउने काम भएको छ । केही स्थानमा प्रदर्शनसमेत भएको यो नाटक पढ्ने जो कोहीलाई सच्चा कम्युनिष्ट बन्ने रहर जगाइ दिनेछ । गंगाको काम, व्यवहार, बोली वचन र रहनसहनले सबैलाई आकर्षण गर्दछ । यसरी समग्रमा भन्नुपर्दा यो नाटकले कम्युनिष्टहरू साँच्चै सरल, इमानदार, देशभक्त, विकासप्रेमी र मिहिनेती हुन्छन् भन्ने सन्देश दिँदै हाम्रो देशका कम्युनिष्टहरूलाई पनि यो नाटकका पात्र गंगाजस्तै बन्न अभिप्रेरित गरेको छ ।

### ४.५.४. निष्कर्ष

यो जनअदालत नाटकको परिवेश नेपालको पहाडी क्षेत्रमा रहेको छ भने फागुन/चैत्रको महिनामा विकास (कुलो बनाउने) निर्माणको काममा ज्यान फालेर लाग्ने एकजना कम्युनिष्ट कार्यकर्ता गंगाको भूमिका मुख्य रहेको छ । यसको विपरीत गाउँमा सज्जनहरू मात्रै हुँदैन, राज्यको पहुँचमा रहेर जनतालाई दुःख दिने दुष्ट मान्छे पनि हुन्छ भन्ने देखाउन पर्शेजस्ता पात्र खडा गरी उसको बेइमान चरित्रलाई देखाउन विकासप्रेमी गंगाको खेदो खन्ने काममा संलग्न गराइएको छ । यस नाटकमा "कम्युनिष्टले धर्म, जात, बुढाबुढी केही भन्दैन, सबै नाश गरिदिन्छ" भन्ने प्रतिगामी तत्वहरूको प्रतिगामी विचारको भण्डाफोर गर्दै कम्युष्टिहरू भनेको साच्चै जनताको पार्टी, संगठन र मानिसहरू हुन्, भन्ने देखाउन गंगाको माध्यमबाट असल काम गरेर देखाइएको छ ।

यस नाटकमा असल काम गरेमा गाउँलेले पनि सहयोग गर्छ भन्ने कुराको पुष्टि पनि भएको छ । पहिले कम्युनिष्टलाई घृणा गर्ने भद्रमानजस्ता पात्र पनि वृद्ध मानिसहरूलाई कम्युनिष्टहरूले माया दिन सकेको, कम्युनिष्ट पार्टी सरकारमा पुगेपछि

वृद्धभत्ता बाँडेको देखेर आफू पनि "अब म पनि कम्युष्टि नै बन्ने" भनेर घोषणा गर्नुले राम्रो काम गरेर जनतालाई देखाएमा, कम्युनिष्टको सिद्धान्त अनुसार काम गरेमा सबै जनता कम्युनिष्टको पछि लाग्छन्, भन्ने सन्देश दिने काम पनि भएको छ । यसै गरी यस नाटकमा गंगा, दिवश,मानवीर,सन्तमानजस्ता सकार पात्रहरू खडा गरेर गाउँको विकास आफैले गर्ने हो, भन्ने सन्देश दिएको छ भने पर्शे, डम्बरे, भेण्टे, रुञ्चेजस्ता नकार पात्रहरू खडा गरेर समाजमा यिनै जस्ता बेइमान, दुष्ट र बद्‌मासहरूले देशको विकासमा बाधा पुग्दैछ है, भन्ने कुराको बोध गराउने काम पनि भएको छ ।

अन्त्यमा यस नाटकले एकातिर कम्युनिष्ट सिद्धान्तमा आधारित भए समाज विकासको लहर आउने तर अन्य वाद जनताको पक्षमा कुनै काम नगर्ने कुराप्रति जनताको चासो बढाउने काम भएको छ भने अर्कोतिर वर्तमान देशको परिवर्तित ( २०४६ पछि) अवस्थामा पनि जनताको भलो गर्नेप्रति कुदृष्टि राख्नेहरूको कम छैन । तर यो बदमास, फटाहा र जालीहरूलाई राज्यले कारबाही गर्न सकेको छैन र गर्दैन पनि भन्ने निचोडका साथ जनता आफैले जाली, फटाहा र बदमासहरूलाई कारबाही थाल्नुको बिकल्प छैन भन्ने कुराको सङ्केत यस नाटकमा गरिएको छ । संयोग भनौँ वा के ?यो नाटक लेखिएको ३ वर्षपछि जनयुद्धको थालनी भयो र यस नाटकमा जस्तै नेपाली समाजका सयौँ जाली, फटाहा र बदमासहरूलाई जनकारबाही गरेर तह लगाउने काम भयो । यसर्थ समग्रमा यो नाटकले जनतालाई आफ्नो अधिकारप्रति चेतता जगाउने र समाजमा जाल,झेल र फटाहाहरूलाई तह लगाउने राज्य व्यवस्थाको आवश्यकता रहेको सन्देश दिनु मुख्य उद्देश्य रहेको छ, भन्न सकिन्छ ।

## ४.६. भीम क्षेत्रीको कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूको अध्ययन

### ४.६.१.विषय प्रवेश

साहित्यकार भीम क्षेत्रीको कक्षा ७ पढ्दादेखि नै कविता भाव प्रकट भएको थियो ।

उनले कर्फोक मा.वि.मा ७ कक्षामा पढ्दा नै कविता लेख्ने गरेको उनको भनाइ छ । तर पढाइको क्रम टुटेपछि उनको भावना मरेर गएको देखिन्छ ।

२०३० मा विद्यालय छाडेका क्षेत्रीले २०३६ सालसम्म सामान्य गीत लेख्नु र गाउनुबाहेक केही पनि गरेको देखिन्न । जब २०३६ सालको 'बहुदल कि निर्दल' भन्ने चुनावको रनक आयो, त्यस बेलादेखि भने क्षेत्रीले गीत लेख्न र गाएर हिँड्नमा व्यस्त भएको देखिन्छ । यसै क्रममा राजनीतिक कार्यकर्तासँगको चिनजान र संलग्न, २०४६ सालको आन्दोलन र चुनावी माहोल, आदिले विस्तारै कविता लेखनतिर आकर्षित गर्न थाल्यो तथापि उनले कविताभन्दा पनि गीत र नाट्य लेखनलाई नै प्राथमिकता दिएको देखिन्छ । यसरी उनले क्रमैसँग साहित्यका अनेक विधामा कलम चलाउँदै आउने क्रममा २०५२ देखि सुरू भएको जनयुद्धलाई समर्थन गर्दै फाट्टफुट्ट केही कविता लेखे पनि गीतबाहेक अन्य विधा प्रकाशन गरेका थिएनन् । तर २०६१ सालपछि भने क्षेत्रीले कविता पनि विभिन्न पत्रपत्रिकामा प्रकाशन गर्न थालेका थिए । यसरी विभिन्न पत्रपत्रिकामा प्रकाशन गरिसकेका र नगरिएका कविताहरूलाई २०६७ सालमा सङग्रह गरी उनले पुस्तकाकार कृतिको रूपमा प्रकाशन गरेका छन् । यही सङगृहीत पुस्तक 'मझेरीमा झरेको बिहानी' शीर्षकको कविताबाटै नामाकरण गरिएको यो कृतिबाहेक अन्य कवितासङ्ग्रह प्रकाशन गरेका छैनन् । उनले त्यसपछि पनि सयौँ कविताहरू लेख्दै र विभिन्न पत्रपत्रिकामा प्रकाशन गर्दै आएका छन् तापनि पुस्तकाकार कृतिको रूपमा भने निकाल्ने काम गरेका छैनन् । यहाँ त्यही 'मझेरीमा झरेको बिाहनी' नामको कवितासङ्ग्रह र त्यसमा समाहित केही प्रतिनिधि कविताहरूको अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ४.६.२. मझेरीमा झरेको बिहानी कवितासङ्ग्रहको अध्ययन

**मझेरीमा झरेको बिहानी** कवितासङ्ग्रह २०६७ सालमा प्रकाशन गरेका क्षेत्रीले यस कवितासङग्रहमा मुलतः प्रगतिवादी भावधारा तथा मार्क्सवादी साहित्यिक सिद्धान्तमा आधारित कविताहरू मात्र समावेश गरेका छन् । यस कवितासङग्रहमा जम्मा ३० वटा गद्य कविताहरू रहेका छन् । उनी कविता गद्यमा लेख्छन् भने गीतहरू

पद्यमा लेख्छन् । यहाँ समावेश भएका सबै कविता गद्यमय रहेका छन् । यी सबै कविताहरू प्रगतिवादी साहित्यिक सिद्धान्तमा आधारित छ । प्रा.धरणी गौतमको भनाइ अनुसार "सबै कविताहरू राजनैतिक चेतभित्रका विचारका अभिव्यक्तिका रूपमा देखिएका छन् । कतै आशा, कतै निराशा त कतै उत्साहका स्वरहरू प्रगतिवादी, क्रान्तिकारी भावनाहरू व्यक्त भएका छन् ।" (ने.भू. साप्ताहिक-२०७२) यस कवितासङ्ग्रहमा दिन खोस्ने विरुद्ध, के दिन सक्छु र, साथी, शान्तिको दीप जल्दैन, सुनको बिहानी, महल र झुप्राको युद्ध, बलेको बाको सपना, अर्घेला चाहहरू, कहाँ थाक्छन् यात्रीहरू, एकादेशको कथा, मेरो वायुपङ्खी घोडा, पत्थर नपगाल्नू, नाङ्गै नाच्नु मनासिव छैन, सफा गर्दै गर, सभासदलाई चिठी, अजिङ्गर र नेपाली बोन्साइहरू, भीरमा फलेको चिण्डो, मणि गुमेका मतुलाहीहरू, कठपुतलीको दृश्य, सौखिनहरूको क्लब, निकास, अधीर पर्खाइ, शिवजीलाई चिठी, मझेरीमा झरेको बिहानी, वर्तमान दुखिरहेछ, छत्रे टापीको ओत, पर्ख, त्यो भुँवरीलाई, धमिलो पानीमा भ्यागुताको राज, नयाँ बाटाहरू, र बुढा गिद्धहरू जस्ता ३० वटा कविता सङ्गृहीत छन् । यी सबै कवितामा राजनीति र सामाजिक विषयवस्तु समावेश भएका छन् ।

यो शोधकर्ताले यी सबै कविताहरू अध्ययन नगरी क्षेत्रीको समग्र जीवन, उनको व्यक्तित्व र उनका सबै कृतिको खोज अनुसन्धान गर्ने जिममा लिएकोले यी सबै कविताको अध्ययन सम्भव छैन । त्यसैले यीमाथिका कविताहरूमध्ये**दिन खोस्ने विरुद्ध, शान्तिको द्वीप जल्दैन, महल र झुप्राको युद्ध, कहाँ थाक्छन् यात्रीहरू,सभासदलाई चिठी, सौखिनहरूको क्लब, मझेरीमा झरेको बिहानी,वर्तमान दुखिरहेछ,, पर्ख त्यो भुँवरीलाई, धमिलो पानीमा भ्यागुताको राज,**आदि १० वटा कविताहरूको मात्र अध्ययन गर्ने प्रयास गरिएको छ ।

ती कविताहरूको अध्ययन गर्दा विषयवस्तुलाई बढी प्राथमिकता दिँदै प्रगतिवादी विचार र सिद्धान्तलाई नै आधार मानिनेछ साथै ती कविताहरूमा निहित बिम्ब, प्रतीक र अलङ्कारहरूको खोजी गर्ने प्रयास पनि गरिनेछ । प्राय: लामा,लामा कविता लेख्न रुचाउने कवि क्षेत्रीका प्राय: सबै कविताहरू लामो आकारका छन् । यस कवितासङ्ग्रहमा भएका कविताहरूलाई मात्रै हेर्ने हो भने उनको विशेषता भनेकै लामो

कविता लेख्नु हो । तर यसबाहेकका कविताहरू छोटा पनि छन् । उनको समग्र कवि विशेषताको मूल्याङ्कन यो कवितासङग्रहलाई मात्र हेरेर मात्र पुग्दैन । ती कविताहरूको अध्ययन यसप्रकार छ–

४.६.२.१ दिन खोस्ने विरुद्ध

यो **दिन खोस्ने विरुद्ध**कविता **मझेरीमा झरेको बिहानी** कवितासङ्ग्रहको पहिलो कविता हो । यस कविताले एउटै देशको नागरिक भएर पनि अनागरिकजस्तो भएर बस्नु पर्ने गरिब, दीनदुःखीहरूको आवाज बोलेको छ । यहाँ गरिब जनता त्यसै भएको होइन, रातको जीवन बिताउन बाध्य पार्ने सामन्ती सत्ता र पुँजीवादी अर्थव्यवस्था र विचार हो भनेर सङ्केत गरिएको छ । प्रा.धरणी गौतमका अनुसार यो 'दिन खोस्ने विरुद्ध' शीर्षकको कवितामा प्रतीकको माध्यमबाट गरिब र निमुखा जनताको भाग खोसेर अमन,चैन अनि मोज गर्नेहरूविरुद्ध जनताले अझै सङ्घर्ष गर्न बाँकी छ र गर्नेछन् भन्ने सन्देश छ ।" (ने.भू.२०७२) रातदिन खटेर काम गर्नेहरू भोकै बस्नु पर्ने तर काम नगरी आराम लिनेहरू किन धनीमानी भए ? भन्ने प्रश्नको उत्तर खोज्दै उनले जनताका दिनहरू तिनै सामन्ती सत्ता र पूँजीवालहरूले खोसिदिएपछि दुःखी हुनु परेको तितो यथार्थ यसमा पोखेका छन् । यस अर्थमा उनी लेख्छन्–

"आफ्नै मात्र थालीमा दिन पस्केर
अँध्यारा रातका भाग बाँड्नेहरू हो !
तिम्रा काला चाला र कर्तुतहरू
चैते घामजस्तै छर्लङ्ग भइसके
रातहरू बोकेर बाँच्ने स्पार्टाकसहरू
चेतनाको दीप बोकेर हिँड्न थालिसके । (पृ.१५)

यसरी जनता ठगेर आफू मोटाउने अनि जनतालाई भोकै बाँच्न विवश बनाउनेहरूप्रति घृणा प्रकट गर्दै क्षेत्रीले अब जनतामा चेतनाको लहर आइसक्यो, त्यसैले अब पनि त्यस्तै हर्कत गर्ने हो भने मसाल बालेर विरोध गर्न सक्नेछन्, भनेर चेतावनी दिएका छन् ।

त्यसै गरी उनले अर्को ठाउँमा भनेका छन् कि जनतालाई जीवनभर दुःख, पीडा हण्डर र बाध्यताको सिकार बनाएर मोज गर्नेहरूलाई पसिनाको मुल्य मागेका छन् । उनले आफूजस्तै जनतालाई दासता स्वीकार्न बाध्य बनाएकोमा रोष प्रकट गर्दै अब यो दुनियाँ पहिलेजस्तो छैन, बाठो भइसकेका छन्, त्यसैले होसियार बस, भन्दै चेतावनी दिएका छन् । उनी लेख्छन्–“जीवनभर रात भोग्नेहरू

दासताको जन्जीर चुडाल्नकै लागि
पसिनाको चुस्की तान्ने आंठहरूलाई
तेजावको पुल्ठो झोस्ने कबोल गरिसक्यौँ
हामीले हाम्रो दिन फिर्ता गर्न,
भीष्म प्रतिज्ञा गरिसक्यौँ । (पृ–१७)

यसरी यस कवितामा गरिब, दुःखी, उत्पीडितहरू एकजुट भएर अगाडि बढ्ने दिन आएको सन्देश दिँदै सामन्ती हैकम चलाएर मोज गर्नेहरू विरुद्ध आगो ओकल्ने काम क्षेत्रीले गरेका छन् । समग्रमा यो कविता क्रान्तिकारी चेतले ओतप्रोत भएर लेखिएको हो, भन्न सकिन्छ ।त्यसै गरी यस कवितामा दिन खोस्ने, रात भोग्ने, ज्वालामुखी भएर आउने, जस्ता प्रतीकात्मक वाक्यांशहरूको प्रयोग भएका छन् भने अजिङ्गर, बोन्साई, अगस्ती, जस्ता बिम्बको प्रयोगले कवितामा आलङ्कारिक सुन्दरता थपिएको छ ।

### ४.६.२.२. शान्तिको दीप जल्दैन

कवि क्षेत्रीले यो **शान्तिको दीप जल्दैन**कविता २०६३ सालको जनआन्दोलनको केही समयपछि लेखेका हुन् । उनले यस कवितामार्फत यदि देशमा शान्ति अमन,चैन कायम राख्ने हो भने सार्थक वार्ताबाट समस्या समाधान गर्नुपर्ने सल्लाह दिएका छन् । यदि सत्ताधारीहरूले दमन गर्ने, पेल्ने र जनताको आन्दोलनलाई नटेर्ने हो भने शान्ति स्थापना हुन सक्दैन बरु देशमा ठुलो दुर्घटना हुनेछ, भन्ने सुझाव दिएका छन् । त्यसै गरी यही कवितामार्फत क्षेत्रीले विश्वमा शान्तिको कामना गर्दै परेवा उडाउने र कोटी होम लगाउने कार्यले मात्रै शान्ति नआउने बरु जनताको खोसिएको अधिकार दिएर,

जनताको गाँस, बास र कपासको व्यवस्था गरेर जनतालाई सुखी र खुसी राख्न सके मात्रै सार्थक शान्तिको दिन आउनेछ,भन्ने सन्देश यस कवितामार्फत दिएका छन् । जनतामाथि गरिएको शोषण र दमनबाट युद्ध, क्रान्ति र सङ्घर्षको बिजारोपन हुन्छ भन्दै क्षेत्रीले अन्याय सहन नसकेर संसारमा लाखौं मानिसले आफ्नो अमूल्य जीवनको बलिदान दिएको स्मरण गराउँदै उनी लेख्छन्–"संसार बदल्ने महान यात्रामा

बगाए अमूल्य रगतहरू
सहजले तातो रगत पिएर
छातीमा सुन्दर सपना बुन्दथे,
ती महान सपना बोकेर
जहाँ कुरुप यथार्थ भोग्दथे । (पृ–२७)

आफ्नै तातो रगत पिउँदै वीरहरू अन्यायको विरुद्ध लड्न तयार हुन्छन् । जहाँ अन्याय, अत्याचार बढ्छ त्यहाँ वीरहरू संसार बदल्ने अठोटका साथ अगाडि बढ्छन् भन्दै मुक्तिको सपना सजाएर अगाडि बढ्ने वीरहरू अझै पनि यस धर्तीमा छन् । त्यसैले यो शोषण, दमन, अन्याय विरुद्ध लड्ने वीरहरूको मुक्तिको सपना साकार नहुञ्जेलसम्म परेवा उडाएर शान्ति हुन्न, भन्ने सन्देश दिएका छन् ।त्यसै गरी क्षेत्रीले यसै कवितामा कम्युनिष्ट सिद्धान्त बोक्नेबाहेकका राजनीतिक शक्तिहरूले शान्तिको कुरा चाहिँ गर्ने तर जनताका हक, अधिकार स्थापित गर्ने कुरामा चाहिँ विरोध गर्ने, प्रवृतिप्रति तीव्र आक्रोस पोख्दै लेख्छन्–

"निरर्थक शान्तिका बाजाहरू
पल्लो कित्तामा बजिरहेछन् ।
उस्तै छ दौलते राजाहरू
सिँहदरबारमा गर्जिरहेछन्
गरीबीका लाभाहरू
उस्तै गरी उम्लिरहेका छन्
बलजफ्ती शान्ति कजाएर
कहाँ आउन सक्छ र ?(पृ–२९)

यसरी जबरजस्ती शान्ति, शान्ति भनेर मात्रै देशमा शान्ति आउन नसक्नेप्रति सङ्केत गर्दै सिँहदरबारमा बस्नेहरू जनताको समस्यालाई समाधान गर्नेपट्टि लाग्नुभन्दा आपसमा निरर्थक शान्तिको कुरा गर्दै अल्मलिरहेको तितो सत्यप्रति सङ्केत गर्दै प्रतिक्रान्तिको खतरा हुन सक्ने कुराप्रति जनतालाई सचेत गराएका छन् । जनयुद्धमा उठेका मुद्धाहरू सम्बोधन गरिनपर्छ नत्र सार्थक शान्ति हुन सक्दैन । यदि ती जनताका जायज मागहरू सम्बोधन हुन सकेन भने देशमा फेरि पनि जनयुद्ध हुन सक्नेप्रति सङ्केत गरेका छन् ।

यस कवितामा बिम्ब र प्रतीकको प्रयोग पनि भएको छ भने कतै, कतै बाजाहरू-राजाहरू, उन्नेछन्-सुन्नेछन्, तोड्ने-मोड्ने, चुलो बल्दैन-दीप जल्दैन, जस्ता अन्त्यानुप्रास मिलाएर अर्न्तलय, अन्तर्ध्वनि र अन्तर्सङगीत सिर्जना गर्ने काम पनि भएको छ । यहाँ प्रतिक्रियावाद काला किर्ना, भोजका भान्से, पल्लो कित्ताजस्ता बिम्ब प्रयोग गरिएका छन् भने युगका नायक, तरुणहरूजस्ता बिम्ब प्रयोगबाट परिवर्तनकारी नेताहरूलाई सम्बोधन गरिएका छन् । यसरी क्षेत्रीले यस कवितामा बिम्ब, प्रतीक र अलङ्कारको सहयोगले नेपालको तात्कालीन राजनीतिक परिवेशको चित्रण गर्दै प्रतिक्रान्ति हुन सक्ने खतराप्रति सबैलाई सचेत गराएका छन् । यसको साथै जनआन्दोलनपछि दीपावली गरेर बिजयोत्सव मनाउनेहरूप्रति सङ्केत गर्दै जनताको समस्या समाधान गर्ने संविधान नबनाई शान्तिको दीप बाल्नु वा दीपावली गर्नु निरर्थक हुन्छ, भन्ने कुरालाई यस कवितामार्फत व्यक्त गरेका छन् ।

### ४.६.२.३ महल र झुप्राको युद्ध

यो **महल र झुप्राको युद्ध** कविता कवि क्षेत्रीले सदबहार उत्पीडन भोग्ने जनताको पक्षमा लेखेका छन् । मुलुकमा किन लडाई, झगडा, क्रान्ति र युद्ध हुन्छ ? भन्ने प्रश्नको उत्तर आउने गरी लेखिएको यो कवितामा देशमा एकातिर महलमा बसेर राज गर्ने तर जनता भने युगौंदेखि झुप्रामा बसेर आफ्नो मृत्युको दिन कुरी रहने यथार्थको उद्घाटन गर्दै उनले समानता, भातृत्व र मानवताको सवाल जबसम्म हल हुँदैन तबसम्म यो क्रम जारी रहनेछ भन्ने सन्देश दिएका छन् । महलमा बसेर राज

गर्नेहरूले नै युद्ध निम्त्याउने गरेका छन् भन्दै यस कवितामा व्यङ्ग्यात्मक आक्रोस व्यक्त गरेका छन् । वर्गीय समाजमा वर्गहितको लागि स्वभाविक रूपले द्वन्द्व चलिरहन्छ । यो क्रम मानव समाज स्थापनादेखि नै चल्दै आएको हो, भन्दै तर महलका मालिकहरू अथवा शोषक वर्गले जतिसुकै दबाउने हर्कत गरे पनि झुप्रामा बस्नेहरू कहिल्यै पनि थाक्दैनन् । नयाँ, नयाँ झुप्रे वीरहरू जन्मी रहन्छन्, भन्ने सन्देश यस कवितामा दिएका छन् ।

उनले महललाई शोषक वर्ग र झुप्रालाई शोषित वर्गको बिम्ब राखेर **महल र झुप्राको युद्ध**, विषयमा विस्तारमा सन्देश प्रवाह गरेका छन् । क्षेत्रीले शोषित वर्ग एकपछि अर्को गर्दै अगाडि बढी रहेका हुन्छन्, थाक्दैनन् भन्दै उनी लेख्छन्–

"कहाँ थाक्छन् र झुप्राहरू !
कि महल ढल्नुपर्छ,
कि झुप्रा गल्नुपर्छ,
कि महल जल्नुपर्छ,
कि झुप्रा महल बन्नुपर्छ,
तब थकाई मार्छन् झुप्राहरू । (पृ–३४)

यसरी झुप्रारूपी शोषित वर्गको उत्थान भई सबैको महल बनेपछि मात्रै विश्वमा शान्ति स्थापना हुने गर्छ । कि त शोषकहरू ढल्नुपर्छ कि त शोषित वर्ग गल्नुपर्छ, नत्र यो लडाई, झगडा, क्रान्ति, सङ्घर्ष, द्वन्द्व र युद्ध संसारमा भई रहन्छ, भन्ने यथार्थता यस कवितामा व्यक्त गरेका छन् ।यसै गरी समानताको लागि भएको लडाईं कहिल्यै हार्दैन, जबसम्म वस्तु उत्पादनबाट प्राप्त मूल्य बराबरी भागमा पर्दैन, तबसम्म लडाई भई रहन्छ तर हारेर शोषितहरू कहिल्यै भाग्दैनन् । यसरी नै कोही नायकहरू ढले पनि, गले पनि अर्को क्रान्तिनायकहरू जन्मन्छन् । यसरी एकपछि अर्को क्रान्ति र युद्धपुनः जन्मन पुग्छ । अर्को वीर र ऊ निरन्तर क्रान्तिको लागि तयार भई रहन्छन्, भन्ने सन्देश दिँदै उनी लेख्छन्–

"जुन दिन अतिरिक्त मूल्यका भागहरू
तिनका दलिनमा आउनेछन्

नयाँ जीवन लिएर झुप्राहरू
आफ्नै परिवेशमा रम्नेछन्,
नत्र कहिले शीत भएर, कहिले अग्नी भए
समरबीज बोकी रहन्छन् निरन्तर
नयाँ, नयाँ स्वरूप लिएर
हजारौँ बार लडी रहन्छन् झुप्राहरू । (पृ–३५)

यसरी क्षेत्रीले समरबीज अर्थात युद्धविचार, मुक्तिविचारलाई कसैले पनि थुनेर थुनिन्न । यसलाई रोक्ने र थुन्ने भनेको समानता नै हो । अतिरिक्त मूल्यको भाग समान रूपमा वितरण गर्ने प्रणालीको विकास नगरेसम्म यो वर्गद्वन्द्व रही रहन्छ भन्ने सन्देश यस कवितामार्फत दिएका छन् । जे होस् यस कवितामा समानताको लडाई अपरिहार्य र निरन्तर चली रहन्छ, भनेर शोषक वर्ग र शोषित वर्गलाई सचेत गराउने काम भएको छ ।

यस कवितामा महल, (शोषक वर्ग) झुप्रा, (शोषित वर्ग) आँधीहुरी, (क्रान्ति, युद्ध) शीत, (आन्दोलन) अग्नी, (सशस्त्र युद्ध) जस्ताबिम्ब र प्रतीकहरूको भरमर प्रयोग भएका छन् । यसै गरी लडी रहेका छन्-ठडी रहेका छन्, हलसारोमा छन्–हतारोमा छन्, ढल्नुपर्छ–गल्नुपर्छ, बोकेर-खोसेर, जस्ता अनुप्रासले गर्दा अर्न्तलय,अन्तर्ध्वनि र अन्तर्सङगीत सिर्जना गर्ने काम पनि भएको छ । यसकारण यो **महल र झुप्राको युद्ध** शीर्षकको कविताको सार पक्ष अर्थात सन्देश, विचार पक्ष र कला अथवा रूप पक्षको सुन्दर संयोजन भएकोले यो कविता निकै उत्कृष्ठ र  सशक्त रहेको छ, भन्न सकिन्छ ।

### ४.६.२.४ **कहाँ थाक्छन् यात्रीहरू**

यस **कहाँ थाक्छन् यात्रीहरू**कवितामा कवि भीम क्षेत्रीले मार्क्सवादीहरू विचार बोकेर मुक्तिको मार्गमा हिँड्ने महान मानिसहरूलाई 'यात्री' को संज्ञा दिएका छन् । मार्क्सवादीहरू सङ्घर्षका नयाँ, नयाँ तरिकाहरू अपनाउँदै मुक्तिको मार्गमा हिँडी रहन्छन्, भन्ने सन्देश दिएका छन् । कहिले शान्तिको संवाद मार्गबाट मुक्ति खोज्छन् त कहिले युद्धको मार्ग पहिल्याउँछन् । चुस्ने, लुट्ने शासनको अन्त्यको लागि सधैँ सङ्घर्ष

गरी रहन्छन्, भन्ने भाव यस कवितामा व्यक्त भएको छ । मार्क्सवादी विचार एउटा परिवर्तनकारी विचार हो, जसको ज्ञानबाट कहिल्यै कोही विचलित हुनुपर्दैन, साथै जीवन, मृत्युको प्रवाह नगरी लड्नेहरूले नै आफ्नो वर्गको मुक्ति गरेका छन् भन्ने कुरा यस कवितामार्फत व्यक्त भएको छ । वास्तवमा मार्क्सवादी शिक्षा यस्तो शिक्षा हो, जसले मुक्ति मार्गमा नथाकिकन लागी रहनेको लागि अभिप्रेरित गर्दछ ।

यसरी यो कविताको भाव गाम्भीर्यलाई हेर्दा वर्ग सङ्घर्षमा होमिएका मानिसहरू कहिल्यै नथाकिकन 'कि मुक्ति कि मृत्यु' रोजेर हिँडी रहन्छन्, उनीहरू जस्तोसुकै कठिन घडीमा पनि बिचलित हुँदैनन् । मार्क्सवादले मानिसहरूलाई निर्भीकता, साहस र वीरताको पाठ सिकाएको हुन्छ, जुन पाठले थाक्न सिकाउँदैन बरु मृत्यु रोज्न सिकाउँछ, भन्ने सन्देश यस कविताको मुख्य भाव हो । मुक्तिकामी यात्रीहरू आफूले रोजेका आस्था र विचारलाई शीरमा राखेर निडरसाथ लडी रहन्छन् । कहिले वार्तामा बसेर त कहिले युद्धको मोर्चामा डटेर उनीहरू मुक्तिको मार्गमा हिडी रहन्छन् भन्ने भाव यसरी प्रकट गर्छन्–

"आस्थाका पहाड उक्ली रहेका
निर्भीक यात्रीहरू,
थाक्दैनन् गन्तव्यका निशासा नछोई
हजारौं वर्षदेखि निर्लज्ज चुसाईका
खुन्याहा डोबहरूविरुद्ध ।
कहिले शाकाहारी भएर, कहिले मंशाहारी भएर,
अबिचल यात्रीको रूपमा
कोलम्बसको नौकाझैं निरन्तर
लक्ष्यतर्फ बढी रहन्छन् ।        (पृ–४१)

यसरी वर्ग सङघर्षमा होमिनेहरू, जनयुद्धमा होमिनेहरू निर्भीकताका साथ लाग्ने गरेको इतिहासलाई आधार मानेर यो कविता लेखिएको छ । चाहे त्यो रुसमा होस्,वा चीनमा वा भियत्नाममा, क्युवामा होस् ती वर्गयुद्धको लडाई भयानक थियो, जहाँका योद्धाहरू (यात्रीहरू) जीवन, मरणको लडाईमा सामेल भएका थिए । उनीहरूले ती

देशहरूमा आफ्नो अमूल्य जीवन बलिदान दिएर नै मुक्ति पाएका थिए । वास्तवमा वर्ग शोषकहरूको विरुद्ध त्यसरी नलडिकन मुक्ति प्राप्त गर्न पनि सकिन्न, भन्ने सन्देश यस कवितामा व्यक्त भएको छ ।

यो वर्ग सङ्घर्ष निरन्तर चली रहन्छ, जबसम्म वर्ग रहन्छ, तबसम्म निरन्तर थकाई नमारिकन चली रहन्छ,। जतिसुकै शोषक वर्गले दबाउने प्रयत्न गरे पनि हार्दैनन्, जतिसुकै आन्दोलन र सङ्घर्षमा प्रतिबन्ध लगाए पनि आफ्नो मुक्तिमार्गमा हिँड्न छोड्दैनन् र वर्ग सङ्घर्ष रोक्दैनन् भन्ने भाव यसरी व्यक्त भएको छ –

"हिँड्न बन्देज लाउँछन् उनीहरू
तर उकालो हिँडी रहन्छन् यात्रीहरू
चढ्न रोक लाउँछन् उनीहरू
तर पहाड चडी रहन्छन् यात्रीहरू
कहाँ थाक्छन् र यात्रीहरू । -(पृ–४३)

वास्तवमा वर्गसङ्घर्ष गर्नु, वर्गयुद्ध गर्नु एउटा कठिन बाटो हो, यसैलाई यहाँ 'उकालो, पहाड' जस्ता बिम्बले सम्बोधन गरिएको छ । शोषक वर्गले यसो गर्न बनेको संगठन, पार्टीहरूलाई रोक लाउने गर्छ, गतिविधिमा प्रतिबन्ध लगाउने गर्छ, तर पनि वर्ग सङ्घर्षको लागि तयार हुने संगठन वा पार्टीका वीर यात्रीहरूलाई यस्ता रोकर प्रतिबन्धले छुँदैन, बरु यात्रीहरू जेल, नेल भोग्न र मृत्युलाई हाँसी, हाँसी बरण गर्न सक्छन्, भन्ने भावार्थ यस कवितामा व्यक्त भएको पाइन्छ ।

यसर्थ समग्रमा यो कवितामा व्यक्त भएको विचार मार्क्सवादी जीवन दर्शनमा आधारित छ । शोसकीय राज्य व्यवस्थाको विरुद्ध लड्न सिकाउने मार्क्सवादी दर्शनको आधारमा हुने गरेका वर्ग सङ्घर्षको नियम नै निरन्तर क्रान्ति हो, जुन मुक्तिको शिखर नटेकीसम्म रोकिन्न, यही सन्देश यस कवितामा व्यक्त भएको छ ।

यस कवितामा यामिनी, तेर्पाई, अकिञ्चन, लक्ष्यवेघ आदि केही जटिल र क्लिष्ट संस्कृति शब्दहरू पनि परेका छन्, तर यसको अर्थ कविताको अन्त्यमा राखिदिएकाले बुझ्न भने कठिन हुँदैन । यस कवितामा शाकाहारी,(शान्तिवार्ता) मांशाहारी (सशस्त्र युद्ध) जस्ता शब्दबिम्ब र शिखर चुम्नु, पहाड चढ्नु, सपना देख्नु, जस्ता टुक्का प्रयोगले

कविता सम्प्रेषणीय र बुझाइमा सहजीकरण भएको छ  तथापि यो कवितामा क्लीष्ट शब्दको प्रयोगले बुझ्न केही कठिन भने अवश्य छ । यो गद्य कविता भएकोले गद्यात्मकतामा लयात्मकता थप्नको लागि ठाउँ,ठाउँमा यात्रीहरू, पहाडहरू, बाटाहरू, बाजी मार्नेहरू, बाहेक अरू अनुप्रासहरू मिलेका छैनन् तापनि बिचबिचमा "भएर, अङगालेर, उठाएर" जस्ता अनुप्रास आउने हुनाले अर्न्तलयात्मकता प्रदान गरेको छ ।

### ४.६.२.५ सभासदलाई चिठी

कवि क्षेत्रीले यो **सभासदलाई चिठी** शीर्षकको कविता पहिलो संविधान सभाको निर्वाचनलगतै लेखेका थिए । दस वर्षे जनयुद्ध र १९ दिने जनआन्दोलबाट विजय प्राप्त भएपछि नेपालमा पहिलो पटक संविधान सभाको चुनाव भयो । यसपछि संविधान जनताको पक्षमा लेखिन्छ कि लेखिन्न ? भन्ने द्वविधामा रहेका जनताको तर्फबाट क्षेत्रीले चुनाव जितेर गएका सभासदहरूलाई जनताको पक्षमा संविधान र कानून बनाइदिनको लागि अनुरोध, सल्लाह र सुझाव प्रस्तुत गरेका छन् । आजसम्मको संविधान, नियम, कानूनले गरिबको भलो गर्न नसकेको यथार्थबोध गराउँदै क्षेत्रीले गरिब जनताले पनि राम्रो शिक्षा पाउन सक्ने, स्वास्थ्य सुविधा राम्ररी पाउन सक्ने र समग्रमा गाँस, बास र कपासको व्यवस्था राम्ररी हुन सक्ने गरी संविधान लेखिदिनको लागि अनुरोध गरेका छन् ।

सङ्घर्षमा अभिभावकले ज्यान गुमाएपछि टुहुरा बनेका नानीहरूलाई शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था मिलाउने गरीसंविधानमै व्यवस्था गरिदिनू, भन्दै उनी लेख्छन्–

"ए ! सभासदज्यू...............
अबिरजात्रा गर्दा तिमीले लाखौँ टुहुराहरू सम्झ्यौ के ?
त्यसैले कचल्टो चिचिलाहरू, फक्रने अवसर खोजिदिनू
ज्ञान-विज्ञान काखीमा च्यापेर शास्त्रदृष्टि प्राप्त गर्ने
व्यवस्था मिलाई दिनू, यसरी जीवन बदल्ने संविधान लेखिदिनू ।

(पृ–६०)

यसरी यस कवितामा समग्रमा गरिबको जीवन बदल्ने प्राव्धान राख्नु पर्ने मागसहितको सन्देश दिनु यस कविताको मूल उद्देश्य रहेको छ । त्यसै गरी संविधानमा सडकबालकहरूले पनि खाने, बस्ने र शिक्षा पाउने पूर्ण अधिकारसहितको प्राव्धान संविधानमै उल्लेख गर्नको लागि अनुरोध गर्दै उनी लेख्छन्–"ए ! सभासदज्यू !

सडकमा कुरूपता बिछ्याएर,आशामुखी चेहरा बाँच्ने
अनाथ र निरीह प्राणीहरूका मानवता खोजी दिनू,
रातको राजले जन्माएर, सडकमा फालिएका
निर्दोष पेटिछापहरूको बाल अधिकारको पनि
रक्षा गर्ने व्यवस्था मिलाई दिनू । (पृ–६१)

यसरी अबदेखि सडकबालकहरू सडकमा सुती रहेको देख्नु नपर्ने गरी संविधानमै प्राव्धान राख्न र राज्यले ती सडक बालकहरूको मानवताको रक्षा गर्दै शिक्षा, स्वास्थ्य र बाँच्न पाउने अधिकारको व्यवस्था हुने गरी संविधानमा उल्लेख होस् भन्ने कामना गरिएको छ ।

त्यसै गरी क्षेत्रीले भ्रष्टाचार गरेर अकूत सम्पत्ति आर्जन गर्ने भ्रष्टाचारी, शोषक र घुसखोरीहरूलाई सबैले देख्ने ठाउँ (सडक) मा ल्याएर मृत्युदण्ड दिने कानून संविधानमै उल्लेख होस् भन्ने माग गर्दै लेख्छन्–"ए ! सभासद महोदय !

आमाको दूध निखारेर, फेरि रगतसमेत पिउँदै,
अस्तिमान बन्नेहरू शूलीमा चढेको दृश्यहरू
पसिनाको मूल्य चुकाउनेहरूले,
मज्जा मानी, मानी हेर्न पाउनेसंविधान लेखी दिनू ।
सुदखोरीलाई दोबाटोमा, घुसखोरीलाई चौबाटामा,
चुटी, चुटी चोला फर्ने कानून बनाई दिनू । (पृ–६२)

यसरी संविधानमा जनताको लागि के के गर्नुपर्ने हो, ती सारा कुरा समावेश गरेर लेखिएको यस कविताको मुख्य उद्देश्य भनेको संविधानमा जनताको अधिकार स्थापित होस् भन्ने कामना हो । साथै जनचेतनाको लागिसमेत यो कविता लेखिएको हो, भन्न सकिन्छ ।

यस कवितामा शोषक, सामन्त तथा प्रतिगामी तत्वहरूलाई अस्तिमान, कुरूपता, सुदखोर घुसखोर जस्ता शब्दबिम्ब प्रयोग भएको छ भने शोषित वर्गको लागि माछा, छाप्रा, आशामुखी जस्ता शब्दबिम्ब प्रयोग भएको छ । यसमा अन्र्तलय भर्नको लागि क्षेत्रीले मिलाइदिनू–लेखिदिनू, धनसिँहका धनहरू–बलसिँहका बलहरू,बिछ्याएर–जन्माएर, जस्ता अन्त्यानुप्रासको प्रयोग गरेका छन् । यसै गरी यस कवितामा न्यौछावर, क्लान्त, असला, अकालको काल, जस्ता केही जटिल र क्लीष्ट शब्दहरू पनि प्रयोग गरेका छन् तर त्यसको अर्थ अन्तिममा राखेको हुनाले बुझाइमा सहज भएको छ ।

४.६.२.६ **सौखिनहरूको क्लब**

यो **सौखिनहरूको क्लब** शीर्षकको कवितामा क्षेत्रीको राष्ट्रिय भावझल्किएको छ । राष्ट्र र राष्ट्रियता बाँचे मात्र आफू बाँचिने हुनाले यस कवितामा संविधान सभालाई सौखिनहरूको गाउने, बजाउने र नाचगान गर्ने थलो जस्तो नठान्नसचेत गराएका छन् । संविधान सभा भनेको जनताको संविधान र कानून बनाउने ठाउँ हो, तसर्थ जनताको सरोकार हुने विषयमा मात्र छलफल चलोस् भन्ने कामना गरिएको छ । नेपालमा पहिलो पटक संविधान सभाको चुनावमा माओवादीले बहुमत ल्याएपछि तर्सेका प्रतिगमनकारी शक्तिले यो वा त्यो नाममा निहुँ खोजेर संविधान सभा नै भङ्ग गराउँछन् कि भन्ने लागेपछि क्षेत्रीले यो कविता लेखेको देखिन्छ । हुन पनि क्षेत्रीको अनुमान सावित भयो र अन्ततः संविधान सभा भङ्ग भयो । जसले गर्दा जनताले भनेझैँ, आशा र भरोसा गरेझैँ जनताको पक्षमा (जनवादी कार्यक्रमसहितको) संविधान लेखिएन ।

संविधान सभामा एकाध प्रतिगामीहरू प्रवेश गरेर विदेशीको इसारामा कुनै पनि हालतमा संविधान सभाबाट जनताको अधिकार स्थापित हुन नदिनको लागि षडयन्त्र गरी रहेको यथार्थलाई यसमा व्यक्त गरिएको छ । अनेक बाहना बनाएर संविधानसभालाई बिघटन गराउने षडयन्त्र बुनी रहेको बेला क्षेत्रीले संविधान सभा

सौखिनहरूको ऐश गर्ने थलोजस्तो गरी प्रयोग नगर्न सुझाव दिँदै–"प्रभातका किरण छर्ने

जनसभाको विरासतमा सौखिन धमिराहरू
आफ्ना कुटील गोलो निर्माण गरी रहेका छन् ।
अञ्जुलीमा आँसु लुकाएर,
पसिनाको मूल्य चुकाउनेहरू
सौखिनहरूको नजरमा वैरीको आकृति जन्मी रहेका छन्
रगतले लतपत विधानसभाहरू
सौखिनहरूको क्लब बनी रहेका छन् । (पृ–७६)

यसरी जनताको अधिकार स्थापित गर्न भनेर दस वर्षे जनयुद्ध र १९ दिनेजनआन्दोलन पार गर्दै संविधान सभासम्म पुग्न सफल मानिसहरूसँग प्रतिगामी तत्वहरू बेहिसाब लेनदेन गरी रहेको बेथितिप्रति लक्षित गर्दै क्षेत्रीले यस कवितामार्फत संविधानसभा सौखिनहरूको क्लबजस्तो नहोस् भनी सचेत गराएका छन् ।

यस्तै गरी संविधान सभाबाट गरिब, दुःखी र उत्पीडित जनताको पक्षमा संविधान लेखिनुपर्छ तर आजसम्म सौखिनहरूकै हालीमुहाली चली रहको स्थितिमा उनीहरूले आफ्नै वर्गहित मात्रै हेरेको हो, त्यसैले उनीहरूको विश्वास गर्नु व्यर्थ छ, भन्दै उनी लेख्छन्–

"सौखिनहरूको क्लबहरूमा नानाको सवाल हुन्न रहेछ,
बरु थानाको चर्चा चल्दो रहेछ,मानाको सवाल हुन्न रहेछ,
बरु सानाको काल काढिँदो रहेछ,गरिबको छाना होइन त्यहाँ,
महलको राना पुजिँदो रहेछ, आयातीत गुरुयोजना लिएर,
स्वाभिमानको गला रेट्दै,स्वामीभक्ति गाना गाइँदो रहेछ । (पृ–७८)

यसरी विदेशी दलालहरू साम्राज्यवाद तथा विस्तारवादी एजेण्डा लिएर संविधान सभाभित्र पसी रहेको सङ्केत दिँदै गरिबको छाना, माना र नानाको कुराभन्दा पनि त्यहाँ बढी ठालू, राना र विदेशीको आदेश अनुसार देशहित विपरीत कुराहरू उठाई रहेका छन् भन्ने अभिव्यक्ति यस कवितामा दिएका छन् । देशभक्तिको कुराभन्दा पनि

त्यहाँ स्वामीभक्तिको कुरा बढी उठ्ने गरेको प्रति सङ्केत गर्दै उनले विदेशीले चाहेको जस्तो संविधान होइन, हामी नेपाली जनताले चाहेजस्तो बनाउनुपर्छ, भन्ने आशय व्यक्त गरिएको छ ।

यस कवितामा गाना, माना, छाना, नाना आदि र गरिरहेका छन्–जन्मिरहेका छन्, क्षणहरू–फूलहरू, चल्दोरहेछ–काढिँदोरहेछ, जस्ता अन्त्यानुप्रासले गद्य कविताभित्रको अर्न्तलयात्मक ध्वनि उत्पन्न गराइएको छ भने सौखिनहरू, धमिराहरू, सिकारी कुकुरहरू जस्ता बिम्ब प्रयोग गरी प्रतिगामी विचारको भण्डाफोर गरिएको छ । त्यसै गरी विदेशी दलाललाई हौडाको गिद्ध भन्ने प्रतीक प्रयोग गरी विदेशी हस्तक्षेपको विरोध गरिएको छ । समग्रमा यो **सौखिनहरूको क्लब** शीर्षकको कविताले संविधान सभामा प्रतिगामी तत्वहरूको घुसपैठ हुन सक्ने परिस्थितिप्रति सचेतना अपनाउनु पर्ने सन्देश दिइएको छ ।

### ४.६.२.७ **मझेरीमा झरेको बिहानी**

उक्त **मझेरीमा झरेको बिहानी** कविता दस वर्षे जनयुद्धको जगमा भएको जनआन्दोलन सफल भएपछि जनताले आफ्नो जीवनमा अब सुनौलो बिहान अर्थात सुखको दिन आउने अपेक्षा गर्नु स्वभाविक थियो । यहाँ 'मझेरी' दुःखी जनताको जीवनको प्रतीक हो भने 'बिहानी' सुखको बिम्ब हो । यस अर्थमा जनयुद्ध र जनआन्दोलनबाट प्राप्त लोकतान्त्रिक गणतन्त्रले नेपालका गरिब, दुःखी, उत्पीडित जनताको भविष्य सुनौलो बनाउने अपेक्षाको साथ लेखिएको यस कविताको अन्त्यतिर "अँध्यारामा चक्रब्यूह रच्नेहरू बढेपछि,, फेरि मझेरीमा झरेको बिहानी धरापमा पऱ्यो" भनेर क्षेत्री कतै जनताको सुख पाउने दिनको आशा तुहिने हो कि भनेर शंका व्यक्त गरेका छन् । निकै प्रतीकात्मक अर्थयुक्त यस कविताको शीर्षकबाटै यस कवितासङ्ग्रहको शीर्षक पनि राखिएको छ । अन्य कविताको तुलनामा यो कविता बिम्ब र प्रतीकको दृष्टिले, विषयवस्तुको दृष्टिले, यसको आकार र कलात्मकताको दृष्टिले पनि यो कवितासङ्ग्रहभित्रका अन्य कविताहरूभन्दा यो कविता उत्कृष्ठ रहेको छ, भनन सकिन्छ । **मझेरीमा झरेको बिहानी** कवितामा विषयवस्तुको हिसाबले

नेपालमा भएको जनसङ्घर्ष, उत्पीडनको कथा र समसामयिक इतिहास समेटिएको छ ।

विषयवस्तुको हिसाबले यो कवितामा राज्यव्यवस्थाले सधैँ उपेक्षा गरिएका जनताको जीवनमा फेरबदलको अपेक्षा गरिएको छ । जनयुद्ध र जनआन्दोलनबाट स्थापित लोकतान्त्रिक गणतन्त्रले जनताको जीवनस्तर उठाउने अपेक्षा गरिए पनि देशमा प्रतिगमनकारीहरूको चलखेल, जालझेल र षडयन्त्र बढ्दै गएको प्रति चिन्ता व्यक्त गरिएको छ । यही कारण जनताको पक्षमा फैसला हुन्छ कि हुन्न भन्ने दोधारे अवस्थामा रहेको समयमा लेखिएको यो कवितामा परिवर्तन चाहनेहरू ओझेलमा पर्दै गएको प्रति सङ्केत गरिएको छ ।

यस कवितामा जनआन्दोलन कुन उद्देश्यले र किन गरिएको थियो र जनताले के अपेक्षा गरेका थिए ? साथै त्यो बेला प्रतिगामीहरूको मनोदशा कस्तो थियो ? भन्ने कुराको उद्घाटन यसरी गरिएको छ । जस्तै : “निशाले बैँशालु उग्रता प्रदर्शन गरेपछि

बिहानीको आगमन चाहनेहरू
उज्यालो बोकेर गल्ली र सडकहरूमा निस्किए,
सडकले उज्यालोको स्वागत गरेपछि
उज्यालोदेखि डराउने निशाचरहरू
रातको राज गुम्ने भयले आत्तिए । (पृ–८७)

यहाँ सामन्ती तथा दलाल पुँजीवादी सत्ताको ताबेदारी गर्नेहरूलाई ‘निशा’ अर्थात अँध्यारोको प्रतीकको रूपमा उभ्याइएको छ भने मुक्ति चाहनेहरूको प्रतीक ‘बिहानी’ राखिएको छ । यस अर्थमा हेर्दा उक्त हरफमा प्रतिगमनकारीहरूले जनतामाथि शोषण र दमन बढाएपछि बिहानी चाहनेहरू अर्थात मुक्तिकामी जनता शहरको सडकहरूमा जनयुद्ध र जनआन्दोल गर्न निस्किए । जसले गर्दा सडकका घरघरबाट त्यसको स्वागत भयो, यो दृश्य देखेका प्रतिगामी तत्वहरू आफ्नो राज अब सकिने भयो, भन्ने भयले आत्तिएको यथार्थताको उद्घाटन यस कवितामा भएको छ ।

यसै गरी मुक्तिकामी जनता आफ्नो जीवनको प्रवाह नगरी ‘कि मुक्ति कि मृत्यु’ रोजेर जनयुद्ध र जनआन्दोलनमा होमिएको यथार्थता पनि यस कवितामा रहेको छ ।

यसरी जनता प्रतिगामी राज्य व्यवस्थाको विरुद्धमा होमिएपछि कालो रात अर्थात एकतन्त्री राज र त्यसको रक्षार्थ उभिएका दलहरू जनताको अगाडि घुँडा टेक्न बाध्य भए भन्ने भाव प्रकट गर्दै उनी लेख्छन्–"बिहानीको आशले उद्देलित बनेर

बलिदानको मार्ग अपनाए,
आखिर अँध्यारा रातलाई चिरेर
क्षितिजले उज्यालो बाँडेपछि
मझेरीमा बिहानी झरेरै छाड्यो,
कालो रातको आहात सहेर
बेहिसाब नसुत्ने अठोट गरेपछि
अन्य निद्रालुको पनि चेत खुल्यो । (पृ–८७)

यहाँ जनयुद्ध र जनआन्दोलनको विरोध गर्नेहरू पनि सङ्घर्ष र आन्दोलन सफल भएपछि आफ्नो वर्गस्वार्थ अधिकारको आवाज उठाउँदै सडकमा आउन थालेका थिए । यस कुराप्रति सङ्केत गर्दै 'अन्य निद्रालुहरूको पनि चेत खुल्यो' भनेर जनयुद्ध र आन्दोलनको बेवास्ता गर्नेहरू जम्जमाएर उठेको यथार्थताको अभिव्यक्ति दिएका छन् ।

यसै गरी क्षेत्रीले यस कवितामा जनयुद्ध र जनआन्दोलन त सफल भयो तर यसको व्यवस्थापन गर्न नदिनको लागि सल्बलाएका प्रतिगामी तत्त्वहरूको बिगबिगी अझै पनि कम भई सकेको छैन ।त्यसैले संविधान सभाबाट संविधान बन्ने हो कि होइन ? संविधानमा जनताको पक्षमा नियम, कानून बन्ने हो कि नहुने हो ? संविधान बनिहाले भइहाले पनि परिवर्तनकारीहरूको विजय हुने हो कि नहुने हो ? भन्ने आशंका व्यक्त गरिएको छ । यो कवितामा यदि प्रतिगमनकारीहरूका षडयन्त्र, जाल,झेल र षडयन्त्र सफल हुँदै गएको र जनताको बलिदानबाट प्राप्त अधिकार, सुखको दिन आउने आशा (बिहानी) धरापमा पर्दै गएको यथार्थताको उद्घाटन भएको छ । यसरी यस कवितामा समग्रतामा जनपक्षीय भावनाको अभिव्यक्ति भएको पाइन्छ ।

यस कवितामा निशा, कालो रात, औँशीको रात, निशाचरजस्ता बिम्ब प्रयोग गरेर प्रतिगामी सत्ता र उसका मतियारहरूलाई सम्बोधन गरिएको छ भने बिहानी, उज्यालो,प्रभातको लाली, जस्ता शब्दबिम्ब र प्रतीकको माध्यमले परिवर्तनकारी शक्ति

र मुक्तिकामी जनतालाई सम्बोधन गरिएको छ । यी बिम्ब र प्रतीकले कवितालाई एकातिर प्रतीकात्मक कला पक्षलाई बलियो बनाएको छ भने अर्कातिर सार पक्षकोसशक्त प्रस्तुती भएको छ । यसरी कला र सारको संयोजनले कविता उत्तम बनेको छ । यसै गरी यस कवितामा 'निस्किए–आत्तिए, चिरेर–सहेर, प्रहारहरू–धब्बाहरू जस्ता अन्यानुप्रासको संयोजनले यो गद्य कविता भए पनि अन्तर्लयात्मक बनेको छ ।

### ४.६.२.८. वर्तमान दुखिरहेछ

यो कविता सङ्ग्रहको पच्चीसौं कविता हो । **वर्तमान दुखिरहेको छ** राष्ट्रिय भावनाले ओतप्रोत भएको कविता हो । **वर्तमान दखिरहेको छ,** को प्रतीकात्मक अर्थ हाम्रो देश नेपाललाई बाहिरी हस्तक्षेपले गाँजी रहेको वर्तमानलाई सङ्केत गरेको छ । एकातिर दक्षिणले संविधान बनाउनेदेखि राजदूत नियुक्तसम्म पनि सर्त राखेर नेपाललाई दुःख दिने गरेको यथार्थप्रति आक्रोस व्यक्त गरेका छन् भने अर्कातिर हाम्रै देशका दलाल शाहहरू कहिले औषधि उपचारको निहुँमा त कहिले घुमफिरको निहुँ पारेर भारतका शासकहरूलाई भेट्न जाने र देश बिगार्ने मन्त्र सिकेर आउने प्रवृतिप्रति तीव्र प्रहार गरेका छन् । यसरी देशप्रति माया झल्कने भावार्थ बोकेको यो कवितामा सिमाना पारिका राजाहरूलाई हाम्रो देशका नेताहरू वरदान मागेर फर्केपछि सरकार परिवर्तन हुने यथार्थताको भण्डाफोर गर्दै उनी लेख्छन्–

"भाग्यमा भरोसा गर्नेहरूपुर्पुरोमा लेखिमाग्न
सिमानापारिको जनार्दन कहाँ स्वास्थ्योपचारको निहुँ पार्दै
लटलटमा पुगेको देखियो ।
ब्रह्माको वरदान पाएपछिहिन्दीमा उपदेश थापेर
मौनतापूर्वक फर्केपछि,त्यसलाई नेपालीमा
जस्ताको तस्तै स्वःहीन भएर,उल्था गरेको पनि भेटियो । (पृ–८९)

यसरी नेपालमा आफै केही नगर्ने तर सधैं अर्काको मुख ताकेर देशलाई पराश्रित बनाउने पराम्परा र प्रवृतिको घोर आलोचना गर्दै क्षेत्रीले यस्तो भारतमुखी

मानसिकताको अन्त्य हुनु जरुरी भएको विचार व्यक्त गरेका छन् । यसै गरी उनले भारतले नेपालको जङ्गेपिलर सिमानाबाट हटाउने तर हाम्रै देशका नेताहरू ( दलालहरू) जङ्गेपिलर सुरक्षित छ, भन्दै भारतको बचाउमा लागेको प्रति आक्रोस व्यक्त गर्दै त्यस्ताले नै नेपाललाई दुःख दिई रहेको विचार व्यक्त गरेका छन् । मुलुक गणतान्त्रिक भएर के गर्नु, देशका नेताहरूमा उही पुरानो विचार कायम छ । गणतन्त्रको लडाईमा विरोध गर्नेहरू नै अहिले विजय जुलुसमा अघिअघि हिँड्ने गरेकोले त्यसबाट देश झनै आहात हुने सङ्केत गरेका छन् । उनी यो विचारको अभिव्यक्ति यसरी दिन्छन्–"आयातीत विचारहरूलाई हृदयङ्गम गर्दै,

लेण्डुपेहरूले हाम्रा जङ्गेपिलरहरू
सुरक्षित छन् भनेको पनि सुनियो,
धोतीको फेरा समाएर,क्रान्तिको तेजोबध गर्नेहरू
गणतान्त्रिक मुलुकमा अघि,अघिहिँडेको पनि देखियो ।
यस्तै विनाशकाले रीतिभित्र, अभागी वर्तमान दुखिरहेको छ । (पृ–८)

यसरी राष्ट्र र राष्ट्रियताको भाव झल्कने यो कवितामा बाहिरी हस्तक्षेपको कारण हाम्रै देशका दलाल नेताहरू नै हुन्, भन्ने किटानसाथ व्यक्त भएको विचार निकै सशक्त रहेको छ ।

यसै गरी क्षेत्रीले यस कविताको चौंथो परिच्छेदमा नेपालका कम्युनिष्टहरू बिग्रेको देख्दा साह्रै अचम्मै लाग्ने गरेको विचार व्यक्त गरेका छन् । नेपालका कम्युनिष्ट पार्टीका केही नेताहरूसमेत भारतीय बादशाहकहाँ आशीर्वाद लिन जाने गरेको खुलासा गर्दै देशले पराधीन हुनुको अर्को कारण यही हो भनेर ठोकुवा गरेका छन् । कम्युनिष्ट क्रन्तिमा कम्युनिष्टहरूलाई नै प्रयोग गर्ने साम्रज्यवादी र विस्तारवादीहरूको गुरुयोजना अनुसार नै विस्तारवादको विरोध गर्ने वा देशमा मुक्तिको यात्रामा हिँड्नेहरूलाई गोली ठोक्ने आदेश दिनेहरू पनि कम्युनिष्टहरू नै हुन्, भन्ने भाव सन्देश प्रवाह गर्दै उनी लेख्छन्–"राजनैतिक रसिकहरू

रातो शास्त्र घोक्दा रहेछन्,
घोकेकै भरमा उनीहरू

द्वन्द्ववादी भाषण ठोक्दा रहेछन् ।
जनाधार निर्माण गर्न तिनीहरू
मुक्तिको झण्डा बोक्दा रहेछन् ।
कुर्सी पाएको भोलिदेखि नै
जनताको मुख रोक्दा रहेछन् ।
त्यसरी पनि जनता मानेनन् भने
जनताकै छातीमा गोली ठोक्दा रहेछन्
यसरी देश दुखिरहेको छ । (पृ–९०)

यसरी क्षेत्रीले यो देशमा क्रान्तिकारी कम्युनिष्टहरू,परिवर्तनकारी नेताहरू ज्यादै थोरै मात्र भएको तर अन्य सबै सत्ता, सरकार, पद, प्रतिष्ठा, मान, सम्मान र सम्पतिको लागि मात्र कम्युनिष्ट पार्टी र हँसिया, हतौडा झण्डा प्रयोग गरी रहेको विचार व्यक्त गरेका छन् ।

यस कवितामा देखियो-भेटियो, थापेर–भएर–पारेर, देखेर–सुनेर, डुबेपछि–जागेपछि जस्ता अनुप्रासका प्रयोगले कवितालाई अन्तर्लयात्मक बनेको छ भने सिमानापारिको जनार्दन, ब्रम्हा, धोती, आदि बिम्ब प्रयोग गरी भारतीय शासक वर्गप्रति र लेण्डुप दोर्जे, कौरव, ब्वाँसाहरू आदि प्रतीक प्रयोगबाट नेपालका दलाली नेताहरूप्रति तीव्र घृणा व्यक्त गरिएको छ । यसरी देश परिवर्तनको संघारमा रहे पनि तिनै नेपाली दलाल र विदेशी शासकहरूका कारण नेपाली जनताले असाध्यै दुःख पाई रहेको यथार्थको उद्घाटन गर्दै त्यसप्रति सबैलाई सचेत रहनको लागि आह्वान गरिएको छ ।

### ४.६.२.९ पर्ख त्यो भुँवरीलाई

**पर्ख त्यो भुँवरीलाई** कवितामा दस वर्षे जनयुद्धमा र १९ दिने जनआन्दोलनमा जनताको सहभागितामा आँधी, हुरी र भुँवरी उठेकै हो । तर त्यो भुँवरीले पुराना शोषक वर्गको अन्त्य भई सकेको छैन । अझ यो भुँवरीले सयौं नेता जन्माए पनि, सयौं

नयाँ मानिसहरू सत्ता ताबेदारको लागि सिँहदरबार छिरे पनि जनताको आमूल परिवर्तनको सपना पूरा हुन सकेन । जनताले समानताको लागि लडाई लडेका थिए, सबैको लागि शिक्षा, स्वास्थ्य  रोजगारीको लागि बलिदान दिएका थिए । तर सो सबै आशा, भरोसा र अपेक्षाहरू फेरि कुण्ठित हुन पुगेका छन् । देशमा दलाली प्रवृति बढेको छ, भ्रष्टाचार मौलाएको छ, सरकारी कार्यालयमा घुसखोर प्रवृति उत्तिकै हावी छ । ठेककापट्टा, सरकारी लेनदेनमा कमिसनको चलखेल उत्तिकै छ । यी सारा विकृति, विसङ्गतिलाई चिर्नको लागि फेरि पनि जनताको मुक्तिका लागि आवजहरू उठ्न थालेका छन्, र उठाई रहनुपर्छ भन्ने आसयप्रति सङ्केत गर्दै क्षेत्रीले फेरि पनि कुनै न कुनै रूपमा जनताको सहभागितामा आँधी, हुरी र भुँवरी भएर उठ्नेछ । त्यसबेला अहिलेका सारा बेथिति र विसङ्गतिहरू र तिनलाई तह लाउन नसक्नेहरूलाई भुँवरीले उडाएर लानेछ भन्ने आशय प्रकट गरेका छन् ।

यसको साथै कतिपय जनयुद्ध हाँक्ने नेताहरू जनताको घरमा ढिँडो खाएर परिवर्तनको कुरा गर्थे, उनीहरू अहिले सत्ता साझेदारीमा पुगेपछि जनतालाई फेरि बिर्सँदै गएको छ । यसप्रति सङ्केत गर्दै उनी लेख्छन्–

> “भेलबाढी चल्दै गर्दा तिमीहरूजनताको पिठ्यूँमा थियौ,
> आँधी, हुरी चल्दै गर्दा, रात भोग्ने अभागीहरूका
> झुप्राहरूमा ओत लागेका थियौ,अनि दिनका उज्यालाहरू
> बराबर बाँढ्ने सपनालाईघरघरमा पुऱ्याएका थियौ,
> तर आँधीको धक्का रोकिएपछि
> तिमीले दाईंखानामा पसेर, एक्कासी गायब भएका छौ । (पृ–९५)

यसरी जनयुद्धका नाइकेहरूप्रति लक्षित गर्दै जनताको अधिकार स्थापित गरेर अगाडि बढ्न नसकेकोमा रोष प्रकट गरेका छन् । जनतालाई मिठो सपना बाँढ्ने तर सत्तामा पुगेपछि उही पुरानो सत्ताको ताबेदारी र सेवा गर्ने प्रवृतिप्रति तीव्र प्रहार गरिएको छ । यस कविताको अर्को अनुच्छुदमा क्षेत्रीले परिवर्तनकारी जनताको अपेक्षा अनुसार देशमा जनताको अधिकार स्थापना गर, शान्ति, विकास र समृद्धिको लागि

संविधान बनाऊ, नत्र भने फेरि पनि कुनै न कुनै रूपमा क्रान्ति वा युद्ध हुनेछ भन्दै उनी लेख्छन्–"तर एकपटक सम्झ यो पनि

त्यो भुँवरी त्यस्तो डरलाग्दो हुनेछैन

बरु रहरलाग्दा र उत्साहजनक हुनेछ,

अनि रोमाञ्चक र उत्सवमय हुनेछ । (पृ–९५)

यसरी जनताको सहभागितामा हुने क्रान्ति सुखप्रद हुनेछ, किनकि जनताको पूर्ण अधिकारको युद्धमा विजय प्राप्त हुनु भनेको उत्साहपूर्ण हो, भन्ने अभिप्राय यस कवितामा व्यक्त भएको छ । मूलतः भीम क्षेत्री क्रान्तिकारी विचारका एक सशक्त कवि हस्ताक्षर हुन् । त्यसैले उनका कविताहरूमा क्रान्तिचेत खुल्ला रूपमा व्यक्त हुने गर्दछ ।

यस कवितामा क्रान्तिको प्रतीक भुँवरी, आन्दोलन, सङघर्षको प्रतीक भेलबाढी, आँधीहुरी रहेको छ भने जनताको सेवक होइन शासक बन्ने ठाउँलाई 'दाईंखाना" बिम्ब प्रयोग गरिएको छ । यसै गरी पिठ्यूँमा थियौ–लागेका थियौ, उर्लदै गर्दा–चल्दै गर्दा, देखेर-हेरेर, जस्ता अनुप्रासको प्रयोगले कविता अन्तर्लयात्मक बनेको छ ।

### ४.६.२.१०. धमिलो पानीमा भ्यागुताको राज

यस कवितामा पनि क्षेत्रीले राष्ट्रिय भाव प्रकट गरेका छन् । विदेशी, छिमेकीहरूले नेपाल र नेपालीको समृद्धिमा बाधा, अड्चन थाल्दै आएको विचार व्यक्त गरेका छन् । छिमेकी राष्ट्रले साना, साना कुरामा पनि निहुँ खोज्ने र नेपाललाई अनेक बाहनामा प्रगति गर्न नदिने गरेका यथार्थप्रति व्यङ्ग्य गर्दै नेपालमा जब-जब क्रान्ति, सङ्घर्ष र आन्दोलनहरू हुन्छन् तब-तब छिमेकी राष्ट्रले हस्तक्षेप गरी नेपाललाई आफ्नो अनुकूल चल्न नदिएकोमा आक्रोस व्यक्त गरेका छन् । यो नेपालको क्रान्ति वा आन्दोलनलाई धमिलो पानीको बिम्ब प्रयोग गरेका छन् भने नेपालका दलाल र तिनको प्रवृतिलाई भ्यागुता, अर्ना र छिमेकी राष्ट्रको शासक वर्ग र उनीहरूको प्रवृतिलाई गोही प्रतीक बनाइएको छ । यसरीबिम्ब र प्रतीकको माध्यमबाट बनेको यो कवितामा हाम्रो

देशमा हाम्रै आन्दोलन र हाम्रै नियम हुनुपर्छ, अरू कसैले यसमा हस्तक्षेप गर्नुहुन्न भन्ने विचार व्यक्त भएको छ ।

जब देशमा क्रान्ति र आन्दोलन चल्छ तब दलालहरू भारतमा शरण लिन पुग्छ र आशीर्वाद स्वरूप सम्झौता र सहमतिमा आन्दोलन तुहाइदिन्छन् । यही भावका साथ लेखिएको यो कवितामा नेपालका शाह वंशी राजाहरू हुन् वा राणाहरू हुन् दक्षिणतिरबाट उत्तरतिर अर्थात हिमाली देश नेपालमा आएर शासन गर्न थालेको इतिहासलाई आधार मानेर यो कविता लेखिएको हो । नेपालका जातजाति, आदिवासी, जनजातिको फुटबाट फाइदा उठाएर शोषक वर्गले नेपाललाई धुजाधुजा बनाएको छ, भन्ने आसयका साथ यो कविता रचिएको छ । पहिले यवन जातिले भारतीय भूमिमा आक्रमण गरेपछि भारतबाट भागेर आएका शासक वर्गले नेपालमा धेरै समयसम्म राज गऱ्यो । जसको कारण नेपाली जनताको त्यसबेला गुमेको हक, अधिकार अहिलेसम्म पनि प्राप्त भएको छैन, भन्ने विचार व्यक्त गर्दै उनी लेख्छन्–

“यवनहरूको आतङ्कबाटआतङ्कित बास्साहरू,
हिमाली प्रदेशमा प्रवेशसँगै
निर्बन्ध राज गर्ने अर्नाहरू फैलिए
यो पवित्र भूमिमा तिनीहरू
अविराम आहाल खेल्दा-खेल्दै
पोखरीहरू दुर्गन्धित पारिए । (पृ–९७)

यसरी यस कवितामा भारतबाट आएका राणा र शाहहरूले राज गर्दागर्दै नेपालका आदिवासी नागरिकहरूको अधिकार खोसिएको कुराप्रति सङ्केत गरिएको छ । यसपछि निरन्तर शोषण र उत्पीडनमा पर्दै आएका आदिवासी, जनजातिका साथै दलित, गरिब, दुःखी, उत्पीडित जातिको उत्थान र अधिकार प्राप्तिको लागि भएको क्रान्ति र आन्दोलनमा विदेशीको हस्तक्षेपले नेपाल आहात बनेको प्रति सङ्केत गर्दै उनी लेख्छन्–

“यसैबिच पवित्र जलाशयको आगमनको आशा पालेर,
किनारामा जेट्दै छन् असली माछाहरू

तर कहिले युरोप त कहिले हिन्दुस्तान पदार्पण गर्छन्
पखेटा पलाएका भ्यागुताहरू,
छिमेकी हिमपोखरीहरूमा रजाईं गर्न पल्केका
दीक्षित गोहीहरू धमिलो पानी भरिएको देखेपछि
भ्यागुतालाई काँधमा बोकेर हस्तक्षेप गरी रहेका छन् । (पृ–९८)

यसरी नेपालमा जब मुक्ति वा अधिकारको लागि आन्दोलन र क्रान्ति हुन्छ, तब भारतको सहयोगबिना कुनै पनि आन्दोलन न रोकिन्छ, न त सम्झौता हुन्छ । यसको जिम्मेवार हाम्रै देशका दलाली प्रवृति हो, अर्थात भारतलाई गुहार्नु हो । गुहार माग्न गएपछि छिमेकीले आफ्नो सर्त पालनासहित सम्झौता गराएर पठाइदिने प्रवृतिप्रति कविको विरोध छ ।

यसरी यस कवितामा पनि राष्ट्रियताको सवाल उठाउँदै नेपाल कसैको सहयोगले बन्ने होइन, आफ्नै जाँगर र आफ्नै निर्णयले मात्र बन्छ, भन्ने सन्देश दिइएको छ । यस कवितामा बिम्ब र प्रतीकको प्रयोग राम्ररी भएको छ । अन्त्यानुप्रास र वृत्यानुप्रासको प्रयोग नभएको यस कवितामा बढी मात्रामा 'छन् र हरू, शब्द बारम्बार दोहोरिएकोले अन्तर्लयको आभास पाइन्छ ।

### ४.६.३ पत्र-पत्रिकामा प्रकाशित फुटकर कविताहरूको अध्ययन

साहित्यकार भीम क्षेत्री निरन्तर साहित्य सिर्जनामा लागी रहेका छन् । उनले कथा, गीत, कविता लगायत साहित्यका अन्य विधामा पनि कलम चलाउँदै आएका छन् । उनले 'मझेरीमा झरेको बिहानी' कवितासङ्ग्रह प्रकाशन गरेपछि पनि विभिन्न पत्रपत्रिकामा कविता प्रकाशन गर्दै आएका छन् । उनले आफै प्रधान सम्पादक रहेको शृङ्खला मासिक, ज्ञानपुञ्ज द्वैमासिक,लगायत मुन्धुम मासिक, नेपाल भूमि साप्तहिक, जनजिब्रो साप्ताहिक, जनआज्ञा मासिक, दायित्वबोध मासिक, इच्छुक पत्रिका, जस्ता पत्रपत्रिकामा लेखरचनाका साथै कविताहरू प्रकाशन गर्दै आएका छन् । यो शोधकर्ताले पाएका, हेरेका र भेटेका र अध्ययएन गरेका कविताहरूमा **बद्लिँदै रङहरू, रगतले रङ फेर्‍यो,** (२०६८ असार १३, दायित्वबोध पत्रिका) **फूलका आँखाहरू,** (शृङ्खला पूणाङ्क–

५९,२०६९) **हाम्रो समय,** (२०६७ असार १५, नेपालभूमि पत्रिका) **नयाँ जेल र म,** ( मुन्धुम मासिक, पूर्णाङ्क-७२, २०६७) **रजस्वाला धर्ती,** (नव प्रज्ञापन साहित्यक पत्रिका, पूर्णाङ्क-५०, २०६७) **दासीले के जन्माउँछ ?**(शृङ्खला, पूर्णाङ्क-६१,२०६९) **अपमानित बन्दरगाह !** (शृङ्खला,पूर्णाङ्क-६५,२०६९) **गमलामा फुल्नेहरू,**(चन्द्रागिरि पत्रिका अङ्क-१,२०६८)**मुर्दा शान्तिका दस्तावेजहरू,** (२०६८ पौष, नेपालभूमि साप्ताहिक) **हृदयहीन मान्छेको स्वर्ग,** (शृङ्खला, पूर्णाङ्क–७३, २०७०) **यो कसको उपहार हो ?,पाखण्ड पर्व,** (शृङ्खला, पूर्णाङ्क–८१,२०७०) **देशरोएको बेला,** (शृङ्खला- पूर्णाङ्क–९६,२०७२) **सपनाको बन्ध्याकरण, खाली भित्ता,** ('इच्छुक' पत्रिका अङ्क–२,२०७२) **भाग-बण्डा, म मान्छे, कसो होला ?, होसियार बन, गोलभेडाको खेती, मेरो आत्मादल, म सडक बल्टु, अदना छिमेक, विडम्बना, आगाका बिउहरू, छेपाराको कथा,** (शृङ्खला, पूर्णाङ्क–९७,२०७२) **फूल हुँ म एक बिभ्fाउने, सत्यको बाटो नरोक, अर्थहीन जिन्दगी, आखिर सत्य एउटै हुन्छ, छोराको बकपत्र, लौरा र कप्तानहरू, घोर आपत्ती छ, रहर, टोपी हराएको मान्छे,,** आदि उनका सयौँ कविताहरू प्रकाशित हुँदै आएका छन् । तर यस शोधकर्ताले यी सबै कविताहरूको अध्ययन सम्भव नभएको हुँदा यीमध्ये पाँच वटा कविताहरू **हाम्रो समय,** (२०६७ असार १५, नेपालभूमि पत्रिका) **नयाँ जेल र म,** (मुन्धुम मासिक, पूर्णाङ्क-७२, २०६७) **हृदयहीन मान्छेको स्वर्ग,** ( शृङ्खला, पूर्णाङ्क–७३, २०७०)**खाली भित्ता,** (इच्छुक पत्रिका अङ्क–२, २०७२) **अदना छिमेक,** (प्र.ले.स. काठमाडौं बुलेटिन,२०७३)जस्ता प्रतिनिधि कविताहरूको मात्रै अध्ययन,विश्लेषण गर्ने प्रयास गरिएको छ । त्यसमा पनि कविताहरूको मिहीन विश्लेषणभन्दा पनि समग्रतामा अध्ययन गरिएको छ ।

यी कविताहरूको अध्ययन गर्दा माथिजस्तै गरी विषयवस्तुलाई बढी प्राथमिकता दिइनेछ साथै प्रगतिवादी विचार र सिद्धान्तलाई नै आधार मानिनेछ । यी कविताहरूमा निहित बिम्ब, प्रतीक र अलङ्कारहरूको खोजी गर्ने प्रयास पनि गरिनेछ । प्रायः लामा, लामा कविता लेख्न रुचाउने कवि क्षेत्रीका यी पछिल्ला चरणमा लेखिएका कविताहरू छोटा तर चोटिलो प्रहार गर्ने खाल्का छन् । यी कविताहरूलाईको अध्ययन यसप्रकार छ–

### ४.६.३.१ हाम्रो समय

यो कविता २०६७ साल असार १५ गतेका दिन **नेपालभूमि साप्ताहिक** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा तात्कालीन समयमा ने.क.पा.माओवादी पार्टी संविधान सभामा ठूलो दलको रूपमा उपस्थित भएपछि प्रतिगामी शक्ति र छिमेकी मुलुकका शासकहरूले संविधान सभाबाट संविधान बन्न नदिने वा बनिहाले पनि जनताको पक्षमा बन्न नदिने खेल खेली रहेको अवस्था थियो । त्यो समय जनताको पक्षमा संविधान लेखिने समय थियो । वातावरण जनयुद्ध हाँकेर आउनेको पक्षमा हुँदाहुँदै पनि प्रतिगामी र यथास्थितिवादी शक्तिको चलखेल र छिमेक मुलुकको हस्तक्षेपका कारण कतिपय जनताको एजेण्डा नेतृत्वले छोड्दै जानु अवस्था बन्यो । यसैलाई कविले समय र वातावरण मिल्दामिल्दै पनि त्यस विपरीत कामहरू हुन थालेको महसुस गरी जसरी जनताको अधिकार स्थापना गर्नको लागि संविधान बनाउनु पर्ने हो, त्यसरी  कामहुन नसकी संविधान सभा नै विघटन गराउनेतिर समय उन्मुख हुँदै गएको परिस्थितिको मूल्याङकन गर्दै यो **हाम्रो समय** कवितामार्फत समय उल्टो चल्न थालेको अर्थात जनताको अपेक्षा विपरीत काम हुन थालेको सङ्केत गर्दै जन चाहना अनुरूपको समय सापेक्ष संविधान लेख्नको लागि आह्वान गरेका छन् ।

यसै गरी कविले संसारको समयको गति निकै छिटो चली रहेको, संसारका धेरै देशहरूका जनताले आफ्नो अधिकारको लडाईमा विजय प्राप्त गरी देश विकास र समृद्धिको शिखर चढी रहेको तर नेपालमा भने उही पुरानै व्यवस्था कायम रहने हो कि भन्ने शंका उत्पन्न हुँदै गएको प्रति विरोध जनाउँदै कवि क्षेत्रीले संविधान निर्माण कार्यमा जुटेका सभासदहरूलाई जनताको पक्षमा काम गर्न आह्वान गरेका छन् । उनीहरूको काम, कर्तव्यमा अत्यन्त ढिला, सुस्ती र संविधानमा जनताको अधिकार स्थापना गर्ने कार्यमा नाइनास्ती गरेको देखेपछि विदेशीको इशारामा आजकल समय ठिक दिशातिर हिँड्न नमानी रहेको, ठिक ढङ्गले संविधानमा सामुहिक हितको कुरा उठाउने समयमा आ-आफ्नो वैयक्तिक हितकोकुरा, आफ्नै मात्र भाषा, धर्मको कुरा, जातिको कुरा, उठाएर समय खेर फाल्दै वर्गयुद्धको मुद्धालाई जातीय, धार्मिक मुद्धा

उठाएर वर्गीय मुद्दा ओझेलमा पार्दै लगेको देखेपछि उनले उक्त यथार्थताप्रति विरोध जनाउँदै उनी लेखेका छन्–

“अजकल हाम्रो समय ठिक दिशामा हिँडेको छैन,
घडीको सुईजस्तो बाँयातिर फनफनी पनि घुमेको छैन ।
बरु रोकिन्छ समय कहिले तर अगाडि बढेको पाइँदैन,
युगले सिर्जना गरेको यो मूल्यवान समयलाई,
अघि बढ्न निषेध गरिँदैछ ।

यसरी संविधान निर्माण गर्ने महत्वपूर्ण काममा विभिन्न प्रकारले अवरोध गरी रहेको अवस्थालाई समयको बिम्ब राखेर कविले प्रतिगामी तत्त्वले समयलाई प्रतिबन्ध लगाएर संविधान बनाउन नदिने खेलप्रति सङ्केत गरेका छन् ।

यसै गरी कवि क्षेत्रीले जनताको चेतनास्तर व्यापक भइ सकेको वर्तमानमा जनताको अपेक्षा अनुसार जनताके संविधान लेख्नु पर्नेमा जोड दिँदै अनेक छलछाम र षडयन्त्र हुन थालेकोले सबैलाई सचेत गराउने काम पनि यस कवितामार्फत गरेका छन् । जन चाहनालाई हत्या गरिँदै लगेका आरोप लगाउँदै क्षत्री लेख्छन्–“वर्तमान गतिशील चेतनालाई

छलविधिको बुटले कुल्चेर
एक,एक गरी हत्या गरिँदैछ,
गतिशील समयको काँटालाई
जबरजस्त विपरीत घुमाइँदैछ ।

यसरी क्षेत्रीले अन्तरिम संविधानमा उल्लेख भएको प्राव्धानहरू पनि एक,एक गरेर छोड्दै गएकोप्रति सङ्केत गर्दै जनताको अधिकार हनन हुँदै गएको टिप्पणी गरेका छन् । तयस्तै अर्को हरफमा लेख्छन्–“चन्द्रमा चाँदनीमा यतिखेर

कालो कलङ्क लगाइँदैछ,
रगतको विनिमय गरेर
स्वःत्व भएको समय यतिखेर
पक्षघात भएर लडेको छ ।

यहाँ दस वर्षे जनयुद्ध र १९ दिने जनआनदोलनबाट प्राप्त जनताको गणतान्त्रिक लोकतन्त्र स्थापना भए पनि जनतालाई अधिकार स्थापना गर्ने सवालमा रोक लाग्दै गएको यथार्थताको उद्घाटन गरिएको छ । यसरी समग्रमा भन्नु पर्दा यो कवितामा समसामायिक समय र विषयवस्तुको उचित ढङ्गले वैचारिक अभिव्यक्ति दिन क्षेत्री सफल भएको छ ।

यसका साथै यसमा गरिब, दुःखी, उत्पीडित वर्गको पक्षमा संविधान लेखिने काममा उल्टो भइ रहेकोप्ति सङ्केत गर्न समय, घडी आदिको बिम्ब र प्रतिगामी विचारलाई छलविधिको बुटको प्रतीक बनाइएको छ भने चन्द्रमाको चाँदनीलाई जनताको आशा र अपेक्षाको प्रतीक बनाइएको छ । त्यसै गरी यतिखेर-गरेर, गरिँदैछ–घुमाइँदैछ, जलाईँदैछ–बजाइँदैछ जस्ता अनुप्रासको प्रयागले कविता अन्तर्लयात्मक तथा संगीतात्मक बनेको छ ।

### ४.६.३.२. **नयाँ जेल र म**

यो **नयाँ जेल र म**कविता २०६७ साल चैत्रमा **मुन्धुम मासिक** पत्रिकामा प्रकाशित भएको हो । यस समयसम्म आइपुग्दा क्षेत्री अब नेपालमा जनताको पक्षमा संविधान नबन्ने कुरामा निश्चित भएको देखिन्छ । अब जनयुद्ध हाँक्ने पार्टीको बहुमत सभासद भएको संविधान सभा विघटन हुन् भयो, देशमा उही पुरानै तरिकाको राज्य व्यवस्था र कानूनहरू बन्ने भयो, भन्नेमा उनी ढुक्क भइसकेको कुरा यस कवितामार्फत बुझ्न सकिन्छ । बुर्जवा पुँजीवादी राज्य व्यवस्थाले जनताको पसिनामा रजाई गर्ने विशेषता राम्ररी थाहा पाएको क्षेत्रीले अब फेरि पनि उही नियम र कानूनको मारमा पर्ने निश्चित हुँदै गएको कुरा यसमा प्रस्तुत भएको छ ।

युगौंदेखि जनताले आफ्नै देशमा कुनै अपराध नगरी नै, जेलघर बाहिरै बसे पनि जेलको भन्दा बढी कष्टकर जीवन भोग्नु परेको तितो यथार्थतालाई पुनरावृति दिने कुरामा कवि निश्चित भएपछि उनी फेरि नयाँ खाले जेलमा बस्नै पर्ने जनताको बाध्यता आउने भयो, भन्दै उनी लेख्छन्–"पर्खालबाहिर भएर पनि म

कैदी भएर बाँची रहेछु,

अभावको घाउ दुखे पनि म

पीडा सहेर बाँची रहेछु ।

पुरानो जेलको भग्नावशेषहरू

सङ्गालेर नसकिँदै नयाँ जेलहरू बनी रहेछन् ।

यहाँ नेपालको पुरानो सत्ताले जसरी जनताको अधिकार कुण्ठित बनाएर जनतालाई दुःख, पीडा र उत्पीडनमा बाँच्न विवश बनाएको थियो, उसरी नै यो राज्य व्यवस्थाले पनि जनतालाई मुक्ति होइन, उत्पीडनमा पार्ने सम्भवना छ, भन्ने विचार व्यक्त गर्दै नयाँ जेल अर्थात नयाँ खाले उत्पीडन थोपार्ने काम भइ रहेको सङ्केत गरेका छन् । उनी अझ एक कदम अगाडि बढेर विदेशीको इशारामा बनेको संविधानले हाम्रो देश र जनताको हित नगर्ने बरु त्यसले आफूजस्ता झुप्राका गीत लेख्नेहरू आँखाको तारो बन्ने भन्दै उनी लेख्छन्–

“हरघडी मेरो निगरानीमा तैनाथ जेलरहरू

विदेशी आँखामा बाइनाकुलर राखेर

मलाई मेरै छाप्रोभित्र

बारम्बार खोजी रहेका छन् ।

यसरी वर्ग सङ्घर्षको कुरा गर्ने छाप्रो र झुप्रामा बस्नेहरू युगौँदेखि राज्यको आँखाको कसिङ्गर बन्ने र सधैँ खेदो गर्ने प्रवृति फेरि पनि दोहोरिने सम्भावनाप्रति सङ्केत गर्दै उनी भन्छन् आखिर जेलबाहिर बसे पनि जेलभित्र बसे पनि गरिबको लागि जेलजस्तै त हो, स्वतन्त्रता, समानता र मानवताबिनाको अधिकार के को अधिकार ? त्यसैले उनी अगाडि लेख्छन्–“माटोमा पसिना रोप्नेहरू

हतकडीबिहीन भएर पनि

नयाँ जेलका छिँडीहरूमा

कैद हुन लागी रहेका छन् ।

यसरी नयाँ संविधानले पनि जनताको अधिकार स्थापित हुन नसक्नेप्रति सङ्केत गर्दै अब बन्ने संविधानले पनि जनताको जीवनस्तरमा खासै परिवर्तन गर्न नसक्ने हुनाले पुरानो भत्किएको (बिघटित संविधान) जेलभन्दा फरक नहुने भन्दै नयाँ बन्ने

संविधानबाट क्षेत्रीको चित्त बुझेको छैन । नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने प्रकारको, स्वाभिमानी, समानता, स्वतन्त्रता, मानवताको ग्यारेन्टी बिनाको संविधान वास्तवमा नयाँ जेलसरह नै हुने भएकोले यो कविताले सङ्केत गरेको नयाँ जेलको बसाई अर्थात जनताको कष्टकर जीवनमा फेरबदल नहुने विचार व्यक्त गरिएको छ ।

यस कवितामा जेल, हतकडी, पसिना रोप्ने, बाइनाकुलर, जेलरहरू, आदि निकै राम्रा बिम्ब र प्रतीकहरूको प्रयोग भएका छन् । त्यसै गरी भग्नावशेषहरू–जेलरहरू, खोजी रहेछन्–लागी रहेछन्, जस्ता अन्त्यानुप्रासले कवितालाई लयात्मकता प्रदान गेको छ । यसर्थ यो कविता बिम्ब र प्रतीकको प्रयोग र अन्त्यानुप्रासको संयोजनले समसामयिक विषयवस्तुको उद्घाटनमा आलङ्कारिक सुन्दरता थपिएको छ, भन्न सकिन्छ ।

### ४.६.३.३. हृदयहीन मान्छेको स्वर्ग

यो **हृदयहीन मान्छेको स्वर्ग** कविता २०७० साउनमाशृङ्खला साहित्यिक मासिक पत्रिका पूर्णाङ्क–७३, मा प्रकाशित भएको हो । यो कविता अन्य कविताभन्दा छोटो तर सामन्ती तथा पुँजीवादी शोषणप्रति तीव्र प्रहार गरेर लेखिएको कविता हो । क्षेत्रीले युगौंदेखि ठगिँदै, मिचिँदै र बेइमानहरूबाट शोषित हुँदै आएका जनताको तर्फबाट शोषक वर्गप्रति प्रहार गरेका छन् । युगदेखि आफ्नो अधिकार गुमाएर बेसाहार बनेका जनताको समपत्तिको नाममा आफ्नो श्रमबाहेक अरू केही पनि हुँदैन । तर युगदोखि ठग्दै र शोषण गर्दै आएको वर्गसँग धन, सम्पत्ति, ऐश, आराम, ऐश्वर्य आदि सबै कुरा हन्छन् । त्यसैले यो वर्गविभेदको अन्तय गर्नको लागि शोषित वर्गले युगौंदेखि वर्ग सङ्घर्ष पनि गर्दै आएका छन् । यो सङ्घर्ष युगौंसम्म अझ वर्गविभेद रहिञ्जेलम्म रही रहने क्का छ । यही भावर्थ व्यक्त गर्दै कवि क्षेत्रीले सर्वहारा वर्गले अरू कसैको अधिकार खोस्न को लागि वर्ग सङ्घर्ष हुँदैन, बरु आफ्नो गुमेको अधिकार, समानताको अधिकार लिनको लागि मात्रै वर्ग सङ्घर्ष हुने गरेको तथ्य यस कवितामार्फत औल्याएको छन् ।

कवि क्षेत्रीले नेपालको सन्दर्भमा पनि सान्दर्भिक हुने गरी लेखेको यो कवितामा दस वर्षको जनयुद्ध र १९ दिने जनआन्दोलन तयसै भएको होइन, कुनै रहरले भएको होइन, बरु जनताको गुमेको अधिकार स्थापित गर्नको लागि भएको हो तर हृदयहीन मानिसहरू जसले अहिलेसम्म धन, सम्पत्तिको आडमा जनतालाई शोषण र दमन गर्दै आएका छन् । उनीहरू नै संविधान निर्माण गर्ने थलोमा पुगेर जनताको पक्षमा संविधान बन्न नदिने षडयन्त्र गर्न थालेपछि यो कविताको माध्यमबाट क्षेत्री भन्छन्–

"तिमीसित मैले गुमाएको दिन मागेँ,
तर तिमीले पटक्कै दिन मानेनौं,
मैले बुझेँ, तिमीसित दिलको जात रहेनछ,
मैले तिमीसित एक झिल्को मेरै उज्यालो मागेँ,
तर तिमीसँग मलाई दिने उज्यालो नभएको जिद्धी गऱ्यौ ।
त्यसैले मलाई तिम्रो स्वर्गमा धावा बोल्न मन लाग्यो,
किनकि हृदयहीन मान्छेको स्वर्ग भत्काउनु थियो ।

यसरी हरेक देशमा सर्वहारा वर्गले शोषक वर्गको स्वर्गमा धावा बोल्नु भनेको शोषकीय शासनको अन्त्य गरी शोषणसहित समाजको स्थापना गर्नु हो । यही भावना व्यक्त गर्दै क्षेत्रीले शोषित वर्गको पक्षबाट उनले समाजमा वर्ग क्रान्ति र युद्ध समानताको लागि हुने गर्छ, जनताको गुमेको अधिकार प्राप्तिको लागि हन्छ भन्ने सन्देश यसमार्फत दिएका छन् ।

तयसै गरी क्षेत्रीले पहाड, तराई, हिमाल जहाँ पनि दुई वर्ग समाज रहेको छ । यस देशमा जातीय मुद्धा उठाएर वर्गीय मुद्धा ओझेलमा पार्न खोज्नेहरू तिनै हुन् । अब उनीहरूबाट सावधान अपनाउन सुझाव दिएका छन् । उनले ती शोषक वर्गलाई लामखुट्टे, जुकाको संज्ञा दिँदै ती शोषक वर्गविरुद्ध फेरि पनि धावा बोल्नु आवश्यक छ, भन्ने सन्देश दिँदे उनी लेख्छन्–

"तिमीले जस्तै स्वर्गको उज्यालोमा,
बस्ने रहर जागेर होला
मैले तिम्रो विरुद्ध धावा बोलेँ,

किनकि हृदयसहितका मान्छेहरू
जन्माउनु परेको थियो ।
तराईमा लामखुट्टे, पहाडमा जुकाहरू
मानिसको रगतमा बाँची रहेको देख्दा,
मलाई मिथेनको खेती गर्न मन लाग्छ,
हृदयहीन मान्छेले देश चुसेको देख्दा,
तिनको स्वर्ग धर्तीमा झार्न मन लाग्छ ।

यसरी एउटै देशमा कोही स्वर्गको आनन्द लुटेर बस्ने त कोही सडकपेटीको बास हुने यो विभेदको अन्त्यको लागि अझै पनि मिथेन अर्थात विषालु हतियारसहितको युद्धको जरुरी छ, सबैलाई समानता दिनको लागि शोषक वर्गविरुद्ध उठ्नुपर्छ, भन्ने सन्देश यस कवितामार्फत व्यक्त भएको छ ।

यही शोषक वर्गकै कारण जनताले सुख नपाएको विचार व्यक्त गर्दै उनले हृदयमा मानवता नभएको मानिसहरू शोषण कार्यमा संलग्न हुने कुरा औल्याएका छन् । एकप्रकारले मानिसले मानिसलाई शोषण गर्नु अपराध हो तर राज्यले नै नियम कानूनको डोरीले बाँधेर शोषण गर्नेहरूलाई बलियो बनाइदिए पछि त्यो राज्य व्यवस्था नै शोषकको हुने तथ्यको उदघाटन गर्दै क्षेत्री लेख्छन्–"सपना च्यातेर मलाई तिमीले,
अँध्यारामा हिँड्न लगायौ,
वसन्तमा वन खाएर तिमीले,
शिशिरको घुम्टो ओड्न लगायौ,
त्यसैले मलाई हृदयसहितको मान्छे बनाउन मन लाग्छ ।

यसरी मानिसको हृदय नै कठोर भएपछि राज्यमा आमूल परिवर्तन चाहनेहरूको सपना पूरा नहुने हुनाले "अधिकार मागेर पाइन्न, खोसेर लिन उठ्नुपर्छ" भन्ने विचार व्यक्त भएको छ । यस कवितामा पनि भरमर बिम्बको प्रयोग भएका छन् । तिमी शब्दले शोषक वर्गलाई सम्बोधन गर्दै लाम्खुट्टे, जुकाहरू, भूत आदि बिम्बको प्रयोग भएको छ भने सुख र शोषणको प्रतीक स्वर्ग, सपना, आदर्शको प्रतीक, अँध्यारो, दु:खको प्रतीकको रूपमा प्रयोग भएका छन् । देखेँ–बोलेँ, गर्‍यौ–मानेनौ, जस्ता

अनुप्रासहरू आएका छन् । समग्रमा यो कवितामा कलापक्षमा भन्दा सार पक्ष सशक्त रहेको पाइन्छ ।

### ४.६.३.४.खाली भित्ता

यो **खाली भित्ता** शीर्षकको कविताइच्छुक पत्रिकामा २०७२ मा प्रकाशित भएको छ भने यस कवितामा नेपाल र नेपालीको संस्कृति,रहनसहन,रीतिरिवाज र धर्म परम्परामाथि साम्रज्यवादी हस्तक्षेप बढी रहेको र नेपाली बालबलिकाहरूलाई आफ्ना अभिभावकहरूले पनि बेवास्ता गर्दा उनीहरूमा राष्ट्रिय भावना मरेर जाने खतराप्रति सङ्केत गरेका छन् । त्यसै गरी अधिकांश नेपाली जनताको आस्थाको केन्द्र हिन्दू धर्ममाथि पनि विदेशी हस्तक्षेप बढ्दै गएको छ । त्यसै गरी विद्यालयमा बालबालिकालाई अग्रेजी भाषा सिकाउने निँहुमा अंग्रजी गीत, संगीततर्फ आकर्षित गर्दै लगिएको छ, । यसरी पश्चिमेली संस्कृतिप्रति तीव्र आकर्षण बढ्दै जाँदा हाम्रो आफ्नो मौलिक संस्कार, संस्कृति, धर्म, परम्परा, रीतिरिवाज र जीवनशैली नै धराप पर्न थालेको कुराप्रति चिन्ता व्यक्त गर्दै कवि क्षेत्रीले त्यसको विरोधमा हामीले विदेशी वस्तुसँग हाम्रो मौलिक सम्पत्तिको रूपमा रहेको धर्म, परम्परा, रीतिथिति, संस्कार, संस्कृति नबेच्नको लागि आह्वान गरेका छन् । यसप्रति सबैको चासो राख्नु हामी सबैको कर्तव्यबोध गराउँदै हाम्रो मौलिकताप्रति  बेवास्ता जाने हो भने कालान्तरमा नेपालको अस्तित्त्वमाथि नै खतरा उत्पन्न हुनेछ, भन्ने कुराप्रति सचेत गराएका छन् ।

हाम्रो चिन्तनलाई **खाली भित्ता**को बिम्ब दिएर लेखिएको यस कवितामा हाम्रा पूर्खाले आर्जन गरेका ज्ञान, सीप र संस्कारहरू विस्तारै लोप हुँदै गएको प्रति चिन्ता व्यक्त गर्दै उनले कतै, कतै गाउँघरतिर बाहेक हरेक शहरका मानिसहरू पश्चिमा सभ्यता र संस्कृतिले गाँजी रहेको कुरालाई कवितामार्फत यसरी बताएका छन्–“
बिहानीको मिरमिरेमै उठेर

आमाले पोत्ने गरेको पिँडी पनि
कोत्रिएको छ, उप्किएको छ,
फुङ्ग रङ उडेको रातो माटोले

मुस्किलले अस्तित्व धानिरहेको छ,
कतै छैन, हेर्न लायक दृश्यहरू ।

यहाँ "आमाले पोत्ने पिँडी" को अर्थ हाम्रा पूर्खाले मान्दै आएको धर्म, संस्कार र परम्परा हो । यसमा अहिले कालो धब्बा लाग्दै गएको, कोत्रिएको, उप्किँदै गएको यथार्थताको बोध गराइएको छ । यसै गरी हाम्रो पूर्वेली ऋषिमुनिहरूको कैयौँ वर्षको तपश्याबाट प्राप्त ज्ञान, विज्ञानहरूबाट आर्जित धर्म, संस्कार र संस्कृतिमाथि अतिक्रमण हुँदै गएको यथार्थलाई यसरी व्यक्त गर्छन्–

"रङ्गीन भित्ताका चित्रहरू
कसले मेटिदियो यसरी
दिन-दिनै खाली देखिन्छन् भित्ताहरू
पैगम्बरका शिष्यहरूले मेट्ने कोसिस गर्छन्
कुनै दिन व्यासले कोरेका चित्रहरू,
यशुका चेलाहरूले हिलो पोत्ने यत्न गर्छन्
कुनै दिन बुद्धले बनाएका चित्रहरू,
कुनै समयमा काबुलमा मुर्ति फोरेर किन ?
मरेर पनि बाँचेका बुद्धलाई पुनः मार्ने प्रयास गर्छन् ।

यसरी नेपालमा जन्मेका बुद्ध र बुद्धिष्ठहरूप्रति पनि सहानुभूति प्रकट गर्दै कविले बुद्धजस्ता महान मानिसको मुर्तिसमेत काबुलमा फोरेर जबरजस्त अशान्तिको बिजारोपन भएको घटनासमेत स्मरण गराएका छन् । त्यसै गरी क्रिस्चियन धर्म प्रचार गर्ने नाममा नेपालका गरिब बस्तीमा पसेर पैसामा धर्म किन्ने र बेच्ने प्रवृति बढेकोमा यस कवितामा घोर विरोध गरिएको छ । हाम्रा पूर्खाले वीरताको ख्याती कमाएका थिए, संसारमा 'नेपाली वीर' को संज्ञा पाएका हामी स्वाभिमानको सवालमा उच्चकोटिमा थियौँ । तर अहिले हामीमा हाम्रो स्वाभिमान बेच्दै गएका छौँ, हाम्रो आफ्नो पन भन्ने मर्दै गएको छ साथै हाम्रो आफ्नो भन्ने अहिले केही नभएको विचार यसरी व्यक्त भएको छ–"कुनै दिन जनरल जिलेस्पी ढाल्ने मेरो हात

आज रित्तो भएको छ,

न मेरो हातमा खुकुरी छ, न त मेरा झण्डा,
छ त मसँग एक थान टि.भी. र मोबाइल,
छ केवल मेरो अस्तित्वसँग सोटेको
देब्रे हातमा बाँधेको एक थान बिजुली घडी ।

यसरी यस कवितामा हाम्रो स्वत्व विनाश हुँदै गएको, पराधीन बन्दै गएको र उपभोग्य सामानदेखि धर्म, संस्कार, रीतिरिवाज सबै बिर्सँदै गएको तर आयातीत वस्तुदेखि सबै चिजमा हाम्रा स्वाभिमान र अस्तित्व साटिँदै गएको छ, भन्ने सन्देश दिएका छन् ।

यस कवितामा खाली भित्ता, नेपालीजनको चिन्तनको प्रतीक हो भने 'आमाले पोत्ने पिँडी, हाम्रो संस्कार, संस्कृति, धर्म, परम्पराको बिम्ब हो । त्यसै गरी यहाँ "वेदव्यासले कोरेको चित्र," हाम्रो हिन्दू धर्मको शब्दबिम्बको रूपमा प्रयोग भएको छ । यसमा मित्रहरू–चित्रहरू,कोसिस गर्छन्–यत्न गर्छन् जस्ता सामान्य रूपमा अनुप्रासमिलाउने प्रयत्न गरिएको छ भने यो गद्य कविता भएकोले लयात्मकता, संगीतामकताको अभाव रहेको भएता पनि अन्तर्लयको संगम भने रहकै छ ।

### ४.६.३.५ अदना छिमेक

यो **अदना छिमेक**कविता यही वर्ष २०७३ सालको प्र.ले.स. काठमाडौंबाट प्रकाशित हुने 'प्रलेस काठमाडौं बुलेटिन'मा प्रकाशित भएको हो । यस कवितामा राष्ट्रिय भावना उद्भास भएको छ । छिमेकी मुलुकबाट हेपिएर बस्नु परेको तितो यथार्थको उद्घाटन गर्दै कविले कहिले नाकाबन्दी त कहिले सिमाना मिचाइको पीडा दिने गरेको प्रति लक्षित गर्दै अदना अर्थात तुच्छ र घटीया छिमेकको पीडाबाट आहात मनहरू (स्वदेशी जनताहरू) विवशताको भारी बोकेर बाँच्नु परी रहेको भाव यस कवितामा पोखिएको छ । नेपालका एक ढिक्का भएर बसेका जनतालाई घरी एउटा, घरी अर्कोलाई उचालेर आफ्नै दाजुभाइ फुटाउने खेलले नेपालको अस्तित्व नै खतरामा पर्न लागेको प्रति सङ्केत गर्दै शान्त र सुन्दर देश नेपाल खण्ड-खण्डमा परिणत हुने हो कि ? भन्ने चिन्ता व्यक्त गरिएको छ । हाम्रा वीर पूर्खाहरूले आर्जन गरेको

स्वाभिमानलाई हामीले बँचाउन नसकी रहेकोमा क्षोव प्रकट गर्दै तिनको नेपाली दलालहरूलाई पहिले समाप्त गर्नु पर्ने धारणा व्यक्त गरिएको छ ।

यसरी समग्रमा राष्ट्रिय भावनाले ओतप्रोत यो कवितामा छिमेकीको तृष्णा नेपाली भूमिमा उसको विस्तारवादी नंग्रा गाड्नु रहेको भएता पनि 'मुखले चिप्लो बोल्नु तर भित्र-भित्रै घर भाँड्नु' उसको अदना इच्छाको परिणति हो, भन्ने भावमा कवि लेख्छन्–

"मनमा एउटा रसको तृष्णा बोकेर
मुखमा गुलियो पपको भिखारी छिमेकीले
मेरो घरका परिवार भाँडेर अशान्त सिर्जना गरी रहेछ,
उसका अदना इच्छाहरूलाई युगदेखि
वर्तमानसम्म पनि आपूर्तिको भरिया बनाई रहेछ ।
शान्त र सुन्दर परिवारको बासस्थानलाई
भताभुङ्ग बनाएर उसले
गौरवमय सानो स्वर्गमा आगो लगाउँदा हामी
उसको बर्बरता सहेर कोतरिएको जीवन बाँची रहेका छौँ ।

मनभित्रको योजना एउटा र बाहिर देखाउने कुरा एउटा अपनाएर छिमेकीले हाम्रै दाजुभाइभित्र

खेली रहेको कुराप्रति सङ्केत गर्दै देश अशान्त बनाउनमा छिमेकीको ठुलो भूमिका छ, भन्ने

भाव यसमा प्रकट भएको छ ।

बाँच्नुको परिवेशमा हामी नेपाली एक भएर अगाडि नबढेसम्म देश विकास हुँदैन । तर छिमेकीले कहिले तराई तथा मधेशवासी उचालेर त कहिले पहाडीया जनजाति उचालेर त कहिले कहिले थारुवान उचालेर नेपालीहरूको मनलाई अशान्त बनाई रहेको यथार्थबोध गराउँदै कविले यसमभा हामी सबै सचेत हुनु पर्ने सन्देश दिएका छन् । यसै गरी कवि क्षेत्रीले छिमेकीले सिमाना मिचेर आउँदासम्म, जङ्गेपिलरहङ ढालेर वरवर सार्दासम्म तथा तिनको खेतालाहरू (प्रहरी, सेना) नेपाली

भूमिमा पसेर आतङ्क मच्चाउँदासम्म चुइक्क बोल्न नसक्ने हामीभित्रको स्वाभिमान खोइ ? भन्ने सवाल उठेको कुरा स्मरण गराउँदै उनी लेख्छन्–

अटल र अचल भूमि र स्वत्वलाई
हामीले जोगाउन नसकेर नै आज कसेरा बारीमै
तिनको हस्तक्षेपको हलो जोतिएको छ ।
तिनको अदना इच्छाको लागि हामी आफैभित्र
खण्ड-खण्ड भएर आफ्नै दाजु-भाइको विरुद्ध
अञ्जान दुश्मनीको हरियार साँधी रहेछौं,
तिनका खेतालाहरू बारीको सिमानामा
निश्फिक्री परेड खेल्दा पनि हामी
निरीह बनेर नतमस्तक उभी रहेछौं ।
हामी, हामीभित्रका गर्विला मनहरू
तिनको अदना आज्ञाको अगाडि लम्पसार परेर
दूर्घटनाको चालकजस्तै टोलाई रहेछन्,

यसरी कविले यस कवितामा छिमेकीको हेपाइको अगाडि, हस्तक्षेपको अगाडि न हामी विरोध गर्न सक्दैछौं, न त प्रतिकार गर्न सक्दैछौं, तसर्थ खोई ? 'हामी भित्रका गर्विला मनहरू' अर्थात हाम्रो स्वाभिमान कहाँ छ ? भन्ने प्रश्न उठाएका छन् । यसरी यो कवितामार्फत कवि क्षेत्रीले हामी आफै जुट्ने समय आएको छ र को को दलाल र नेपाल र नेपालीको अहित गर्ने मनशायले दलाली राजनीति गर्ने 'अदना आज्ञाका पालना गर्ने' हरूको भण्डाफोर गर्दै जानुपर्छ र तिनलाई देश निकाला नगरीसम्म देश बन्दैन, भन्ने आशयका साथ लेखिएको यो कविता विषयवस्तुको दृष्टिले अत्यन्तै सान्दर्भिक र उत्कृष्ठ रहेको छ ।

यस कवितामा 'गरी रहेछ–बनाई रहेछ,साँधी रहेछौं–उभी रहेछौं,बोकेर–भएर-बनेर-परेरजस्ता अनुप्रासहरूले सामन्यतः अन्तर्लयको आभास दिन्छ भने नेपाली दलाललाई भरियाको बिम्ब राखेर अनि हाम्रो सिमानाको बिम्ब करेसाबारीप्रयोग भएको

छ । यी बिम्ब र प्रतीकहरू अनुमान लगाउन सकिए कविता बुझ्न कठिन नहुने गरी लेखिएको छ । समग्रमा यो कविताको सार पक्ष बलावान छ भने कला पक्ष केही कमजोर रहेको छ । तर कवि भीम क्षेत्री वास्तवमै प्रगतिवादी कवि भएको हुनाले साहित्यमा कलाको खोजीमा भन्दा पनि नेपाली समाज, संस्कृति र राजनीतिमा भएका विकृति, कमी कमजोरी औल्याउँदै त्यसमा सुधारको अपेक्षा राख्ने गर्छन् ।

### ४.६.४ निष्कर्ष

**यसरी** कवि भीम क्षेत्रीको समग्र कवितामा प्रवृतिगत विशोषता पहिल्याउने हो भनेहामी के निष्कर्षमा पुग्न सक्छौं भने उनी जल्दाबल्दा क्रान्तिकारी तथा परिवर्तनकारी स्रष्टाको रूपमा अनवरत खट्न सक्ने जनताको प्रतिनिधि कवि हुन्, भन्न सक्छौँ । उनका सबै कवितामा गरिब, निमुखा, उतपीडित, दु:खी मानिसहरूको कथा र व्यथा रहेको र सोबाट मुक्ति पाउने एक मात्र उपाय क्रान्ति, सङ्घर्ष र विरोध मात्रै हो भन्ने कुराको अभिव्यक्ति उनका हरेक कवितामा पाइन्छ । यसको साथै उनका केही कविताहरूमा देशप्रेम, देशभक्ति र स्वाभिमानी भावनाको अभिव्यक्ति पनि पाइन्छ । देशको राजनीतिक र सामाजिक अवस्थाको सटिक मूल्याङ्कन गर्न सक्ने क्षेत्रीको मूल साहित्यिक आधार भनेको मार्क्सवादी सौन्दर्य चिन्तन नै हो र यसकै सेरोफेरोमा रहेर कविताहरूको सिर्जना भएको पाइन्छ । उनले देखेको र भोगेको समाजको चित्रण गर्न कहिले गीतको र कहिले कविताको साथै अन्य गद्य विधाको पनि सहारा लिने गरेका छन् तथापि उनले अन्य विधामा भन्दा पनि छिटो कलम चलाउन कवितालाई नै सहज मान्ने गरेका छन् । उनले कवितामार्फत देश र जनताको आवाज बोल्ने गरेका छन् भने समसामायिक राजनीतिमा आएको खराब चिन्तन र प्रवृतिको भण्डाफोर पनि यही कवितालाई नै बनाउने गरेका छन् ।

कवि भीम क्षेत्रीको कविता सिर्जन कार्यमा आउने प्रवृतिगत विशेषताको रूपमा कुनै विषयको गहिऱ्याईमा पुग्नु पनि हो । उनी कविता लेख्न बसेपछि एउटै विषयमा केन्द्रित रहेर भएभरका सबै शब्दहरूमार्फत विषयलाई गाम्भीर्य बनाई अनेक बिम्बबाट पुष्टि गर्न प्रयास गर्छन् । उनका कवितामा कुनै कुनै जटिल बिम्बको प्रयोग, नवीन

प्रतीकको प्रयोग र क्लीष्ट शब्दको प्रयोगले बुझ्न कठिन बन्ने गरेको पनि पाइन्छ । उनको अर्को विशेषता भनेको नै नयाँ बिम्ब र प्रतीकको प्रयोग हो । कहिले विश्व सर्वहारा वर्गको क्रान्तिमा सहादत बनेका सहिदहरूलाई बिम्ब बनाएर नेपालीकरण गर्ने गर्छन् त  कहिले विश्वको प्रख्यात स्थानहरूलाई प्रतीक बनाएर नेपालसँग जोड्न पुग्छन् । यस प्रवृतिका कारण कतिपय कुराहरू उनी आफैलाई मात्र थाहा हुने, अरूलाई पत्तै नहुने हुन्छ । यसले गर्दा अध्ययनको क्रममा कतिपय शब्द र भाषिक कठिनाईमा उनै शोधनायकको मद्दतबिना सम्भव छैन ।

यसरी कवि भीम क्षेत्री समग्रमा जनताको कवि हुन् र जनता र देशको पक्षमा रचनालाई केन्द्रित गरी आफ्नो सिर्जन कार्यलाई निरन्तरता दिइरहेका छन् । उनी कलापक्षमा भन्दा विचार पक्षमा अर्थात रूप पक्षमा भन्दा सार पक्षमा सिर्जना गर्न रुचाउँछन् । कला कलाको लागि भन्ने बुर्जवा सिद्धान्त उनको ा लागि मान्य छैन, बरु उनी कला मानव र मानव समाजको लागि हुनुपर्छ भन्ने क्षेत्री विचार पक्षलाई उच्च प्राथमिकता दिन्छन् ।

## ४.७. भीम क्षेत्रीका कथासङ्ग्रहहरूको अध्ययन

साहित्यकार भीम क्षेत्रीको कलम कथा साहित्यमा पनि त्यतिकै सशक्त भएर चलेको छ । उनले कथाहरूमा पनि प्रगतिवादी सैद्धान्तिक धारालाई अँगालेका छन् । उनले पहिलो चरणमा गीत, दोस्रो चरणमा नाटक, तेस्रो चरणमा कविता हुँदै चौंथो चरणमा आइपुग्दा अन्य विधाभन्दा कथा साहित्यमा समयको बढी लगानी गरेको देखिन्छ । उनको वि.सं.साठीको दशकमा कथालेखन सुरु भई सत्तरीको दशकमा निकै नै घनीभूत भएको पाइन्छ । यसरी कथा लेखनमा लागेका क्षेत्रीले दजनौं कथाहरू लेखे पनि हालसम्म उनका दुई वटा कथासङग्रहहरू मात्र प्रकाशित भएका छन् । उनले पहिलेदेखि नै कथाहरू लेख्दै र पत्र-पत्रिकामा प्रकाशन गर्दै आए पनि उनका ती कथाहरूमध्ये दुई वटा कथासङग्रहहरूमात्र २०७० मा प्रकाशन भएका थिए । ती कथासङ्ग्रहहरू 'तृष्णा र तृप्ति' (२०७०) र 'समय र मान्छे' (२०७०) हुन् । यी दुबै कथासङग्रहमा एघार/एघार वटा कथाहरू समावेश गरेका छन् । सुरूमा जनवादी गीत

लेखनबाट साहित्यतर्फ पाइला राखेका क्षेत्री हाल साहित्यका विविध विधामा कलम चलाई रहेका छन् । उनी कथा विधामा पनि सफल देखिन्छ । आफू बसेको सामाजिक वातावरण र त्यही समाजमा देखा परेका समस्या, विकृति, विसङगति, अन्याय र अत्याचारलाई आफनो लेखनको प्रेरणास्रोतको रूपमा अङगीकार गर्ने क्षेत्री साहित्यलाई न्यायपूर्ण मुक्त समाज तथा शोषणरहित समाज निर्माणका लागि जनचेतना जगाउने एउटा सशक्त कडीको रूपमा हेर्छन् । उनी मूलत : प्रगतिवादी कथाकार हुन् ।

प्रगतिवादी साहित्यिक सिद्धान्तलाई आत्मासात गर्ने क्षेत्रीका कथाहरू मूलतः हाम्रै नेपाली समाजमा दिन-प्रतिदिन घट्ने घटनाहरूलाई आधार मानी लेखिएका छन् । कतै समाजका विकृतिहरूमाथि प्रहार गरिएका छन् त कतै समाज धमिल्याउनेहरूमाथि खनिएका छन् । यसै गरी देशका दुश्मन घुस खाने र घुस खुवाएर आफ्नो अवैध काम पूरा गराउनेहरू नै हुन्, भन्ने कुरा पुष्टि गर्ने प्रसङ्गहरू कथाहरूमा व्यक्त छन् । यसरी नै कथाहरूमा देश कमजोर र गरिब बनाउने शासकहरूमाथि पनि कतै, कतै आक्रोस र त्यसमाथि विद्रोह बोलिएका छन् । यसरी कथाहरूमा पनि देश, समाज र समाजभित्रका मान्छेहरूको प्रवृति र त्यसको भण्डाफोर गर्नु क्षेत्रीको अभीष्ट रहेको छ । क्षेत्रीले देश, समाज र त्यसभित्रका मानिसहरूको प्रवृतको भण्डाफोर मात्रै गरेका छैनन् कतै, कतै तिनलाई सबक सिकाउने गरी दण्ड दिने उपाय पनि खोजेका छन् ।

यसरी कथाकार क्षेत्रीका कथाहरूमा देशको राजनीतिक, सामाजिक, सांस्कृतिक र कतै आर्थिक विषयहरू पनि आएका छन् । यी विषयहरूमा देखिने विकृति, विसङ्गति र अन्याय, अत्याचारको विरुद्धमा कथाहरू आफ्नै गतिमा सररर बगेका छन् । समीक्षक शेखर अर्यालका अनुसार “क्षेत्रीका कथाहरूमा समाजमा चलेका अन्याय, अत्याचार, शोषण, दमनप्रतिको क्रान्तिचेतभाव प्रकट भएको छ । वर्तमान समय सम्झौतामा परी बाटो बिराएको आभास कथाकारमा परेको छ । कथाको विषयवस्तु प्रायः जनयुद्धको समयका छन् । केही कथामा जनताको चाहनामा लात हान्दै आत्मसमर्पण गर्ने समर्पणवादप्रति विद्रोह उत्पन्न भएको छ । सामाजिक यथार्थताको चित्रण गरिएको कथामा जनयुद्धकालीन यथार्थको विवरण र घटना घटित भएका छन् ।

जनघाती र देशविरोधी व्यक्तिबाट मुक्तिको बाटो रोकिने अवस्था सिर्जना भएको छ । यस समयमा विवेकशील तरिकाले पाइला चाल्नु पर्नेछ । विकृति र विसङ्गतिका विरुद्धमा अझै सङ्घर्ष गर्नुपर्ने क्रान्तिकारी भाव उनका कथाहरूमा प्रस्तुत भएको छ ।" (शृङ्खला मासिक-पूर्णाङ्क-१०४) यसरी उनका कथाहरू प्रायः मार्क्सवादी दर्शनमा आधारित साहित्यिक सिद्धान्तलाई आधार बनाई लेखिएका छन् ।

### ४.७.१. तृष्णा र तृप्ति' कथासङ्ग्रह र त्यसभित्रका कथाहरूको अध्ययन

कथाकार भीम क्षेत्रीले आफ्ना विभिन्न पत्रिकामा प्रकाशन गरेका र नगरेका बाइस वटा कथाहरूलाई दुई वटा सङ्ग्रहमा सम्बद्ध गरी २०७० सालमा प्रकाशन गरेका छन् । उनका ती कथसङ्ग्रह **'तृष्णा र तृप्ति'** र **'समय र मान्छे'** हुन् । तीमध्ये यहाँ 'तृष्णा र तृप्तिको अध्ययन गर्ने कोसिस गरिएको छ । यो 'तृष्णा र तृप्ति' कथासङ्ग्रहमा जम्मा एघार वटा कथाहरू समावेश गरिएका छन् । ती कथाहरू क्रमशः **'रामे र उसको पेटी, निष्ठुरी साइनो, फुटेको सपना, अन्तिम प्रयास, बिपिन सरको डायरी, अहङ्कारको परिणाम, अभिशप्त जिन्दगी,** तृष्णा, तृप्ति र तनाव, **फैसलाको दिन, मुक्ति र क्रान्ति, सहिदकी श्रीमती,** रहेका छन् । यी सबै कथाहरू हाम्रै देश नेपालको ग्रामीण समाज र त्यहाँ बसोबास गर्ने नेपालीहरूको प्रतिबिम्बको रूपमा चित्रण गरिएका छन् । नेपालका राजनीतिक विषयवस्तु समेटिएका कथाहरूमा 'अन्तिम प्रयास' 'अभिशप्त जिन्दगी' 'फैसलाका दिन' 'मुक्ति र क्रान्ति' र 'सहिदकी श्रीमती पनि रहेका छन् । यी कथाहरूमा राजनीतिमा विकृति र विसङ्गति मौलाएको कारण र सामूहिकताभन्दा वैयक्तिक लाभको लागि मानिसले राजनीति गर्ने गरेका कारण देश बर्बादीतर्फ गई रहेको कुरा यी कथाहरूमा उल्लेख भएका छन् । समग्रमा देश बनाउने र बिगार्ने यन्त्र भनेको राजनीति नै हो, तर नेपालमा राजनीति गर्नेहरू भ्रष्ट हुने गरेको र पुँजीपति वर्गको, शोसक वर्गको र शासक वर्गको दलाली गरेर आफ्नो फाइदा हेर्ने प्रवृतिका कारण नेपालमा हरेक पटकको आन्दोलन र त्यसबाट भएको उपलब्धी जनताको पक्षमा जान नसकेको तितो यथार्थको उद्घाटनको साथै न्यायमूलक समाज निर्माणको लागि आह्वान गरिएका कथाहरू छन् । समीक्षक शेखर अर्यालका अनुसार

क्षेत्रीका कथाहरूमा “समाजमा रहेका विद्यमान परम्परा, कुलीन जा जडतायुक्त सोचाइलाई अन्त्य गरेर न्यायसङ्गत समतामूलक समाजको निर्माण गर्ने क्रान्तिकारी चेत यस कथासङ्ग्रहमा पाइन्छ । यसमा मूलतः शासन व्यवस्थाका विकृति, विसङ्गति, अन्याय, अत्याचार, दमन र शोषणको विरोध गर्दै अग्रगमनको अपेक्षा रहेको छ । कथाकारले व्यक्त गरेको क्रान्तिचेतलाई समाजवादी यथार्थवादी चिन्तनसँग जोडेर अभिव्यक्त गरेका छन् ।” यसरी समाजको यथार्थता, त्यसको विरोधको साथै नयाँ समतामूलक समाज निर्माणको सन्देश दिएर लेखिएका क्षेत्रीका कथाहरू पछिल्ला पिढीको लागि शिक्षाप्रद छ, भन्न सकिन्छ । त्यसै गरी यो कथाङस्ग्रहको भूमिका लेख्दै प्रा.डा.जगदीश चन्द्र भण्डारी लेख्नुहुन्छ “भीम क्षेत्रीका यस सङ्ग्रहमा सङ्कलित कथाहरूमा सामाजिक यथार्थको चित्रणका साथै युद्धकालीन यथार्थको उद्घाटन गरिएको छ भने वर्गसङ्घर्ष र क्रान्तितन्त्रको सुत्र चुँडाउने घातक तत्वका विरुद्धसमेत क्षेत्रीको कथाकारिता प्रशंसनीय रहेको छ । जनघाती तथा देशविरोधी तत्वबाट परिचालित एवम् वर्गीय युद्धबाट स्खलित नेतृत्वका कारण मुक्तिको बाटो बन्द गर्ने दुःसाहस गरिएका र मुक्तिको सपनामा तुषरापात भएको यो बेला निरन्तर सङ्घर्ष र विद्रोहको आवश्यकता रहेको आशासमेत कथामा प्रकट भएको पाइन्छ ।” (तृष्णा र तृप्ति कथासङग्रहको भूमिका) यसरी हेर्दा क्षेत्रीका यो ‘तृणा र तृप्ति’ कथासङ्ग्रहभित्र सबै कथाहरू अब्बल छन् तथापि यस शोधकर्ताका केही सिमाका कारण ती सबै कथाहरू यस शोधकार्यमा अध्ययन, अनुसन्धान गर्न सम्भव नहुने भएकाले यसभित्रका कथाहरूमध्ये **फुटेको सपना,अन्तिम प्रयास, अभिशप्त जिन्दगी, तृष्णा-तृप्ति र तनाव,**तआदि चार वटा कथाहरू मात्रै प्रतिनिधि कथाको रूपमा अध्ययन गर्ने प्रयास गरिएको छ । यी कथाहरूबाटै उनका कथाको समग्र प्रवृतिगत विशेषताहरू पहिल्याउन सकिनेछ भन्ने निष्कर्षसहित यस शोधमा छनोट गरिएका यी कथाहरूको अध्ययन समग्रतामा गर्ने कोसिस गरिएको छ । समग्रतामा सार पक्ष र कला पक्षको अध्ययन गर्दै समग्रतामै विषयवस्तु वा कथावस्तु, कथाको परिवेश, भाषाशैली वा शिल्प, सन्देश वा उद्देश्यको साथै यसको कलात्मकताको विशलेषण गर्ने प्रयास गरिएको छ । यसरी अध्ययन गर्ने क्रममा पनि एउटै शीर्षक दिएर समग्रता खोज्नुमा

शोधकर्ताको केही सिमा र कमजोरी रहेको छ । यो कमजोरीलाई सहर्ष स्वीकार्दै ती पाँच वटा कथाहरूको अध्ययन यसप्रकार गरिएको छ ।

### ४.७.१.१ फुटेको सपना

कथाकार क्षेत्रीले यो "फुटेको सपना" कथा २०६७ वैशाखमै शृङ्खला मासिकमा प्रकाशन गरेका हुन् तथापि यो २०७० सालमा 'तृष्णा र तृप्ति' कथासङ्ग्रह ( पुस्तकाकार कृति) मा तेस्रो कथाको रूपमा समावेश गरी प्रकाशन गरेका छन् । यो कथा एकजना होनहार नेपाली युवामा केन्द्रित रहेको छ । आमा-बुबाको एक्लो छोरो दीपक एस.एल.सी् पास गरेर काठमाडौं सरस्वती क्याम्पसमा भर्नासमेत हुन्छ । तर गाउँकै बहिदार बाका छोराहरू धनसिँह र मानसिँह काठमाडौंको सुविधा सम्पन्न निजी कलेजमा पढ्न थाल्छन् भने दीपक आर्थिक रूपले कमजोर हुनाले सरकारी कलेज ( सरस्वती क्याम्पस) मा पढ्न थाल्छ । आर्थिक रूपले कमजोर युवामा हनि भावनाको विकास हुन्छ र पैसा कमाएर मात्र आफ्नो सान बढाउन सकिन्छ भन्ने धारणा बनाउँछ र आखिर पढ्न छाडेर गाउँतिरै फर्कन्छ । तर गाउँमा पनि रोजगारको अभावमा बस्न नसक्ने हुन्छ । २०४६ सालको जनआन्दोलनमा पनि खटेका दीपक त्यसपछि आफ्नै राई जातिका छिमेकी सांसदमा एमाले पार्टीको टिकट लिएर चुनावमा उठ्दा उनलाई आफै चुनावमा उठेको महसुस भएको हुन्छ । चुनावमा जितेर आफ्नै गाउँले संसद बनेपछि उनलाई हुनसम्मको खुसी लाग्छ । उनी आफूलाई अब कम्युनिष्ट पार्टी देशमा आएको छ, केही गर्छ भन्ने आशा पलाएको छ तर कालान्तरमा ती सांसद पनि काठमाडौं शहरमा आफू मात्रै महल बनाएर बसेको, आफूले रोजेको पार्टी पनि अन्य पुँजीवादी पार्टीभन्दा फरक नभएको यथार्थ थाहा पाउँछ । उनको यो भोगाईले उनलाई राजनीतिदेखि नै वितृष्ण जगाई दिन्छ ।

त्यसपछि उनलाई आफ्नै मामा पर्ने सञ्जयले साउदी अरबमा काम मिलाई दिने आश्वासन दिन्छ । तर त्यहाँ पुगेर काम गर्ने मनभरि धोको पाल्छ तर विदेश जानु पनि पैसा नैचाहिने हुनाले त्यो पैसा कहाँबाट ल्याउने भन्ने चिन्ताले सताउन थाल्छ । जाँड, रक्सी, चुरोट, बिडी खैनी केही पनि नखाने दीपकको गाउँकै सुन्दरे घिसिङकी

छोरी रीतासँग प्रेम बसेको हुन्छ । तर पैसाकै कारणले बिहे गर्न नसकेको कुराले उनलाई पोल्न थाल्छ । आमा-बालाई सुख कसरी दिने भन्ने चिन्ताले झस्काउन थाल्छ भने अर्कातिर गाउँका धनीका छोराहरूले लाएको, खाएको र सुखले घुमेको देखेर आफूलाई पनि त्यस्तै गर्न मन लाग्ने गरेकाले उनलाई "यो संसारमा पैसा नै सबैभन्दा ठूलो हो" भन्ने लाग्न थाल्छ । यही महत्वकांक्षले अन्त्यमा मनभरि आशाको पोको बोकेर अनि सुखले जिउने ठूलो सपना बोकेर तिनै बहिदार बासँग ऋण काडेर, लैनो भैंसी र घरमा पालेको सुँगुर बेचेर दीपक विदेशतिर लाग्छ ।

जब दीपक विदेशमा पुग्छ र कामको प्रकृति हेर्छ, ऊ छाँगाबाट खसेझैं हुन्छ । त्यहाँ उसले सोचे जस्तो केही पनि हुँदैन । उसलाई बिष्कुट कारखानामा काम लगाइदिने भनेर लगिन्छ तर त्यहाँ पुगेपछि फलामको रड पगालेर फलामे सामान बनाउने कारखानामा काम गर्न लगाइन्छ । उसलाई खान, बस्न र कपडासमेत दिएर चोखो ८०० रियल दिने भनेर लगिएको हुन्छ तर त्यहाँ सुख्खा ६०० रियल मात्र पाउँछ । यसबाट उसको मन बिचलित हुन पुग्छ । त्यही ६०० रियल भित्रबाट खान, बस्न, र पकेट खर्च गर्नु पर्ने भएकोले ६०० रियल त्यतिकै सकिन्छ । विदेश गएको पाँच महिनामा पनि उसले घरमा एक पैसा पनि पठाउन नसक्दा ऊ आफैलाई ग्लानीले तड्पिइरहेको हुन्छ । घरबाट आमा र बाबाले लगातार तिन पटक फोनबाट ऋण तिर्नको लागि पैसा पठाऊ, भनेर फोन गरी सकेका हुन्छन् । तर ऊसँग पैसा बचाउने हैसियत हुँदैन । एउटै कोठामा अरू तिन जना साथीहरूसँग बसेको दीपकलाई दिनदिनै घरको याद, रीताको माया र ऋणको पीरले गाँज्न र सताउन थाल्छ । दिनभर गर्मीमा काम गर्ने र बेलुकी भएपछि निद्रा नलाग्ने हुन थाल्छ । यसले गर्दा उसले जाँड, रक्सीलाई साथी बनाउन थाल्छ, जाँड र रक्सी पिउन थाल्छ ।

एकदिन रक्सी पिएर चिन्ता हटाउने क्रममै ऊ दिनभर काम गरेर बेलुकी साँझमा साथीहरूलाई पनि थाहै नदिई रक्सी भट्टीतिर लाग्छ । तिन, चार प्याग रक्सी खाएपछि मात्तिएर, लट्ठिएर हल्लिँदै, हल्लिँदै डेरातिर लाग्छ । तर उनीहरूको डेरा जाने बाटो अल्मलिन्छ र अर्कै दिशातिर लाग्छ । जति गर्दा पनि मातेको आँखाले डेरा ठम्याउन सक्दैन । यसपछि दीपकले मध्य रातमा घरजस्तै छाँया परेको ठाउँ भेट्छ र

त्यहीमुनि पसेर सुत्न थाल्छ । तर त्यो विदेशी ठूलो बडीको ट्रक हुन्छ । रातको तिन बजेतिर ड्राइभरले ट्रक स्टार्ट गर्छ । यो बेला न त ड्राइभरलाई 'ट्रकमुनि मान्छे छ' भन्ने थाहा हुन्छ न त दीपकलाई नै 'अब ट्रक हिँड्छ' भन्ने थाहा हुन्छ । आखिर यही क्रममा ट्रकले किचेर दीपकको मृत्यु हुन्छ । यसरी दीपकको ऊ आफूले सजाएको सपना फुटेर चकनाचूर हुन्छ ।

यसरी नेपाली युवाहरू विदेशिनु र विदेशिएका युवाहरूको लाश दिनदिनै नेपाल भित्रिनुको यथार्थतालाई कथाकार क्षेत्रीले निकै कौशलपूर्वक प्रस्तुत गरेका छन् । नेपाली धर्तीमा जनयुद्ध भइरहेको समयको परिवेशलाई समेटेर लेखिएको यो कथाका मुख्य पात्र दीपक पढ्न छाडेर कि त जनयुद्धमा जाने र देशमा शोषण गरेर देश र जनता गरिब, दुःखी बनाउनेहरू विरूद्ध युद्ध गर्ने कि त विदेश गई पैसा कमाएर ल्याउने भन्ने द्वैमनको निष्कर्षमा विदेश नै हिँडेको छ । तर उनको सपना पूरा नहुँदै बिचैमा फुटेको, तुहेको वा नष्ट भएको हुनाले यसको शीर्षक पनि उपयुक्त ढङ्गले राखिएको छ ।

भाषा-शैलीको सम्बन्धमा पनि यो कथा उपयुक्त रहेको पाइन्छ । भाषा सरल, सरस र सम्प्रेषणीय रहेको छ । पूर्वेली ग्रामीण परिवेशमा तयार पारिएको यो कथामा भाषामा पनि पूर्वेली ग्रामीणता झल्कन्छ र गाउँका मानिस अनुसारको बोली सबैले बुझ्ने प्रकारको रहेको छ । कही कतै "के खोज्छस् कानो आँखो" जस्ता उखान पनि प्रयोग भएको छ भने टुक्काहरू पनि यथोचित रहेको छ । कतै-कतै संवादको प्रयोग र त्यो अत्यन्तै मार्मिक संवाद रहेको छ । आमा-छोराको संवाद, दीपक र रीताको संवाद सम्झनलायक रहेको छ । यसरी भााषा-शैलीको उपयुक्त सम्मीलनबाट यो कथाको बनोट अति सुन्दर बानेको छ ।

यो फुटेका सपना कथाका मुख्य पात्र दीपक रहेको छ भने सहायक पात्रहरू दीपककै आमा-बा, बहिदार बाका छोराहरू धनसिँह र मानसिँह, दीपककी प्रेमिका रीता रहेका छन् । यसरी थोरै पात्रहरू रहेको यो कथाको सन्देश देशमा कुशासन भयो भने नागरिकले विदेशीको मुख ताक्नु पर्ने हुन्छ र शासकहरूले आफ्ना नागरिकहरूलाई देशमा काम दिन नसकेपछि विदेशिनु बाध्य हुनु पर्ने अवस्था आउँछ । नागरिकलाई विदेशमा पनि सहज छैन, विदेशमा अनेक पीडा झेल्नु पर्ने, पीडा झेल्दा-झेल्दै मृत्युको

मुखमा पुग्नु पर्ने अहिलेको नेपाली युवाहरूको मुख्य समस्या रहेको छ । यसरी विदेशिनुको सट्टा देशमै शोषकहरू विरुद्ध लडाई, झगडा, के के गर्नुपर्छ त्यो पनि गर्दै आफ्नै देशमा बसेर मिहिनेत गर्नु वेश हुन्छ भन्ने सन्देश दिएको छ ।

### ४.७.१.२ अन्तिम प्रयास

यो **अन्तिम प्रयास** शीर्षकको कथा पनि प्रगतिवादी सैद्धान्तिक धरातलमा लेखिएको छ । यसको विषयवस्तु एकजना मधेसी मूलका पात्र जग्गुलाई मुख्य केन्द्र बनाएर लेखिएको हो । यो कथा तृष्णा र तृप्ति कथासङ्ग्रहको चौथो कथा हो । यसमा पनि राजनीतिक बेइमानीका कारण  इमानदार कार्यकर्ताको बेहाल अनि जनतालाई राज्यको शासन गर्न पुगेका राजनैतिक दल र तिनका नेताहरू भ्रष्ट हुँदै गएको र केही गर्न नसकेको यथार्थता उद्घाटन भएको छ । राजनीतिक विषयवस्तु  समेटेर लेखिएको यो कथामा एक जना **जग्गु** नामको इमानदार कार्यकर्ता जसले पञ्चे कालमै भूमिगत रूपमा जीवनलाई जोखिममा राखेर पार्टी र जनताको काम गरेका थिए, तर बहुदल आएपछि उनको पार्टी सरकारमा पुगे पनि उनको जीवनमा कुनै फेर बदल हुन नसकेको, बरु उल्टै आफ्नो बिस कटठा जमिनमा बाह्र कट्ठा बेचेर पार्टीलाई सहयोग गरेको र  बाँकी जमिन ऋण तिर्दा र घर चलाउँदै सकिएको यथार्थ घटना कथाको रूपमा आएको छ । जग्गुको साथी विनयसँगै उनले पनि राजनीति थालेका हुन् । भूमिगत हुँदा जग्गुकै घरमा खाने, बस्ने र सुत्ने गर्ने विनय अहिले मन्त्री बनिसकेको छ तर जग्गुलाई फित्ते चप्पलले कहिले छाडेको छैन । आफ्नो साथी विनय मन्त्री हुँदा उसको खुट्टा भूइँमा थिएन तर मन्त्री बनेको एक वर्ष भइसक्दा पनि न त विनयले उसको छोरालाई जागिरमा लगाइदियो न जनताका लागि केही काम नै गऱ्यो । यो देखेर जग्गुलाई विनयप्रति घृणा जागेर आएको छ ।

जनताको मुक्तिको लागि भनेर पञ्चेकालमै भूमिगत रूपमा सँगै कसम खाएका विनय र जग्गु आज आकास, जमिनको फरक जीवनशैली अपनाउन थालेका छन् । मन्त्री विनयले काठमाडौंमा नौ आना जग्गा किनेर ठूलो महल बनाएको छ, तराईमा पनि जग्गा जोडेको छ अनि चिल्लो कारमा चढेर सयर गर्छ । तर "जनयुद्धको लडाकु

बनेर हिँडेको छोरालाई समेत जागिरमा लगाइदिउँला, फर्काएर ल्याऊ है जग्गु" भन्ने विनयले अहिले अनेक बाहना बनाएर छोरोको लागि केही गरेको छैन । जग्गुले छोरोलाई अनेक प्रकारको प्रलोभन देखाएर जनयुद्धबाट फर्काएर त ल्यायो तर विनयले आजसम्म पनि न छोरोलाई न जागिर लगाइदिएको छ न त उसलाई नै केही भौतिक सहयोग नै गरेको छ । यस पटक ऊ अन्तिम पटक सिराहबाट विनयलाई अनुरोध गर्न काठमाडौं आएको छ । ऊ आएको पनि एक महिना भइसकेको छ तर अहँ ! आजसम्म मन्त्री विनयलाई उसले भेट्न सकेको छैन ।

हिजो मात्रै विनयलाई भेट्न भनेर सिँह दरबार गेटमा पुग्छ, भित्र जान नदिएपछि गेटमै भेट्नको लागि पर्खन्छ तर एकाध घण्टामा आइपुगेको विनयले उसलाई हेर्दा पनि नहेरी गाडी हुइँकाएर जान्छ । गाडी पछ्याउँदा ऊ लड्न पुग्छ । त्यहाँ रहेका पुलिसले बरु उल्टै उनलाई गाली, बेइज्जत गर्छ, अन्य मानिसले पनि हाँसी मज्जा गरेकोले उनले ठूलो बेइज्जती महसुस गर्छ । उनी गरिब नै भए पनि जीवनमा उनले यस्तो बेइज्जती कहिल्यै पनि भोग्नु परेको थिएन किनकि ऊ उसको गाउँमा दाम नभएको तर नाम चलेका नेतामा गनिन्छ र गाउँलेले उनको इज्जत गर्छन् । इमानदार नेता भनेर सबैले उसको जयगान नै गर्छन् तर आज तिनै आफ्नो हितैसी साथी विनयको कारण उसको ठूलो बेइज्जत हुन्छ । यसरी उनले ठूलो बेइज्जतीको महसुस गर्छ । गार्मेन्ट कारखानामा काम गर्ने कामदारहरू बस्ने एउटा ठूलो कोठामा कामदारहरूसँगै एक महिनादेखि बस्दै आएको छ । जग्गु आफूले चिनेका कामदार केटाहरू पनि माघी मनाउन घर गएकाले आज ऊसँग कोही पनि छैनन् । ऊ एक्लै मध्य रातमा निद नलागेर छट्पटाउँदै रात बिताई रहेको छ । तर रात काट्नुभन्दा पनि उसले जीवन कसरी कटाउने ? भन्ने चिन्ताले उसलाई सताउन थाल्छ । यही क्रममा उनले एउटा निष्कर्ष निकाल्छ । त्यो निष्कर्ष हुन्छ, आखिर विनयकै कारणले राजनीतिमा लागियो र राजनीतिमा जनताको मुक्तिको सपना देख्दा-देख्दै आफ्नो जीवन बर्बाद हुने परिस्थिति आयो । त्यसैले अब यो संसारका सबै मानिस र वस्तु तुच्छ लाग्न थाल्यो उसलाई र अन्त्यमा उसले विनय बसेको मन्त्री क्वाटरमै गएर आत्महत्या गर्ने निर्णय गऱ्यो ।

यसरी जग्गुका राजनीतिक, आर्थिक र सामाजिक जीवनमा आधारित यो कथामा आफ्नै साथी विनय धोकेबाज हुनु, विनयले मन्त्री भएपछि घुस खानु, ठेक्का-पट्टामा कमिशन खानु, पैसा लिएर मात्रै जागिरमा लगाउने गर्नु, सरकारी जमिनहरू आफ्नो नाममा बनाउनु र बच्नु, जस्ता कुकाम गरेर काठमाडौंमा महल बनाउनु र तराईमा समेत जग्गा किनेको कुरा उनले राम्ररी बुझेपछि यस्तो स्वार्थी दुनियाँमा उनले आफ्नो अस्तित्व देख्दैनन् । त्यसैले यस कथाको अन्त्यमा जग्गुले मन्त्री क्वाटरको गेटमा गएर आफ्नै मफलरको पासो लगाएर आत्महत्या गर्छ । यसरी नेताहरूको राजनीतिक बेइमानीको भण्डाफोर गरी लेखिएको यो कथा पढेपछि राजनैतिक कर्मीहरूमा सकारात्मक विचारको विकास हुने अपेक्षा गर्न सकिन्छ भन्ने उद्देश्यले यो कथाको सिर्जना भएको हो । यसरी एउटा इमानदार राजनीतिक कार्यकर्ताको बेहाल र बेइमान नेताहरूको स्वार्थी प्रवृतिलाई यस कथाले उदाङ्गो रूपमा उद्घाटन गरी दिएको छ । यो कथाको अन्त्य जग्गुको गोजीमा रहेको एउटा सानो चिट्को विनयले पढिसकेपछि हुन्छ चिट्कोमा लेखिएको हुन्छ–“विश्वासघाती विनय, मैले तँलाई भेट्ने अन्तिम प्रयास हिजो समाप्त भयो, आजदेखि म तँलाई कहिल्यै पनि भेट्ने छैन, विदा” । यसरी अत्यन्तै मार्मिक रूपमा अन्त्य भएको यो कथाले कथाको अन्त्यसम्म पुग्दा सबै पाठकहरूको मन पग्लिन्छ र मनमा एकप्रकारको उत्साह पैदा भएर जानेछ भने बेइमान नेताहरूप्रति घृणा भाव पैदा हुन्छ । समीक्षक शेखर अर्यालका अनुसार “यस कथामा जग्गुले आफ्नो छोरो अशोकलाई जनयुद्धबाट समेत फर्काएर त ल्याउँछ तर आफ्नै पार्टीले चाहिँ उत्पीडित वर्ग, जाति, दलित र मधेसीको मुक्तिको लागि सही आवाज नउठाएकोमा जग्गुलाई अचम्म लागेको छ । दुष्ट विनय हिजोसम्म फित्ते चप्पलमा हिँड्नेमान्छे आज कसरी एक्कासी महलको मालिक भयो ? यो भ्रष्टाचारको कमाइ हो भन्ने विषय प्रस्ट छ ।” यसरी विनयले भ्रष्टाचार गरेर सम्पत्ति कमाउनु आजको हाम्रो नेपालका पार्टी नेताहरूको प्रतिनिधि घटना हो, भन्ने स्पष्ट हुन्छ ।

यसप्रकारको कथावस्तु समेटिएको यो अन्तिम प्रयास कथाको शीर्षक पनि उपयुक्त देखिन्छ । जग्गुको जीवनमा जति पनि घटनाहरू घटे ती सारालाई पचाएको

स्थितिमा आफ्नै साथी मन्त्री भएको मौकामा आफूले पनि केही सहयोगको अपेक्षा गरेको हुन्छ । तर जग्गुले विनयबाट कुनै पनि सहयोग पाउन सक्दैन । सिराह घरबाटै छोरोलाई एउटा जागिर लगाइदिनु भनेर धेरै पटक फोनबाट अनुरोध गर्छ, तर अहिले त फोन नं. नै परिवर्तन गरेको छ विनयले । जनयुद्धमा लागेको छोरोलाई त्यै जागिरकै लोभमा फर्काएर ल्याएको पनि छ उसले तर अहिले शान्ति प्रक्रियामा माओवादी आइसक्दा पनि जग्गुको छोरोले जागिर पाएको छैन । यता माओवादी लडाकुहरूले बरु पाँच/छ लाख थाप्दै घर गएर आफ्नो व्यवशाय गर्न थालेको छ तर जग्गुको छोरो बेरोजगार भएर घर, जग्गा बेच्दै खानु पर्ने स्थिति पैदा भएको छ । यसबाट प्रताडित जग्गुले विनयलाई काठमाडौंमै अन्तिम पटक भेट्ने बाचासहित आएको जग्गुलाई विनयले यहाँ पनि भेट नदिएपछि आत्महत्या गर्न पुग्छ । यस अर्थमा यो कथाको शीर्षक **अन्तिम प्रयास** उपयुक्त रहेको छ ।

यो कथाको मुख्य पात्र जग्गु हो भने विनय खलनायक हुन् । अदृश्य पात्रहरूमा जग्गुको छोरो अशोक, होटलको साहु, कारखानामा काम गर्ने मजदुरहरू र जग्गुको गाउले साथीहरू रहेका छन् । यी सबै पात्रमध्ये विनय नकार पात्र हुन् । यो देशका भ्रष्ट नेताहरूको प्रतिनिधि पात्र हुन् भने जग्गु पार्टीका इमानदार कार्यकर्ताको प्रतिनिधि पात्र हुन् । यी दुवैमा आकास-जमिनको भिन्नता छ । नेपाली परिवेशमा उदाउँदै गरेको गणतन्त्रको पहिलो घाममै ग्रहण लागेको आभास दिने यो कथामा पात्र विधानको संयोजन उत्तिकै उपयुक्त किसिमले भएको छ ।

यसै गरी यस कथाको भाषा-शैली अन्य कथाहरूमा जस्तै सरल र सरस रहेको छ । यस कथामा कतै मधेसी मूलका मानिसले बोल्ने नेपाली भाषा पनि प्रयोग भएको छ भने कतै भावुकता झल्कने उल्कापातलाई आकासको नटल्कने तारा सम्झँदै जग्गुले "तिमी आकासमा टल्कन नसकेर झर्दै छौ, म पृथ्वीमा टल्कन नसकेर झर्दैछु, तिमी त अकासबाट पृथ्वीमा झर्न सक्छौ, तर ए तारा के म आकासमा उक्लन सक्छु त ?" भन्ने वाक्यले पाठकको मन छुने गर्छ । यसरी कतै भावुकता झल्कने त कतै घृणा भाव पैदा हुने अनि कतै यो पार्टी, त्यो पार्टी नभनेरै अमूक पार्टी हो भनेर चिन्ने गरी अदृश्य सम्बोधनीय भाषा प्रयोगले कथालाई निकै रोचक बनाएको पाइन्छ ।

त्यसै गरी यस कथाको परिवेश काठमाडौं शहरको उकुस-मुकुसमा चिसो सिरेटो चल्ने माघ महिनाको रहेको छ । चिसो सिरेटो चलेको मौसम, एउटा गार्मेन्ट कारखाना जहाँ पैतीस/छत्तीस जनासम्म काम गर्ने केटाहरू बस्ने गरेको ठूलो कोठामा अहिले एक्लै बसिरहेको जग्गु, बिडीको धूवाँ उडाउँदै रात काटिरहेको दृश्यगत परिवेश यस कथामा पाइन्छ । यस कथामा फोहोरी राजनीतिक परिवेश, देश र जनताको बेहाल अवस्था र नेताहरूको बेइमान चरित्र चित्रण रहेको छ । यसप्रकारको परिवेशमा अन्त्यमा जग्गुले आत्महत्या गर्नु पर्ने बाध्यता सिर्जना भएको छ । यो परिवेश यही राज्यव्यवस्था र नेताहरूको कारणले सिर्जना भएको हो भन्ने निष्कर्षसहित यो कथाको अन्त्य भएको छ ।

यो कथाको माध्यमबाट राजनीतिक नेता र कार्यकर्ताहरूलाई निस्वार्थ भावना राखी जनतालाई नेतृत्व दिन सक्नुपर्छ । राजनीति गर्ने मानिसहरू जति स्वच्छ छबिका हुन्छन्, उति नै देश र जनताले सुख प्राप्त गर्न सक्छन् । लोभी, पापी नेता, कार्यकर्ताको हुलले नै देशलाई बर्बादीतिर लगी रहेको छ । त्यसैले कसैले पनि निजी स्वार्थ राखेर राजनीति गर्नु हुन्न, भन्ने सन्देश दिएको छ । यसको साथै कुन, कुन पार्टी र नेताहरूले जनतालाई के के आश्वासन दिए र सत्तामा पुगे? सत्तामा पुगेपछि उनीहरू के के गरी रहेका छन् ? भन्ने यथार्थताको उद्घाटन गरी जनतालाई सचेत गराउने काम पनि यस कथाको माध्यमबाट भएको छ । यसको साथै एउटा इमानदार कार्यकर्ताको जीवन यथार्थता र उनीहरूको पीडा, राजनीति गर्नेहरू जो सत्ताको डाडु पन्यू बोक्ने हैसियतमा पुगेका छन् तिनले बुझ्नुपर्छ नत्र जग्गुले जस्तैआम जनताले आत्महत्या गर्नुपर्ने अवस्था सिर्जना हुन थाल्छ भन्ने सन्देश दिँदै यदि त्यसो भयो भनेजनता पनि नरहने र देशको अस्तित्व पनि नरहने अवस्था आउन सक्छ । देशमा जनतालाई राष्ट्रिय भावना जगाउने एउटा माध्यम उनको आर्थिक हैसियत पनि हो । देशमा कष्टसाथ जीवन गुजार्नु पऱ्यो भने पराईले हस्तक्षेप गर्दा त्यसको प्रतिकार नगरी जनता टुलुटुलु हेरेर बस्नु पर्ने दिन पनि आउन सक्छ, भन्ने सन्देश पनि यस कथाले दिएको छ ।

अन्त्यमा यो कथाको उत्थान मधेसी मूलका एक जना कम्युनिष्ट कार्यकताको जीवनमा आधारित छ । उनले अथवा जग्गुले कम्युनिष्टमा लाग्दाको समयमा जति गर्व गरेका थिए त्यो पार्टीले सत्ता समाल्न थाले पछि त्यो जर्वलाई बँचाउन सकेन, बरु उत्तिकै त्यो पार्टीप्रति घृणाभाव पैदा भएर गएको छ । अझै आफ्नै साथी विनय मन्त्री बनेपछि ठूलो आशा र भरोसा राखेको थियो तर तिनले आफ्नै स्वार्थ हेर्नुबाहेक अन्यलाई केही नगरेको पाएपछि जिन्दगीदेखि नै बितृष्णा पैदा भई आत्महत्या गर्न पुगेको अत्यन्तै मार्मिक प्रसङ्ग यस कथामा रहेको छ । राजनैतिक बेइमानीले गर्दा देश बर्बाद भइरहेको र जनताको जीवन झनझन कहालीलाग्दो बन्न गएको यथार्थको उद्घाटन भएको छ । समग्रमा यो कथा कथाकार भीम क्षेत्रीले निकै सुझबुझको साथ लेखेका हुन् भन्ने कुरा वर्तमान राजनीति र तिनलाई सञ्चालन गर्ने पार्टी र नेताहरूको प्रवृतिलाई हेर्दा थाहा हुन्छ । यसर्थ यो **अन्तिम प्रयास** कथा एउटा सफल कथाको रूपमा प्रकाशमा आएको छ, भनेर निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.७.१.३ अभिशप्त जिन्दगी

यो **अभिशप्त जिन्दगी** कथा तृष्णा र तृप्ति कथासङ्ग्रहको सातौ कथा हो । यस कथाको विषयवस्तु काठमाडौं बोनश्वरको सडकबाट शुरू भएर पूर्व नेपालको एउटा ग्रामीण बस्तीमा केन्द्रित हुँदै म पात्र (क्याम्पसका प्रध्यापक) को डेरामा अन्त्य हुन्छ । प्रथम पुरुष शैलीमा लेखिएको यस कथाको शुरूवात म पात्र (बि.बि.सर) र उनकी श्रीमती र दिवश तिन जना छुट्टीको दिन भक्तपुर घुम्न जाँदै गर्दा बानेश्वरमा एक जना वृद्धलाई ट्याक्सीले ठक्कर दिएर ढालेको अवस्थादेखि हुन्छ । यो दृश्य देखेपछि म पात्र र दिवशले काठमाडौं मोडल हस्पिटलतिर लगेर जान्छ । त्यहाँको डाक्टर वरुणलाई म पात्रले चिनेको हुन्छ । यसले गर्दा ती वृद्धको उपचार राम्ररी गरिन्छ । तर निको भइसकेपछि ती वृद्धको जाने ठाउँ कहीँ हुँदैन । अलिकति बदाम बेच्दै जीविका चलाउँदै आएका ती वृद्धको बदाम पनि बाटोमा पोखिएर छरिएको हुन्छ । यसपछि म पात्र ( बि.बि.सर) ले नै आफ्नो डेरातिर लिएर आउँछ ।

बि.बि.सरको डेरामा आएपछि ती वृद्धको नाम ‘बुइपा’ भन्ने थाहा हुन्छ । त्यहाँ बस्दै जाँदा उनको रूप, रङ, सरसफाई पहिलेभन्दा राम्रो हुन्छ । यसरी बिस्तारै म पात्रकी श्रीमती करुणालाई वृद्धले घर-धन्धादेखि सारा काममा सहयोग पुऱ्याउन थालेपछि श्रीमती करुणा पनि उनीदेखि निकै नै खुसी हुन्छिन् । यसरी दिन बित्दै जाँदा म पात्रको डेरामा बस्न थालेका वृद्धको लागि उनकै अनुरोधमा बि.बि.सरले बालाजु पुल छेउमा एउटा घुम्ती पसल खोलिदिन्छ । यसपछि वृद्धले दिनको १/२ सय कमाउन पनि थाल्छ । यसरी केही सुखको अनुभूति वृद्धले पनि गर्न थाल्छ । यता भारतको मिरिक हाइस्कुलमा पाँच कक्षासम्म सँगै पढेका डा. वरुण र बि.बि.सरको राम्रोसँग चिनजान हुन्छ र त्यो चिनजान मित्रतामा परिणत भएको छ । डा.वरुण बि.बि.सरबिच निकै घनीष्टता बढेको हुन्छ । डा.वरुणले सधैँ आफ्ना बाजेले राजाबाट पाएका पुरुस्कार, नाम, दाम सबै कमाएको, ५/५ पटक प्रधानपञ्चमा जितेको आदि कुरा गरेर धेरै नै प्रशंसा गर्ने गर्छ । म पात्र त्यो कुरा सुन्दा, सुन्दा वाक्कै भइसकेको हुन्छ ।

यस्तै क्रममा वृद्ध आएको ६ महिनापछि दसैं आउँछ । यही दसैंको अवसरमा म पात्रले डा.वरुण र उनकी श्रीमतीलाई पनि भोज खुवाउने इच्छाले निम्तो दिएको हुन्छ । यो निम्तो स्वीकारेर डा.वरुण र उनकी श्रीमती म पात्रको डेरामा आउँछन् । यता त्यो बेला म पात्रले ठूलो खसी ल्याएको हुन्छ र त्यो खसी मार्ने, पिल्साउने र काटकुट पार्ने सबै काम तिनै वृद्धले गर्छन् । त्यति मात्रै होइन खाना बनाउन, पाहुनालाई खुवाउन सबै काममा वृद्ध दक्ष छन् । डा. वरुण पनि ती वृद्धको पहिलेको रूप र अहिलेको रूपमा परिवर्तन आएकोमा छक्क पर्छ । तर डा. वरुणलाई ती वृद्ध कहाँका हुन् र को हुन् भन्ने कुनै जानकारी हुँदैन ।

जब खानपानको समय हुन्छ अनि डा.वरुणले वृद्धको बारेमा खोजी सुरू गर्छ । वृद्धले आफ्नो विगतको जीवनवृत सुनाउन थाल्छ । वृद्धको घर इलामकै एउटा गाउँमा हुन्छ । त्यहाँ एक जना भुँडे साहु नामधारी सामन्ती बसेको हुन्छ । ती सामन्तीले ५ पटकसम्म प्रधानपञ्चमा जितेपछि राजा वीरन्द्र गएर पुरस्कार र पछि गोर्खा दक्षिण बाहु पनि दिएको हुन्छ । उसै सामन्तीको छोरा प्रतापकुमार श्रेष्ठ हुन्छ । तर वृद्धको ९० रोपनी जमिन तिनै भुँडे साहुले एकपछि अर्को गर्दै छिनेको हुन्छ, वृद्ध बुइपालाई

सुकुम्बासी नै बनाइदिएको हुन्छ । त्यति मात्रै होइन ती भुँडे साहुकै घरमा ती वृद्ध ५ वर्षसम्म नोकर भएर काम गर्छ तर उनलाई पैसा भने कहिल्यै दिएन । काम गरेको रकम भनेर दिएको पैसा पनि पछि ऋणमा दिएको भनेर ऋण कागज गराई असुलेको हुन्छ । सोझो मिजासको वृद्धका २ छोरा र ३ छोरी हुन्छन् । एकजना छोरी सानैमा मरेको र अरू चार जना उनीसँगै हुन्छन् । बुइपाले पाँच वर्षसम्म काम गरेको पैसा पनि नदिई भुँडे साहुले उनलाई निकाला गरिदिन्छ अनि 'तेरो छोरा टिकालाई पठाइस् भने म काममा लगाउँछु र पढाइ पनि दिन्छु र ऋण पनि छिन्दै जान्छ नत्र पैसा ले" भन्छ । यही पढाइदिने सर्तमा बुइपाले ती सामन्तीको घरमा आफ्नो पन्ध्र/सोह्र वर्षको लक्का छोरालाई पठाउँछ । तर भुँडे साहुले दुई वर्षसम्म पनि पढाउन पठाएन, पढाउनुको सट्टा दिनभर काममा जोत्नुबाहेक केही पनि गरेन । त्यसरी नपढाई दिएपछि बुइपाले उनको छोरा टिकालाई घरमै आएर काम गर, भन्छ । त्यसपछि टिका पनि भुँडेको घरबाट आफ्नो घरमा आउँछ । यसरी भुँडेको घर छोडेर गएकोमा भुँडेलाई हुनसम्मको रिस उठ्छ । यही रिस फेर्नको लागि टिकालाई 'माओवादी' को आरोपमा पुलिसलाई पक्रन लगाउँछ र बेपत्ता बनाएको हुन्छ ।

यसपछि पनि बुइपाको जीवनमा ठूलो उथलपुथल हुन्छ । भुँडे साहु ऋण माग्न आउँछ तर उनीसँग पैसा हुँदैन । त्यसपछि तिनै भुँडे साहुले नै "कि छोरी मेरो घरमा राख, कि त ऋण तिर" भनेपछि उनीसँग ऋण तिर्ने पैसा नभएकोले भुँडेकै निर्णय अनुसार भर्खर पन्ध्र वर्ष पुग्दै गरेकी छोरी बिन्दुलाई पहिले जस्तै "पढाई पनि दिने र दिनमा काम पनि गर्ने" सर्तमा भुँडे साहुले लिएर जान्छ । भुँडेको घरमा गएपछि बिन्दुको अवस्था झनै दयनीय बन्न थाल्छ । दिनभर काम गर्ने, घरधन्धा गर्ने अनि बेलुकी भएपछि भुँडेको कोठामा गएर भुँडेलाई सुत्ने बेलामा तेल दलिदिनु पर्ने हुन्छ । यो कामको साथै रातको समयमा बिन्दुलाई यौन शोषण पनि गर्छ । यही क्रममा एकदिन बिन्दुले छिमेकीलाई आफ्नो मासिक धर्म रोकिएको कुरा गर्छे । त्यसको एक महिनापछि नै बिन्दुलाई तिनै भुँडे साहुले बिष खुवाएर मार्छ । तर पुलिस प्रशासनले कुनै खोजी नीति गर्दैन । यसरी बुइपाका छोरालाई माओवादीको आरोपमा बेपत्ता पार्ने र छोरीलाई पेट बोकाई बिष खुवाएर मार्ने कामसमेत गर्छ ।

भुँडे साहुले शोषेर, लुटेर अनि ठगेर धन सम्पत्ति प्रशस्त जोडेको हुन्छ । आफ्ना सात जना छोरा-छोरी सबैलाई घर, जग्गा र गाडीसमेत किनिदिएको हुन्छ भने यता गरिब, दुःखीको खुन,पसिना दिनदिनै तनतनी पिइरहेको हुन्छ । यो कुरा तिनै वृद्धले सरसर्ती भनी रहेका हुन्छन् । डा. वरुण पनि त्यही ठाउँमा जन्मेको हुन्छ तर उनलाई सानैबाट बुबाले भारतको मिरक र दार्जिलिङमा राखेर पढाएकोले उनलाई त्यो ठाउँको सबै कुरा भने थाहा छैन । त्यसैले अलिक जिज्ञासा राख्दै सोधे–"कुन ठाउँमा रे ? अनि त्यो भुँडे साहु चाहिँ के थरको नि ?" वृद्धले त्यो नेवार हो श्रेष्ठ,भनेर चिनाए । यसो भन्दा डा.वरुण केही हच्केको थियो किनकि कि उनी पनि नेवार श्रेष्ठ नै हुन् । यसपछि वृद्धको कान्छा छोरा साँच्चैको माओवादीमा लागेर लड्न हिँडे भने कान्छी छोरीलाई काठमाडौं बस्छु भन्ने एक जना डाइभरले लिएर हिँडेको हुन्छ । घरबार सबै सकिएको बुइपा गाउँ छाडेर कान्छी छोरी खोज्दै र भेटेमा उनैसँग बस्ने गरी काठमाडौं आएको हुन्छ । यहाँ आएको पनि दुई वर्ष बितिसकेको छ तर छोरी अझै पत्ता लगाउन सकेको छैन ।

यसरी वृद्धको जीवनमा केन्द्रित यो कथामा वृद्धले अन्त्यमा मात्रै त्यो भुँडे साहुको सबै रहस्य खातल्ने काम गर्छ र उनको छोरो प्रतापकुमारको परिचय दिन्छ । यसबेला भने ती डा. वरुण छाँगाबाट खसेझैं हुन्छ । तिनै भुँडे साहुको नाति, प्रतापकुमारको छोरा डा. वरुण भएको रहस्य उनैलाई मात्र थाहा हुन्छ । भोजमा बसेर वृद्धको जीवन कथा सुन्ने अरू कसैलाई पनि थाहा हुँदैन । यसपछि वृद्धको जीवन कथा सुनी सक्ने धैर्य पनि डा.वरुणमा हुँदैन । उनी हतार-हतार गरेर श्रीमती (रजनी) लाई लिएर बाहिर निस्कन्छ । त्यसको भोलिपल्ट बिहानै डा.वरुणले पाँच हजार रुपैयाँ पैसा र एउटा सानो पत्र म पात्रलाई पठाउँछ । म पात्रले चिठी खोलेर हेर्दा लेखिएको हुन्छ– "अबदेखि कसैलाई पनि त्यो वृद्धको जीवन कथा नसुनाइदिनू भन्नुहोला" । यसबेला मात्र म पात्रलाई थाहा हुन्छ वृद्ध बुइपाको यो हालत बनाउने त तिनै डा.वरुणका बाउ,बाजे पो रहेछन् । यसरी अभिशप्त जिन्दगी कथाको अन्त्य हुन्छ ।

यस कथामा ग्रामीण सामन्तीहरूले कसरी दुनियाँ सोझा मानिसहरूलाई ठगेर, लुटेर धन संकलन गर्छन् भन्ने कुरालाई उजागर गरिएको छ । पञ्चायत कालमा

सोझा मानिसहरूलाई प्रधानपञ्च भनाउँदाहरूले कसरी दमन गरेका थिए र पञ्चायतको अन्त्यपछि पनि तिनै मानिसहरूको हाली मुहाली चली रहेको यथार्थताको उद्घाटनसमेत यस कथामा भएको छ । पञ्चायत कालदेखि बुइपालाई दमन गर्दै आएका भुँडे साहुले पञ्चायतको अन्त्य पछि पनि उतिकै हैकम जमाउँदै आएको थियो । यो कुरालाई पुष्टि गराउनको लागि कथाकारले पछिल्लो समय वा जनयुद्धको समयमा समेत ती भुँडे साहुले पुलिसलाई दुरुपयोग गर्दै बुइपाको छोरा टिकालाई समातेर यातना दिएर मारेर बेपत्ता पारेको घटना यसमा समावेश गरेका छन् । पञ्चायती सामन्ती एकतन्त्री व्यवस्थाको भण्डाफोर गरेर लेखिएको यस कथामा एकातिर बुइपा जस्तो पात्रको माध्यमबाट गरिबहरूको मुक्तिको खातिर छोरालाई योद्धा बनाएर पठाएकोमा उनले गर्व महसुस गरेका छन् । अर्कातिर भुँडे साहु जस्ता पात्र उभ्याएर सामन्ती, दलाली र शोसक वर्गले गर्ने अन्याय र अत्यचारको प्रकृति र तिनको विरोधमा उत्रनुको विकल्प अर्को नहुने कुराको बोध गराइएको छ ।

यस कथामा जनयुद्ध गर्नु मानिसको चाहना नभएर बाध्यता हो, सङ्घर्ष र क्रान्ति गर्नु अन्याय र अत्याचारबाट निस्कने परिणाम हो भन्ने कुरालाई जोड दिनुको साथै गरिब, निमुखा जनताको बिल्लिबाठ बनाउनेहरू समाज र देशकै शत्रु हुन्, भन्ने कुराको बोध गराइएको छ । यहाँ जो अहिले डाक्टर, इन्जिनियर, पाइलट आदि जे जस्ता मान, सम्मानको काम गरी रहेका छन् । ती सबै जनताको रगत र पसिना चुसेर अगाडि बढेका मानिसहरूका सन्तानहरू नै हुन् सामन्य मानिसले यी कुरा बन्न नसक्ने अवस्था रहेको तथ्य पनि उदघाटन भएको छ । वास्तवमै आफ्नो सच्चा परिश्रमबाट कमाएर कसैले पनि डाक्टर र इन्जिनियर अनि पाइलटसम्म बनाउन नसक्ने स्थिति वर्तमानको यथार्थ हो । यही यथार्थता प्रति पनि सचेत गराइएको छ । वर्तमानमा साठी र सत्तरी लाख तिरेर डाक्टर हुनु पर्ने अवस्थामा ती पैसा कसरी आयो ? भन्ने कुराप्रति कथाकारको जिज्ञासा छ । यस कथामा पनि डा.वरुणले दिल्ली गएर एम.बि.बि.एस. गरी डाक्टर बन्नुमा बुइपा जस्ता गरिबको रगत, पसिना परेको कुरा छर्लङ्गै पारिएको छ । डा. वरुण तिनै भुँडे साहुको नाति हुन् । उनका बाउ, बाजेले गाउँले जनता लुटेर संकलन गरेको पैसा डा.वरुणलाई पढाउन दार्जिलिङ सेन्टजेभियर्स कलेज र दिल्ली

मेडिकल युनिभर्सिटीमा खर्च गरेका छन् । यसरी गाउँलेलाई लुटेर एकाध धनीमानी हुने परम्पराको अन्त्य गरी नयाँ समाजको निर्माण गर्नु पर्ने र सबै प्रतिभावान मानिसले मौका पाउनु पर्ने सन्देशलाई यस कथामा स्थान दिइएको छ ।

यो कथाको पात्र विधान अत्यन्तै चुस्त रहेको छ । यसका मुख्य पात्रहरू म पात्र र वृद्ध बुइपा हुन् भने सहायक पात्रहरूमा डा.वरुण, उनकी श्रीमती रजनी, म पात्रकी श्रीमती करुणा,दिवश रहेका छन् । त्यसै गरी अदृश्य पात्रहरूमा भुँडे साहु, बुइपाका छोराहरू टिका र कान्छो, उनकै छोरीहरू बिन्दु र कान्छी, बुइपाकी श्रीमती टुक्सी, छिमेकी दमाइ कान्छा, प्रतापकुमार आदि रहेका छन् । यी सबै पात्रको आ-आफ्नो स्थानमा महत्वपूर्ण भूमिका रहेको छ भने यहाँ सकार पात्रहरूमा म पात्र बि.बि.सर र दिवश रहेका छन् भने नकार पात्रमा डा.वरुण र उनका बाजे भुँडे साहु, रहेका छन् । अन्य पात्रको भूमिका केही गौण देखिन्छ ।

यो कथाको परिवेश नेपालको पहाडी भूभाग, ग्रामीण समाजदेखि काठमाडौंको कोलाहलमय वातारणसम्म फैलिएको छ । कथाभित्रको कथा जोडिएको यो कथा काठमाडौंको कोलाहलभित्र धूलो, धुवासँगै एकजना वृद्धलाई गाडीले ठक्कर दिएर हुँइकिएकोबाट सुरू भएको छ । भित्री कथामा पहाडी राजनीतिक परिवेश पनि जोडिएको र पछि जनयुद्धसँग सम्बन्धित परिवेश पनि आएको छ । समाजमा सामन्ती दलालहरूले जनयुद्धकालमा सुराकी गरी सोझा सिधा मानिसलाई माओवादीको आरोप लगाएर पक्राउ गराउने, बेपत्ता पार्ने हर्कतलाई पनि यस कथामा स्थान दिइएको छ । समग्रमा यो कथामा राजनीतिक, सामाजिक र राज्यको बेथिति र शोषण, दमनको यथार्थतालाई उद्घाटन गर्ने काम भएको छ ।

त्यसै गरी यो कथामा कथाकार भीम क्षेत्रीले मानिसको जीवन नै अभिश्राप जस्तो छ, भन्ने देखाउनको लागि यो कथा लेखेको देखिन्छ । मानिस जतिसुकै सम्पन्न भए पनि अभिशप्त जीवन बोकेर बाँची रहेका छन् भने अर्कातिर गरिब, दुःखी मानिसहरू पनि उस्तै अभिशप्त जीवनको भुँवरीभित्र बाँची रहेका छन् । यी दुवैले ( धनीले पनि र गरिबले पनि) बेठिक ढङ्गले आफ्नो जीवनको रथ अगाडि बढाई रहेका छन्, भन्ने सन्देश यस कथामा दिएको छ । यस्तो किन भयो त ? भन्ने सन्दर्भमा

कथाभित्रको डा.वरुण धनी र डाक्टरजस्तो पेशामा भए पनि उनी कुनै पनि मानेमा जीवनदेखि सन्तुष्ट छैनन् किनकि उनले आफ्ना बाजेको सुनाम र प्रशंसा गाउँदा, गाउँदै पनि आज उनले दुर्नाम सुन्नु परेपछि छटपट्टिमा जीवन बाँचेको आभास उनले आफ्नो चिठीमार्फत दिएका छन् । उनले अबदेखि बुइपाले मेरो बाजेका बदनाम हुने कुरा कसैलाई पनि नभनोस् है, भनेर लेखेको पत्रसँगै पाँच हजारले दुर्नामबाट बँच्ने उपाय खोजेका हुन् भन्ने प्रष्ट छ । यो उनको छटपट्टिको परिणाम हो । अर्कातिर गरिब वृद्धको जीवन उनको बाबुको पालामा चार सय रोपनी जग्गाको मालिक आज सुकुम्बासीमा परिणत भएको छ । यसरी दुवैको जीवन बँचाईमा अभिशप्त रहेको छ । यही कारण यसको शीर्षक पनि निकै सार्थक रहेको छ ।

यो कथाको  भाषा-शैलीमा एकातिर ग्रामीणता झल्कन्छ भने अर्कातिर शहरका पढालेखा गरेका सभ्य र सम्य भाषाको पनि प्रयोग भएको छ । बुइपाले बोल्ने भाषा र डा.वरुण, म पात्र बि.बि.सरले बोल्ने भाषामा आकास-जमिन फरक छ । बुइपाले आफ्नो भाषा (राई भाषा) मा नेपालीपन दिने क्रममा नेपाली भाषा नै मोडिएको अवस्था रहेको छ । बुइपाले बोल्ने भाषा ठेट नेपालीमा पनि अझ बढी आफ्नोपन र लवज मिसाउने गरेको छ । मानिस अनुसारको बोली बोलाउन सक्नु कथाकारको कौशल हो,भन्नुपर्दछ । बूइपा एक ग्रामीण समाजका एक अनपढ मानिस हो, जसले आफ्नो नाम पनि लेख्न जान्दैन उसले बोलेको–“बाबु हौ, तेत्रो चेलाको आगि उभेर पढाउँदा यस्तो माइलो,  धाइलो लुगा ता लाउनु हुन्न होला है,  खिसी गर्च होला नि हौ ।” त्यसै गरी “के आर्नु बाबु, उनैको थ्यो राजा, उनैको थ्यो पुलिस, उनैको थ्यो सिना, उनैको थ्यो मन्तरी, धनसम्पत्ति पनि उनैको थ्यो,  तेसैले माइले केही गर्न सकिनँ ।” यसरी यस कथामा ग्रामीण भाषामा जनबोली मिसिएको छ । यसै गरी कतै कतै उनैको मुखबाट उखान पनि भन्न लगाइएको छ जस्तो–“जताजता मल्खु, उतैउतै ढल्कु” कतै बिम्बको प्रयोग जस्तो “हजुर मेरो टिकालाई ती मुर्दाहरूले चितुवाले बाख्राको पाठोलाई घिच्याएजस्तै गरेर लगो ।” आदि वाक्यांशहरू जोडेर यो कथालाई निकै भाषिक सज्जा दिइएको छ ।

यस कथाको मुख्य सन्देश भनेको ग्रामीण सोझा,सिधा मानिसलाई लुट्ने लुटाहाहरूको भण्डाफोर गर्नुको साथै यदि कसैले यस किसिमको हर्कत गर्छ भने अबका जनताले सहेर बस्ने छैनन् । आ-आफ्नो ठाउँबाट उठ्नछन् भन्ने नै हो । बुइपाजस्तो सोझो मानिसले पनि भुँडे साहु जस्तो शक्तिशाली मानिसको विरोध गर्न सक्नु कमसल कुरा होइन । उनले जनयुद्धमा जाने छोरालाई प्रोत्साहन दिनु अन्यायविरुद्धको आवाज हो । अबका जनतालाई त्यसरी ठग्न र लुट्न पाइन्न जसरी बुइपालाई भुँडे साहुले लुटेका थिए । बुइपाको जीवन बर्बाद बनाएर आफ्ना सन्तानलाई डाक्टर बनाउनु कुनै महान काम पनि होइन, भन्ने सन्देश दिनु पनि यस कथाको उद्देश्य रहेको छ । शोषण, दमनको प्रकृतिलाई समाजमा उजागर गर्नु अर्को उद्देश्य रहेको छ । गाउँघरमा सोझा मानिसहरूलाई सामन्ती, दलालहरूले राज्य व्यवस्था र शक्तिको आड भरोसाबाट फाइदा उठाएर कसरी लुट्दा रहेछन् र ठग्दा रहेछन् भन्ने कुराको बोध गराउनु पनि यस कथाको अर्को उद्देश्य रहेको छ । यसरी यस कथाको समग्र सन्देश जनतालाई जागरुक बनाई शोषण र दमनबाट बँच्न र यदि त्यस्तो पर्न गए त्यसको तीव्र विरोध गर्नुपर्छ भन्ने हो ।

अन्त्यमा यस कथाको माध्यमबाट कथाकार भीम क्षेत्रीले हाम्रो नेपाली समाजमा विगत राणा शासनदेखि अहिलेसम्म सामन्तीहरूले जनतामाथि जे जे हर्कत गरे त्यो सबैको बदला भनेको जनताको मुक्ति नै हो । जनतालाई लुट्ने र ठग्नेहरूमाथि जनताले अब सहेर बस्ने होइन बरु लड्न र भिँड्न तयार रहनुपर्छ भन्ने सन्देश दिएको छ । शोषण र दमनको रहस्य खोलेर डा. वरुणलाई लज्जित बनाउनु भनेको अहिले विगतका सामन्ती दलालहरूले आफ्ना सन्तानलाई जे जस्तो हैसियतमा पुऱ्याए पनि तिनको मान र सम्मानमा गरिबको रगत र पसिना परेको छ, भन्ने देखाउन खोजिएको छ । यस अर्थमा डा.वरुण मात्रै होइन हाम्रा कतिपय ठुला, बडा भनाउनेहरू आज पनि माथिल्ला स्तरको जीवन शैली अपनाउनेहरूमा जनताको पसिना परेको छ साथै सामान्य जीवन गुजारा गर्नकै लागि सङ्घर्ष गर्ने सङ्घर्षशील व्यक्तिहरू चाहिँ त्यही कारणले गरिब बेनका छन् भन्नजे देखाउन बुइपालाई प्रतिनिधि पात्रको रूपमा खडा गरिएको हो । यो राज्यसत्ताका अदालत, राज प्रतिनिधि, पुलिस

प्रशासन आदि गरिब र दुःखी जनताको पक्षमा नरहेको जिग्री गर्दै कथाकारले यथार्थताको कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । समीक्षक शेखर अर्यालका अनुसार "हालका अदालत पुलिस सबै बिकेको सत्य तथ्य समाचार दिन नसकेको विवरण यस कथामा प्रस्तुत छ । माओवादीहरू नेपाली समाजमा रहेको अन्याय, अत्याचार शोषण, दमनलाई समाप्त पार्न हिँडेकाले त्यससँग डराउने अवस्था सामन्तीहरूमा रहेको छ ।" यसर्थ यो कथाको सन्देशको निष्कर्ष नै वर्ग समाजमा धनी-मानीको अन्याय र अत्याचारले नै दुःखी मानिसहरूले समाजमा पीडामय जीवन भोग्नु परेको हो । तसर्थ यसको विरोधमा उत्रनुको अर्को विकल्प छैन, भन्ने हो ।

### ४.७.१.४ तृष्णा, तृप्ति र तनाव

यो कथा **तृष्णा र तृप्ति** कथासङ्ग्रहको आठौं कथा हो । यो कथाको शीर्षक पनि यही **तृष्णा, तृप्ति र तनाव**बाट नै राखिएको छ । यो कथाको विषयवस्तु जनयुद्धसँग सम्बन्धित रहेको छ । जनययुद्धमा होमिएको एउटा होनाहर युवा पैसाको तृष्णाले कसरी पलायन भयो ? कसरी बेलायती सैनिक बन्न पुग्यो र कसरी जनयुद्धको घाउ उनलाई पनि लाग्यो ? र जनयुद्धको विरोधीहरूलाई जनयुद्धका योद्धाहरूको कसरी निशाना बन्यो ? भन्ने प्रसङ्गलाई लिएर यो कथाको कथावस्तु बुनिएको छ । यो कथा वास्तवमा यो कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूमध्ये सबैभन्दा उत्कृष्ठ पनि रहेको छ । यसै कारण हुन सक्छ कथाकार क्षेत्रीले यसैको नामबाट यस तृष्णा र तृप्ति कथासङ्ग्रहको नाम पनि रोखेका हुन् ।

यो कथा नेपालमा जनयुद्ध चली रहेको परिवेशमा तयार पारिएको छ । यहाँ एक जना युवा छन्, जसको नाम हो विराज । गाउँले बा-आमाका एक्ला छोरा विराज एस.एल.सी.पास सम्म गरेका युवा हुन् । तर उनको आर्थिक अवस्था कमजोर हुनाले उच्च शिक्षा हासिल गर्ने मौका पाएनन् । अन्ततः उनी पनि जनयुद्धमा लागेर देशबाट सामन्ती तथा दलाल पुँजीवादी शासन अन्त्य गर्ने अठोटका साथ लड्न र भिँड्न तयार भएर साथीहरूसँग गएका छन् । तर यो कुरा बेलायती सेनाका क्याप्टन बनी सकेको उनका काकाले सुनेपछि उनलाई पनि बेलायती सेनामा जागिर खुवाउनको लागि लिन

आउँछ । यता जनयुद्ध हुँदै गर्दा उनका सहयात्री रेणुकासँग उनको मौन प्रिती गाँसिएको हुन्छ भने नवमी बजारकी कमला नामकी युवतीले पनि उनलाई मन पराएकी हुन्छे तापनि विराजको शत्रु भद्रे साहुको छोरो मादेनसँग पनि कमलाले प्रेम गरेकी हुन्छे । यो हल्ला विराजले सुनेपछि विराजले कमलालाई भन्दा बढी रेणुकालाई नै माया गर्छन् । रेणुका, कमला, कुन्ता र विराज विद्यालयमा सँगै पढेका साथीहरू हुन् । उनीहरू एक अर्कामा राम्रो चिनजान पनि छ ।

विराजले जनयुद्ध हुँदा धेरै स्थानमा प्रहरीसँग भिडेका छन् तर बेलायतमा क्याप्टन बनी सकेका उनका काका रिकरुटे सेना भर्नाको गल्ला लिएर पाँचथर आएपछि विराजलाई भेटेर उनको भविष्यको बारेमा, उनका वृद्ध हुँदै गई रहेका उनका बा-आमाको बारेमा सम्झाएपछि जनयुद्ध छाडेर बेलायती सेनामा भर्ना भएर बेलायततिर लाग्छ । बेलायततिर जाने बेलामा रेणुकाले जनयुद्धको मोर्चाबाट केही समय विदा लिएर भए पनि विराजलाई विदाइ दिन आइपुग्छे र चिनो स्वरूप एउटा रुमाल र फूल दिन्छे तर अरू कुनै केटीहरू विदाईको लागि आउँदैनन् । विराजलाई सानैबाट हेप्ने र माओवादीमा लागेकोले सुराकी गरी मार्न लगाउने योजना बुनी रहेको मादेनलाई पैसा कमाएर पैसाकै सान देखाएर बदला लिने प्रबल इच्छाले विराज बेलायती सेनामा भर्ना भएर बेलायत पुगेका हुन्छन् । विराज बेलायत पुगेपछि उनले पैसा कमाउन थाल्छन् । यही पैसा हेरेर चिठी पठाउने केटीहरूको लर्को नै लाग्छ । बेलायती लाहुरेको पैसामा मोज गर्ने इच्छा बोकेका पैसाभोगी केटीहरूमा कमला, कुन्ता, लगायत छ/सात जना हुन्छन् । यता जनयुद्धमा सँगै सहयात्री भएर हिँड्ने रेणुकाले चाहिँ विराजलाई साँच्चैको प्रेम गर्छे । यसरी पत्र पठाउनेको लर्को लागे पनि विराजले रेणुका र कमलाबाहेक अरूलाई पत्र पठाउँदैन, पठाए पनि औपचारिकता पूरा गर्न मात्र पठाउँछ । यसै गरी तिन वर्ष बित्छ र छ महिनाको छुट्टीमा विराज घर आउँछ ।

छुट्टीमा घर आएपछि विराजले रेणुकालाई पहिले नभेटी अरू कसैलाई पनि नभेट्ने अठोट गर्छ । कमलाले पटक-पटक भेट्नको लागि अनुरोध गरे पनि विराजले के के बाहना बनाएर भेट्न चाहँदैन । आखिर बिस दिनपछि रेणुका जनयुद्धको

मोर्चाबाट लुकेर विराजलाई भेट्न आइपुग्छे । त्यो दिन नवमी बजारको कतै एक कुनामा गएर लुकेर दिनभर उनीहरू बस्छन् । विराजले अरू साथीलाई मोबाइल, घडी उपहार ल्याइदिए पनि रेणुकालाई भने सुनको औँठी नै उपहार ल्याइदिएको हुन्छ । दिनभरको दुःख, सुख बाँडिसकेपछि उनीहरू बेलुका विदा हुन्छन् । यो कुरा बजार जाने, आउनेहरूले देखेका हुन्छन् । यो कुरा एक कान, दुई कान हुँदै कमलाले पनि थाहा पाउँछे, अनि भोलि बिहानै कमला विराजकै घरमा पागलजस्तै भएर आइपुग्छे । झोलामा मट्टीतेल बोकेर आएकी कमलाले विराजलाई अँगालोमा कसेर “हेर विराज, तिमीले मलाई चाहिँ झुटो मायाको नाटक गरेर रेणुकालाई बिहे गर्न लागेका छौ, यदि यसो हो भने म यही नै मट्टीतेल खन्याएर मरिदिन्छु” भन्दै धम्क्याउँछे । त्यसपछि विराजले सम्हालिनको लागि सम्झाउँछ । यस दिन दिनभर विराजकै घरमा दुवै बस्छन् । त्यसपछि छुट्टिएका विराज र कमलाबिचमा भेटघाट बाग्लिन्छ । यो कुरा मादेनलाई मन परेको हुँदैन । धनी बाउकी छोरी कमलालाई मादेनले धेरै मन पराएको हुन्छ तर कमलाले मादेनलाई मन पराएको हुँदैन । यसैको बदला लिन मादेनले विराजलाई पहिले माओवादीमा लागेको र अहिले पनि माओवादीलाई सहयोग गरेको आरोप लगाउँदै प्रहरी ल्याएर विराजलाई पक्रेर लान्छ । तर प्रमाण नपुगेपछि प्रहरीले बाइस दिन हिरासतमा राखेर पठाइदिन्छ । यसरी मादेनले विराजको खेदो खन्ने काम अहिलेसम्म पनि जारी राखेको छ । त्यसपछि विराज एक जना साथीलाई घर बनाउने ठेक्का दिएर बेलायत फर्कन्छ ।

यसपछि विराजको रेणुका र कमलासँग चिठी आदान-प्रदान भई नै रहन्छ । तर युद्धको चापले गर्दा रेणुकाले धेरै चिठी पठाउन पाएको हुँदैन । यता कमलाले भने हप्तैपिच्छे पठाउने गरकी छिन् । यसले पनि विराजलाई बढी कमलाको मायाले तान्दै थियो । तर मादेनसँग कमलाको उठ्बस हुन्छ भन्ने पनि उनले सुन्दै थियो तर उनले यसको विरोध नगर्नु नै राम्रो ठानेर केही भनेको थिएन । यसरी समय बित्दै जान्छ र तिन वर्ष बितेपछि दोस्रो पटक विराज फेरि छ महिनाको विदामा घर आउँछ । यसबेला देशमा संकटकाल लागेकोले रेणुकासँग भेट हुन गाह्रो पर्छ तर कमला खल्ला भएकीले विराज र कमलाको खुल्ला रूपमै भेटघाट बाक्लिन्छ । यस्तैमा विराज र कमलाको बिहे

पनि हुन्छ यता रेणुकालाई भेट्ने मौका पनि पाएको हुँदैन । यसपछि 'रेणुका रिसाएर आफूमाथि आक्रमण गर्ने होला' भन्ने त्रास विराजमा हुन्छ तर बिहे भएको तेस्रो दिन रेणुका सुखमय दाम्पत्य जीवनको लागि शुभकामना दिन आइपुग्छे । शुभकामना र एउटा रुमाल उपहार दिएर चिया पनि नखाई रेणुका फर्किन्छे । रेणुकाको यस्तो व्यवहार देखेपछि विराजलाई झनै पश्चताव हुन्छ । यसरी ५ महिना विदा बिताएर घर र आमा-बाबा कमला कै जिम्मा लगाएर विराज पुनः बेलायत फर्कन्छ । तर विराजले चिताएजस्तो काम कमलाले गर्दिन ।

विराज बेलायत फर्केको छ महिनामै कमलाले छोरी पाउँछे । यसपछि बिस्तारै नानी हुर्कँदै जान्छ, यता विराज पनि पाँच वर्षसम्म छुट्टी नपाएर नेपाल फर्कन पाएको हुँदैन । श्रीमान् विराज पनि नभएको र कमलालाई पनि एक्लै पाएको मौका पारेर मादेनले बदला लिनकै लागि फेरि कमलासँग सम्बन्ध बढाउन थाल्छ । आखिरमा कमलालाई उनको बसमा पारेरै छाड्छ र उनीहरूबिचमा अवैध सम्बन्ध रहन थाल्छ । यो कुराका हल्ला गाउँदेखि शहर शहरदेखि बेलायतसम्म पनि पुग्छ । तर विराजले नदेखी सम्म विश्वास गर्नुहुन्न भन्ने मनशायले चिठी वा फोनमा केही पनि भन्दैन । आखिरमा पाँच वर्षपछि विराज घर फर्कन्छ । यसबेला कमलाले मादेनको पेट बोकेर फालेकी हुन्छे, विराज घर आउँदा कमलाको शरीरबाट रगत बगी नै रहेकै हुन्छ । यो कुरा विराज घर पुगेको रात नै विराजले थाहा पाउँछ तर पनि ऊ मौन बस्छ । त्यसको केही दिनमा मादेनकै योजनामा लालसेनाको रूप धारण गरेर प्रहरीहरू आएर माओवादीलाई सहयोग गरेको आरोपमा फेरि विराजलाई पशुपतिनगर प्रहरी चौकी लगेर यातना दिन थाल्छ । विराजलाई लिन आएँदा "माओवाद जिन्दावाद, जनयुद्ध जिन्दावाद, भन्दै लगेको हुनाले बिना कसुर अपहरण गरेको आरोप लाग्ने डरले र माओवादीको बदनाम हुने डरले यो कुराको खोजी गर्नु माओवादीहरूको पनि हो, भन्ने निष्कर्ष साथ माओवादी पार्टीले नै विराजको खोर्जा गर्न थाल्छ । यो निष्कर्षसाथ माओवादीले पशुपतिमा विराजलाई राखेको पत्तो लगाउँछ र पशुपतिनगर प्रहरी थानाबाट कसरी विराजलाई मुक्त गर्ने ? भन्ने विषयमा छलफल हुन्छ र आखिरमा आक्रमण गरेरै मुक्त गर्ने निष्कर्षमा पुग्छ ।

योजना अनुसार पशुपतिनगर प्रहरी थानामा माओवादी जनसेनाले आक्रमण गर्छ । यसबेला दस/बाह्र जना प्रहरी मारिन्छ भने विराजलाई यातना दिएर राखेको घाइते अवस्थामा भेटिन्छ । अर्कातिर एक जना सिभिल ड्रेसका एक अपिरिचत मानिस पनि घाइते अवस्थामा भेटिन्छ । यसबेला रेणुका सह कमाण्डर भइसकेकी हुन्छे । उनै रेणुकाले मात्र विराजलाई चिन्न सक्छे । आखिरमा विराज भेटिन्छ । यसबेला विराजले रुँदै रेणुकासँग माफी माग्छ तर रेणुकाले “तिम्रो केही गल्ती छैन किन माफी माग्छौ” भनेर नम्र भाषामा सम्झाउँछे र उपचारको लागि आफ्नै स्वास्थ्य केन्द्रमा लान्छे । ती माथि भनिएको सिभिल ड्रेसको मानिस अरु कोही नभएर तिनै सुराकी मादेन भएको कुरा स्वास्थ्य केन्द्रमा पुगेपछि मात्र थाहा हुन्छ । यसरी यो कथाको अन्त्य हुन्छ ।

यो कथा केही लामो भए पनि जनयुद्धमा लाग्नेहरू निर्मम हुन्छन्, उनीहरूमा माया, दया केही हुँदैन भन्ने जनमानसमा भ्रमको खेती गर्नेहरूलाई सबक सिकाउने उद्देश्यले लेखिएको हो । यसमा मुख्य पात्रहरूमा विराज, कमला र रेणुका हुन् भने खलनायकमा मादेन र जितेन रहेका छन् । यसै गरी सहायक पात्रहरूमा कुन्ती, क.भुषण, क.विशाल, क. जगत रहेका छन् भने सहिद क.मिलन पनि रहेको छ, जसलाई मादेनले नै सुराकी गरेर माओवादीको नाममा मार्न लगाएको थियो । यसरी पात्र विधानको संयोजन गरिएको यो कथाको  परिवेश पूरै जनयुद्धमा आधारित रहेको छ । युद्धमय परिवेशमा एकातिर पैसाको तृष्णा जागृत हुन्छ भने सो पैसा कमाएपछि पैसाको तृष्णा त मेटिएको छ तर त्यसले तनावमय वातावरण सिर्जना भएकोले यो कथाको शीर्षक ‘तष्णा,तृप्ति र तनाव’ राख्नु निकै उपयुक्त देखिन्छ । त्यसै गरी एकातिर पैसाको तृष्णा छ भने अर्कातिर यौनको तृष्णा पनि उत्तिकै प्रबल देखिन्छ । विराजमा पैसाको तृष्णा छ भने मादेनमा यौनको तृष्णा तर ती सबै तृष्णाले तनाव सिर्जना गरिदिएकोले पनि यो कथाको शीर्षक उपयुक्त रहेको छ ।

यो कथामा जनयुद्धको औचित्यलाई पुष्टि गर्ने धेरै प्रसङ्गहरू बिचबिचमा आएका छन् । यसको साथै जनयुद्धमा लाग्नेहरू कठोर हुन्छन्, मान्छे मार्नुबाहेक अरू केही गर्दैनन् भन्ने भ्रम चिर्नको लागि पनि यो कथा लेखिएको भान हुन्छ । प्रेम र माया चेतनशील मानिसको नैसर्गिक अधिकार हो, यसलाई जस्तोसुकै परिस्थितिमा पनि रोक्न

सकिन्न भन्ने आशय पनि यस कथामा छ साथै पैसाभन्दा पनि मुक्तिको मार्ग पहिल्याउनु उत्तम हुन्छ, पैसाको तृष्णालाई तृप्ति गर्न दुःखको भुँवरी पार गर्नुपर्छ तर अन्त्यमा त्यसले तनावको सिर्जना गर्नुबोहक अरू केही हुन सक्दैन भन्ने सन्देश यस कथाले दिएको छ । यहाँ एक ठाउँमा रेणुकाले विराजलाई सम्झाउँदै भनेको वाक्य स्मरणयोग्य छ–"धन सम्पत्ति भनेको मानिसको बन्धन हो, त्यसले मानव मुक्तिको बाटो बन्द गरिदिन्छ । त्यसले तृष्णा बढाइदिन्छ र धन प्राप्ति र तृष्णाको कारणबाटै अपराध, शोषण, अन्याय र अत्याचारको जन्म हुन्छ ।" यसरी यो कथामा उल्लेख भएको यही वाक्यबाट कथाको उद्देश्य र सन्देश बुझ्न सकिन्छ ।

समग्रमा यो कथा नेपाली भूमिमा जनयुद्धबाट जनताको मुक्ति चाहने योद्धाहरूमा पनि माया, प्रेमको भाव रहन्छ, मानिस सबै एकै नाशको हुन्न कोही पैसाको लागि मरिमेट्ने हुन्छ भने कोही जनताको मुक्तिको लागि जीवन समर्पण गर्छ त कोही लोभी, पापी र फटाहा पनि हुन्छन् । यसै गरी जति पाप काम गरे पनि कुनै न कुनै दिन पापीहरू मुक्तिको बाटोमा लाग्नेहरूको पासोमा पररै छाड्छन्, भन्ने सन्देश पनि यस कथामा रहेको छ । सच्चा प्रेम र झुटो माया छुटाउन नसक्दा दुःख भोग्नु पर्ने हुन्छ भन्ने सन्देशसमेत समेटिएको यो कथाले समग्र मानव समूदायलाई उच्च विचार विवेक पुऱ्याएर मात्र केही  गर्नको लागि निर्णय लिनुपर्छ भन्ने सन्देश दिएको छ ।

## ४.८. निष्कर्ष

कथाकार भीम क्षेत्रीका यी सम्पूर्ण कथाहरूको अध्ययनबाट के निष्कर्ष निकाल्न सकिन्छ भने उनको प्रवृतिगत विशेषता भनेको कष्टकर ग्रामीण जीवन भोगाई, धनीमानी सामन्तको अन्याय र अत्याचार, राजनैतिक बेइमानी, निम्न पुँजीवादी चिन्तनबाट सिर्जना भएको अपराध र सामाजिक विसङ्गति, नेपालमा भएको दस वर्षे जनयुद्धको औचित्य पुष्टि गर्ने प्रयास र परिवर्तनशील समाजमा व्यक्तिको भूमिका आदि सम्बन्धमा सन्देश प्रवाह गरी जनतालाई सचेत तुल्याउने उद्देश्य रहेको पाइन्छ । यस अर्थमा कथाकार क्षेत्री प्रगतिवादी कथाकारको रूपमा अगाडि बढेको देखिन्छ । उनका

कथाहरूमा कहीँ कतै प्रेम प्रसङ्गले पनि स्थान पाएको छ तर त्यो नितान्त आधारभूत आवश्यकताको रूपमा हेरिएको छ । यी माथिका चार वटा कथामा देखिएको प्रवृतिलाई हेर्दा उनले पहिलो कथामा देशभित्र रोजगारको अभावले विदेशिएका युवाहरूको विदेशमै मृत्यु हुने गरेको यथार्थता उद्घाटन भएको छ भने देशमा राज्यले रोजगार सिर्जना गर्न नसक्नु नेतृत्वहरूको कमजारी र राज्य व्यवस्थाको  दोषलाई औंलाएका छन् । त्यसै गरी दोस्रो कथामा राजनैतिक व्यवस्था र नेताहरूको बेइमानका कारण एउटा इमानदार कार्यकर्ताले आत्महत्या गर्नु पर्ने अवस्था रहेको सन्देश दिएका छन् भने नेताहरू बेइमान र विदेशी दलालीमा लागेपछि आफ्नो स्वार्थभन्दा अरू केही नहेर्ने प्रवृतिको भण्डाफोर गरिएको छ । त्यसै गरी तेस्रो कथामा जीवनमा आधारभूत आवश्यकता पूरा गरी सन्तोषले र आनन्दले जीवन भोग गर्न सकिने कुरालाई जोड दिँदै आवश्यकताभन्दा कम भयो भने पनि जीवन अभिश्राप हुने र आवश्यकताभन्दा बढी भयो भने पनि जीवन अभिश्राप नै हुने सन्देश प्रवाह भएको छ । यसमा बुइपाको जीवनमा आधारभूत आवश्यकता पूरा भएको छैन त्यसैले उसको जीवन अभिश्राम भएको छ, अर्कातिर डा. वरुण आधारभूत आवश्यकताभन्दा बढी नै धन थुपारे पनि उनको जीवन आनन्दशील बनेको छैन बरु जीवन अभिश्राप बनेको छ । तर बि.बि.सर (म पात्र) एकजना क्याम्पस लेक्चरर हुन् । उनको आधारभूत आवश्यकता पूरा भएको छ र जीवनमा उनी सन्तुष्टि छन् । उनलाई कुनै प्रकारको तनाव र अभाव भेल्नु परेको छैन र उनलाई धन थुपारेर अरु तनाव बेहोर्नु पनि परेको छैन । उनको जीवन आनन्दले चलिरहेको छ । जसले गर्दा उनले बरु वृद्ध मानिसको सहयोग गर्न सकेका छन् यसबाट पनि उनले आत्मसन्तुष्टि पाएका छन् । जति नै धन थुपारे पनि आत्मसन्तुष्टि रहेन भने जिन्दगी अभिशप्त हुन्छ, भन्ने सन्देश दिइएको छ । यसै गरी चौँथो कथामा तृष्णा अति भयो भने क्षति हुन्छ भन्ने सन्देश दिइएको छ । वैयक्तिक तृष्णाको तृप्तिमा लाग्दा तनावको सिर्जना हुनु स्वभाविक भए पनि त्यसको परिणाम नकारात्मक भयो भने तृप्तिको कुनै अर्थ रहँदैन, भन्ने सन्देश यस कथामा पाइन्छ । यस कथामा दुई पक्षीय वैयक्तिक तृष्णा जाग्रित भएको छ । एकातिर प्रेमको तृष्णा छ भने अर्कातिर पैसाको तृष्णा छ । प्रेम वा मायाको तृष्णाले कमला र मादेनको बर्बादी

भएको छ भने अर्कातिर पैसाको तृष्णाले गर्दा बेलायती लाहुरे बनेको विराज तनावमय जीवन भोगिरहेको यथार्थ यस कथामा छ । यस अर्थमा सामूहिक तृष्णामा होमिएकी रेणुकाले जनयुद्ध झेल्दै गर्दा नाम र सम्मान दुवै कमाएकी छिन् । तर पैसा र प्रेमको तृष्णामा लागेका विराज र मादेनले मान, सम्मान, सन्तुष्टी सबै गुमाएका छन् । यसरी यो कथामा दुई पक्षीय तृष्णाको तृप्तिमा लाग्दा तनावमय जीवन भोगाइको यथार्थता उद्घाटन गर्ने काम भएको छ ।

यसर्थ कथाकार क्षेत्रीका यी कथाहरूमा जीवन भागाईका क्रममा आउने सामाजिक, राजनैतिक, सांस्कृतिक र आर्थिक आदि सारा पक्ष समेटिएको पाइन्छ । समाजको विकृति र विसङ्गतिप्रति तीव्र घृणा छ, र आलोचनासहित सुधारको अपेक्षा राखिएको छ । समग्रमा मूल्याङ्कन गर्दा क्षेत्रीका कथाहरू मार्क्सवादी सैद्धान्तिक अवधारणामा आधारित छन् भने प्रगतिवादी धारालाई आत्मसात गरेका छन् । उनका कथाहरूमा कला पक्षभन्दा बढी सार पक्ष बलियो देखिन्छ तथापि सार पक्ष कथाको मुख्य मर्म पनि भएकोले कला पक्ष गौण हुनु स्वभाविक छ । उनले हाम्रै देशको सेरो-फेरो, गाउँ-वस्ती, भीर-पाखाका परिवेशमा देशभित्रकै पात्रहरू उभ्याएर नेपाली धर्तीमा फिँजिएर परम्परा बनेको विकृति र विसङ्गतिको भण्डाफोर गर्दै त्यसमाथि विद्रोहको अभिव्यक्ति दिएका छन् । उनले समाजको आमूल रूपान्तरण चाहेको कुरा उनका विभिन्न कथाहरूमा पाइन्छ । त्यसै गरी घर बिग्रनुको दोष पुरुषको नकाम्मपनलाई दोष थोपरी दिने हाम्रो समाजमा घर बिग्रनु र सप्रनुमा पुरुषभन्दा महिला बढी जिम्मेवार छ साथै पुरुषहरूको जाँड-रक्सीमा लत, यौनमा लत पनि उत्तिकै जिम्मेवार छ भन्ने कुराको यथार्थताको उद्घाटन पनि उनका कथाहरूमा भएको छ । त्यस्तै राजनीतिक नेता र नेतृत्व बेकाम्मे र लोभी, पापी र स्वार्थी बन्ने हाम्रो मुलुकमा निश्वार्थ भावले देश र जनताको सेवा गरे देश सम्पन्न बन्ने र जनताले समृद्धिमा बाँच्ने दिन आउन धेरै लाग्दैन भन्ने कुरा पनि उनका कथाहरूमा सशक्त रूपमा उठाइएको छ । यसर्थ कथाकार क्षेत्री सामाजवादी यथार्थवादी कथाकार हुन् भन्ने कुरा प्रष्ट हुन्छ ।

## ४.९. समय र मान्छे कथासङ्ग्रह र त्यसभित्रका कथाहरूको अध्ययन

कथाकार भीम क्षेत्रीले विभिन्न पत्रिकामा प्रकाशन गरेका र नगरेका आफ्ना बाइस वटा कथाहरूलाई समेटेर दुई वटा सङ्ग्रहका रूपमा २०७० सालमा प्रकाशन गरेका हुन् । उनका ती कथसङ्ग्रह **'समय र मान्छे'** र **'तृष्णा र तृप्ति'** हुन् । तीमध्ये पहिलो अध्यायमा 'तृष्णा र तृप्ति' कथासङ्ग्रहको अध्ययन गरी सकिएको छ भने यस अध्यायमा 'समय र मान्छे' कथासङ्ग्रहको अध्ययन गर्ने कोसिस गरिएको छ । यो 'समय र मान्छे' कथासङ्ग्रहमा जम्मा एघार वटा कथाहरू समावेश गरिएका छन् । ती कथाहरू क्रमशः **'सच्चा नाता, लाभीको भाँडो, छिमेकीको छोरो, होली,श्राप र संयोग, समय र मान्छे,, दिदीको बुट्टे झोला, एउटा बाल संकल्प, सन्देशको विद्रोह, हराएको विश्वास, अपराध स्वीकार, पुकुलीको सङ्घर्ष**, रहेका छन् । यी सबै कथाहरूमा हाम्रै देश नेपालको ग्रामीण समाज र  त्यहाँ बसोबास गर्ने नेपालीहरूको चित्रण गरिएका छन् । अझ बढी बालकेन्द्रित कथाहरू यस सङ्ग्रहमा समावेश गरी नेपालमा चल्दै आएको हाम्रो परम्परा, चाँडवर्प र त्यसमा भित्रिँदै गएको विकृतिको सिकार बालबालिका आफै बन्नु पर्ने परिस्थिति कसरी सिर्जना हुँदैछ ? भन्ने सन्देशमूलक कथाहरू पनि यस सङ्ग्रहमा समावेश गरिएका छन् । नेपालका राजनीतिक विषयवस्तु समेटिएका कथाहरूमा **'लोभीको भाँडो, 'समय र मान्छे, 'एउटा बाल संकल्प, 'अपराध स्वीकार**, आदि हुन् भने संस्कार र संस्कृतिमूलक विकृतिको यथार्थता, त्यसको भण्डाफोर र त्यसले बालबालिकामा पार्दै गरेको प्रभावको साथै त्यसमा सुधारको अपेक्षा गरिएका कथाहरू**मा 'सच्चा नाता, होली, श्राप र संयोग, सन्देशको विद्रोह,** आदि रहेका छन् ।

त्यसै गरी यी कथाहरूमध्ये एउटा भिन्नै सन्देश छाड्ने कथामा **पुकुलीको सङ्घर्ष र छिमेकीको छोरो** रहेका छन् । यी कथामध्ये **पुकुलीको सङ्घर्ष**मा नारी जातिले पनि आफ्नो जीवनमा सानैबाट केही गरेर म समाजलाई देखाउने छु, भन्ने अठोट र जाँगर देखाए गर्न सक्ने तर 'म अर्काको घर जाने जात, अरु कोही मेरो जीवनको सहारा हुन आउँछ, भनेर पर्खेर बस्ने हाम्रो नेपाली समाजमा परिवर्तित सोँचको आवश्यकता रहेको सन्देश दिइएको छ भने अर्को **छिमेकीको छोरो** कथामा

दाम्पत्य जीवन र त्यो जीवनको रथ गुडाउने सहयोगी लोग्ने-स्वास्नी दुवै हुन् । तर कलङ्कित नारी जातिमा विकृत मनोवृत्तिले डेरा जमाएमा लोग्नेले जतिसुकै जाँग र मिहिनेत गरे पनि, जतिसुकै जिम्मेवारीपूर्वक काम गरे पनि घर सुध्रन सक्दैन उसले घर र लोग्नेको जीवनसमेत बर्बाद पार्न सक्छ भन्ने देखाउन यस कथामा एक जना हवल्दार साइला नामको पात्र खडा गरी उनैको घर बिग्रन लागेको देखाइएको छ । असल लोग्ने हुँदा हुँदै पनि खराब स्वास्नीका कारणले गर्दा जीवन कहिल्यै सुखी हुन नसक्ने यथार्थता देखाउँदै यस कथामा एक जना कुशल र सभ्य अनि पढालेखा गरेका गाउँका रमेश नामको छिमेकीको छोरोले कलेज जीवनमै सिकेका र, देखेका र भोगेका कुरालाई व्यवहारमा उतार्ने काम गरेका छन् । रमेशले धेरै वर्ष लगाएर अन्धविश्वासमा जकडिएको हाम्रो समाजमा अन्धविश्वासलाई हतियार बनाएर हवल्दार साइलाको घर सुधारी दिएको प्रसङ्गलाई निकै रोचक ढङ्गले प्रस्तुत गरिएको छ । यी कथाहरूमधये राजनीतिक विषयवस्तु रहेका कथाहरूमा राजनीतिमा विकृति र विसङ्गति मौलाएको कारण  समाज पनि विकृतिको सिकार हुँदै गएको, सामूहिकताभन्दा वैयक्तिक लाभको लागि मानिसले राजनीति गर्ने गरेका कारण देश बर्बाद भएको, घुसीया र भ्रष्टाचारी प्रवृति मौलाएको, संसद र मन्त्री बनेपछि लोभ र मोहमा फसेको छ देश र जनतालाई बर्बाद पार्दै लगेको यथार्थताको उदघाटन  त्यसमा गर्दै सुधारको अपेक्षा राखिएको छ ।

समग्रमा देश बनाउने र बिगार्ने यन्त्र भनेको राजनीति नै हो, तर नेपालमा राजनीति गर्नेहरू भ्रष्ट हुने गरेको र पुँजीपति वर्गको, शोसक वर्गको र शासक वर्गको दलाली गरेर आफ्नो फाइदा हेर्ने प्रवृतिका कारण नेपालमा हरेक पटकको आन्दोलन र त्यसबाट भएको उपलब्धी जनताको पक्षमा जान नसकेको तितो यथार्थको उदघाटनको साथै न्यायमूलक समाज निर्माणको लागि आह्वान गरिएका कथाहरू छन् । समाजको यथार्थता, सामाजिक, सांस्कृति विकृति, धनको लोभ, सामाजिक विभेद साथै त्यसको विरोध र सुधारको अपेक्षा गरिएका छन् । नयाँ समतामूलक समाज निर्माणको सन्देश दिएर लेखिएका क्षेत्रीका कथामा **अपराध स्वीकार** हो । यस कथामा नयाँ समाज निर्माण हुँदा देश र जनताको अवस्था कस्तो हुने ? भन्ने कल्पना गरिएको छ । यो कथाङस्ग्रहको भूमिकामा समालोचक ईश्वरचन्द्र ज्ञवाली लेख्नुहुन्छ "भीम क्षेत्रीद्वारा यी

कथाहरूको माध्यमबाट वर्गीय प्रेम, परिवर्तन, सामाजिक चेतना, धनी र गरिबबिचका अन्तर्विरोध, मुखिया तथा सामन्ती प्रवृतिका कारण सिर्जना भएका समस्या, युगबोधी विचार र सुधारात्मक सन्देश दिन खोजिएको छ । त्यसै गरी सामन्ती र पुँजीवादी शासन प्रणालीभित्रको विकृति र विसङ्गतिको भण्डाफोर गर्दै भ्रष्टाचार, कमिशन, घुसखोरी, तस्करीले क्षतविक्षत बनेको नेपाली समाजको पीडा र व्यथा नै कथाभित्रको अन्तर्वस्तु हुन् ।" यसरी समीक्षकहरूले पनि स्वीकारेका विषयवस्तु भनेको सामाजिक यथार्थको चित्रणका साथै सामाजिक र सांस्कृतिक विृकति, विसङ्गति, राजनैतिक बेइमान र भ्रष्टाचार, सुदखोर, घुसखोर, कमिशनतन्त्रको विरोध र सुधार नै हुन् भन्ने कुरा स्पष्ट रहेको छ ।

यो समय र मान्छे कथासङ्ग्रहभित्र सबै कथाहरू अब्बल छन् तथापि यस शोधकर्ताका केही सिमाका कारण ती सबै कथाहरू यस शोधकार्यमा समावेश गरी अध्ययन, अनुसन्धान गर्न सम्भव नहुने भएकाले यसभित्रका कथाहरूमध्ये **सच्चा नाता, लोभीको भाँडो, समय र मान्छे, अपराध स्वीकार,** आदि यी चार वटा कथाहरू मात्रै प्रतिनिधि कथाको रूपमा अध्ययन गर्ने प्रयास गरिएको छ । यी कथाहरूबाटै उनका कथाका प्रवृतिगत विशेषताहरू पहिल्याउन सकिनेछ भन्ने निष्कर्षसहित यस शोधमा छनोट गरिएका यी कथाहरूको अध्ययन समग्रतामा गर्ने कोसिस गरिएको छ । समग्रतामा सार पक्ष र कला पक्षको अध्ययन गर्दै समग्रतामै विषयवस्तु वा कथावस्तु, भाषाशैली वा शिल्प, परिवेश, सन्देश वा उद्देश्यको साथै यसको कलात्मकताको विश्लेषण गर्ने प्रयास गरिएको छ । यसरी अध्ययन गर्ने क्रममा पनि एउटै शीर्षक दिएर समग्रता खोज्नुमा शोधकर्ताको केही सिमा र कमजोरी रहेको छ । तथापि प्रवृतिगत विशेषताहरू नछुटाइकन अध्ययन गरिएकोले कमजोरी स्वीकार योग्य रहेको हुन सक्नेछ भन्ने मैले ठानेको छु । ती चार वटा कथाहरूको अध्ययन यसप्रकार गरिएको छ ।

४.९.१ . सच्चा नाता

यो **सच्चा नाता** कथा 'समय र मान्छे' कथासङ्ग्रहको पहिलो कथा हो । यो कथा ज्ञानपुञ्ज द्वैमासिक पत्रिकामा २०६६ साल जेठ/असारतिरै प्रकाशित भएको थियो भने २०७० सालमा यो कथाससङग्रहमा समावेश भएर आएको छ । **सच्चा नाता** कथा सामाजिक विभेदको विरुद्ध लेखिएको कथा हो । समाजमा छुवाछुत प्रथाले मानिस-मानिसबिचको सम्बन्धलाई निकै टाढा पुऱ्याई दिएको यथार्थले सायद कथाकार क्षेत्रीको मन छोएको हुन सक्छ । कथाकारले यही विभेदको कारणबाट मानिस-मानिसबिचको सम्बन्धलाई सङकीर्ण घेरामा बाँधी दिएको छ । त्यसैले यस कथामा एउटै रगत शरीरमा कसरी मानिस-मानिसबिचमा फरक भयो त ? भन्ने जिज्ञासाको समन भएको छ । समाजमा तल्लो जात र माथिल्लो जातको वर्गीकरण गरेर सानो जातिमाथि हेला गर्ने, सामाजिक विभेद र अछुत व्यवहार गर्ने परिपाटी अहिलेको युगमा नितान्त बेठिक रहेको कुराको सन्देश दिँदै कथाकार क्षेत्रीले यस कथामा हामी सबैको शरीरमा एउटै प्रकारको रगत बगी रहेको यथार्थताको उद्घाटन गरेका छन् ।

यो **सच्चा नाता** कथाको कथावस्तु सरर्र अगाडि नबढी घटना घटेपछि घरि विगततिर बग्ने त घरि आगततिर बढ्ने प्रकृतिको रहेको छ । कथावस्तु एकजना मुखिया बा जो समाजमा हैकम जमाएर बस्ने वृद्धको घरमा घटेको घटनाबाट शुरू हुन्छ । मुखिया बा जमानामा निकै हुने, खाने जमिनदार र पैसावाल हुन्छ । उनले पैसाकै भरमा तिन-तिन जना बिबाह गरेका छन् । उनी अहिले पच्पन्न वर्षका हुन्छन् भने उनकी श्रीमतीहरू क्रमशः पचास, चालिस र पैतिस वर्षका हुन्छन् । देशमा प्रजातन्त्र आई सकेपछि उनको हैकममा कमी आउँछ साथै पैसा आउने बाटो पनि बन्द हुन्छ । घरमा तिन-तिन जना श्रीमती र बालबच्चालाई यथेष्ठ खाना दिनुपर्ने कारणले गर्दा भएका सबै सम्पत्ति पनि रित्तिँदै जान्छ । आखिरमा बुढोसित मनग्गे पैसा पनि हुँदैन । श्रीमतीहरूबिचमा झगडा परी रहन्छ तर उनले आफ्नो पहिलेको हैकम कायम राख्न श्रीमतीहरूलाई लाठो बजारेर झगडा साम्य बनाई रहेका हुन्छन् । तर पछिल्लो चरणमा मनग्गे पैसा पनि नहुनु, बुढेसकालले पनि छुँदै जानु, छोरा-छोरी पनि हुर्किँदै जानुले उनका सबै श्रीमतीले बुढाको लाठो सहन छाड्दै गएका हुन्छन् ।

त्यसै गरी मुखिया बाका छिमेकीहरू दलितहरू (कामी, दमाई, सार्की) हुन्छन् । उनीहरूलाई बुढाले जमानादेखि नै छिःछिः र दूर-दूर गर्दै आएका हुन्छन् । खेतबारीको काम पर्दा मात्र बुढाले ती दलितहरूलाई बोलाउने गरेका हुन्छन् । कहिले काहीँ भोज भत्तेर हुँदा बोलाई हाले पनि छिमकी कान्छा दर्जी, सार्की र कामीहरूले बाहिर आँगनमै बसेर खानुपर्थ्यो, घरभित्र पस्न र बस्न दिइँदैनथ्यो । यो रीत मुखिया बाको घरमा अहिले पनि कायम नै छ । तर त्यसदिन जुन समयमा मुखिया बाका श्रीमतीहरूबिचमा नराम्ररी झगडा पर्छ । बुढाले पहिलेझैँ लाठो लिएर श्रीमतीहरूको डँडालोमा लाठो बर्साउन थाल्छ तर उनका श्रीमतीहरूले त्यो दिन बुढाको लाठो सहेनन् र उल्टै बुढाकै लाठो खोसेर बुढाकै टाउकामा हान्छन् अनि श्रमितीहरू आ-आफ्ना सन्तान लिएर माइतीतिर लाग्छन् । बुढा मुखिया मरणासन्न भएर घरभित्र एक्लै पल्टिरहेको कान्छा दर्जीले देख्छ । त्यसपछि कोही नभएको बुढा मुखियाको उद्दार गर्न कहिल्यै नपसेको बुढाको घरभित्र छिरेर कान्छा दर्जी, उनकै छोरो टिका, धने, सुर्के, हर्के कामी र सार्कीले बेहोस भएको मुखिया बुढालाई उठाएर अस्पतालतिर लान्छन् । अस्पताल पुऱ्याएपछि बुढाको शरीरको रगतसँग मिल्ने रगत कान्छा दर्जी र उनकै छोरो टिकाको मात्रै हुन्छ । उनीहरूकै रगत बुढालाई दिइन्छ र मुखियालाई बँचाउने काम हुन्छ । बुढा होसमा आउँदा कान्छा दर्जीलाई आफू सुतेकै ओछ्यानमा बसेको देखेर केही पर सर्दै “तिमी मेरो छेउमा किन बसेको ? पर बस, यहाँ मलाई छोइएला ।” भन्छ तर उनको शरीरमा ती कान्छा दर्जीकै रगत बगी रहेको कुरा डाक्टरले बुढालाई सनाउँछ । डाक्टर यो कुरा भनेपछि मुखिया बा छाँगाबाट खसेझैँ हुन्छ । त्यसपछि मात्र मुखिया बाको चेतना खुल्छ र पश्चताव गर्दै र माफी माग्दै भन्छ–“हेर कान्छा, तिमीले मलाई बँचायौ, अब मेरो भन्ने तिमीबाहेक अरू कोही रहेनन् । त्यसैले आजदेखि तिमी नै मेरो **सच्चा नाता** पर्ने मान्छे भयौ ।” यसपछि मुखिया बाका श्रीमतीहरू लाखापाखा लाग्छन् भने मुखिया बा पनि कान्छा दर्जीहरूसँगै एउटै परिवार भएर जीवन काट्छन् । यसरी **सच्चा नाता**कथामा ‘परेको समयमा मद्दत गर्ने र जिउ ज्यानले सहयोग गर्ने मान्छे नै हुन् भने किन फरक ? भन्ने सवाललाई पुष्टि गरिएको छ । तयसै गरी हामी मानिसबिचमा कोही सानो र ठुलो जात छैनौ । घर परिवारभित्र अथवा लाग्ने-स्वास्नी, छोरा-

छोरीबिचको माया, मोहमा बाँधिएर बस्नु आजको सन्दर्भमा ठिक छैन । परिवारले परेको समयमा मद्दत र सहयोग गर्दैन,  उल्टै यातना दिन्छ भने त्यो सच्चा नाता होइन । मानिसको शरीरमा एकै प्रकारको रगत बगी रहेका छन् भने कोही सानो जात र ठुलो जात भनेर छुटाउनु नहुने कुराको पुष्टि गर्न यो कथाको सिर्जना भएको हो, भन्ने कुरा मुखिया बाकै उक्त भनाइबाट पनि बुझ्न सकिन्छ ।

यो कथाको परिवेश हाम्रै नेपालका कुनै ग्रामीण समाज रहेको छ भने दिनको समयमा घटना घटेको छ भने सुनसान गाउँमापनि छिमेकीहरू चाँडै भेला हुनको लागि पनि समय लागेको अवस्था रहेको छ । मौसमको कुनै उल्लेख नभए पनि अस्पतालमा पुग्दा रात पर्नै लागेको छ । घर परिवेश कोलाहलमय रहेको छ भने कान्छा दर्जीमा घरिघरि मानसिक द्वन्द्वको परिवेश सिर्जना गरिएको छ । यसै गरी यस कथाको भाषा शैली सरल र सहज छ भने ग्रामीण जनताले बोल्ने ठेट नेपाली बोलीलाई कथाको भाषाशैली बनाइएको छ । पात्रहरूको नाम पनि गाउँघरमा प्रचलित नाम धने, हर्के, सुर्के, टिका आदि राखिएको छ । त्यसै गरी कान्छा दर्जीले बोलेको “परेको बेला त हो छिमेकी, अरू बेला त आ-आफ्नो ठाउँमा छँदै छौँ नि” जस्ता सरल ग्रामीण सोझा गाउँले मानसिकतालाई समेत छर्लङ्ग हुने गरी भाषाको प्रयोग भएको छ । यसको साथै गाउँमा प्रचलित नियम र आव्हान अनुसारको काम गर्ने प्रवृतिको समेत उजागर भएको छ । त्यस्तै गाउँले छिमेकीको धर्म के हो ? भन्ने राम्ररी बुझेका दर्जीहरूले छिमेकी विष्टलाई ‘परेको समयमा मद्दत गर्नु नै धर्म हो, भन्ने सामाजिक मान्यतालाई पनि यस कथामा देखाइएको छ । टिकाले पालेको पेवा खसी बेचेको पैसा कतै खर्च नगरी राखेको हुन्छ । तर आफूहरूलाई सधैँ घृणा गर्ने छिमेकी मुखिया बा घाइते हुँदा सोही पैसा खर्च गरेको देखाएर कथाकारले गाउँले जनतामा भएको निस्वार्थ भाव र मानवताको उत्खनन् पनि यस कथामा गरेका छन् ।

यो कथाका पात्रहरू हाम्रै गाउँघरमा पाइने सोझा गाउँलेहरू नै छन् । कान्छा दर्जी, टिका, हर्के, सुर्के, धने आदि हाम्रै गाउँघरमा पाइने पात्रहरू हुन् । यस कथाको मुख्य पात्र मुखिया बा र कान्छा दर्जी हुन् भने सहायक पात्रहरूमा टिका, हर्के, सुर्के, धने  र डाक्टर हुन् । यस कथामा संवादमा आउने नदेखिने पात्रहरू मुखियाका तिन

जना श्रीमती, छोराछोरी अदृश्य पात्रहरू हुन् । यसै गरी यो कथामा संसारका मानिसहरूबिचमा रहेको भेदभाव र छुवाछुत कुनै सामन्तले रचेको थिति मात्रै हुन् अब यो थिति वा चलन समाजबाटै उन्मुलन गर्नु जरुरी छ, भन्ने सन्देश रहेको छ । मानिसको शरीरमा एउटै रगत बग्छ भने कसरी सानो जात र ठूलो जात भयो ? भन्ने प्रश्नको उत्तर यस कथामा पाइन्छ । छोटो तर समग्र समाज अँटाएको यो कथालाई कथाकार क्षेत्रीले निकै सोचबुझका साथ सिर्जना गरेको देखिन्छ । अर्कातिर हाम्रो समाजमा रहेका बहुबिबाह गरेर पनि सुख र आनन्दले जीवन बिताउन सकिन्न भन्ने कुरालाई पनि यस कथामा उठान गरिएको छ । तिन जना श्रीमती भएर पनि बुढेसकालमा एक्लो जीवन बिताउनु पर्ने अवस्था सिर्जना गरी बरु एक जना योग्य श्रीमती सम्हाल्नु राम्रो, जीवनमा जति वटै बिहे गरे पनि श्रीमती अयोग्य र दुराचारी छिन् भने तिनले घरमा सहारा दिँदैनन् भन्ने सन्देश दिइएको छ । तिन जना श्रीमती बिबाह गर्नु ठूलो भूल मात्रै होइन महाभूल हो भन्ने देखाएर बहुबिबाहलाई दुरुत्साहित गरिएको छ ।

यसरी नै यस कथाको नाम वा शीर्षक 'सच्चा नाता' निकै सार्थक रहेको छ । मानिसले सच्चा नाताको रूपमा आफ्नै भित्रका सन्तानलाई मात्र मान्ने नेपाली समाजको परम्परामा फरकपन देखाइएको छ । **सच्चा नाता** अन्य कोही पनि हुन सक्छ भन्ने कुरालाई देखाउन यहाँ एक दर्जीको रगत विष्टको शरीरमा लगाएर एउटै नाता प्रमाणित गर्ने काम भएको छ । परेको समयमा जसले सहयोग गर्छ वास्तवमा उनै मात्र सच्चा नाताको मानिस हुन सक्छ भन्ने प्रमाण यस कथामा पेश भएको छ । आफ्ना श्रमिती र छोराछोरीबाट निर्मम यातना खेपेर घाइते भएको मुखिया बालाई सधैँ घृणाको पात्र बनेका दर्जीहरूले उठाएर अस्पताल पुऱ्याइ बँचाएको प्रसङ्ग कम रोचक छैन । त्यति मात्रै होइन अस्पताल पुऱ्याएर आफ्नै शरीरमा बग्ने रगत दिएर प्राण बँचाई दिएको कुरा थाहा पाउँदा मुखिया बा आफै जिल खाएका छन् । यसरी समग्रमा भन्नु पर्दा यो कथामा सामाजिक विभेदबाट जन्मने विकृति र विसङ्गतिलाई दुरुत्साहित गर्दै मानव-मानवबिचको एकतालाई प्रोत्साहन गरिएको छ । मानिसमा हुने छुवाछुत र छिमेकीको धर्म एकै साथ जोडिएर आएको परिवेशमा मुखियाले पश्चताव

गर्नु भनेको यो सामाजिक रीत र संस्कारलाई छोडेर नयाँ प्रथा बसाउनु हो र समाजमा सबै मानिस एउटै हुन् भन्ने सन्देश प्रवाह गर्नु यस कथाको मुख्य उद्देश्य हो ।

### ४.९.२ .लोभीको भाँडो

यो **लोभीको भाँडो** कथा २०६६ सालमै ज्ञानपुञ्ज द्वमासिक पत्रिका प्रकाशन भइसकेको हो तथापि कथाकार क्षेत्रीले यसलाई पुस्तकाकार कृतिको रूपमा **समय र मान्छे** कथासङ्ग्रहमा समावेश गरी २०७० सालमा प्रकाशन गरेका छन् । यो **लोभीको भाँडो** कथा राजनीतिक बेइमानीमा आधारित कथा हो । देश बनाउने र बिगार्ने विषय राजनीति हो, तर हाम्रो नेपालको सन्दर्भमा राजनीति संस्कार र परम्परा बेइमानमा आधारित छ भन्ने देखाउन यो कथाको सिर्जना कथाकार क्षेत्रीले गरेको देखिन्छ । देश र जनता बिगारेको नेता र पार्टी भ्रष्टाचार, कमिशन, घुसखोरी, सुद्खोरीमा लिप्त भएर नै हो भन्ने कुराको उद्घाटन यस कथामा भएको छ । राजनैतिक प्रणाली भ्रष्टाचारमा आधारित छ र नै देश बर्बादी, जनता पीडित र दुःखी भएको हो,भन्ने कुरालाई प्रमाणित गर्न राजनैतिक यथार्थतालाई कथाको स्वरूप दिइएको प्रष्ट हुन्छ ।

यो **लोभीको भाँडो** कथाको कथावस्तु एक जना गाउँको डम्बरे नाम गरेको युवाको राजनैतिक यात्रामा देखिएका सफलता, असफलता र उनको इमानदारिता र बेइमानको भण्डाफोर, आदि विषयवस्तु समेटिएको छ । डम्बरसिँह एकजना इमानदार वैद्य (गाउँमा बिरामी मान्छेको सेवा गर्दै हिँड्ने) को छोराको रूपमा आएको छ । सुरूमा उनकै बुबाको प्रख्याती र लोकप्रियताका कारण उनको नाम र काम प्रादुभाव भएको हुन्छ । बाबु पारिश्रमिक पनि नलिई बिरामी गाउँलेलाई दबाइ, औषधि गर्दै हिँड्ने क्रममा गाउँमा उनले नाम र ख्याती दुवै कमाएको हुन्छ । यही उनको बुबाको लोकप्रियताले गर्दा डम्बरेले विद्यार्थी कालदेखि नै राजनीतिमा सफलता हात पार्दै जान्छ । उनले एस.एल.सी.पास गरेपछि त पूरै राजनीतिमा समय दिन्छ, ठाउँ-ठाउँमा भाषण दिँदै र जनताको काम गर्दै अगाडि बढ्छ । भाषणमा उनले “हाम्रो देशमा गरिब मानिसहरू धेरै छन्, जनतालाई यसरी गरिब बनाउने राजनैतिक व्यवस्था हो, यसलाई परिवर्तन नगरी देश र जनताले सुख पाउँदैन । यदि मलाई भोट दिएर देशको नियम,

कानुन बनाउने स्थानमा सांसद बनाएर पठाउनु भयो भने म देश र जनतालाई सुख दिने नियम र कानुन बनाउनेछु” भनेर जनतालाई आश्वासन पनि दिएको हुन्छ । तर भोटबाट जितेर संसद बनाएर पठाएपछि बिस्तारै, बिस्तारै जनतालाई भुल्दै जान्छ र अन्ततः काठमाडौंमै परिवारसहित बस्न थाल्छ ।

यसरी सांसदमा जितेर गएपछि डम्बरेले बिस्तारै जनतालाई भुल्दै जाने क्रम सुरू हुन्छ र अन्ततः काठमाडौंको शहरी वातावरणले उनको मानसपटलमा लोभ, मोह र लालच जगाई दिन्छ र उसलाई भ्रष्टाचार गर्नतिर प्रवृत गराई दिन्छ । डम्बरे अब पूरै भ्रष्टाचारमा डुब्दै जान्छ । ठेक्का, पट्टा मिलाइदिने नाममा, जागिर लगाई दिने नाममा, गाउँको विकास गर्ने नाममा घुस र कमिशन लिएर काठमाडौंमा करोडौंको घर, जग्गा जोड्ने काम गर्छ । उनले पूरै गाउँ र जनतालाई भुलेर भ्रष्टाचार गर्न थालेको समाचार अखबारहरूमा आउन थाल्छ । एकदिन अखबार र टि.भीहरूमा “सांसद डम्बरसिँहले इन्सपेक्टरको जागिर लगाइदिन्छु भनेर एकलाख घुस लिँदालिँदै रङ्गे हात पक्राउ पर्‍यो” भन्ने समाचार सुनिन्छ । यसरी कथाको अन्त्य हुन्छ र अन्त्यमा जनताहरूले आक्रोस पाख्दै “नेपालमा घुसखोरी, भ्रष्टाचारी, सुदखोरीहरूलाई मत्युदण्ड दिएको र उनीहरूको करोडौंको महल र घर,जग्गा राज्यले राष्ट्रियकरण गरेको समाचार कहिले सुन्न पाइएला?” भन्ने गरेको जनबोलीसहित कथाको अन्त्य हुन्छ । यसरी यो पूरै कथा राजनैतिक बेइमानी, जनतालाई झुक्याउने र जनताको सेवा गर्ने ठाउँमा पुगेपछि आफै नैतिक हराम बन्ने र स्वार्थमा चुर्लम्म डुब्ने गरेको नेपालका राजनैतिक यथार्थगत परिवेशलाई यस कथामा उतार्ने काम भएको छ ।

यो कथाको भाषशैली सरल, सहज र सरस पनि रहेको छ । ग्रामीण परिवेशमा रचिएको यस कथाको भाषामा ग्रामीण सहजता पाउन सकिन्छ भने कथाको भाषा सरर्र अगाडि बढेको छ । कथाको भूमिका गाउँले डाक्टरका प्रतीक वैद्य बाको आर्थिक, सामाजिक, मान, सम्मान र इज्जतबाट शुरू भएको छ । त्यसै गरी यस कथाले दिएको सन्देश लोभको पनि सिमा हुनुपर्छ नत्र कुनै पनि दिन लोभ गर्दागर्दै लाभ र विलापको अवस्था सिर्जना हुन सक्छ भन्ने हो । भ्रष्टाचार, कमिशन, घुसखोरीले नेपाली जनतालाई हुनसम्मको पीर र मार्का परी रहेको यथार्थता हो । नेपालका अधिकांश

जनता गरिब किन र थोरै मात्र मानिस धनी किन हुन्छन् ? यसको एक मात्र कारण यही भ्रष्टाचार, घुसखोरी, कमिशनतन्त्र र लोभी,पापी मनोवृति हो । यसको निराकरण हुनु जरुरी छ र यसको निराकरणको लागि एकातिर प्रहरी सक्रियताको जरुरी छ भने अर्कातिर राज्यको कानुन बलियो हुनु जरुरी छ, भन्ने सन्देश यो कथाबाट दिइएको छ ।

यो कथाको पात्र विधान सीमित घेरामा बाँधिएको छ । यसमा धेरै पात्रहरू छैनन् तर पात्रहरूको घनत्व नभए पनि यसमा एउटा युग अँटाएको परिवेश छ । सायद कथाकार भीम क्षेत्रीका कथाहरूमध्ये सबैभन्दा छोटो कथा पनि यही कथा हो । यसको आकार डिमाइज साइजमा दुई पृष्ठ मात्रैको छ तर कथाले डम्बरेको सिङ्गो जीवन बेहोरेको छ । डम्बरसिँह राई समुदायको पात्र मुख्य छन् भने यसका वरिपरि घुम्ने पात्रहरूमा वैद्य बा (डम्बरेको बाबु) र छिमेकीहरू आएका छन् । मुख्य पात्र डम्बरेकै वरिपरि घुम्ने गरेको यो कथाका पात्र नेपालका समग्र राजनैतिक पार्टी र नेताहरूको प्रतिनिधि हुन् । पहिले जनतालाई मिठो आश्वासन, आशा, भरोसा देखाउँदै भोट माग्ने अनि जितेर संसद बनी सिँह दरबार छिरेपछि घुसखोरी, कमिशनखोरी, भ्रष्टाचारी बन्ने र अकूत सम्पत्ति संकलन गर्ने नेपालको राजनीति र तिनमा आवद्ध नेताहरूको प्रवृतिलाई यस कथामा देखाउन खोजिएको छ ।

डम्बरे विद्यालय पढ्दैदेखि राजनीतिमा लागे पनि उनका गाउँ-घरको लोकप्रिय बुबा वैद्यको काम र नामकै कारण डम्बरेलाई सहानुभूतिपूर्वक गाउँलेले नेता बनाएर बाबुले जस्तै जनताको सेवा गर्ने आशा राखेका थिए । तर डम्बरेले सांसद जितेर सिँहदरबार पसेपछि उनी पनि अरू नेताहरू जस्तै भ्रष्ट बनेर काठमाडौंमा घर,जग्गा जोड्ने काम गरेका छन् । जनताको कुनै पनि समस्या समाधानको लागि उनले कतै काम गरेको देखिन्न । यसबाट के बुझ्न सकिन्छ भने नेपालमा वर्तमान संसदीय व्यवस्थाको खराबी नै यही नेर छ जहाँ पहिले असल र सही विचार लिएर सांसद बने पनि ती असल मानिसमा पनि बिस्तारै निम्न पुँजीवादी चिन्तनको भूत सवार हुन्छ र उनी पनि भ्रष्ट बन्न थाल्छन् । यसै कारण यो व्यवस्था नै ठिक छैन, भन्ने सन्देश यस कथाको माध्यमबाट दिइएको छ । डम्बरेकै भनाइ अनुसार “जनतालाई गरिब बनाउने र धनी बनाउने राज्य व्यवस्था नै हो,यहाँ पनि जनतालाई गरिब बनाउने खराब शासन

व्यवस्था हो खराब नेतृत्वले गर्दा हो ।" यसबाट पनि के बुझ्न सकिन्छ भने राज्य व्यवस्था र शासकको कुशासनले गर्दा धेरै मानिस गरिब  र थोरै मानिस धनी हुने गरेको हो भन्ने कुरा जनसमक्ष राख्नु कथाको उद्देश्य रहेको छ ।

यस कथाको परिवेश नेपालको सिङ्गो राजनैतिक परिवेश हो । यसमा गाउँले जीवन र सोझा गाउँलेको मनोवृति पनि समेटिएको छ । भ्रष्टाचार मौलाएको, घुसखोरी र कमिशनतन्त्रले जकडिएको अनि मानिसको लोभ, मोह र लालचलाई राज्यले नियन्त्रण गर्न नसेकेको यथार्थताको उद्घाटन यस कथामा भएको छ । त्यसै गरी यो कथाको शीर्षक **लाभीको भाँडो** राख्नु अत्यन्तै सान्दर्भिक देखिन्छ । डम्बरे सांसद हुनुभन्दा पहिले वैद्य बाले औषधि मुलो गर्दा आउने थोरै कमाइले पनि घर चलेकै थियो, नाम, दाम र लोप्रियता चुलिँदै गएको थियो तर जब डम्बरसिँह सांसद बनेर सिँहदरबार छिरे तब उनीभित्र लोभको भूत सवार भयो र अन्त्यमा लोभको कुनै सिमा रहेन । काठमाडौं गएर डेरा लिएर बस्ने गरेको डम्बरेले दुई/चार वर्षमै काठमाडौमा घर, घरेडी जोडे, त्यहाँसम्म त ठिकै मानिएको थियो तर अझ धेरै लोभ बढ्दै गयो र देश र जनताको स्वामित्वमा भएको छालाजुत्ता कारखाना, चिनी उत्पादन कारखाना, नेपाली कपडा कारखाना आदि नेपालको सम्पत्ति विदेशीलाई बेच्ने नेताहरूलाई साथ दिएर पनि उनले अझै धेरै कमिसन खाएर सम्पत्ति जोड्ने काम गर्दई गयो । यसरी काठमाडौंमा घर बनाए, यतिले पनि पुगेन काठमाडौंमा एक रोपनी जग्गा किने । यसरी दिनदिनै लोभको पारो चढ्दै गयो अन्ततः एकदिन सांसद डम्बरेले "प्रहरी इन्सपेक्टरको जागिरमा लगाइदिन्छु" भनेर एकलाख घुस माग्छ र ऊ त्यो घुसमा दिएको पैसा लिँदा लिदै पक्राउन पर्छ । यो समाचार देश व्यापि बनेर आउँछ, समाचारपत्रहरूमा छापिन्छ र टिभीबाट समेत प्रसारण हुन्छ । यसपछि डम्बरेको शान, मान र इज्जत एकै पटक ध्वस्त हुन्छ । यसरी यो कथा डम्बरेको लोभको भाँडो भरिएर पनि पोखिएको सन्दर्भलाई हेर्दा यो कथाको शीर्षक **लोभीको भाँडो** राख्नु उपयुक्त देखिन्छ । यसको साथै पात्रको चरित्र अनुसार बुनिएको कथामा पात्रकै लोभ र मोहले सम्पन्न बनेर पनि अझै लोभ देखाउदा फान्दामा फँसेको घटनालाई नै आधार बनाएर यस कथाको शीर्षक राखिएको हुँदा शीर्षक अत्यन्त उपयुक्त देखिन्छ ।

यो कथाको भाषशैली सरल, सहज र सरस पनि रहेको छ । ग्रामीण परिवेशमा रचिएको यस कथाको भाषामा ग्रामीण सहजता पाउन सकिन्छ भने कथाको भाषा सरर्र अगाडि बढेको छ । यस कथामा एउटा समाजसेवी वैद्य बुढाको जीवन यथार्थले पाएको लोकप्रियता र उनकै सन्तानले त्यो लोकप्रियतालाई बँचाउन नसकेको यथार्थताबिचको दुरीलाई समेटिएको छ । यसै गरी यस कथाले लोभको पनि सिमा हुनुपर्छ नत्र कुनै पनि दिन लोभ गर्दागर्दै लाभ र विलापको अवस्था सिर्जना हुन सक्छ भन्ने यो कथाले दिएको मुख्य सन्देश हो । भ्रष्टाचार, कमिशन, घुसखोरीले नेपाली जनतालाई हुनसम्मको पीर र मार्का परी रहेको छ । नेपालका अधिकांश जनता गरिब किन र थोरै मात्र मानिस धनी किन हुन्छन् ? यसको एक मात्र कारण यही भ्रष्टाचार, घुसखोरी, कमिशनतन्त्र र लोभी,पापी मनोवृति हो । यसको निराकरण हुनु जरुरी छ र यसको निराकरणको लागि एकातिर प्रहरी सक्रियताको जरुरी छ भने अर्कातिर राज्यको कानुन बलियो हुनु जरुरी छ, भन्ने सन्देश यो कथाबाट दिइएको छ ।

यसर्थ लोभीको भाँडो कथाको माध्यमबाट क्षेत्रीले राजनैतिक बेइमानी, भ्रष्टाचार, कमिशनतन्त्र, घुसखोरीतन्त्र आदिले जर्जर नेपाली समाजमा रूपान्तरणको अपेक्षा राखेका छन् र प्रहरी सक्रियता देखाइएमा भ्रष्टाचार उन्मूलन गर्न सहयोग पुग्छ तर प्रहरीहरूमै पनि घुसखोरी प्रवृति बडेर गएको प्रति पनि उनको चिन्ता छ । यदि यो राज्य व्यवस्थामा प्रहरी सक्रिय नहुने हो र राज्यको पहुँचवालाहरूले यसरी नै भ्रष्टाचार गर्दै रहने हो भने देशमा डम्बरे जस्ता मानिसहरूको मनोवल बढ्नेछ । तसर्थ भ्रष्टाचार, कमिशन, सुदखोर, घुसखोर मात्रै नियन्त्रण गर्न सके देशका जनता लाभान्वित हुने थिए भन्ने कुरालाई यस कथाको भित्री मर्मको रूपमा लिन सकिन्छ । यस्ता विकृतिलाई रोक्न र दुरुत्साहित गर्न अखबारहरूको पनि उत्तिकै महत्व रहन्छ भन्ने कुरा पनि यस कथाको माध्यमबाट बुझ्न सकिन्छ । डम्बरेको सारा खराबी कामको भण्डाफोर गरेर जनतालाई सुसूचित गराएर समाचार पत्रहरू र टि.भी.च्यानलहरूले निकै राम्रो भूमिका खेलेको कुरासमेत यस कथामा भेट्न सकिन्छ । यसरी समग्रतामा भन्नु पर्दा यो कथा भ्रष्टाचार, कमिशनतन्त्र, सुदखोर र घुसखोर विरुद्ध अभियान हो, भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.९.३ समय र मान्छे

यो **समय र मान्छे** कथा २०६७ साल साउन/भाद्रको ज्ञानपुञ्ज द्वैमासिक पत्रिका पूर्णाङ्क ६ मा प्रकाशन गरिएको थियो भने यही कथाबाट शीर्षक चयन गरी २०७० सालमा पुस्तकाकार कृतिको रूपमा कथाकार क्षेत्रीले प्रकाशन गरेका हुन् । यस कथामा समग्र नेपाली राजनीति र सामन्ती शासनको अवशेषको रूपमा रहेको प्रथा र सामन्ती हैकमको उद्घाटन भएको छ । कथाको थालनी सामन्ती व्यवस्थाको प्रतिनिधि पात्र महते बुढाको आर्थिक र सामाजिक हैसियतबाट सुरू भएको छ । यो कथाको विषयवस्तु ग्रामीण समाजमा सामन्ती हैकम कसरी लादिन्थ्यो र कसरी उनीहरूबाट गाउँले जनता प्रताडित हुन्थे ? समयक्रममा कसरी तिनको हैकमवाद कम भएर गयो र जनयुद्धसम्म आइपुग्दा कसरी तिनको राईदाईं समाप्त भएर गयो ? भन्ने यथार्थताको उद्घाटन भएको छ ।

यस कथाको कथावस्तु सरर्र अगाडि बढेको छ । सालुवेसी पूर्वेली गाउँले समाजका सामन्त महते गाउँका धनीमानी महत हुन्छ । उनको नाम चलुवा महत छ । उनका चार जनता छोराहरू छन् तर कसैलाई पढाउने काम भने महतेले गरेनन् । पञ्चायत कालमा त्यो गाउँमा विद्यालय खोल्नु उनैले दिएका थिएनन् । त्यसैले प्रायः गाउँ पढाइ शून्य थियो । महतेको आदर्श नै “पढी,गुनी के काम, हलो जोती खायो माम” भनेझैँ थियो । त्यसैले त्यो गाउँ अनपढहरूको गाउँ थियो । तर २०४६ सालको जनआन्दोलनले परिवर्तन ल्यायो र सो गाउँमा विद्यालय खोलियो, गाउँका सबै जनताका छोरा-छोरीहरू पढ्न, लेख्न सिक्न जान थाले तर महतेको सिद्धान्त र आदर्शका कारण उनकै घरबाट कोही पढालेखा गर्न विद्यालय गएनन् । छोराहरू सबै पट मूर्ख बनेका थिए । पढ्ने उमेरकाले पनि महतेकै कारण पढेनन् भने कतिपयको पढ्ने उमेर पनि गइसकेको थियो । यसरी त्यो घर अशिक्षितहरूको घर बन्दै गयो तर गाउँका सबैका छोरा-छोरीहरू पढ्ने, लेख्ने काममा व्यस्त हुन्थे महतेको घरका छोराहरू भने जाँड, रक्सी खाने, जुवा तास खेल्ने काममै व्यस्त हुन थाले ।

महतेको घर यसरी बिग्रँदै गयो कि त्यो घरमा पहिले काम गर्ने गाउँका अरू मान्छेहरू पनि काम गर्न आउन छाडे । गाउँलेका छोरा-छोरी टाठा-बाठा हुन थालेपछि महतेको घरमा काम गर्नुभन्दा त आफ्नै बाँझो खेतबारी खनजोत गरे राम्रो हुन्छ, भन्ने चेतनाको विकास हुँदै गयो । महतेको आमदानीको स्रोत पनि घट्दै गयो भने उनका छोराहरूको जाँगर र बुद्धिकै कारण त्यो घर बिग्रदै गयो । **समय र मान्छे** सधैँ एकै नास हुँदैन, बद्ली रहन्छ । यही सिद्धान्त अनुसार नेपालको सामाजिक, राजनैतिक परिस्थितिमा पनि फेरबदल भएर गयो । नेपालको राजनैतिक परिवेश पनि बद्लेर गयो, र नेपाली राजनीति महतेको प्रतिकूल बन्दै गयो । मानिसहरू पनि बद्लिँदै गए अनि चेतनाको विकास पनि पहिलेभन्दा बढ्दै गयो र जनतामा सचेततना जागृत हुँदै गयो । समयक्रमले नेपालमा जनयुद्ध पनि सुरूवात भयो । गाउँलेलाई ठगेर खाने महतेको सामन्ती हैकम पनि कम हुँदै गयो । महतेलाई हुनसम्मको तनाव सिर्जना हुन थाल्यो । एकातिर उनी आफै वृद्ध हुँदै गएका थिए भने अर्कातिर छोराहरू काम नगालेर झगड्याहा, जँड्याहा र जुवाडे बनेकोमा  पीरमाथि पीर थपिँदै थियो । अझ त्यसमाथि पनि जनयुद्ध सुरू भएपछि त महतेको हँस पनि आधा मात्रै बाँकी रहन गयो । पश्चिमबाट उदाएको जनयुद्ध पूर्वका गाउँ-गाउँमा पनि पुगी सकेको थियो ।

समय क्रमसँगै जनयुद्धको चाप बढेर गयो र महतेले सो चापबाट बँच्न र छोराहरूको बेकामे रापबाट मुक्ति पाउनका लागि छोराहरूलाई विदेशतिर काम गर्न पठाउने योजना बनायो । उनकै सल्लाहमा एक साँझ छोराहरू विदेशमा काम गर्न जानका लागि मञ्जुर भए । बाबुको सल्लाह अनुसार चार भाइ छोराहरू (सन्तमान, हर्कमान, बिर्खमान र सूर्यमान) एकरातको बिहानै भाले नबास्दै उठेर विदेश जान भनेर हिँडे । तर तल खोलामा नपुग्दै जनयुद्धसँग भिडी रहेको सेनाले माओवादीको आशंकामा गोली चलाउँछ । गोली लागेर चारै भाइ छोराहरू त्यही खोला छेउको खेतबारीमा ढल्छन् । बिहानै गाउँलेहरू भेला भएर लाश पहिचान गर्छन् । त्यसबेला बुढा महते पनि लट्ठी टेक्दै आएर हेर्छ तर आफ्नै छोराहरूका लाश देखेपछि महते त्यही बेहोस भएर ढल्छ । गाउँलेहरूले महतेलाई उठाएर घर लाने हिम्मत पनि गर्दैनन् । एकातिर आफूहरूलाई पनि अपगाल आइपर्ने शंका र अर्कातिर गाउँलेलाई पहिले-पहिले सारै

दुःख दिएका कारण पनि महते बुढालाई ढलेको स्थानबाट समेत नउठाएर गाउँलेले बदला लिएको देखिन्छ । यसरी कथाको अन्त्य हुन्छ ।

यो **समय मान्छे** कथामा पञ्चायत कालदेखि वर्तमान जनयुद्धसम्मको विषयवस्तु समेटिएको छ भने कथाको अन्तरवस्तु हेर्दा यसमा सामन्ती हैकम र सामन्ती सोचको जगजगीले जनता पिल्सिएको समयमा २०४६ सालको जनआन्दोलन हुनु एक तहमा जनताको अधिकार स्थापित हुनु हो, भन्ने स्वीकारयुक्ति यस कथामा पाइन्छ । कथाले जनआन्दोलन भाग एकबाट केही पनि प्राप्त भएन भन्नेहरूलाई उछिन्दै क्षेत्रीले '२०४६ पछि केही त भएको छ,' भन्ने यथार्थताको उद्घाटन गर्ने काम गरेका छन् । त्यसै गरी जनयुद्ध जनताको हक र अधिकार प्राप्तिको अन्तिम युद्धको रूपमा स्वीकार्दै मुक्ति युद्धमा सारा जनताको समर्थन रहेको देखाइएको छ । तर जनयुद्धको दौरानमा महतेजस्ता सामन्तको हैसियत र हैकम समाप्त पार्न सफल भए पनि अर्को ढङ्गको शोषणको जालो चिर्न बाँकी नै रहेको यथार्थतालाई भने यस कथामा उल्लेख गरिएको भेटिँदैन ।

यो **समय र मान्छे** कथाका पात्रहरू मुख्य गरी पाँच जना रहेका छन् । मुख्य पात्र महते गाउँका चलुवा महत हो भने उनका छोराहरू सहायक पात्रहरू हुन् । दृश्य पात्रमा यी पाँच जना रहेका छन् भने अदृश्य पात्रहरूमा गाउँका मानिसहरू र सेनाहरू रहेका छन् । यी मध्ये महतेकै वरिपरि मात्र कथा घुमेकोले कथाको पात्र विधानमा घनत्व देखिँदैन तथापि कथाले एउटा सिङ्गो जीवनलाई समेटेको छ । पात्रहरू सबै अशिक्षित रहेको र बोली, चालीमा पनि ग्रामीण शैली आएको छ । तृतीय पुरुष शैलीमा सिर्जना भएको यो कथामा पात्रहरूको बोलीभन्दा पनि कथाकारको बोलीले नै मुख्य भएर कथा अगाडि बढेको पाइन्छ ।

यस कथाको परिवेश तत्व पूर्ण रूपमा नेपालको राजनीतिक सेरोफेरोमा घुमेको छ । महते गाउँका प्रमुख भएर चलुवा महतले आफ्नो हैकम चलाएको कुराले त्यसबेलाको शासन प्रणालीको प्रतिनिधित्व गरेको छ भने गाउँलेहरू सामन्ती महतेको डसाईबाट मुक्ति पाउनको लागि जनआन्दोलनको समर्थक हुनु र २०४६ सालपछि महतेको हैसियत र हैकममा कमी आउनु जनआन्दोलन एकको सफलताको रूपमा

स्वीकारिएको परिवेश हो । गाउँले परिवेशमा हुर्किएका महतेका छोराहरू बिग्रनुमा बाबुको घमण्ड पहिलो कारण हो भने आफै गाउँमा मुखिया भएर पनि विद्यालय नखोल्नु महतेको धनको घमण्ड र गाउँले बाठा हुन्छन् र आफ्नो कुरा मान्दैनन् भन्ने महतेको मनरोग हो । यही रोगले गर्दा पञ्चायत कालभरि विद्यालय खोलिँदैन तर २०४६ सालको जनआन्दोलनपछि त्यस गाउँमा विद्यालय खोलिनु र जनताका छोराछोरीहरू पढालेखा गर्न थाल्नु आन्दोलनको सकारात्मक पाटो हो, भन्ने देखाइएको छ । कथाको अन्त्यतिर माओवादी जनयुद्धको प्रभाव महते गाउँमा पुग्नु र गाउँमै गोली हानाहान हुनुजस्ता त्रासदीपूर्ण परिवेश पनि रहेको छ ।

यो **समय र मान्छे** कथाको भाषा-शैली तत्व पनि अन्य कथामा जस्तै सरल र सरस रहेको छ । कतै,कतै “आज काम थोरै गरिस्, काम नगरी माम पाइन्छ” जस्ता उखानको प्रयोग भएको छ भने कतै “झण्झावाद आयो” जस्ता तुक्काहरू पनि जोडिएका छन् । सुरूदेखि अन्त्यसम्म कथावस्तु सर्रर अगाडि बढेको यस कथामा “गाउँलेहरू थर्कमान हुन्थे” जस्ता ठेट नेपाली भाषाको प्रयोग पनि भएको छ । यसै गरी यस कथामा जीवन र जगतको उपयुक्त संयोजन भएको पाइन्छ । गाउँलेको जीवन र महतेको जीवनमा आकास-जमिनको फरकपन देखाइएको छ भने गाउँले जनताले महतेलाई आफ्नो प्रतिकूल समयलाई अनुकूल बनाउन केही समयको लागि मद्दत गरेको छ तथापि जीवन र जगत सधैँ एकैनास हुँदैन फेरबदल भइरहन्छ । त्यसैले यो कथामा पनि जगत बद्लिँदै जान्छ, समय बद्लिँदै जान्छ, समयक्रमसँगै मानिसको मनोवृति र चालचलन पनि बद्लिँदै जान्छ, भन्ने कुरालाई कथाकारले यस कथामा राम्रोसँग संयोजन गर्न सकेका छन् ।

यो कथाको अर्को तत्व शीर्षक पनि उपयुक्त नै रहेको छ । समय र मान्छे, समयसँगै मान्छेको मनोवृतिमा परिवर्तन हुन्छ भन्ने कुरालाई पुष्टि गर्ने उद्देश्यका साथ यो कथा सिर्जना भएको देखिन्छ । यो कथामा विश्व परिवेश र नेपाली राजनैतिक परिवेश परिवर्तनशील भएर अगाडि बढी रहेको इतिहास हाम्रो सामू रहेको छ । यही फेरबदल हुँदै जाने समयलाई सामन्ती महतेले चिन्न नसक्दा उसको समयले उसलाई बेहालको अवस्थामा पुऱ्याएको छ । समयसँगै महतेले पनि चल्न जानेको भए

सायद न गाउँलेबाट हेपिनु पर्थ्यो न त उनका छोराहरू नै विदेशतिर लाग्नु पर्ने अवस्था आउँथ्यो न त छोराहरू नै मारिन्थे । यी सबै हुनुको पछाडि महतेले समयलाई चिन्न नसक्नु हो, भन्ने कुरा कथामा महतेको बेहालको अवस्थालाई नियाल्दा थाहा पाउन सकिन्छ । तसर्थ समय अनुसार मान्छेले पनि चल्न जान्नुपर्छ भन्ने अर्थमा यो कथाको शीर्षक उपयुक्त देखिन्छ ।

त्यसै गरी यो कथा सामन्ती हैकम कम गर्नसम्म सफल भएको २०४६ सालको जनआन्दोलनलाई पुष्ट गर्ने उद्देश्यले सिर्जना गरिएको हो, भन्न सकिन्छ । यस कथाको मुख्य सन्देश चाहिँ अन्य सबै कुराभन्दा बढी शिक्षा महत्वपूर्ण हो, धन भनेको हातको मैलो हो, एकछिन रहन्छ फेरि धोएपछि सकिन्छ, भन्ने रहेको छ । गाउँकै जल्दोबल्दो सामन्ती महतेको सम्पत्ति कुनै समयमा खाएर नसक्ने थियो । तर २०४६ सालको जनआन्दोलन पछि गाउँमा विद्यालय खोलिनु, जनताका छोरा-छोरी पढेर टाठाबाठा हुनु तर महतेले आफ्ना छोरा-छोरी नपढाउनु सबै अशिक्षित बनाएर राख्नु । समयक्रमसँगै उनको हैकम र हैसियत जनताले थाहा पाउनु अनि पहिलेजस्तो पुज्न र सहयोग गर्न नआउनु अनि महतेको आमदानी घट्दै जानु तर उसको जीवनशैलीमा परिवर्तन नआउनुले महतेको दुर्दिन आएको हो, भन्ने देखाएर समयक्रमसँगै मानिस र समय बद्लिन्छ तसर्थ मानिसले समयको गतिसँगै मान्छेले चल्न जान्नुपर्छ, भन्ने कुरा नै यस कथाको मुख्य सन्देश हो । यसको साथै कथामा जनयुद्ध ताका सेनाले माओवादीको बिल्ला भिराएर निर्दोष मानिसको हत्या गरेर पर्चा र बन्दुकसमेत लाशको छेउमा राखेर यो माओवादी नै हो, भन्ने पुष्टि गर्ने दुष्प्रयास गर्ने गरेको यथार्थताको पनि यस कथामा उद्घाटन भएको छ । सेनाले वास्तवमा के के गर्थे ? के साँच्चै माआवादीलाई मात्र मार्थे त ? होइन, सर्वसाधारण जनतालाई पनि मार्थे र माओवदीको बिल्ला भिराइदिन्थे भन्ने कुरा यस कथाको माध्यमबाट देखाउन खोजिएको छ ।

यसरी एक जना सामन्तीको सर्वनाश भएको कुरा देखाएर त्यसको कारणसमेत स्पष्टसँग राखेर यो कथाको माध्यमबाट कथाकारले जनतामा कोही कसै साना र ठूलो हुनु हुँदैन नत्र समयले कोही समयमा सानो मानिस पनि कुनै समयमा ठूलो बनाउँछ र कुनै समय ठूलो भएको मान्छेलाई पनि कुनै बेला सानो भुसुना बनाउँछ भन्ने कुरालाई

देखाइएको छ । पञ्चायत कालमा गाउँका प्रधानपञ्चसम्म बनेर सामन्ती हैकम चलाएर बसेको महतेको दुर्दिन पञ्चायती शासन ढलेपछिदेखि सुरू हुन्छ र जनयुद्ध चल्दासम्ममा उनको हैकम पूर्ण रूपमा समाप्त भएको देखाइएको छ । यसबाट के सन्देश पाउन सकिन्छ भने समय र मान्छे फेरबदल भइरहन्छ तसर्थ समयक्रमसँगै मान्छेले पनि चल्न र हिँड्न जान्नुपर्दछ । नत्रभने महतेकै जस्तो बेहालको अवस्था आउनेछ भन्ने कुरा यस कथाको माध्यमबाट बुझ्न सकिन्छ । अन्त्यमा यो कथाले नेपाली राजनीतिमा आएको परिवर्तन सकारात्मक ढङ्गले नै अगाडि बढी रहेको छ तर पनि पूर्ण भइसकेको छैन, भन्ने कुरा यस कथाको अन्त्यमा सेनाले निर्दोष मानिसको हत्या गरेकोमा जनताले केही बोल्न सकेको छैन । यसको विरोध गर्न सकेको छैन र निर्दोष मानिसको हत्यारालाई दण्ड दिन पनि सकेको छैन । यसले के देखाउँछ भने देशमा अझै पनि राज्यमा पहुँच हुनेकै मात्र बोलवाला छ, साम, दाम र दण्ड हुनेहरूकै मात्र हैकम छ, भन्ने देखाउँछ ।

### ४.९.४ अपराध स्वीकार

**अपराध स्वीकार** कथामा जनयुद्ध भाग एकबाट आंशिक उपलब्धी मात्र हात परेपछि पुनः अर्को जनयुद्ध भाग दुई सुरू हुन्छ । तयो जनयुद्धले देशमा जनगणतन्त्रको स्थापना भएको छ । यसरी जनयुद्ध भाग दुईलाई परिकल्पना गरी लेखिएको कथा हो **अपराध स्वीकार**। कथाकार भीम क्षेत्रीले यो कथा २०६६ सालमै लेखेर शृङ्खला मासिक पत्रिका पूणाङ्क ३५ मा प्रकाशन गरेका थिए भने २०७० सालमा पुस्तकाकार कृतिको रूपमा **समय र मान्छे** कथासङ्ग्रहमा समावेश गरेका हुन् । यो कथामा नेपालमा पहिलो जनयुद्ध असफल भए पनि पुनः जनयुद्ध हुन्छ र जनगणतन्त्र आएको प्रसङ्गबाट कथाको थालनी हुन्छ । सो जनगणतन्त्रले देशमा आमूल परिवर्तन गरी गाउँ-गाउँमा विकासको लहर चलेको र गाउँ-गाउँमा विद्यालय, कलेज र अस्पतालहरू खोलिएको अनि जनताले निःशुल्क रूपमा पढ्न,स्वास्थ्य उपचार गर्न र रोजगारी पाउन सहज भएको प्रसङ्ग छ । जनगणतन्त्र आएको पच्पन्न वर्षपछिको एकदिनको घटनालाई समेटेर यो कथा लेखिएको छ । एक जना वृद्ध (८४ वर्षे सन्तु) ले विगत पच्पन्न वर्ष

अघि आफूले गरेका गल्तीहरू उसको दिमागमा चलचित्रको रिलजस्तै प्रतिबिम्बित भएर आएको संस्मरणलाई कथास्वरूप प्रदान गरिएको छ । यो कथामा बहुदल आइसकेपछि पनि नेपालमा पुँजीपति धनाढ्यहरूकै चकचकी, गणतन्त्र आयो तापनि उनीहरूकै बोलवाला र पहुँच रहिआएको यथार्थताको उद्घाटन गर्दै अनि उनीहरूले गर्ने अपराधको भण्डाफोर गर्दै साँच्चै कम्युनिष्ट राज्य स्थापना भयो भने के होला ? भन्ने जिज्ञासा समन गर्ने काम भएको छ । पहिले-पहिले आफ्नो उमेरमा आफूले अपराध गरेर वर्तमान राज्य स्थापना गर्नेहरूलाई दुःख दिएको स्मरण गर्दै पच्पन्न वर्ष अघिको रहस्य वृद्ध सन्तुले खोल्ने काम गर्छ । त्यसबेलाको घटना आफैभित्र प्रतिबिम्बन हुन्छ । सन्तु नामको वृद्ध पात्रमा र उसले सो बेला गरेको अपराधबाट जनगणतन्त्र आएपछिको सुविधा हेरेर पश्चातावमा जली रहेको अवस्था रहेको छ । कथामा नेपालमा जनगणतन्त्र आएको तिस वर्ष मात्रै हुँदैछ तर यो अवधिमा देशको पूरै काँचुली फेरिएको ती वृद्धले हेरी रहेका छन् ।

यो कथाको विषयवस्तु एकजना वृद्धको आफ्नै घर-आँगन र पँडीमा बसेर पारिपट्टि जहाँ उसकै सुराकीमा मदनलगायत सात जना जनयोद्धा माओवादीहरूलाई सेनाले मारेको स्मरण उसको दिमागभरि खेल्न थाल्छ । यहीबाट सुरू भएको कथा उनकै वरिपरि घुम्न थाल्छ । कथामा सन्तुले विगतमा जनयुद्ध चल्नुभन्दा अगाडिदेखि नै गाउँमा बुर्जुवा व्यवस्थाको गाउँले सत्ता थाम्नको लागि पञ्चायत कालमा प्रधानपञ्च र बहुदल आएपछि गाउँ अध्यक्ष भएर सत्ताको सेवा गरेको हुन्छ । त्यसबखत उसको राईदाईं निकै चल्छ र पैसाको लागि उसलाई कुनै खाँचो हुँदैन । ठेक्का-पट्टाको कमिशन, मिलापत्रमा घुस लिनु उसको लागि सामान्य हुन्छ अझै सरकारबाट आएको विकास रकमसमेत झ्वाम पारेर पैसाको छेलोखेलो नै लगाउँछ । तर समय परिवर्तनशील हुन्छ, उसका छोराहरू बिग्रँदै जान्छ र पछि उसको बिडो थाम्न सक्दैन । बुढाकी स्वास्नी पनि मरिसकेकी हुन्छिन् भने छोरा-छोरीहरू बुढेसकालमा बुढालाई एक्लै बनाएर आफू-आफू गरिखान थाल्छन् ।

तर नेपालमा जनगणतन्त्र आइसकेकोले मानिसलाई वृद्ध अवस्थामा कुनै कुराको कमी हुन दिँदैन । वृद्ध अवस्थामा पनि राज्यले वृद्धहरूलाई आफ्नै सन्तानले झैँ पाल्ने

र स्वास्थ्य उपचार गर्ने जिम्मा लिएको हुन्छ । त्यसैले सन्तुलाई छोरा-छोरीले पालेनन् भन्ने कुनै चिन्ता छैन । वृद्ध सन्तु (८४ वर्ष) लाई सरकारले नै स्वास्थ्य उपचार गर्न कार्ड दिएको छ भने रासन,पानी वृद्ध भत्ता सबै कुरा राज्यले दिएको छ । उसले विगत सम्भन्छ–"पहिले नै यस्तो व्यवस्था आइदिएको भए हुन्थ्यो, आफू कस्तो जमानामा जन्मिएर होला ? यो सुखभोगबाट वञ्चित हुनुपर्‍यो" । तर यसो भन्दै गर्दा उसलाई विगतमा जनयुद्ध चल्दै गर्दा सि.डि.ओ.बाट मासिक सोह्र हजार भत्ता थाप्दै यस्तो राम्रो व्यवस्था ल्याउनको लागि लड्नेहरूको आफूले सुराकी गरेको कुरा सम्भनामा आउन थाल्छ । उसले त्यही जिल्लाको प्रशासकबाट मासिक सोह्र हजारको दरले भत्ता थाप्दै उनको दुःख,सुखमा साथ रहने क.मदन लगायतका योद्धाहरूलाई बैठक बसिरहेको ठाउँको सुराकी गरी दिएर मार्न लगाएको कुराले मनभित्र भत्भती पोल्न थाल्छ । मदनले भन्ने गर्थ्यो–"अब हामी सबैले समाजवाद हुँदै वैज्ञानिक साम्यवादमा पुग्ने प्रयास  गर्नैपर्छ । त्यो बेला त अहिलेजस्तो कहाँ हुन्छ र सन्तु दाइ, सबैलाई समान अवसर,समान शिक्षा, समान स्वास्थ्य, समान रोजगारी राज्यले व्यवस्था गर्छ ।" यसो भन्दा सन्तुले मदनलाई उल्याउँदै "यस्तो कहिल्यै हुन नसक्ने हावादारी उडन्ते गफ नगर है" । तर आज ती महान मान्छे मदनले भनेभ्रैँ आफ्ना नाति,नातिनीहरू पनि मन्त्रीका छोरा-छोरीहरूसँगै बसेर पढी रहेका देख्छन् । यसरी आकास र जमिनको फरक भएको देख्छन्पहिलेको र अहिलेको राज्य व्यवस्थामा । ती बुढा सन्तुको जमानामा धनी पढ्ने र गरिब पढ्ने विद्यालय पनि छुट्टा-छुट्टै हुन्थ्यो, गरिबको लागि स्वास्थ्य सेवा भनेको कुन चरीको नाम हो, थाहा हुँदैनथ्यो, यसरी बुढालाई सम्भँदा-सम्भँदै रिँगाटा लाग्ला जस्तो हुन्छ ।

यसपछि  तुरुन्तै उठेर मदनको हत्या  भएको ठाउँमा बनेको अस्पतालतिर लाग्छ । अस्पताल अगाडि बनेको मदनको स्मारकतिर हेर्दै बिस्तारै लट्ठी टेक्दै उतैतिर लाग्छ । त्यो ठाउँमा भिलिमिली हुन्छ, बिजुली बत्ती, अस्पताल, डाक्टर, नर्सहरू र गाउँमै विद्यालय र कलेजहरू पनि स्थापना भइसकेका हुन्छन् । यसपछि बल्ल-बल्ल त्यो ठाउँमा  पुगेका वृद्ध सन्तु मदनको स्मारकलाई पक्रेर उसले पाएका सुविधा कार्डहरू देखाउँदै "यो सब सुविधा तिम्रै कारणले भएको हो, म पश्चाताव गर्दै माफी

माग्छु मदन, यदि यो कार्ड थिएन भने त म आज भोकै मर्ने थिएँ" भन्दा-भन्दै ऊ डङग्रङगै त्यही ढल्छ र बेहोस् हुन्छ । वृद्ध सन्तु लडेकै ठाउँमा डाक्टरहरू उपचार गर्न आउने सुविधा बनिसकेको हुन्छ । डाक्टर र नर्सहरू ऊ लडेकै ठाउँमा आई पुग्छन् तर यसबेलासम्म सन्तु बुढाले यो संसार छाडी सकेको हुन्छ । यसरी यो अपराध स्वीकार कथाको अन्त्य हुन्छ ।

यस कथाको परिवेश नितान्त राजनैतिक र सामाजिक रहेको छ भने नेपालकै पहाडी दुर्गम इलाकाको सेरोफेरोमा यी सारा घटनाहरू रुमल्लिएका छन् । नेपालको राजनैतिक परिवर्तनको साथमा मार्क्सवादी सिद्धान्तमा आधारित राज्य व्यवस्था कायम भइसकेको परिकल्पना गरिएको यस कथाको परिवेशी मौसम माघको जाडो महिना रहे पनि घमाइलो बिहानीबाट कथा सुरू भई कथाको मुख्य पात्रको संस्मरणमा विगत घुमेको छ । "पिंडीमा झमल्ल बिहानीको घामले न्यानो किरण छरी रहेको हुन्छ । पारिपट्टि पाखामा बनेको अस्पतालका झ्यालका शिशाहरूबाट घामको प्रकाश प्रतिबिम्बित भएर आज सन्तुको घरको आँगनतिरै आई रहेको छ ।" जस्ता वाक्यांशले पाठकको मनको तरेलीमा त्यो बेलाको मौसमी परिवेशले अड्डा जमाउने गर्छ । विगतको सम्झनामा प्रतिबिम्बित घटनाहरू चलचित्रको रिल घुमेझैं एकपछि अर्को गर्दै आउँछ र एकै दिनको घटनामा कथा सकिन्छ । त्यसै गरी यो **अपराध स्वीकार** कथामा घटना एकै दिनमा सुरू भई एकै दिनमा समाप्त भए पनि विगत पञ्चायत कालदेखिको जनआन्दोलन भाग एक, जनयुद्ध भाग एक हुँदै जनयुद्ध दुईमा जनगणतन्त्र स्थापना भएको परिकल्पना गरिएको छ । यी सारा घटनाहरू वृद्धको मानसपटलमा एकपछि अर्को गर्दै घुम्न थाल्छ र उनकै अन्त्यबाट कथाको पनि अन्त्य हुन्छ । तसर्थ यो कथा एकै दिनको घटनाबाट अन्त्य भए पनि र कथा छोटो लागे पनि करिब साठी वर्षसम्मको संस्मरण यस कथामा समेटिएको छ । वृद्ध सन्तेको बाल्यकाल, जवानीमा पञ्चायती राजनीति गरेको र प्रधानपञ्च र गा.वि.स.अध्यक्षसमेत बनेको साथै जनयुद्ध एक र दुई बेहोरेको अनि जनयुद्ध दुईको सफलता पछि जनताले सारा कुरा प्राप्त गरेको कुरा सन्ते बुढाले भोगेको छ । यसैले यो व्यवस्था ल्याउनको लागि जीवनको

बलिदान चढाउने मदनको स्मारकमा गएर क्षमायाचना गर्दागर्दै वृद्धको मृत्यु भएको देखाइएको छ ।

यो कथाको भाषा-शैली पनि सरल र सम्प्रेषणीय रहेको छ । कथा बुझ्न कुनै सारो र गाह्रो पर्दैन । जीवनका चार कोरी, पिँडीमा सुकल ओछ्याएर, बारीको पाटामा, मुजा परेका आँखा, जस्ता ठेट नेपाली भाषाकोसमेत प्रयोग भएको छ । त्यसै गरी मदनको मुखबाट भनिएको मार्क्सवादी दर्शनको व्याख्या र जनयुद्धबाट स्थापित जनगणतन्त्रपछिको नेपाल र नेपाली जनताको समृद्धिको परिकल्पनासहितको व्याख्यामा दार्शनिकता र सैद्धान्तिकतालाई पनि भाषाले बोक्न सामर्थ्य भएको छ । यसरी भाषागत दृष्टिले यो कथा सरल र सहज हुँदा-हुँदै पनि दार्शनिक व्याख्यालाई समेत बोक्न सफल भएको पाइन्छ । यसै गरी यो कथाका पात्रहरूमध्ये मुख्य पात्र वृद्ध सन्तु रहेको छ भने जनयुद्धताकाको मुख्य नायक पात्र मदन कथाभित्रको संस्मरणभरि नै आइरहन्छ । सहायक पात्रहरूमा जनयुद्ध लड्ने योद्धाहरू, नेपाली सेनाहरू र गाउँलेहरू पनि आउँछन् । दृश्य पात्रमा सन्तु एक्ला छन् भने सहायक दृश्य पात्रहरूमा डाक्टर, नर्सहरू पनि कथाको अन्त्यतिर देखा पर्छन् । व्याख्या गर्दा आउने अदृश्य पात्रहरूमा सेना, लडाकु, गाउँले र प्र.जि.अ.आदि रहेका छन् ।

यस्तै यो कथाको शीर्षक **अपराध स्वीकार** राखिएको छ र कथा अनुसार उपयुक्त शीर्षक चयन भएको छ । सन्तु बुढाले आफू जवान हुँदा सुराकीको काम गरेर देश बदल्ने युवाहरूलाई मार्न लगाएकोमा मनभरि पश्चताप बोकेर हालसम्म बाँचिरहेको अवस्था छ । सन्तुले गरेको अपराध कुनै पनि हालतमा माफी योग्य छैन, भन्ने कुरा ऊ आफैले स्वीकार गरेको छ । मदन जो आफ्नै गाउँका होनाहार युवा नेता हुन् । जनयुद्ध चलिरहेको बेला सन्तुले नै प्र.जि.अ.बाट मासिक सोह्र हजार भत्ता पाउने गरी पैसा खाएर सुराकी गरी मदनलगायत सात जनालाई उनकै अगाडि मार्न लगाएको छ । तर यो कुरा उनीबाहेक अरू कसैलाई पनि थाहा हुँदैन तथापि सन्तु यसको प्रायश्चित गर्न ऊ चाहन्छ । यही प्रयोजनको लागि आफुले गरेको अपराध स्वकार गर्दै मदनको स्मारकमा पुगेर माफी माग्छ । यसर्थ आफूले गरेको अपराध

स्वीकारेर माफी मागिएको हुँदा यो कथाको शीर्षक **अपराध स्वीकार** अत्यन्तै उपयुक्त रहेको छ, भन्न सकिन्छ ।

यो कथाको उद्देश्य खराब राज्य व्यवस्थाले जर्जर देशमा साँच्चैको कम्युनिष्टको राज र मार्क्सवादी दर्शन अनुसारको आर्थिक प्रणाली र समान वितरण प्रणालीले मात्र देश र जनतालाई मुक्ति दिने सन्देश दिनु रहेको छ । अहिले कतिपयको दिमागमा कम्युनिष्टको राज्य भनेको अधिनायकवादी हुन्छ भन्ने परेको छ, वृद्धहरू अपहेलित हुन्छन् भन्ने परेको छ । यो गर्ने र गराउने सब बुर्जुवा सत्ता र साम्रज्यवादी दलालको पछाडि कुद्ने बेइमान बुर्जुकहरूले जनमानसमा भ्रम सिर्जना गरेका मात्र हुन् भन्ने कुरालाई पमाणित गर्न रचिएको हो । जनमानसमा परेको भ्रमित परिस्थितिमा यो कथाले त्यो भ्रम चिर्नसमेत सहयोग गरेको छ । साँच्चै कम्युनिष्ट शासन आयो भने देशमा सुशासन र विकास हुन्छ र सबै जनताले समान रूपमा सेवा पाउन सक्छ भन्ने सन्देश नै यो कथाको मुख्य सन्देश रहेको छ ।

यसरी **अपराध स्वीकार**कथाको घटनाक्रम एकदिनको रहेको भए पनि एउटा युग प्रतिध्वनित भएर आएको छ । देशमा दलाली राज्यसत्ताकै कारण लाखौं मानिस उपचारबिहीनको अवस्थामा रहनु, लाखौं लाख बालबालिका शिक्षा र स्वास्थ्यबिना जीवन गुजार्न बाध्य हुनुको परिणाम स्वरूप लेखिएको यो कथाले समग्रमा समानता, भातृत्व, र मानवताको विकासको लागि अब कम्युनिष्ट राज्यको बिकल्प अर्को हुन सक्दैन भन्ने कुरा यस कथाको मुख्य मर्म हो । यो कथामा देशमा सुशासनको थालनी र राज्य व्यवस्था गरिब,निमुखा र पहुँचहीन जनतामा आधारित भयो भने देशले छिटै काँचुली फेर्छ भन्ने कुरा यो कथाको माध्यमबाट देखाइएको छ । यस कथामा नेपालमा कम्युनिष्ट आन्दोलन र त्यसले बोकेको आदर्श स्थापित भएको अवस्थामा के हुन्छ ? भन्ने जिज्ञासाको समन भएको छ, । वर्तमान यथार्थताभन्दा टाढाको परिकल्पना गरेर कथाकारले नेपाली कम्युनिष्ट क्रान्ति र आन्दोलनको उद्देश्य निश्कलङ्क र निश्छल छ भन्ने निष्कर्षसहित कथाको सिर्जना गर्नु कथाकारको मुख्य उद्देश्य रहेको पाइन्छ ।

## ४.१० निष्कर्ष

कथाकार भीम क्षेत्री प्रगतिवादी साहत्यिकार हुन् । उनका प्रायः सबै कथा, कविता, गीत, नाटक र अन्य लेख रचनामा मार्क्सवादी दर्शन र सैद्धान्तिक विचार प्रवाह भएको पाइन्छ । भीम क्षेत्री नेपाली साहित्यको कथा, नाटक, कविता विधामा कलम चलाउने आधुनिक साहित्यकार हुन् । उनका कथा आधुनिक कालको द्वितीय चरणको समसामयिक धारामा बगेको पाइन्छ । जनवादी गीत रचना गर्दै अगाडि बढेका क्षेत्रीले बेवारिसे लाश (नाट्य सङ्ग्रह २०४९), अँध्यारामा बाँच्नेहरू (गीति सङ्ग्रह २०५२), मझेरीमा झरेको बिहानी (कविता सङ्ग्रह २०६७), समय र मान्छे ( कथा सङ्ग्रह २०७०), तृष्णा र तृप्ति (कथा सङ्ग्रह २०७०) कृतिहरू प्रकाशित गरी सकेका छन् । क्षेत्री नेपाली कथा परम्परामा समाजवादी यथार्थवादी कित्तामा रही कथा लेख्ने कथाकार हुन् । उनले आफ्ना कथामार्फत सङ्घर्षशील आर्थिक, सामाजिक, साँस्कृतिक विषमताका विषयवस्तु चयन गरी समाजमा विद्यमान विभेदको अन्त्य गर्ने उद्देश्य राख्ने क्रान्तिकारी प्रतिभा हुन् । उनका कथामा मानवतावाद, प्रकृति चित्रण, विद्रोहात्मकता वा क्रान्तिचेतनाको प्रयोग भएको छ । कहीँ कतै उनले स्वच्छन्द शैलीलाई पनि आत्मसाथ गरेका छन् । कथामार्फत समाजको परिवर्तनको लागि सन्देश प्रवाह गर्ने क्षेत्रीको लेखन समाजवादी यथार्थवादी प्रवृत्तिमा आधारित छ भने प्रगतिवाद उनको मूल साहित्यिक सिद्धान्त हो । क्षेत्रीले दुई वटा कथासङ्ग्रह प्रकाशित गरी सकेका छन् तिनको अध्ययन यसरी गर्न सकिन्छ ।

**तृष्णा र तृप्ति** कथासङ्ग्रह क्रान्तिकारी शिल्प शैलीलाई आत्मसाथ गरेर लेखिएको कृति हो । यस कृतिमार्फत उनले क्रान्तिकारी आन्दोलन, वर्ग सङ्घर्ष र जनताको मुक्तिका लागि सशक्त आवाज उठाएका छन् । समाजमा रहेका विकृत परम्परा, कुलीनतन्त्रीय सोचाइलाई अन्त्य गरेर न्यायसङ्गत र समानतामूलक समाजको निर्माण गर्ने ध्येय राखेर उनी कथा लेख्छन् । क्रान्तिकारी चेतनामा आधारित यो कथासङ्ग्रहमा समानता, भातृत्व र मानवताको वकालत गरेका छन् । राज्यवस्थाका विकृति, विसङ्गति, अन्याय, अत्याचार, दमन, शोषणको विरोध गर्दै अग्रगमनको अपेक्षा रहेको उनको **तृष्णा र तृप्ति** कथासङ्ग्रह २०७० मा प्रकाशन भएको हो । कथाकारले

व्यक्त गरेको क्रान्तिचेतलाई समाजवादी यथार्थवादी सिद्धान्तसँग जोडेर विचारको अभिव्यक्ति दिएका छन् । उनका कथामा अर्न्तनिहित प्रगतिवाद र क्रान्तिचेतले पाठकलाई जुझारु बन्न अभिप्रेरित गर्नछ ।

भीम क्षेत्रीको कथा सङ्ग्रह 'तृष्णा र तृप्ति' उनको पछिल्लो प्रकाशित कृति हो । यस कथा सङ्ग्रहमा **रामे र उनको पेटी, निष्ठूरी साइनो, फुटेको सपना, अन्तिम प्रयास, विपिन सरको डायरी, अहङ्कारको परिणाम, अभिशप्त जिन्दगी, तृष्णा तृप्ति र तनाव, फैसलाको दिन, मुक्ति र कान्ति, सहिदकी श्रीमती** गरी एघार कथा रहेका छन् । यी कथामार्फत कथाकारले मानवीय जीवन भोगाइमा समाजमा भएका दमन, अन्याय, अत्याचार, शोषण आदिबाट आक्रान्त जनता उत्पीडन भोग्दै कतै सङ्घर्ष लाग्छन् भने कतै विकृतिलाई सहज स्वीकार्दै नतमस्तक बस्छन् । तर जो पीडित वर्ग छन् उनीहरूले त्यसका विरुद्ध गरेको वर्गसङ्घर्ष र क्रान्तिलाई सजीव ढङ्गले प्रस्तुत गरेका छन् । आर्थिक, सामाजिक, साँस्कृतिक तथा प्रगतिशील तरिकाबाट अगाडि बढ्न त्यसमा रहेका कारक तत्वलाई हटाउन सङ्घर्ष गर्ने सङ्घर्षशील व्यक्ति विरुद्ध प्रतिक्रियावादी चरित्रका व्यक्ति कसरी सल्बलाउँछन् भन्ने विषय पनि यथार्थपरक ढङ्गबाट प्रस्तुत भएको छ । महान् जनयुद्धको विषयलाई आत्मसात गर्दै पुरानो पूँजीवादी चरित्र समाप्त पार्दै नयाँ जनवादी सत्ताको चाहानामा गरिने सङ्घर्ष कथाको विषय बनेको छ । कथाको विषयवस्तु सामाजिक यथार्थमा आधारित छ भने कथामा प्रस्तुत चरित्र जीउँदा, जाग्दा र वर्गीय खालका रहेका छन् । कथामा प्रायः क्रान्तिकारी विचार प्रकट भएको छ भने वर्ग सङ्घर्ष कठोरता पनि कथाहरूमा आएका छन् । उनको **तृष्णा र तृप्ति** कथा सङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा कथाकारको जीवन भोगाई र प्राप्त ज्ञानको उद्बोधन भएको छ । यसको साथै यस कथासङ्ग्रहमा प्रयोग भएका विषयवस्तु, पात्र, परिवेश, द्वन्द्व, भाषा-शैलीका माध्यमबाट जीवन र जगतलाई परिवर्तनीय बनाउने काम पनि भएको छ ।

**तृष्णा र तृप्ति** कथासङ्ग्रहमा रहेका कथाहरूमध्ये **'रामे र उसको पेटी'** पूर्वी क्षेत्रको एउटा गाउँको परिवेशमा आधारित कथा हो । यस कथामा गरिब दिलु र छोरा गङ्गा सङ्घर्षशील व्यक्ति हुन् । उनीहरूलाई सामन्तले घर निकाला गरेपछि मावलीमा

शरण लिएर बसेका छन् । गङ्गा मिहिनेती हुनाले एस एल सी सम्म निशुल्क पढ्न चाहना राख्ने व्यक्ति हो । तर उसलाई हेड मास्टरले नस्वीकार्दा पढ्न पाएको छैन । रामेले गङ्गाकी आमालाई मरणासन्न हुने गरी आफ्नै पेटी खोलेर कुट्दा ऊ चिन्तित बनेको छ । रामे शोषण सामन्तको प्रतिनिधि पात्र हो भने गङ्गा समाजको नमुना पात्र हो । यही कारणले ऊ गा.वि.स.को अध्यक्षसमेत बन्न पुगेको छ । गङ्गामा विद्रोहात्मक चिन्तन छ । ऊभित्रको क्रान्तिचेतमय भावना रहेको तथ्य कथामा रहेको देखिन्छ । यो कथाले रामे र गङ्गाको वर्गीय चरित्रको उद्घाटन गरेको छ । रामेले सामन्ती वर्गको क्षमता र नेतृत्व सिपको विकास गर्दै अगाडि बढेको छ । त्यसलाई समाप्त पार्नका लागि अगाडि बढ्ने काम गङ्गाबाट भएको छ ।

**'निष्ठुरी साइनो'** कथामा लिङ्गीय तथा वर्गीय चिन्तनलाई यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको छ । विद्रोहात्मक वाह्य पक्ष नदेखिए पनि मनोवैज्ञानिक विद्रोहको स्वर यस कथामा देखिन्छ । कथाकी स्त्री पात्र रविना र पुरुष पात्र राजेशको सन्दर्भलाई रोचक ढङ्गले सामाजिक परिवेशको यथार्थलाई प्रस्तुत गरिएको छ । समलिङ्गी र बिनालिङ्गीहरूले आफ्नो समाज, गाउँ, ठाउँमा विद्रोह गर्न नसकी अर्को स्थान जान बाध्य भएको स्थिति कथामा रहेको छ । **'फुटेको सपना'** कथामा कथाकारले आर्थिक विपन्नताका कारण विदेशिनु पर्ने बाध्यात्मक अवस्था र समाज परिवर्तनमा संघर्ष गर्नुपर्ने सन्देश प्रदान गरेको छ । समाजमा देखिएको वर्गीय विभेदले निम्त्याउने मानसिक द्वन्द्वलाई समेत कथाको विषयवस्तु बनाइएको छ । वर्गीय विषयलाई लिएर लेखिएको कथामा रोजगारको क्रममा विदेश जानु पर्ने अनि त्यहाँको भोगाइ छटपटी सहन नसकी कुलतमा फँस्ने र ज्यान गुमाउनु पर्ने परिस्थितिको चित्रण गरिएको छ । **तृष्णा र तृप्ति** कथामा समावेश **'अन्तिम प्रयास'** कथा राजनीतिक षड्यन्त्र, सङ्घर्ष र स्वार्थमा लिप्त विषय प्रस्तुत भएको कथा हो । यस कथामा वर्ग सङ्घर्ष अन्याय, अत्याचार विरुद्ध लाग्ने व्यक्तिहरू व्यक्तिगत स्वार्थ र प्रलोभनमा पर्दा देश र जनता बिग्रने अवस्थाको उद्घाटन भएको छ । त्यसको विरुद्ध सङ्घर्ष गर्दा अन्त्यमा त्यसबाट मुक्ति पाउनका लागि ज्यान उत्सर्ग गर्न पुगेको कारुणिक विषय रहेको छ । जग्गु आर्थिक अवस्थाले कमजोर पात्र हो । ऊ सङ्घर्षशील भएर पनि उन्नतशील बन्न

सकेको छैन । **'विपिन सरको डायरी'** कथामा कथाकार भीम क्षेत्रीले यस कथामा श्रम शोषणको विरोध गरेका छन् । अरूको सहयोगी तथा श्रमशील व्यक्ति बिपिन सर आफ्नो पेसा र जिम्मेवारीप्रति निष्ठावान छन् । उनका क्रियाकलाप ठिक हुँदा-हुँदै पनि उनलाई 'गन्धे मास्टर' भनी धनीमानीहरूले अवहेलना गरेको अवस्था छ । उनी सङ्घर्षशील व्यक्तिको रूपमा रहेका छन् । आफ्नो श्रम निजी विद्यालय मालिकले खाएकोमा 'त्यसलाई निकाशा गरी आफ्नै छात्र सन्तोषलाई दिने' भनेको प्रसङ्ग यो कथाको मूल विषय बनेको छ । **'अहङ्कारको परिणाम'** कथामा कथाकार भीम क्षेत्रीले पोखराको परिवेशमा महिलाले भोग्नु परेको पीडालाई मुख्य विषयवस्तु बनाइएको छ । अधवैंसे महिलालाई जुन दिन म पात्रले पोखरामा भेट्छ, तयो बेला ती महिलाले आफू वरिपरि झुम्मनेहरूलाई औंल्याउँदै-'ए साले बाञ्चो र भातेहरू हो £मेरो मासु लुछ्न यहा॰ आएका ? मेरो वैंस खाएर पनि पुगेन ? अझै मेरो मासु खान खोज्दै छौ ? लौ खाऊ, यी खाऊ" भन्दै पागल आक्रोश व्यक्त गरेको प्रसङ्ग कारुणिक छ । यो दृश्य देखेको कथाकारको मनभरि ती महिलालाई हेर्ने केटाहरू लखेटेको देख्दा मनमा आरोह-अवरोह उत्पन्न भएको छ ।

त्यसै गरी **'अभिशप्त जिन्दगी'** कथामा कथाकारले क्रान्तिचेतको भाव प्रकट गरेको देखिन्छ । समाजका सामन्तीले वर्गीय रूपमा शोषण, अन्याय, अत्याचार गरी सिधा-साधा जनता बिचल्ली बनाएको तथ्य प्रकट गरिएको छ । अन्याय, अत्याचारका विरुद्ध दस वर्षे जनयुद्धमा परिवारका सबै सदस्य गुमाई वृद्धले एक्लो जीवन बिताउनु परेको विवशता रहेको छ । दलाल सामन्तीले काम गराउन राख्ने नारीको सतित्व लुट्दै मृत्युको मुखमा पुऱ्याउँदा देशको रक्षार्थ खट्ने पुलिसले समेत त्यसको जगेर्ना नगरेको तथ्य कथामा प्रस्तुत गरिएको छ । पैसाका भरमा आफ्नो आडम्बर देखाउने सामन्ती दलाल, पूँजीवादी वर्गले मानवताका कुरा बिर्सेका छन् । **'तृष्णा, तृप्ति र तनाव'** कथा माओवादी जनयुद्धको समयलाई आधार बनाएर लेखिएको छ । यसमा समाजका शोषक र सामन्तीले कसरी दुःख दिन्छन् ? नारी वर्गको कसरी, कसरी शोषण गर्छन् ? भन्ने विषय एकातर्फ दिइएको छ भने अर्को तर्फ शोषक सामन्तीको अन्त्यका लागि क्रान्ति र विद्रोह हुन्छ । अन्त्यमा अत्याचारको विरुद्ध जन सङ्घर्षको जित हुन्छ भन्ने

कुरा उल्लेख गरेका छन् । बिराज माओवादी सेनाका रूपमा भर्ना भई 'कि मृत्यु कि मुक्ति' भन्दै लडाइँमा सरिक भए पनि उनका बेलायती सेनामा रहेका काकाले उनलाई जनयुद्धबाट छुटाएर बेलायती सेनामा नै भर्ना गरिदिएको छ । गाउँको सामन्ती भद्रे साहु र उसका छोराहरू विराजको विरुद्ध खनिन्छ तर अन्ततः विराजकै जित देखाइएको छ । **'फैसलाको दिन'** कथामा कथाकारले मानव तस्करहरूले गरिबीको फाइदा उठाउँदै विदेश पठाउने निहुँमा यौन शोषण गरी विदेश पठाउने गरेको यथार्थताको उद्घाटन गरेका छन् । यही गरिबी, शोषण, विजय र पराजयलाई विषयवस्तु बनाई यो कथाको प्रस्तुति भएको छ । कथामा राजुले मुनालाई विदेश पठाउने भन्दै भाउजूको साइनो लगाई झापाबाट काठमाण्डौ ल्याई आफ्नो यौन स्वार्थ पुरा गरी कुवेतमा पठाएको छ । त्यहाँ पुगेको दुई/तिन महिनामा उसको पेट बढेको छ । त्यस्तो अवस्थामा तिनका मालिकले नै प्रहरीको जिम्मा लगाई थुनाएको घटना छ । **नेपालीको सहयोगी हात** नामक संस्थाको सहयोगमा नेपाल फर्केपछि नेपालकै घरबाट समेत उनी निकालिइन् । आफूले गल्ती नगरेको भन्दा पनि घरमा बस्न नपाएकाले माइतमा बस्न विवश भइन् । न्यायका लागि अदालत गए पनि वकिललाई पैसा खुवाउन नसक्दा राजु जस्तो द्रव्यपिशाच र यौन पिपाशुको जित भएको छ । वकिल, सचिव, मन्त्रीलगायत सबैलाई किनेको राजुले न्यायधीस समेत किनेर मुद्धा जितेको घटना यस कथामा समेटिएको छ ।

**'मुक्ति र क्रान्ति'** कथामा क्रान्तिचेतनाको प्रयोग भएको छ । यस कथामा दस वर्षे जनयुद्धमा क. प्रवीणले दुई जना युवालाई क्रमशः **मुक्ति र क्रान्ति** उपनामबाट सङ्घर्ष गर्न उत्प्रेरित गरेको छ । जनयुद्धको समयमा गाउँमा अन्याय, अत्याचार गर्ने, जाँड-रक्सी खाने, भ्रष्ट, जाली, फटाहालाई कारबाही गर्ने गरेकोमा शान्ति सम्झैतापछि ती सबै हराएर गएको आभास कथाकारमा रहेको छ । क. प्रवीणले मन्त्री बनेपछि सामन्ती संस्कारमा फसेको र आफ्ना कार्यकर्ता क. मुक्ति र क. क्रान्तिलाई अपहेलना गरेको विषयसम्म कथामा समावेश गरिएको छ । **'सहिदकी श्रीमती'** कथा तृष्णा र तृप्ति कथासङ्ग्रहमा सङ्ग्रहित कथा हो । यस कथामा भीम क्षेत्रीले क. हिमाल र शुकवीरबिचको सम्बन्ध स्थापित गर्दै जनयुद्धको समयलाई विषयवस्तुका रूपमा लिएका

छन् । शान्ति सम्झौता र बाह्र बुँदे सहमतिप्रति माओवादी आन्दोलनको स्वरूप पूँजीवादीतर्फ मोडिएको छ । क. हिमालले सहिदकी श्रीमती रचनालाई क्रान्तिकारी विवाह गरेको छ । पति गुमाएकी रचनालाई हिमालले आफू मन्त्री बनेपछि काठमाण्डौमै ल्याएर राखेको छ । महल निर्माण र त्यसको रेखदेख र एयाशी प्रवृतिसमेत भोग गर्ने क.प्रवीणको जीवनशैली पुरै कम्युनिष्ट आचारण नभएर पूँजीवादी, सामन्ती शैली हो, भन्ने यथार्थताको उद्घाटन यस कथामा भएको पाइन्छ । जनयुद्धमा अपाङ्ग भएका, अङ्गभङ्ग भएका लडाकुलाई महत्त्व नदिई व्यक्तिगत स्वार्थमा लागेको घटना यो कथामा आएको छ ।

यो **तृष्णा, तृप्ति र तनाव** कथामा समावेश भएका सबै पात्रहरू वर्ग सङ्घर्षसँग जोडिएका छन् । जनमुक्तिको कामना गर्दै नयाँ समाजको परिकल्पनासमेत गरेका छन् । समाजमा चलेका अन्याय, अत्याचार, शोषण, दमनप्रतिको क्रान्तिचेतभाव प्रकट भएको छ । यो वर्तमान नेपालको परिवेश मुक्ति मार्गले सम्झौतामा परी बाटो बिराएको आभास कथाकारमा परेको छ । कथाको विषयवस्तु प्रायः जनयुद्धको समयका छन् । केही कथामा जनताको चाहनामा लात हान्दै आत्मसमर्पण गर्ने समर्पणवादप्रति विद्रोह उत्पन्न भएको छ । सामाजिक यथार्थको चित्रण गरिएको कथामा जनयुद्धकालीन यथार्थको विवरण र घटना घटित भएका छन् । जनघाती र देशविरोधी व्यक्ति वा संस्थाबाट देश र जनताले सुखानुभूति गर्न सक्दैन भन्ने सन्देश यस कथाले दिएको छ । अब फेर विवेकशील तरिकाले पाइला चाल्नु पर्नेछ । विकृति र विसङ्गतिका विरुद्धमा अझै सङ्घर्ष गर्नुपर्नेछ, भन्ने जस्ता क्रान्तिकारी भाव कथामा प्रस्तुत भएको छ । समानताका लागि क्रान्तिकारी मानिसको मनोबल उच्च राख्नका लागि अझ सङ्घर्ष गर्नुपर्ने अवस्था सिर्जना भएको विषय क्षेत्रीका यो कथामा पाइन्छ ।

यसरी नै **समय र मान्छे** कथामा समावेश कथाहरू **'सच्चा नाता, लोभीको भाँडो, छिमेकीको छोरो, होली, श्राप र संयोग, समय र मान्छे, दिदीको बुट्टे झोला, सन्देशको विद्रोह, हराएको विश्वास, अपराध स्वीकार, पुकुलीको सङ्घर्ष** आदि एघार वटा कथाहरू समावेश छन् । यी कथाहरूमध्ये कुनै राजनैतिक विषयवस्तु समेटिएका

छन् भने कुनैमा नितान्त सामाजिक र वैयक्तिक सङ्घर्षसँग पनि जोडिएका छन् । **सच्चा नाता** कथामा नेपाली समाजमा व्यप्त छुवाछुत र विभेदको विषयवस्तु समेटिएको छ । यस कथाको माध्यमबाट दलित जाति र कथित उच्च जातिको रगत एउटै समुह भएर बगिरहेको छ भने किन विभेद ? भन्ने प्रश्नको समष्टि उत्तर दिन खोजिएको छ । त्यसै गरी **लोभीको भाँडो** कथामा राजनीतिमा लागेर शहर पसेपछि जोसुकै मानिसमा पनि निम्न पुँजीवादी चिन्तन भित्रिने र ऊ पनि भ्रष्ट बन्दै जाने यथार्थताको उद्घाटन भएको छ । यस्तै **छिमेकीको छोरो** कथामा अन्धविश्वासमा जकडिएको समाजका सदस्यहरूलाई अन्धविश्वासकै भरमा ठिक ठाउँमा ल्याउन सकिन्छ भन्ने सन्देश दिइएको छ । यसरी नै **होली, श्राप र संयोग** कथामा होलीको विकृतिलाई निरुत्साहित गर्ने उद्देश्यले कथामा लोला हान्ने काम गलत सावित गर्ने काम भएको छ । यसरी नै **समय र मान्छे** कथामा जीवन र जगत सबै परिवर्तनशील छ त्यस्तै समाज पनि त्यसबाट अछुत रहन नसक्ने यथार्थताको उद्घाटन भएको छ । समयसँगै मानिसले चल्न जानिएन भने जीवन दुर्घटनामा पर्छ, भन्ने सन्देश दिइएको छ ।

**समय र मान्छे** कथासङ्ग्रहको छैटौं कथा **दिदीको बुट्टे झोलामा** एक दिदी र भाइको पवित्र सम्बन्धलाई देखाएर विछोडको पीडाको अनुभूत गराउने प्रयास भएको छ । बालबालिका अभिभावकबिहीन हुनुको पीडासमेत समेएिको यो कथामा दिदीले आफू सानो छँदा झोलामा खाने कुरा बोकेर ल्याइदिएको सस्मरण स्वरूप भाइले दिदीको मृत्युपछि पनि आफूसँगै सो झोला राखेको घटनाले पाठकको हृदयमा समवेदना प्रकट गर्न सफल भएको छ । **एउटा बाल सङ्कल्प** कथामा बाल्य अवस्थामा जे छाप पर्छ त्यो छाप कालन्तरसम्म रही रहन्छ भन्ने सन्देश दिँदै माओवादी जनयुद्धताका आफ्नो बुबालाई सेनाले मारेको बदलाभाव लिन एउटा बालक तयार भएको घटना समावेश गरी अनाहकमा निर्दोष मानिस मार्नु न्यायसङ्गत हुँदैन भन्ने सन्देश दिइएको छ । यसरी नै **सन्देशको विद्रोह** कथामा एउटी खराब आचारणकी आमाको सङ्गतले र प्रशिक्षणले छोरामा पनि विद्रोहभाव पैदा हुन्छ भन्ने देखाउँदै खराब चरित्रको भण्डाफोर गर्दै विद्रोहमा उत्रने छोरोबाटै चरित्रहीन आमाको हत्या

भएको देखाएर नितान्त सामाजिक कथावस्तु प्रस्तुत गरिएको छ । **हराएको विश्वास** कथा बालकथा हो । यसमा बालबालिकामा एकअर्कालाई सारै विश्वास गरी हाल्ने प्रवृति हुन्छ तर यदि नचाहिदो आरोप कसैले लगाएमा नराम्ररी मन फाटिन्छ र त्यसले एकअर्का बिचको विश्वास हराएर जान्छ भन्ने सन्देश दिँदै बाल मनोवृतिमा आधारित यो कथाको सिर्जना भएको छ ।

यस्तै **समय र मान्छे** कथाङ्ग्रहको दसौँ **कथा अपराध स्वीकार** हो । यो कथामा नेपाली धर्तीमा जनगणतन्त्र आएको परिकल्पना गरिएको छ । कथामा जनयुद्ध हुँदा सुराकीको काम गरी अपराध गर्ने सन्तुले पश्चताप गर्दै माफी मागेर प्रायश्चित गराएर कथाकारले सहिद मदनलाई न्याय दिलाएको छ । यस्तै यस सङ्ग्हको अन्तिम कथा **पुकुलीको सङ्घर्ष** मा नारीहरू कमजोर हुँदैन, केही लक्ष्य लिएर काम गर्ने हिम्मत गरेमा केही गर्न सक्छ भन्ने देखाएका छन् । पुकुली नारी जाति त्यसमा पनि टुहुरी, सानीमाको टोकेसो सहन नसकेर बाहिरिएको चौध वर्षपछि प्रहरी इन्सपेक्टर बनेर घर फर्केको प्रसङ्ग उल्लेख छ । यसरी सबै कथाहरू राजनीतिक र सामाजिक परिवेशमा तयार पारिएको छ । निष्कर्षमा भन्नु पर्दा कथाकार क्षेत्रीका समग्र प्रवृति प्रगतिवादी शैली र सामाजिक न्यायको खोजी हो, भन्न सकिन्छ साथै विद्रोहात्मक चेतना र सन्देश दिनु र परिवर्तनको चाहना राख्नु उनको प्रवृतिगत वैशिष्ट्य रहेको छ । यसका अतिरिक्त "एक आमाः भूमिका अनेक" (ज्ञानपञ्ज, पूणाङ्क १२) "इमानदारिता" ( ज्ञानपुञ्ज, पूर्णाङ्क २४) जस्ता अनेक कथाहरू पनि कथाकार क्षेत्रीले पछिल्लो समयमा लेख्दै आएका छन् तर ती सबै कथाहरूको अध्ययन यहाँ सम्भव नभएकोले समावेश गरिएको छैन । ती कथाहरूमा पनि यी माथिकै प्रवृतिगत विशेषताहरू नै रहेको पाइन्छ । कथाकार क्षेत्रीको आफ्नै जीवन भोगाई जटिल परिस्थितिबाट उठेको हुनाले पनि उनका कथाहरूमा जटिलतासँग जुझ्न सक्ने पात्रहरूको छनोट हुने गरेका छन् । सङ्घर्षशील र इमानदार पात्रहरूको विजय हुने तथ्यलाई कथाहरूमा समावेश गरिएको छ । यसरी समग्रमा जीवन र जगतमा मानिसले मानिसलाई शोषण र दमन गर्ने प्रवृतिको भण्डाफोर गर्दै समयसँगै समाज पनि परिवर्तन हशुनु आवशयक छ भन्ने

कुरालाई जोड दिने काम उनका कथाहरूमा पाइन्छ । यही विशेषताका कारण कथाकार क्षेत्री प्रगतिवादी कथाकारको रूपमा स्थापित हुन पुगेका हुन् भन्न सकिन्छ ।

## ४.११. क्षेत्रीको साहित्येतर लेख, रचनाको अध्ययन

यसरी साहित्यकार भीम क्षेत्रीले साहित्यिक विधामा मात्रै कलम चलाइरहेका छैनन् । उनले साहित्येतर विधामा पनि हात हालेका छन् उनले समालोचना क्षेत्रमा पनि कलम चलाउने गरेका छन् । यसरी उनले –'निभा शाहको कालापानीकी द्रौपदीमा क्रान्तिचेतना' शीर्षक दिएर समालोचना गरेका छन् भने मदन पुरस्कार प्राप्त दमिनी भीर उपन्यासको पनि 'दमिनी भीर पढेर हेर्दा' शीर्षकमा समालोचना लेखेर प्रकाशन गरेका छन् । त्यसै गरी –'सुन्दरताको पक्षमा उभिएका केही सिर्जनाहरू' शीर्षक दिएर आठ वटा पूस्तकको समालोचना एकसाथ गरेका छन् । गौरी दाहालद्वारा लिखित काव्यको समालोचना गर्दै 'गौरी दाहालको काव्यकारिता" शीर्षकमा समालोचना लेखेका छन् । त्यस्तै लेख,रचनाको अन्य विधालाई पनि उनले छुटाएका छैनन् । उनले शिक्षा क्षेत्रमा देखिएका विकृतिविरुद्ध पनि आवज उठाएर लेखहरू लेखेका छन् भने राजैनैतिक, सामाजिक विकृति र विसङ्गतिको भण्डाफोर गर्दै सुधारको अपेक्षासहित अन्य लेखहरू पनि विभिन्न पत्र-पत्रिकामा प्रकाशन गर्दै आएका छन् । जस्तै :

कुर्सीको तानातान, जोगीबीचको हानाहान उस्तै हो, सम्धीज्यू !
जातिवादको नारा, वर्गीय मुक्तिमा श्राप !
जनवादी क्रान्ति र शिक्षाका पहलुहरू !
नेपालको 'हेलो सरकार' लाई केको सरोकार ?
व्यावशायिक शिक्षा, आजको आवश्यकता ।
विस्तारवादी नङ्ग्रा नेपाली छातीमाथि कहिलेसम्म ?
भारतीय विस्तारवादको दुखाई नेपालीले कहिलेसम्म सहने ?
विद्यार्थीको आत्मदाहमा कसैले संवेदना प्रकट गरेनन् ।
आर्थिक समृद्धिको हावादारी गफ गर्नु अघि चाभेजबाट सिकौं ।
आतङ्कको राजमा जनताको दोहोलो !

खिलराज स्टाइकर, दलहरु गोटी, हान्ने हातहरू....?

मौलिकसंविधान नबने जनविद्रोह कि प्रतिगमन ?

निजी शिक्षा ऐनको माग, कुबेलाको नाच ।

अरबौंको चुनावबाट प्रतिगमन बलियो हुने ।

पुँजीवादी राजमा जनताको दोहोलो !

रगतको आहालमा पौडिएका झिँगाहरू अस्तित्वको खोजीमा ।

सहमतिको सरकार र निर्वाचनको नाटक,

तीन दलको सत्तामोह जोगीको झगडाभन्दा गतिलो छैन ।

शिक्षा क्षेत्रमा शान्ति र वर्तमान सरकार

एस.एल.सी.परिणाम, शैक्षिक प्रणालीको दोष ।

शिक्षा र संस्कृतिको सामञ्जस्यता

दिशाहीन शिक्षाको महत्व खोज्ने समय ।

योगदान बिर्सन्छन् कृतघ्नहरू ।

जातीय झगडाले वर्गीय मुद्धा ओझेलमा जस्ता शीर्षकमा धेरै नै लेखहरू लेखेर साहित्यकार क्षेत्रीले जनचेतनाको विकासमा ठूलो योग्दान गरेका छन् । यसका अतिरिक्त "साहित्यमा क्रान्तिचेतनाको प्रयोग" शीर्षकमा अनुसन्त्रधनात्मक लेखसमेत रचना गरेर प्रकाशन गर्ने अवस्थामा राखेका क्षेत्रीले यसको "क्रान्तिचेतना : एक सन्दर्भ" शीर्षक दिएर शृङ्खला मासिक पत्रिकाको पूर्णङ्क ३० (२०६६) देखि लगातार पूर्णाङ्क ४१ सम्म भाग-भाग गरेर प्रकाशन गरिसकेका छन् । यो पुस्तक प्रगतिवादी तथा मार्क्सवादी साहित्य सिद्धान्तको अध्ययन र अनुसन्धान गर्ने जो कोहीका लागि निकै उपयोगी हुनेछ, भन्ने मेरो ठम्याई छ ।

यसरी अखबारी लेख तथा साहित्य सिद्धान्तको खोज र सिर्जनामा पनि लाग्ने गरेका क्षेत्रीको यी विषयमा छुट्टै अध्ययन गर्नु पर्ने देखिएकोले यसमा शोधकर्ताको पहुँच नपुगेको स्मरण गराउन चाहन्छु साथै यी लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको हुनाले सो स्रोत खुलाउन पनि असमर्थ रहेको कुरा अवगत गराउँदै अब अन्य शोधकर्ताहरूले क्षेत्रीको साहित्तेतर लेख, रचनामा पनि खोज, अनुसन्धान गर्न जरुरी

देखिएकोले अवश्य नै अन्य शोधकर्ताले अरू बढी अनुसन्धान गर्नेछन् भन्ने अपेक्षा राख्दै यहाँ आगत शोधकर्तालाई केही सजिलो होस् भन्ने उद्देश्यले मात्र यहाँ केही लेख, रचनाको शीर्षक समावेश गरेकी हुँ ।

# पाँचौ परिच्छेद

## उपसंहार तथा निष्कर्ष

### ५.१. उपसंहार

भीम क्षेत्रीको जीवनी, व्यक्तित्व र कृतित्वमाथि उपरोक्त अध्ययनको 'परिच्छेद एक'मा शोधकार्यको परिचय अन्तर्गत विषय प्रवेश, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य तथा महत्व, शोधको क्षेत्र तथा सीमा, सामंग्री सङ्कलन विधि, शोधपत्रको रूपरेखा आदि शीर्षकमा अध्ययन गर्ने काम भएको छ । यसैगरी 'परिच्छेद दुई' मा 'भीम क्षेत्रीको जीवनीको अध्ययन'शीर्षक अन्तर्गत विषय परिचय, जन्म र बाल्यकाल, उच्च शिक्षा र विवाह, आर्थिक स्थिति र सङ्घर्ष, रुचि, विचार र स्वभाव, युवा अवस्था, साहित्यप्रति रुचि, राजनीतिक जीवन, पेसा र जागिर, संघ,संस्थामा आबद्धता, मान/सम्मान, निष्कर्ष आदि उपशीर्षक राखी अध्ययन गर्ने काम भएको छ ।

'परिच्छेद तिन' मा 'भीम क्षेत्रीकोव्यक्तित्वको अध्ययन' शीर्षकमा विषय प्रवेश, साहित्यिक व्यक्तित्व, गीतकार व्यक्तित्व, नाटककार व्यक्तित्व, कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, समालोचकीय व्यक्तित्व, लेखकीय व्यक्तित्व, साहित्येतर व्यक्तित्व,सम्पादक तथा पत्रकार व्यक्तित्व, राजनीतिक व्यक्तित्व, कृषक व्यक्तित्व, समाजसेवी व्यक्तित्व, शिक्षक व्यक्तित्व, चिन्तनशील व्यक्तित्व, प्रेरक व्यक्तित्व, शारीरिक व्यक्तित्व, गायन तथा साङ्गीतिक व्यक्तित्व, निष्कर्षआदि उपशीर्षक राखेर अध्ययन गरिएको छ ।

यसरी नै 'परिच्छेद चार' अन्तर्गत भीम क्षेत्रीका कृतिहरूको अध्ययन शीर्षक अन्तर्गतगत रही उनका वर्तमानसम्म पुस्तकाकार कृतिको रूपमा प्रकाशित भएका कृतिहरूको अध्ययन गर्ने क्रममा पहिलो चरणमा उनले लेखेर प्रकाशित गरेको 'अँध्यारामा बाँच्नेहरू' गीतिसङ्ग्रह र त्यसभित्रका एघार वटा गीतहरूको अध्ययन गर्ने काम भएको छ । त्यसपछि पत्रपत्रिकामा प्रकाशित गीतहरूमध्ये सात वटा गीतहरू छनोट गरी अध्ययन र मूल्याङ्कन गरिएको छ । यसै गरी दोस्रो चरणमा भीम

क्षेत्रीको नाट्यसङ्ग्रह 'बेवारिसे लाश' नाटकमा समावेश भएका नाटकहरू 'बेवारिसे लाश' र 'जनअदालत' को पनि कथावस्तु,पात्र विधान, नाट्य परिवेश, मञ्चन विधान, भाषा शैली, संवाद विधान, नाट्य शीर्षक, उद्देश्य वा सन्देश र निष्कर्ष आदि तत्वगत शीषक राखी देवै नाटकको अध्ययन र मूल्याङ्कन गर्ने काम भएको छ । यसरी नै तेस्रो चरणमा 'भीम क्षेत्रीको कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूको अध्ययन' शीर्षक अन्तर्गत उनका "मझेरीमा झरेको बिहानी" कविता सङ्ग्रहमा सङ्गृहीत दिन खोस्ने विरुद्ध, शान्तिको द्वीप जल्दैन, महल र झुप्राको युद्ध, कहाँ थाक्छन् यात्रीहरू, सभासदलाई चिठी, सौखिनहरूको क्लब, मझेरीमा झरेको बिहानी, वर्तमान दुखिरहेछ, पर्ख त्यो भुँवरीलाई, धमिलो पानीमा भ्यागुताको राज, जस्ता एघार वटा कविताहरूको अध्ययन र मूल्याङ्कन गरिएको छ । यसको साथै उनले लेखर पत्रपत्रिकामा प्रकाशन गरिएका कविताहरूमध्ये हाम्रो समय, नयाँ जेल र म, हृदयहीन मान्छेको स्वर्ग, खाली भित्ता, अदना छिमेक जस्ता पाच वटा कविताहरूको पनि निष्कर्षसहित अध्ययन र मूल्याङ्कन गर्ने काम भएको छ ।

यसरी नै यही परिच्छेद चारको चौँथो चरणमा 'भीम क्षेत्रीका कथासङ्ग्रहहरूको अध्ययन' शीर्षक राखी उनका कथासङ्ग्रहभित्रका कथाहरूको अध्ययन र मूल्याङ्कन गरिएको छ । उनका 'तृष्णा र तृप्ति' कथासङ्ग्रहमा सङ्गृहीत एघार वटा कथाहरूमध्ये फुटेको सपना, अन्तिम प्रयास, अभिशप्त जिन्दगी, तृष्णा, तृप्ति र तनाव, चार वटा कथाहरूको निष्कर्षसहित अध्ययन र मूल्याङ्कन गर्ने काम भएको छ । यसरी नै उनका 'समय र मान्छे' कथासङ्ग्रहमा सङ्गृहीत सच्चा नाता, लोभीको भाँडो, समय र मान्छे, अपराध स्वीकार, आदि चार वटा कथाहरूको निष्कर्षसहित अध्ययन र मूल्याङ्कन गर्ने काम भएको छ । यसका अतिरिक्त यी साहित्य विद्यागत सङ्ग्रहहरूबाहेक उनीद्वारा लेखिएका र प्रकाशन गरिएका अन्य साहित्येतर लेख रचनाहरूको समेत केही शीर्षकहरू उल्लेख गर्ने काम भएको छ । यी सबैको अध्ययन सम्भव नभए पनि अन्य पाठकको जानकारीको लागि शीर्षकसम्म राख्ने काम भएको छ ।

## ५.२ निष्कर्ष

साहित्यकार भीम क्षेत्रीको पुख्यौली घर इलामको गोर्खे गा.वि.स.मा पर्ने खोला गाउँ भन्ने ठाउँ हो । तर समयक्रमसँगै बुबा–आमासँगै भारतको सिक्किम पुगेका क्षेत्रीको अध्ययन प्रारम्भ सिक्किमकै सेन्ट जेभियर्स स्कुलबाट भएको हो र साथै आमा-बुबाको दाम्पत्य जविन राम्ररी चल्न नसकेपछि नेपाल मावलामा आएर बसेका क्षेत्रीले जविनमा अनेक दुःख, हण्डर खाँदै आफ्नो अध्ययनलाई अगाडि बढाएका थिए । वि.सं. २०१७ साल असार ९ गते उनको जन्मेका क्षेत्री आमादिला क्षेत्री (राई) र बुबा रत्न क्षेत्रीका उनी आमापटिका एक्लो छोरा  हुन् । आमासँगै जीवनको बाल्यकाल बिताएका क्षेत्रीले इलामको बौद्यधाम माध्यमिक विद्यालयबाट २०४५ सालमा एस.एल.सी उतीर्ण गरी क्रमश : मेहन्द्र बहुमुखी क्याम्पस इलामबाट स्नातक तह र त्रिचन्द्र कलेज घण्टाघर काठमाडौंबाट स्नातकोत्तर उतीर्ण गरी बि.एडसम्मको अध्ययन पूरा गरेका छन् ।

बाल्यकालदेखि नै साहित्यप्रति रुचि राख्ने क्षेत्रीले कर्फोक मा.वि.मा प्‌दादेखि नै सामान्य कविताहरू लेख्ने गर्थे साथै २०३६ सालको निर्दल र बहुदलको निर्वाचनपछि राजनैतिक चेतनाको ढोका खोलिँदै गउपछि जनवादी गीतहरू लेख्न र गाउँदै हिँड्न थालेका थिए । यसरी लगातार गीत लेख्दै र गाउँदै हिँडेका क्षेत्रीले क्याम्पसको अध्ययन गर्न थालेपछि नाटकहरू पनि लेख्न र प्रदर्शन गर्न थालेका हुन् । उनले महेन्द्र बहुमुखी क्याम्पस इलाम पढ्दै गर्दा नै बेवारिसे लाश नामको नाटक लेखेर इलाम, झापा, पाँचथर आदि स्थानमा प्रदर्शन गरेका थिए । सधैं पारिवारिक र आर्थिक सङ्कटमा पर्दै जीवन बिताउँदै र विभिन्न स्थानमा भौंतारिँदै कष्टकर जीवनयापन गरेका क्षेत्री हाल काठमाण्डौंको बालाजुमा बसोबास गर्छन् । साधारण जीवनशैली र उच्च व्यक्तित्व भएका क्षेत्री साहित्यलाई समाज परिर्वतनको एउटा सशक्त माध्यमको रूपमा हेर्छन् ।

विद्यालय उमेरदेखि नै कविता लेख्न रुचि राख्ने क्षेत्रीले साहित्यतर्फको यात्रामा विस्तारै सफलता पाउँदै गएका हुन् । वर्तमानसम्म आइपुग्दा प्रगतिवादी, क्रान्तिकारी विचारधारात्मक कविता,गीत,नाटक र कथाहरूहरू प्रशस्त मात्रामा लेख्दै आएका व्यक्तित्व हुन् ।  उनले हालसम्म ६ वटा पुस्तककार  कृतिहरू प्रकाशित गरिसकेका

छन् । उनको पहिलो प्रकाशित कृति “बेवारिसे लाश” नाट्यसङ्ग्रह-२०४९ हो । त्यस्तै उनका अन्य प्रकाशित कृतिहरू “अँध्यारामा बाँच्नेहरू” गितीसङ्गह (२०५२) “मझेरीमा झरेको बिहानी” कवितासङग्रह (२०६७) त्यस्तै गरी “समय र मान्छे” कथासङ्ग्रह (२०७०) र “तृष्णा र तृप्ति” कथासङ्ग्रह-२०७०) हुन् भने केही संशोधनसहित २०६७ मा “अँध्यारामा बाँच्नेहरू” पुनः प्रकाशन गरेका छन् । २०३७ सालदेखि राजनीतिमा प्रत्यक्ष, परोक्ष रूपमा संलग्न रहदै आएका भीम क्षेत्री कम्युनिष्ट शासनबाट मात्रै जनताको मुक्ति सम्भव छ भनेर कम्युनिष्ट आन्दोलनलाई सहयोग र समर्थन गर्दै आएका व्यक्तित्व हुन् । राजनीतिमा उनको तीन घुम्ती देखिन्छ पहिलो घुम्ती २०३७ देखि २०४६ सम्म, दोस्रो घुम्ती २०४६ देखि २०५६ र तेस्रो घुम्ती २०६० देखि हालसम्म । २०५६ देखि २०६० सालसम्म उनले राजनैतिक निष्क्रियता र शिथिलता बेहोरेर बसेको देखिन्छ । पहिलो घुम्तीमा ने.क.पा.मालेसँग आवद्ध भई काम गरे, दोस्रो घुम्तीमा एमालेसँग आवद्ध भई काम गरे अनि एमाले फुटेर फेरि जुट्ने काम भएपछि उनी निष्कृय बसेका थिए । त्यसपछि पुनः २०६०/०६१ देखि ने.क.पा माओवादीलाई सहयोग र समर्थन गर्दै आएका उनी हाल ने.क.पा माओवादी केन्द्रमा रही राजनैतिक गतिविधिमा संलग्न रहेको पाइन्छ । सुरूमा जनवादी गीत लेखनबाट साहित्यतर्फ आकृष्ट भीम क्षेत्री हाल साहित्यका विविध विधामा कलम चलाइरहेका छन् । उनले नाटक, गीत, निबन्ध,कविता र कथा आदिमा कलम चलाउँदै आएका भएपनि कथा र कविता विधामा नै उनी सफल देखिन्छ । कथा र कवितामा उनको कलम विशेष सशक्त रहेको छ । आफू बसेको सामाजिक वातावरण र त्यही समाजमा देखा परेका समस्या, विकृति, विसङगति, अन्याय र अत्याचारलाई आफनो लेखनको प्रेरणास्रोतको रूपमा अङगीकार गर्ने क्षेत्री साहित्यलाई न्यायपूर्ण मुक्त समाज तथा शोषणरहित समाज निर्माणका लागि जनचेतना जगाउने एउटा सशक्त कडीको रूपमा हेर्छन् । उनी मूलत : प्रगतिवादी साहित्यकार हुन् भने देश समाज परिवर्तनको अपेक्षासहित साहित्यमा विचार पक्ष बलियो हुनुपर्छ भन्ने क्षेत्रीले आफ्ना कृतिहरूमा नेपाली समाजको चित्रण गर्दै त्यसमा आमूल परिवर्तन हुनुपर्छ भन्ने आशयका सन्देश दिने गरेका छन् ।

साहित्यकार क्षेत्री सामान्य जीवनमा पनि रमाएर रहन सक्ने व्यक्तित्व हुन् । उनलाई दुःखमा रुने र सुखमा मात्तिने प्रवृति मन पर्दैन । परिआए जस्तोसुकै काम पनि मानिसले गर्न सक्नुपर्छ भन्ने क्षेत्रीको आदर्श भनाई नै “काम भनेको सानो र ठूलो हुँदैन, कुशलतापूर्वक गरिने जुनसुकै काम उतिकै सम्मानजनक हुन्छ” हुन्छ । क्षेत्रीका एक छोरा, एक छोरी छन् भने हाल दुवैको बिहे भइसकेको छ । पारिवारिक बेमेल झेल्न विवश क्षेत्रीले गरेको दुःख, सहेको पीडा र भोगेका समस्याहरूको जीवन सङ्घर्षको कथा सुन्ने र बुझ्ने जो सुकैलाई कहाली लाग्न सक्छ । यसरी अगाडि बढ्दै जाँदा बिच बाटामा आएका अवरोधहरूपार गर्दै हालसम्म आउन सफल भएका छन् । उनी सानैबाट भावुक प्रवृतिका थिए र वर्तमाननमा पनि उनी एकान्तिक मन पराउँछन् । तर पनि उनी विभिन्न सामाजिक कार्यमा संलग्न हुन रुचाउँछन् भने साहित्यिक, राजनैतिक क्षेत्रमा पनि उतिकै सक्रिय हुँदै आएका छन् । गीत, कविता, नाटक र कथा लेख्न कुशल क्षेत्रीले हालसम्म पाँच वटा पुस्तकाकार कृति प्रकाशन गरिसकेका छन् भने सयौंको संख्यामा फुटकर साहित्यिक रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन गर्दै आएका छन् । उनी शिक्षा क्षेत्रमा पनि संलग्न रहिआएकाले उनी नेपालको शैक्षिक क्षेत्रको विकृति, विसङगतिप्रति पनि उतिकै जानकार छन् । त्यसैले शैक्षिक विषयका लेख, रचनाहरू पनि प्रशस्त लेखेकेका छन् । यसरी साहित्येत्तर लेख, रचनामा पनि चासो दिने क्षेत्रीले राजनैतिक, सामाजिक र शैक्षिक विषयका लेखहरू पनि पत्रपत्रिकामा प्रकाशन गर्दै आएका छन् ।

उनको साहित्यिक विधाहरूमा मार्क्सवादी सैद्धान्तिक विचार प्रष्टसँग आउने गरेका छन् । मार्क्सवादी दर्शनलाई जीवनको आधार मान्ने क्षेत्री प्रगतिवादी साहित्यकार हुन् । उनले प्रगतिवादी साहित्यको क्रान्तिचेतन भावधाराको खोजी गरेर ८४ पृष्ठ लामो अनुन्धनात्मक लेखसमेत लेखेका छन् । यसरी अध्ययनशील स्वभावका क्षेत्री पत्रकार पनि हुन् । उनले शृङ्खला साहित्यिक मासिक पत्रिका, ज्ञानपुञ्ज द्वैमासिक पत्रिका, शैक्षिक मञ्च त्रैमासिक, एकीकृत शैक्षिक आव्हान जस्ता पत्रिकाको प्रकाशक, प्रधान सम्पादक रूपमा रही काम गर्दै आएका छन् । जीवनयापनको लागि उनी हाल एउटा निजी कलेज र स्कुलमा अध्यायपन कार्यमा पनि संलग्न छन् । यसरी बहुमुखी

आयाम बोकेका क्षेत्री कम बोल्न, धेरै सुन्ने प्रवृतिका छन् भने उनको चर्चा, परिचर्चामा रमाउने बानी छैन । साधारण खान,पान, भेष-भुषा र साधा र सरल जीवनशैलीका क्षेत्रीलाई समग्रमा भन्नु पर्दा "साधा जीवन,उच्च विचार" को सैद्धान्तिक प्रभाव ग्रहण गरेका व्यक्तित्वको रूपमा लिन सकिन्छ । उनीसँग साहित्यको समालोचना गर्न पनि उतिकै कुशल छन् । उनले अन्य साहित्यकारहरूको विभिन्न रचनाहरूको समालोचनासमेत गरेका छन् । यसका अलवा उनले प्रगतिवादी साहित्य सिद्धान्तमा आधारित क्रान्तिचेतनाको प्रयोग कहाँ ? के र कसरी हुन्छ ? भन्ने सन्दर्भमा पनि खोजमूलक लेख सिर्जना गरी प्रकाशन गरिसकेका छन् । यो खोजमूलक लेख शृङ्खला मासिक पत्रिकाको पूर्णाङ्क ३० देखि लगातार पूर्णाङ्क ४१ सम्म भाग-भाग गरी प्रकाशन गरिसकेको अनुसन्धनात्मक लेखलाई पुस्तकाकार दिने तयारीमा रहेका क्षेत्रीले यसलाई निकट भविष्यमै प्रकाशन गर्दैछन् । यसरी उनको व्यक्तित्व चौतर्फी छरिएर रहेको पाइन्छ । समग्रतामा हेर्दा उनीभित्र बहुमुखी प्रतिभा लुकेर रहेको आभास हुन्छ तथापि उनले हालसम्म साहित्य क्षेत्रमा जे जति काम गरेका छन् त्यो उनको लगावको तुलनामा, क्षमताको तुलनामा कमै भएकोहो भन्ने जो कोहीलाई लाग्न सक्छ । उनीभित्रको प्रतिभाको निखारसम्म पुग्ने कोसिसमा छन् उनी तर पारिवारिक, आर्थिक र अन्य विभिन्न संघ-संगठनको जिम्मेवारीको बोझले गर्दा उनको साहित्यिक प्रतिभाको प्रस्फुटन हुन बाँकी नै रहेको आभास हुन्छ ।

हाल उनी काठमाडौंको बालाजुमा एक्लै डेरा गरी बसेका छन् भने बिहान निजी कलेज, दिनमा (१ बजेसम्म) निजी विद्यालय र अन्य समय साहित्यिक, सामाजिक र राजनैतिक कार्यमा संलग्न रहँदै आएका छन् । कहिले भीम जीसी त कहिले भीष्म क्षेत्री त कहिले गोतामे कान्छा त कहिले अन्तरे काका, कहिले बी.जीसी त कहिले अजन्त गौतम उपनामबाट गीत, कविता, र अन्य लेख, रचनाहरू लेख्दै आएका साहित्यकार भीम क्षेत्रीले प्रकाशित, अप्रकाशित गरी एक दर्जनभन्दा बढी पुस्तकहरू सिर्जना गरिसकेका छन् । उनको व्यक्तित्व चारैतिर फैलिए पनि उनलाई राजनीतिमा भन्दा सामाजिक कार्यमा र सामाजिक कार्यमा भन्दा बढी साहित्यिक कार्यमा बढी रुचि र सफलता मिलेको देखिन्छ ।

यसर्थ समग्रमा भन्नुपर्दा साहित्यकार क्षेत्रीको जीवन सहज ढङ्गले अगाडि बढेको देखिन्न भने अर्कातिर यस्तो अप्ठ्यारो बाटो हिँडेर पनि यहाँसम्म आइपुग्नु कम जोखिम र कष्ट बेहोर्नु परेको छैन । उनको बाल्यकाल युवा अवस्था, पारिवारिक बेमेल, अध्ययन, राजनीतिक, साहित्यिक सिर्जना, संगठनको जिम्मेवारी र जीविकाको लागि गरिने काम आदिको मूल्याङ्कन गर्दा उनीभित्रको धैर्यता र साहसको अनुमान लगाउन सकिन्छ । यस्तै ढङ्गले उनको जीवन अगाडि बढिरहेको छ, अझै सफलता मिल्दै जाओस् शुभकामना ।

**भीम क्षेत्रीको विषयमा सम्भावित शोधका शीर्षकहरू**

- भीम क्षेत्रीको साहित्येतर व्यक्तित्वको अध्ययन ।
- भीम क्षेत्रीको कृतिगत प्रवृतिको अध्ययन ।
- भीम क्षेत्रीको राजनीतिक जीवन र व्यक्तित्वको अध्ययन ।
- भीम क्षेत्रीको जीवन वृतिको अध्ययन ।
- भीम क्षेत्रीको कथाहरूमा क्रान्तिचेतनाको प्रयोग ।
- भीम क्षेत्रीको कविताहरूमा क्रान्तिचेतनाको प्रयोग ।
- भीम क्षेत्रीकोनाटकहरूमा क्रान्तिचेतनाको प्रयोग ।
- भीम क्षेत्रीको गीतहरूमा क्रान्तिचेतनाको प्रयोग ।

# परिशिष्ट–१

**भीम क्षेत्रीसँगको संक्षिप्त साहित्यिक कुराकानी**

**शोधार्थी : तपाईले किन साहित्यलाई आफ्नो जीवनको आधार बनाउनुभयो ?**

**शोधनायक** : हेर्नुहोस्, मेरो जीवन कुनै दुखान्त कथा वा नाटकभन्दा कम रोचक छैन । मैले बाल्यकालमा पाएको दुःख र हण्डरबाट मैले के पाठ सिकेँ भने मानिसको जीवन भनेको सङ्घर्षको एउटा कथाजस्तो रहेछ । त्यसमाथि पनि हाम्रो जस्तो देशका गाउँले परिवेशमा जन्मेका र हुर्केका बालक, युवा र वयस्कहरूले राज्यद्वारा अपहेलित हुँदै जीवन गुजारा गर्नु पर्ने बाध्यता आदिले गर्दा दुःखमय जीवनलाई आत्मसात गर्नुपर्ने अवस्था छ । यही अवस्थामा पनि अझ मेरो सवालमा भन्ने हो भने म सानैबाट बाबुको संरक्षकत्वबाट वञ्चित एउटा अर्ध टुहुरो बालक हुँ । यसैले गर्दा समयमै अध्ययन र मनन गर्ने अवसरबाट समेत वञ्चित बालकको मनोवृत्ति जस्तो हुन्छ, मेरो सवालमा पनि त्यही नै हो । तपाईं आफै सोच्नुहोस त ! हो, यही जीवन भोगेको मभित्र त्यो पीडा र दुःखलाई पोख्ने माध्यम मैले गीतलाई बनाउँदै आउने क्रममा मैले साहित्यको अन्य विधालाई पनि अङ्गाल्न थालेँ जसले गर्दा मैले जीवनको आधार नै साहित्यलाई बनाउन पुगेँ ।

**शोधार्थी : साच्चै साहित्यतर्फ चाहिँ कहिले र किन आकृष्ट हुनुभयो ?**

**शोधनायक** : मैले कर्फोक माध्यमिक विद्यालय पढ्दै पनि सामन्य बालभाषामा कविताहरू कोर्ने गर्थें । स्कुल पढ्दा कहिले काहीँ पैसावालसाथीहरू र दाइ-दिदीहरू चिया पसलमा पसेर खाजा किनेर खाँदा म बाहिर बसेर पर्खन्थें किनकि मसँग पैसा हुँदैनथ्यो । हो, यही विषयमा घरमा आएर कविता वा गीत कोर्थें, कहिले आफूभन्दा ठूला दाइहरूले मलाई पिट्थे, दुःख दिन्थे,पीडा दिन्थे अनि रुँदै घरमा आएर त्यो समयको पीडालाई कविता वा गीत बनाउँथें । यसरी नै म साहित्यप्रति आकृष्ट हुँदै गएँ । यति मात्रै होइन, म केही बुझ्ने भएपछि बिस्तारै भाषिक ज्ञान आर्जन गर्दै गएपछि मलाई आफूभन्दा दाइ-दिदीले मात्रै दुःख नदिँदो रहेछ, पीडा नदिँदो रहेछ यो

भन्दा बढी पीडा त राज्य व्यवस्थाले पो दिँदो रहेछ, भन्ने चेतनाको विकास हुँदै गयो, यसपछि भने जनवादी गीत, नाटक,  कविता र कथाहरूमा मेरो ध्यान आकृष्ट हुँदै गयो । यसरी म एक जना सामान्य साहित्यिक व्यक्तिमा गनिन थालेँ ।

**शोधार्थी :तपाईंलाई क-कसबाट साहित्यिक प्रेरणा प्राप्त भएको छ ?**

**शोधनायक :** मेरो प्रेरणाको स्रोत भनेको नेपालका गरिब, दुःखी मानिसहरू हुन्, जसलाई यो देशको राज्य व्यवस्था अनि  शासक र शोसक वर्गले गरिखान दिएका छैनन् । मुख्य प्रेरक व्यक्तिहरू उनीहरू नै हुन् । तर शैलीगत प्रेरणा, ज्ञानगत प्रेरणा र विधागत प्रेरणाको स्रोत चाहिँ मैले महाकवि लक्ष्मीप्रसाद देवकोटा, भारतीय लेखक प्रेमचन्द्र, रुसी लेखक म्याक्सिम गोर्की, लुसुन, कथाकार गुरुप्रसाद मैनाली, बि.पी.कोइराला, मोहन वैद्य किरण, आदि हुन् र उनीहरूको साहित्यिक र अन्य लेखहरूको प्रभाव मभित्र परेको छ । यसकारण म आफूलाई सधैँ गरिब, दुःखी जनताको पक्षमा उभ्याइरहन प्रतिबद्ध भएँ ।

**शोधार्थी : अन्त्यमा  तपाईलाई सबैभन्दा बढी मन पर्ने साहित्यिक विधा कुन् हो र किन ?**

**शोधनायक :** मलाई सबैभन्दा मन पर्ने साहित्यिक विधा त कथा नै हो, तर कथा लेख्न गीत र कविता लेखेजस्तो सजिलो हुँदैन । कथा लेख्नको लागि पर्याप्त समय पनि चाहिन्छ र जीवन र जगतको संयोजन गरेर  कथा बुन्नु गाह्रो काम पनि हो । तर पनि मलाई कथा लेखनमा नै रुचि छ । हिजो आज म शिक्षक संगठनहरूमा पनि महासचिव, उपमहासचिव जस्तो जिम्मेवार पदमा बसेर काम गरी रहेकोले कथा लेखनमा केही शिथिलता आएको छ । तर पनि मैले फुर्सदको समयमा कुनै न कुनै रूपमा कथा लेखेर संकलन गर्ने र आफ्नै पत्रिकाहरूमा प्रकाशन गर्ने काम भने छोडेको छैन ।

**शोधार्थी : अन्त्यमा तपाईका पाठकहरूलाई केही भन्नु छ कि ?**

**शोधनायक** : मैले सिर्जना गरेका सम्पूर्ण कथा, कविता, गीत, नाटकर अन्य लेख-रचनासमेत मन पराइदिएर विभिन्न प्रतिक्रिया दिनु हुने मेरा सबै पाठक मित्रहरूलाई धन्यवाद दिँदै आगामी दिनमा पनि यसरी नै मन पराउनुहुनेछ र प्रतिक्रिया र सुझाव दिनुहुनेछ भन्ने अपेक्षा गर्दछु । यसको अतिरिक्त मैले अझै गर्न बाँकी धेरै छ , मनका अन्तर–कुन्तरमा देश, जनता र समाज समृद्धिको लागि बाटो देखाउने कुराहरू छन् । जनतालाई सचेत बनाउने कार्यहरू र चेतनाको दियो सल्काउँदै गाउँ–गाउँ पुऱ्याउनु हामी शिक्षित र सचेत वर्गको कार्य हो । यसको लागि म मेरो प्रेरणाको स्रोत गरिब, दुःखी जनताको पक्षमा सधैँ उभिरहने छु र चेतनाको दियो बाल्दै जाने छु किनकि शोषण र दमनको विकृत संस्कार र परम्पराहरू तोड्नको लागि सबै उत्पीडित जनता सचेत हुन जरुरी ठान्दछु ।

## परिशिष्ट–२

**भीम क्षेत्रीकी छोरी प्रतिमा क्षेत्रसँग गरेको कुराकानीको सारसंक्षेप :**

**शोधार्थीः प्रतिमा जी, तपाई त एउटा सङ्घर्षशील व्यक्तित्वकी छोरीको रूपमा जन्मनु भयो, तपाईंको दृष्टिमा भीम क्षेत्री कस्तो व्यक्ति हुन् ?**

**प्रतिमा** : हाम्रो बाबा सानैबाट मिहेनत गर्न चाहिँ नडराउने व्यक्ति हुन् । वहाँ जस्तोसुकै काम पनि गर्नुहुन्छ, पैसा कमाउने काममा मात्र लाग्ने हो भने र अन्य नेताहरूले जस्तै लप्पन-छप्पन गर्ने मन गरेको भए सायद, बुबाले पनि अहिलेसम्म काठमाडौंमा महल नै खडा गरी सक्नुहुन्थ्यो होला, तर वहाँलाई पैसा र पारिवारिक सुःखभन्दा सामाजिक काम ठूलो, संगठन र लेखन कार्य ठूलो भन्ने भावनाले अभिप्रेरित गरी रह्यो । यसले गर्दा हामीले समेत दुःख पाउने अवस्था बन्यो । तरै पनि वहाँले काठमाडौंमा आफै सङ्घर्ष गर्दै पनि यहीँल्याएर हुर्काउने, बढाउने र हामी दाजु-बहिनीलाई नै हामीलेचाहे जति पढाउनेकाम गर्नुभयो, यसैमा सन्तुष्ट छु ।

**शोधार्थी : बुबाले त तपाईंहरूको जन्म भइसकेपछि नै उच्च शिक्षा हासिल गर्नुभएछ, कसरी पढ्नुभयो होला ?**

**प्रतिमा** : मैले अघि नै भने नि, बुबा कुनै पनि काम गर्न लाज र डर मान्नुहुन्न, सबै काम उत्तिकै सम्मानयोग्य हुन्छ भन्ने वहाँको विचार छ । वहाँले पढ्दै गर्दा काठ काट्ने काम, गारो लाउने काम, ठेक्कापट्टाको काम पनि गरेको देखेकी छु । काठमाडौं आएपछि मात्र वहाँले शारीरिक परिश्रमको काम गर्न छाड्नुभएको हो । म त सानै थिएँ तर सुनेकी छु, वहाँ रातभरि पनि पढेरै के,के,के,के लेखेर बिताउनुहुन्थ्यो रे अनि बिहान भएपछि काम गर्न जानुहुन्थ्यो रे । यसो गर्दा वहाँलाई एकपटक साह्रै नराम्ररी बिरामीले च्यापेको पनि देखेकी छु । यसरी सङ्घर्ष गर्दै वहाँले पढेको कुरा पक्कै हो ।

**शोधार्थी : अन्त्यमा बुबाको साहित्यिक यात्रालाई तपाई के भन्नुहुन्छ ?**

**प्रतिमा** : बुबा "जनताको चेतना उठाउनको लागि साहित्य सिर्जना गर्नुपर्छ" भन्नुहुन्छ । तर मेरो विचारमा पहिलो सर्त घर परिवारलाई सुख र शान्ति दिनुपर्ने हो तर बुबामा यो देखिएन । म अलिक ठूलो भएपछि यही विषयमा हाम्रो विवाद परी रहन्थ्यो । म भन्ने गर्थें "तपाईंको साहित्यले पर्याप्त खान र लगाउन दिँदैन, किन साहित्य लेख्नुपर्‍यो ?" तर बुबा यसको विरोध गर्दै "खान, लाउन र बाँच्न त चरा,मुसा, कुकुर, स्याल, बिरालोले पनि जानेका हुन्छन्, हामी त मानिस हौँ, चेतनशील प्राणीहौँ, खालि खान, लगाउन र बाँच्नकै लागि मात्र जीवन हो त ?" भनेर प्रतिवाद गर्नुहुन्थ्यो । म भन्छु पहिलो सर्त पारिवारिक सुख हो र दोस्रोमा मात्र साहित्यको सिर्जना,तर पनि बुबाको चाहना, इच्छा र लगावप्रति मेरो सम्मान छ र अहिले वहाँको विषयमा खोजी हुँदै रहेछ, खुसी लाग्यो कुनै दिन वहाँको साहित्यिक यात्राको सम्मान हुनेमा आशावादी छु ।

# परिशिष्ट–३

**भीम क्षेत्रीलाई नजिकबाट चिन्ने व्यक्तिहरूसँग गरिएको कुराकानी**

**परिशिष्ट-३.१ माधव घिमिरे 'अटल' सँग भीम क्षेत्रीको विषयमा गरिएको संक्षिप्त कुराकानी**

साहित्यको कविता विधा र अन्य साहित्येतर लेख-रचना लेखनमा सक्रिय लेखक माधव घिमिरे 'अटल' ले साहित्यकार भीम क्षेत्रीको विषयमा गरिएको संक्षिप्त कुराकानीको सन्दर्भमा निम्न अनुसारको धारणा व्यक्त गरेका छन् :

शोधार्थी : **तपाईंले साहित्यकार क्षेत्रीलाई कस्तो व्यक्तित्वको रूपमा चिन्नुभएको छ ?**

**माधव घिमिरे 'अटल'** : मैले भीम क्षेत्री एक जना व्यक्ति हुन् तर जसको व्यक्तित्व बहुआयामिक भएर छरपस्टिएको पाएको छु । उनको व्यक्तित्व राजनीतिक, सामाजिक, साहित्यिक सबै क्षेत्रमा छरिएर रहेको छ । अत्यन्तै दुःखमय परिवेशमा पनि उनले आफ्नै बलबुतामा यो स्थानसम्म आइपुग्नु सानो कुरो होइन । तसर्थ मैले उनलाई एक जना सङ्घर्षशील व्यक्तित्वको रूपमा चिनेको छु । उनलाई मैले एक लगनशील, अध्ययनशील र परिश्रमी व्यक्तिको रूपमा देखेको, बुझेको र चिनेको छु ।

शोधार्थी : **भीम क्षेत्रीको साहित्य यात्रा कुन रूपमा अगाडि बढेको पाउनुभएको छ ?**

**माधव घिमिरे 'अटल'** : भीम क्षेत्रीको आफ्नै जीवन दुःखमय अवस्थाबाट गुज्री रहेको छ । उनी एक्लै सङ्घर्ष गर्दै अगाडि बढेका व्यक्ति हुन् र अहिले पनि एक्लै छन् । सायद उनको पारिवारिक सहयोग र सदभाव रहेको भए, उनको साहित्यिक यात्रामा सहयात्री र अन्य पारिवारिक सहयोग रहेको भए सायद उनले यो भन्दा धेरै गर्न सक्थे किनकि उनमा ठूलो प्रतिभा लुकेर रहेको छ, त्यसलाई प्रस्फुटन गर्ने सायद उनीसँग समय छैन भन्ने लाग्छ । पारिवारिक बिघटनको अवस्थामा पनि उनी अबिचलित रूपमा अघि बढ्दै यहाँसम्म आइपुग्नु सबैको लागि प्रेरणात्मक घटना हो साथै उनले

वर्तमानसम्म जे जति साहित्य सिर्जना गरे, जे जति सामाजिक र राजनैतिक रूपमा आफूलाई समर्पित गरे, तीसबै उल्लेखनीय रूपमा लिनुपर्दछ, भन्न सकिन्छ ।

**शोधार्थी : भीम क्षेत्री प्रगतिवादी साहित्यकारको रूपमा चिनिन्छ, तपाईंको विचारमा त्यसका आधारहरू के के होलान् भन्ने लाग्छ ?**

**माधव घिमिरे 'अटल'** : हो, भीम क्षेत्री मुलत : प्रगतिवादी साहित्यकार नै हुन् तर सबै कृतिको अध्ययन नगरी सोलोडोलो रूपमा प्रगतिवादी भनिए पनि उनका अघिल्ला केही गीतहरू प्रगतिवाद इत्तर पनि रहेका छन् । यसो भएता पनि उनका पछिल्ला कृतिहरू जस्तो "मझेरीमा झरेको बिहानी" कवितासङ्ग्रह, "समय र मान्छे" र "तृष्णा र तृप्ति" कथासङ्ग्रहहरूमारहेका कथाहरूको साथै उनको साहित्येतर लेख-रचनाहरू प्रगतिवादी विचारले घनीभूत भएको पाइन्छ । अझै समय र मान्छेका केही कथाहरू छाडेर अन्य कथाहरू सबै प्रगतिवादी रहेका छन् । यस अर्थमा उनलाई प्रगतिवादी साहित्यकार भन्नु पर्ने हुन्छ ।

**शोधार्थी : अन्त्यमा भीम क्षेत्रीका विषयमा केही भन्नुहुन्छ कि ?**

**माधव घिमिर 'अटल'** : भीम क्षेत्री साहित्यिक, राजनीतिक र साहित्यिक व्यक्तित्व हुन्, मैले माथि पनि भनिसकेको छु । तर उनको अर्को समाजसेवी व्यक्तित्व पनि छ । उनले निजी विद्यालयमा काम गर्ने शोषित,पीडितशिक्षक वर्गको हितमा आफै संस्थापक सदस्यको रूपमा 'इस्टु' (संस्थागत विद्यालय शिक्षक युनियन) नामक संस्था जन्माएर विगत चौध वर्षदेखि हालसम्म अनवरत रूपमा सेवाभावले काम गरिरहेका छन् । त्यसैमा रहेर दुई-दुई पटक महासचिव र बरिष्ठ उपाध्यक्षसमेत भएर शोषित, पीडित शिक्षक वर्गको सेवामा लागेका क्षेत्री हाल पनि महासचिव जस्तो गरिमामय पदको जिम्मेवारी सम्हाल्दै अनवरत समाज सेवामा लागिरहेका छन् । यसरी आफू एक्लो भएर पनि एउटा पीडित र शोषित वर्गको हितमा काम गर्नु कम गाह्रो काम होइन । एक्लो जीवन त्यही माथि समाजसेवाको बाटो कम जटिलता छैन । तसर्थ उनलाई मैले समग्रमा भन्ने हो भने निम्न वर्गीय पक्षधर साहित्यकार, शोषित,पीडित

जनताको उद्दारकर्ता, राजनैतिक सुझबुझ भएको नेता तथा कार्यकर्ता, शैक्षिक र अध्यापक व्यक्तित्व र अध्ययनशील व्यक्तिको रूपमा अगाडि बढ्दै गरेका व्यक्ति हुन् । अन्त्यमा उनको अझै प्रगतिको कामना गर्दछु ।

## परिशिष्ट–३.२.

**भीम क्षेत्रीको विषयमा शेखर अर्यालसित गरिएको संक्षिप्त कुराकानी :**

**शोधार्थी : साहित्यकार भीम क्षेत्रीलाई तपाई कुन रूपमा चिन्नुहन्छ ?**

**शेखर अर्याल** : भीम क्षेत्रीलाई म एक प्रगतिवादी क्रान्तिकारी साहित्यकार,कुशल सङ्गठक र धैर्यशील व्यक्तित्वको रूपमा चिनेको छु । उनको लेखनमा समाज, जनता र देश समृद्धिको कामना गरिएको छ भने उत्पीडित वर्गपक्षधर सङ्गठन गर्ने काममा पनि उतिकै क्रियाशील रहेका छन् ।

**शोधार्थी : भीम क्षेत्रीका कृतिहरूको अध्ययन गर्नुभएको छ होला, उनका कृतिहरूमा के कस्तो प्रवृति देखिन्छ ?**

**शेखर अर्याल** : हो, मैले प्रायः उनका सबै कृतिको अध्ययन गरेको छु र गरिरहेको छु र उनको विषयमा केही समालोचनाहरू पनि लेख्दै आएको छु र लेख्दै पनि छु । उनको कृतिमा मैले अघि भनेझैं प्रगतिवादी साहित्यिक धाराभित्रको क्रान्तिचेतनामूलक प्रवृतिहरू देखा परेका छन् । प्रगतिवाद उनको साहित्यिक भावधारा हो भने क्रान्तिचेतना मूल प्रवृति हो । उनले लेखेका प्रायः कविता, गीत र कथाहरूमा समाज रूपान्तरणको अपेक्षासहित सङ्घर्ष र क्रान्तिको अपरिहार्यता प्रस्तुत भएको पाइन्छ । उनका कृतिहरूमध्ये पनि तृष्णा र तृप्ति कथासङ्ग्रहका सबै कथाहरू उत्कृष्ट रहेको छ, यीमध्ये पनि **तृष्णा, तृप्ति र तनाव** अनि **मुक्ति र क्रान्तिकथा** सार र रूपको दृष्टिले अझ उत्कृष्ट छन् साथै कवितामा क्रान्तिचेतको अंश बढी पाउन सकिन्छ ।

**शोधार्थी : भीम क्षेत्रीको व्यक्तित्वको विषयमा भनिदिनुहोस् न ।**

**शेखर अर्याल :** भीम क्षेत्री मूलतः प्रगतिवादी साहित्यकार हुन्, त्यसपछि उनी राजनैतिक सङ्गठक हुन् साथै गीतकार, अध्यापक,शैक्षिक र अध्ययनशील व्यक्तित्वको रूपमा पनि उनलाई लिन सकिन्छ । उनले शिक्षण तथा प्रध्यापन कार्य गर्दै गीतसमेत रेकर्ड गराएका छन् भने शैक्षिक लेख,रचना पनि विभिन्न पत्रपत्रिकामा प्रकाशन गर्दै आएका छन् । यस अर्थमा साहित्यकार क्षेत्रीको व्यक्तित्व बहुमुखी भएर छरिएको देखिन्छ ।

**शोधार्थ : अन्त्यमा क्षेत्रीको विषयमा केही भन्नुहन्छ कि ?**

**शेखर अर्याल :** साहित्यकार भीम क्षेत्री सङ्घर्षशील व्यक्ति हुन् । मैले बुझेसम्म उनी परिवार भएर पनि एक्लो जस्तो जीवन व्यतीत गर्दै र आफै सङ्घर्ष गर्दै यो अवस्थासम्म आउन सफल व्यक्तित्व हुन् । उनको प्रगतिमा कसैको सहयोग रहेन तर पनि उनी नथाकिकन अगाडि बढ्दै आएका व्यक्ति हुन् । उनी सङ्घर्षदेखि नडराउने, अध्ययनशील, चिन्तनशील र क्रान्तिकारी व्यक्ति हुन् । समाजवादी यथार्थवादी धारालाई आत्मसात गरेर सिर्जनामा तन, मन दिइरहेका व्यक्ति हुन् तथापि उनलाई पारिवारिक सहयोगको खाँचो छ । त्यसो हुन सक्यो भने अझै धेरै गर्न सक्ने खुबी उनीसँग छ, भन्ने लाग्छ ।

## परिशिष्ट–३.३.

### भीम क्षेत्रीको विषयमा भूपेन्द्र पराजुलीसित गरिएको संक्षिप्त कुराकानी

साहित्यकार भीम क्षेत्रीका सानैबाट चिनजान साथी भूपेन्द्र पराजुली हुन् । वहाँहरू एउटै गाउँमा जन्मी हुर्केका र पढेका साथीहरू हुन् । भूपेन्द्र पराजुली हाल काठमाडौँकै विभिन्न कलेज र विद्यालयमा अध्यापन कार्यमा संलग्न रहेका छन् । उनै भूपेन्द्र पराजुलीसँग भीम क्षेत्रीको विषयमा सोधिएको प्रश्न-उत्तरको क्रममा भीम क्षेत्रीको विषयमा निम्न अनुसारको धारणा व्यक्त गर्छन् :

**शोधार्थी :भीम क्षेत्री र तपाईं त एउटै गाउँमै हुर्केको हुनुहुँदो रहेछ, भीम क्षेत्रीले कहिलेदेखि राजनैतिक, सामाजिक र साहित्यिक क्षेत्रमा काम सुरू गरेका हुन् ?**

**भूपेन्द्र पराजुली** :भीम क्षेत्री सानैबाट दुःख भोग्दै र झेल्दै आएका व्यक्ति हुन् । उनीसँग धैर्य गर्ने क्षमता छ । उनी जस्तोसकै दुःखमा पनि धैर्यताका साथ काम गर्ने गर्छन् । राजनैतिक काममा सानैबाट खट्ने गरेका क्षेत्रीले मलाई थाहा भए अनुसार उनले पहिला-पहिला जनवादी गीतहरू लेख्ने र गाउने गर्थे । यही क्रममा मैले उनलाई चिनेको हो । हाम्रो गा.वि.स. एउटै भए पनि मेरो घरबाट उनको घर पुग्नु आधा घण्टा लाग्छ तर पनि हामीबिच सानैबाट राम्ररी चिनजान भएको हो । समग्रमा भन्दा उनी अठार/बीस वर्षदेखि नै राजनीतिक,सामाजिक र साहित्यको क्षेत्रमा लागेका हुन्, भन्नुपर्दछ ।

**शोधार्थी : तपाईंलाई क्षेत्री कुन वर्गको हितमा कलम चलाउने साहित्यकार हुन् भन्ने लाग्छ ?**

**भूपेन्द्र पराजुली** : भीम क्षेत्री आफै पनि निम्न वर्गीय जनताको छोरोको रूपमा जन्मिएका व्यक्ति हुन् । त्यसैले उनलाई त्यही वर्गको माया छ र अहिले पनि आफ्नै वर्गको हितमा काम गरी रहेका छन् र उनका गीत, कविता, नाटक र कथाहरूमा आएका निम्न वर्गीय पात्रहरूमा उनको सहानुभूति मात्रै छैन ती पात्रहरूले शोषक वर्गको विरुद्धमा आवाज उठाएको पाइन्छ । यसरी निम्न वर्ग तथा सर्वहारा वर्गको हितमा लेखिएको साहित्य प्रगतिशील तथा प्रगतिवादी साहित्य हो । त्यसैले उनका रचनाहरू प्रगतिवादी छन् र समाजवादी यथार्थवादमा आधारित छ । तसर्थ समग्रमा भन्नु पर्दा उनी निम्न वर्गीय जनताको पक्षमा कलम चलाउने एक सशक्त साहित्यकार हुन्, राजनैतिक नेता तथा कार्यकर्ता हुन् साथै समाजसेवी पनि हुन् । यस सम्बन्धमा उनले गरेका कामको धेरै उदाहरण दिन सकिन्छ ।

**शोधार्थी :  भीम क्षेत्रीको व्यक्तित्वको विषयमा भनिदिनुहोस् न ।**

**भूपेन्द्र पराजुली** : भीम क्षेत्रीको व्यक्तित्व एउटै दिशा भएर बगेको देखिन्न । चारैतर्फ फिँजिएर बगेको देखिन्छ । उनको व्यक्तित्वको विषयमा भन्नुपर्दा उनको समयक्रमलाई चरणबद्ध गरेर छुट्याउनु पर्ने हुन्छ । यसरी हेर्दा पहिलो चरण २०३६ देखि २०४६ सम्म दोस्रो चरण २०४६ देखि २०६२ सम्म र तेस्रो चरण २०६२ देखि हालसम्म । यसरी छुट्याएर हेर्दा पहिलो चरण गीतकार व्यक्तित्व, दोस्रो चरण नाटक र कवि व्यक्तित्व र तेस्रो चरण कथाकार र पत्रकारिता व्यक्तित्व अझै पछिल्लो चरणमा त उनको समाजसेवी र राजनैतिक व्यक्तित्व पनि प्रकट भएको पाइन्छ ।

**शोधार्थी : भीम क्षेत्रीको विषयमा अरू केही भन्नु छ कि ?**

**भूपेन्द्र पराजुली** : भीम क्षेत्री एक जना सङ्घर्षशील व्यक्ति हुन् । पारिवारिक सहयोगबिना नै उनी यो उचाइसम्म आइपुग्ने मानिस सायद संसारमा थोरै होलान् । यसैले उनी सबैको लागि प्रेरणादायक व्यक्ति हुन् । सानैमा बाबुबाट छुट्टिनु, आमा वृद्ध हुनु, सुकुम्बासी जीवन बिताउनु, घर, परिवारबाट सहयोग नहुनुको बावजुद पनि उनले उच्च शिक्षा हासिल गर्दै साहित्यिक, राजनैतिक र सामाजिक काममा आफूलाई उभ्याइरहनु चानचुने कुरा होइन । तसर्थ भीम क्षेत्रीलाई एक अध्ययनशील, धैर्यशील, विवेकशील, साहसी, र बौद्धिक व्यक्तित्वको रूपमा लिनुपर्दछ ।

## सन्दर्भ सामग्री सूची :

१. ईश्वर, देवेन र नगेन्द्र मोहन (१९७४), विद्रोह र साहित्य, दिल्ली साहित्य भारती प्रकाशन ।

२. चापागाईं नरेन्द्र र नगेन्द्र चापाागाइँ (२०६०), समालोचना, ललितपुरः साझा प्रकाशन ।

३. चैतन्य (२०६४,)'क्रान्ति र सौन्दर्य' काठमाडौं प्रगतिशील अध्ययन केन्द्र ।

४. ढकाल घनश्याम (२०६७), मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य काठमाडौँ अखिल नेपाल लेखक संघ नेपाल केन्द्रीय समिति ।

५. भण्डारी जगदीशचन्द (२०५५), प्रगतिवादी नेपाली कविताः रेखाङ्कन र विश्लेषण, काठमाडौंः मुन्नी भण्डारी ।

६. चापागाई निनु (२०६४), मार्क्सवादी चिन्तनमा सौन्दर्य (दो.सं.), ललितपुर :साझा प्रकाशन ।

७. चैतन्य (२०६४), क्रान्ति र सौन्दर्य, काठमाडौंः प्रगतिशील अध्ययन केन्द्र ।

८. (डा.) पाण्डेय, ताराकान्त (२०५६), प्रगतिवाद र कविता , काठमाडौंः शीला योगी ।

९. माओत्सेतुङका (२०५७), माओत्सेतुसङका सङ्कलित रचनाहरू, भाग-३( दो. सं.), (अनु.खगेन्द्र सङग्रौला), काठमाडौंः विवक सिर्जनशील प्रकाशन ।

१०. मार्क्स-एङ्गेल्स (सन् (१९७९),कम्युनिष्ट घोषणापत्र, मास्कोःप्रोगेस पब्लिसर्स ।

११. क्षेत्री भीम (जीसी) (२०४९), 'बेवारिसे लाश' नाट्यसङ्ग्रह,लेखक परिवार, ।

१२. क्षेत्री भीम (२०५२), 'अँध्यारामा बाँच्नेहरू' गीतिसङग्रह, पूर्णकुमारी क्षेत्री (राय) ।

१३. क्षेत्री भीम (२०६७), 'मझेरीमा झरेको बिहानी' कवितासङ्ग्रह, लीलाबल्लभ-राधिका भूसाल प्रतिष्ठान, ।

१४. क्षेत्री भीम (२०६७),'अँध्यारामा बाँच्नेहरू' संशोधित कविता सङ्ग्रह, लेखक परिवार ।

१५. क्षेत्री भीम (२०७०), 'समय र मान्छे' कथासङ्ग्रह, अखिल नेपाल जनससंस्कृतिक मञ्च, ।

१६. गौतम देवि प्रसाद, (२०४९) प्रगतिवाद परम्परा र मान्यता, काठमाण्डौः मुना गौतम ।

१७. त्रिपाठी बासुदेव, (२०५३) नेपाली कविता भाग - ललितपुरः साझा प्रकाशन ।

१८. भण्डारी, जगदीशचन्द्र, (२०५५) प्रगतिवादी नेपाली कविता रेखाङ्कन र विश्लेषण, मुन्नी भण्डारी ।

१९. भण्डारी, जगदीशचन्द्र, (२०६५) सौन्दर्यको भुभिका भण्डारी, काठमाण्डौः अखिल नेपाल लेखक संघ ।

२०. शर्मा तारानाथ, (२०५१), नेपाल साहित्यको इतिहास काठमाण्डौ, नविन प्रकाशन

२१. श्रेष्ठ दयाराम, (२०६४) नेपाली कथा भाग-४ ललितपुरः साझा प्रकाशन ।

२२. पौडेल गोपीन्द (२०४८) जनयुद्ध प्रभावित कथाका नारी पात्र, बहिरङ्ग सेवेक्षण अन्तरङग विश्लेषण प्रयर्तक (बर्ष ५ पूर्णाङ्क २, २०६८, पृ:१००-१०१) ।